
# लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर




पाल्पा विकास केन्द्र

# लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर




पाल्पा विकास केन्द्र

# लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर

मुख्य अनुसन्धानकर्ता : तिलक पाठक

संयोजन : किरण कौशल

अनुसन्धानकर्ता : लक्ष्मण ढुंगाना, राजेन्द्र प्रसाद धिताल (बर्दिया), टोपलाल अर्याल (गुल्मी), सन्तोष अधिकारी (दाङ), शंकरप्रसाद खनाल (बाँके), प्रेमनारायण आचार्य (अर्घाखाँची), खगप्रसाद चापागाई (कपिलवस्तु), बेचु गौड (नवलपरासी), कृष्ण पोखरेल (पाल्पा), कृष्ण मल्ल (रूपन्देही), महेश न्यौपाने (रोल्पा), जयमान बुढा मगर (रूकुम पूर्व) र राधिका भुषाल (प्यूठान)

अनुसन्धान सहयोगी : शर्मिला थापा

भाषा सम्पादक : गोपाल प्रसाद बश्याल

प्रकाशन मिति : २०७७

**पाल्पा विकास केन्द्र**
तानसेन नगरपालिका-२, पाल्पा
फोनः ०७५-५२२०९९
इमेल : info@nitipatro.com, palpatdc.dov@gmail.com
वेबः www.nitipatro.com

CC BY NC

**यो पुस्तक ओपन सोसाइटी फाउन्डेशनको सहयोगमा तयार पारिएको हो ।**

यस पुस्तकमा लुम्बिनी प्रदेशको पत्रकारिताको विकासक्रम, मिडियामा भएको लगानी, जनशक्ति र विज्ञापनको अवस्थाका साथै यहाँको पत्रकारिताले भोग्दै आएको समस्या विशेष गरी कोभिड १९ ले पारेको प्रभावको विषयमा विश्लेषण गरिएको छ । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई यसका अंशहरु उपयोग गर्न सकिनेछ । यसमा गरिएको विश्लेषण, टिप्पणी र सुझाव पाल्पा विकास केन्द्रको हो । त्यसमा ओपन सोसाइटी फाउन्डेशन सहमत नहुन सक्छ ।

**पाल्पा विकास केन्द्र**

# आभार

लुम्बिनी प्रदेशको पत्रकारिताको ऐतिहासिक विकासक्रम, मिडियामा भएको लगानी, जनशक्ति र विज्ञापनको अवस्थाका साथै यहाँको पत्रकारिताले भोग्दै आएको समस्यालाई आधार बनाएर यो अध्ययन गरिएको हो । अझ पछिल्लो समय कोभिड १९ ले लुम्बिनी प्रदेशको पत्रकारितामा पारेको प्रभावको विषयलाई अध्ययनमा विशेष जोड दिइएको छ । यस हिसाबले लुम्बिनी प्रदेशको समग्र पत्रकारिताको अवस्था बुझ्न खोज्ने सबैलाई यो अध्ययन उपयोगी हुने विश्वास गरेर यसलाई हामीले पुस्तकको रूपमा प्रकाशन गरेका हौं ।

पुस्तकले लुम्बिनी प्रदेश सरकारदेखि यसभित्रका १ सय ९ वटै स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रको मिडियाको अवस्थाबारे बुझन सहयोग पुऱ्याउने छ नै, साथै त्यसैअनुसार विभिन्न नीति निर्माण गर्न पनि उत्तिकै सहयोग पुग्ने हाम्रो अपेक्षा छ । नेपाल पत्रकार महासंघलगायत अन्य सरोकारवाला संस्था र निकायहरूलाई पनि आफना नीति र कार्यक्रम तय गर्न यस किसिमको प्रकाशनले सहयोग नै पुऱ्याउने छ । अझ यस प्रदेशभित्रका सञ्चार माध्यमहरूलाई आफनो दिगो विकासको लागि थप रणनीति तय गर्न यस्ता प्रकाशनका निचोडहरु केही हदसम्म सहयोगी हुने हाम्रो विश्वास छ ।

अध्ययन कार्यमा सहभागी हुनुहुने मुख्य अनुसन्धानकर्ता तिलक पाठकका साथै विभिन्न जिल्लाको अध्ययन गर्नुहुने लक्ष्मण ढुंगाना, राजेन्द्र प्रसाद धिताल (बर्दिया), टोपलाल अर्याल (गुल्मी), सन्तोष अधिकारी (दाङ), शंकरप्रसाद खनाल (बाँके), प्रेमनारायण आचार्य (अर्घाखाँची), खगप्रसाद चापागाई (कपिलवस्तु), बेचु गौड (नवलपरासी), कृष्ण पोखरेल (पाल्पा), कृष्ण मल्ल (रूपन्देही), महेश न्यौपाने (रोल्पा), जयमान बुढा मगर (रूकुम पूर्व) र राधिका भुषाल (प्यूठान) लाई धन्यवाद दिन चाहन्छौं । यसका साथै अध्ययन कार्यको क्रममा निरन्तर अनुगमन गरी संयोजनकारी भूमिका निर्वाह गर्ने पाल्पा विकास केन्द्रका परियोजना संयोजक किरण कौशलका साथै अनुसन्धान कार्यमा सहयोग पुऱ्याउने शर्मिला थापालाई पनि धन्यवाद दिन चाहन्छौं । अध्ययन प्रतिवेदनको भाषा सम्पादन गर्नुहुने गोपाल प्रसाद बश्याल पनि धन्यवादका पात्र हुनुहुन्छ । अध्ययनका क्रममा आफनो अमुल्य समय दिएर कुराकानी गरिदिनुहुने पत्रकार, मिडिया सञ्चालक, विश्लेषक र अध्येताहरूलाई विशेष धन्यवाद दिन चाहन्छौं । यसका साथै कार्यक्रमलाई मार्गनिर्देशन गर्नुहुने सोसल साइन्स वहाः सर्भिसेजका हरि शर्मा, प्रेम सापकोटा, शेहनाज बानु र क्रान्ति पंगेनीलाई पनि विशेष धन्यवाद दिन चाहन्छौं । कार्यक्रमका लागि आर्थिक सहयोग गर्ने ओपन सोसाइटी फाउन्डेशनप्रति आभारी छौं ।

अध्यक्ष
पाल्पा विकास केन्द्र

# विषयसूची


| | | |
|---|---|---|
| १ | प्रदेशमा पत्रकारिताको अवस्था र चुनौती | १ |
| २ | बर्दियामा पत्रकारिताको अवस्था र कोभिडको असर | २१ |
| ३ | गुल्मीको पत्रकारितामा कोभिड असर | २६ |
| ४ | दाङको पत्रकारिता र चुनौती | २९ |
| ५ | बाँकेको पत्रकारिताको सात दशक र कोरोना कहर | ३८ |
| ६ | अर्घाखाँचीमा पत्रकारिता र कोरोना प्रभाव | ५५ |
| ७ | कपिलवस्तुमा पत्रकारिता र कोभिडको प्रभाव | ५९ |
| ८ | कोरोनाको मारमा नवलपरासीको पत्रकारिता | ६५ |
| ९ | पाल्पाको पत्रकारिता र कोरोना कहरको असर | ७२ |
| १० | रूपन्देहीको पत्रकारिता र कोरोनाले थलिएका सञ्चारमाध्यम | ७८ |
| ११ | रोल्पाको पत्रकारिता र कोरोना कहर | ८५ |
| १२ | रूकुम पूर्वमा पत्रकारिता र कोरोनाको असर | ९२ |
| १३ | प्यूठानको पत्रकारितामा कोरोनाको असर | ९६ |

# लुम्बिनी प्रदेशमा पत्रकारिताको अवस्था र चुनौती

**पृष्ठभूमि**

लुम्बिनी प्रदेशमा २००६ सालमै हस्तलिखित पत्रकारिताको शुरु भएपनि औपचारिक रूपमा पत्रिका प्रकाशनको शुरुवात विक्रम सम्वत् २०१० को दशकमा भएको पाइन्छ । २०११ सालमा बाँकेबाट प्रकाशित हिन्दी भाषाको नयाँ सन्देश साप्ताहिक होस् वा २०१६ सालमा प्रकाशित मातृभूमि साप्ताहिक अथवा रूपन्देहीबाट २०१२ सालमा प्रकाशित बुटवल साप्ताहिकदेखि २०१८ सालमा नवलपरासीमा दर्ता गरी बुटवलबाट प्रकाशित साप्ताहिक लुम्बिनी र त्यसै वर्ष पाल्पा जिल्लाबाट प्रकाशित पाल्पा साप्ताहिक नै लुम्बिनी प्रदेशको पत्रकारिता विकासको प्रारम्भिक प्रयास हुन् । यस हिसाबले लुम्बिनी प्रदेशको औपचारिक पत्रकारिताको इतिहास नै झण्डै सात दशक हाराहारीको छ । यस बीचमा विभिन्न पत्रिका प्रकाशित हुने र बन्द हुने क्रम रहिरह्यो । पत्रिकासँगै रेडियो, टेलिभिजन र अनलाइन मिडिया थपिदै गए । पत्रकारिताको विकाससँगै यसका समस्या र चुनौती पनि परिवर्तन हुँदै गए ।

पछिल्लो समय एकातिर छापा पत्रकारितालाई रेडियो, टेलिभिजन र अनलाइनले चुनौती दिइरहेको थियो भने अर्कोतिर सञ्चार माध्यमको संख्यात्मक विकाससँगै विज्ञापन र अन्य आयस्रोतमा तात्विक वृद्धि नहुँदा त्यस्ता सञ्चार माध्यमले आर्थिक संकटको सामना गर्दै थिए । त्यसै बीच २०७६ सालमा कोभिड महामारी शुरु भएपछि गरिएको लकडाउनले समग्र मुलुकको अर्थतन्त्रमा गम्भीर असर पुऱ्यायो भने त्यसको प्रत्यक्ष मार सञ्चार माध्यमहरूले पनि खेप्नु पऱ्यो । चाहे राष्ट्रियस्तरका सञ्चार माध्यम हुन् वा प्रादेशिक र स्थानीय सञ्चार माध्यम नै किन नहोउन्, सबै किसिमका मिडियाहरुमा कोभिड १९ को प्रभाव पऱ्यो । सञ्चार माध्यमहरूले भोग्नुपरेको कतिपय समस्या समान किसिमका भएपनि मिडियाको प्रकृतिअनुसार फरक फरक किसिमको प्रभाव परेको देखिन्छ । राष्ट्रिय सञ्चार माध्यमको तुलनामा प्रादेशिक र स्थानीय मिडियाका कतिपय समस्या भिन्न किसिमको रहेको देखिन्छ । फेरि छापा माध्यम, रेडियो, टेलिभिजन र अनलाइनले भोगेका समस्या पनि अलग अलग किसिमका छन् । अधययनमा यिनै पाटोहरूलाई विश्लेषण गरिएको छ ।

लुम्बिनी प्रदेशको सञ्चार माध्यमहरूको विकासक्रम के कस्तो रह्यो, के कस्ता चुनौतीहरूको सामना गर्दै अहिलेसम्मको अवस्थामा आए र अहिले विशेष गरी कोभिड १९ ले के कस्तो प्रभाव पारेको छ भन्ने विषयमा यो अध्ययन गरिएको छ । यसमा लुम्बिनी प्रदेशको पत्रकारितामा परेको समग्र प्रभावदेखि जनशक्ति, लगानी, विज्ञापनको अवस्थालगायतका विषयमा साङगोपाङगो विश्लेषण गरिएको छ । यसका साथै अध्ययनमा लुम्बिनी प्रदेशका १२ जिल्लाको पत्रकारिताको अवस्थालाई पनि छुट्टाछुट्टै खण्डको रूपमा प्रस्तुत गरिएको छ ।

सञ्चार माध्यमका सञ्चालक, पत्रकार, विश्लेषक र अध्येताहरूसँगको कुराकानीमा आधारित भएर यो अध्ययन तयार पारिएको हो । अध्ययनका क्रममा झण्डै सय जनाभन्दा बढी व्यक्तिसँग कुराकानी गरिएको छ जसमध्ये कतिपयले आफनो परिचय खुलाउन चाहेनन् भने परिचय खुलाउने ९० जनाको विवरण जिल्लागत अध्ययन खण्डको अन्तिममा खुलाइएको छ । यसका साथै यसअघि गरिएका अध्ययन अनुसन्धानका साथै विभिन्न प्रतिवेदन एवं लेखहरूलाई पनि अध्ययन सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

**छापा माध्यमको ऐतिहासिक अवस्था**

लुम्बिनी प्रदेशको पत्रकारिताको इतिहास हेर्ने हो भने हस्तलिखित पत्रिकाहरूको प्रकाशनबाट शुरु भएको पाइन्छ । पाल्पाबाट २००६ सालमा पथप्रदर्शक पत्रिका प्रकाशित भएको पाइन्छ । त्यसलगत्तै पाल्पाबाटै प्रकाशित भएका संघर्ष (२००८) र प्रगति (२००९) पत्रिका पनि हस्तलिखित नै हुन् । यता बाँके जिल्लामा पनि २००८ सालतिर नइ दिशा नामक हस्तलिखित पत्रिका प्रकाशन भएको पाइन्छ । प्रजातन्त्रको पूनर्स्थापना भएपछि भने पत्रिका दर्ता भएर नै प्रकाशित हुन थालेको पाइन्छ । रूपन्देहीबाट २०१२ चैत्र १५ गते बुटवल साप्ताहिकको प्रकाशन शुरू भयो । त्यसअघि २०११ सालमा बाँकेबाट हिन्दी भाषामा नयाँ सन्देश साप्ताहिक पत्रिका शुरु भएको थियो । त्यसो त २०१६ सालमा प्रकाशित मातृभूमि साप्ताहिकलाई बाँके जिल्लाको पहिलो औपचारिक पत्रिकाको रूपमा लिने गरिन्छ । त्यति हुँदाहुँदै पनि २०३१ साल असोजदेखि प्रकाशित साप्ताहिक किरण मास्टहेडमा दर्ता नम्बर १ उल्लेख छ । त्यस्तै प्यूठानमा पनि २०१४-१६ सालमा प्यूठान समाचार बुलेटिन प्रकाशित भएको पाइन्छ ।

तत्कालीन राजा महेन्द्रले २०१७ सालमा प्रजातान्त्रिक व्यवस्थालाई कू गरी तानाशाही पञ्चायती व्यवस्था शुरु गरेपनि लुम्बिनी प्रदेशमा पत्रिका प्रकाशनको क्रम भने रोकिएन । २०१८ साल फागुन ७ गते रूपन्देहीबाट साप्ताहिक लुम्बिनी प्रकाशन भएको पाइन्छ । यद्यपि यो पत्रिकाको दर्ता भने नवलपरासीमा गरिएको थियो । त्यस समयदेखि प्रकाशित यो पत्रिका अहिलेसम्म पनि नियमित रूपमा प्रकाशनमा छ । २०१८ सालमा पाल्पाबाट पाल्पा नामक साप्ताहिक समाचार पत्र दर्ता गरी प्रकाशन भएको पाइन्छ । त्यस्तै रूपन्देहीबाट लुम्बिनी सन्देश साप्ताहिक (२०२२) दैनिक निर्णय (२०२२), निष्पक्षध्वनी (२०२७), खसोखास साप्ताहिक (२०२७) प्रकाशित भए । दाङ जिल्लाबाट २०३३ असोज १७ गतेदेखि युगबोध पाक्षिक प्रकाशित भयो । यो पत्रिका पछि साप्ताहिक हुँदै अहिले दैनिक प्रकाशनमा रहेको छ । पाल्पाबाट २०४० सालमा सत्य र त्यसपछि श्रीनगर साप्ताहिक प्रकाशित भएको पाइन्छ । नवलपरासीमा २०४५ सालमा नयाँ ज्योती साप्ताहिक पत्रिकाको प्रकाशन भएको हो ।

कतिपय जिल्लामा पञ्चायतको समयमा साहित्यिक पत्रकारिताको शुरूवात भएको देखिन्छ । बर्दियामा २०३० को दशकमा विद्यालयबाट शुरु भएको पाइन्छ । २०२९ सालमा गुलरियास्थित महाकवि देवकोटा माध्यमिक विद्यालयबाट प्रकाशित वाणि र २०३० सालमा अमर शहीद दशरथ चन्द मावि राजापुरबाट प्रकाशित कर्णाली पत्रिकालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । तर यी पत्रिकाहरूको प्रकाशनले निरन्तरता पाएको भने देखिदैन । रोल्पामा पनि २०३४ सालमा सुनछहारी नामक साहित्यिक पत्रिका प्रकाशित भएको पाइन्छ । अर्घाखाँचीमा मोदनाथ प्रश्रितले २०३८ सालमा जयतु संस्कृतम्मार्फत पत्रकारिता शुरु गरेको मानिन्छ ।

**तालिका १ : लुम्बिनी प्रदेशमा छापा माध्यमको ऐतिहासिक विकासक्रम**

| | |
|---|---|
| पाल्पा | २००६ सालमा प्रकाशित हस्तलिखित पत्रिका पथप्रदर्शकलाई नै जिल्लाको पहिलो पत्रिकाको रूपमा लिने गरिएको । २००८ सालमा संघर्ष र २००९ सालमा प्रगति नामक हस्तलिखित पत्रिकाहरु प्रकाशन भएको । २०१८ सालमा पाल्पा नामक साप्ताहिक समाचार पत्र दर्ता गरी प्रकाशन भएको । २०४० सालमा सत्य साप्ताहिक प्रकाशित भएको । |
| बाँके | २००८ सालतिर नइ दिशा नामक हस्तलिखित पत्रिका प्रकाशन, २०११ सालमा हिन्दी भाषामा नयाँ सन्देश साप्ताहिक पत्रिका शुरू । तर, २०१६ सालमा प्रकाशित मातृभूमि साप्ताहिकलाई जिल्लाको पहिलो औपचारिक पत्रिकाका रुपमा लिने गरिन्छ । २०३१ साल असोजदेखि प्रकाशित साप्ताहिक किरणको मास्टहेडमा दर्ता नम्बर १ लेखिएको छ । |
| रूपन्देही | २०१२ चैत्र १५ गते बुटवल साप्ताहिकको प्रकाशन भएको । २०१८ साल फागुन ७ गते साप्ताहिक लुम्बिनी प्रकाशन भएको यद्यपि यो पत्रिका नवलपरासीमा दर्ता भएको, हालसम्म नियमित प्रकाशनमा रहेको । लुम्बिनी सन्देश साप्ताहिक (२०२२) दैनिक निर्णय (२०२२), निष्पक्षध्वनि (२०२७), खसोखास साप्ताहिक (२०२७) सालमा प्रकाशन भएको । |
| प्यूठान | २०१४-१६ सालमा प्यूठान समाचार बुलेटिन प्रकाशित भएको । २०५५ साल श्रावण ६ गते गौमुखी मासिक पहिलोपटक दर्ता भएको । |
| नवलपरासी | २०१८ साल फागुन ७ गते साप्ताहिक पत्रिकाको रुपमा लुम्बिनी दर्ता भएको तर रूपन्देहीबाट प्रकाशन भएको । २०४५ सालमा नयाँ ज्योति साप्ताहिक प्रकाशनमा आएको । |
| दाङ | २०३३ असोज १७ गतेदेखि शुरु भएको युगबोध पाक्षिक साप्ताहिक हुँदै अहिले दैनिक रुपमा प्रकाशन । |
| रोल्पा | २०३४ सालमा सुनछहारी नामक साहित्यिक पत्रिका प्रकाशनमा आएको । २०६३ साल कात्तिक २२ गतेदेखि प्रकाशनमा आएको रोल्पा आवाज पाक्षिक जिल्लाकै पहिलो समाचारमूलक पत्रिका । |
| बर्दिया | २०३० को दशकमा विद्यालयबाट साहित्यिक पत्रिका शुरु भएको । समाचारमूलक पत्रिकाको प्रकाशन २०४६ सालको राजनैतिक परिवर्तनपछि शुरु भएको । |
| अर्घाखाँची | २०३८ सालमा मोदनाथ प्रश्रितले जयतु संस्कृतम्मार्फत पत्रकारिता शुरु गरेको मानिन्छ । २०५४ सालमा भू-सन्देश र अर्घाखाँची सन्देश नामक पत्रिकाको प्रकाशन । |
| गुल्मी | २०५७ सालमा रेसुङ्गा शिखर सन्देश साप्ताहिकको प्रकाशनसँगै पत्रकारिताको शुरुवात भएको । |
| कपिलवस्तु | २०५८ पुस १ गतेबाट प्रकाशित सोमेश्वर साप्ताहिक नै जिल्लाको पहिलो पत्रिका । |
| रुकुमपूर्व | अहिलेसम्म पत्रिका नै दर्ता नभएको । |

लुम्बिनीका केही जिल्लामा २०४६ सालमा प्रजातन्त्रको पूनर्वहालीपछि मात्रै पत्रकारिता शुरु भएको पाइन्छ । अर्घाखाँची जिल्लामा २०५४ सालमा भू-सन्देश र अर्घाखाँची सन्देश नामक पत्रिकाको प्रकाशनसँगै पत्रकारिताको शुरूवात भएको हो । २०५५ सालमा दर्ता भएको गौमुखी मासिक नै प्यूठान जिल्लाको पहिलो पत्रिका हो । २०५७ सालमा रेसुङ्गा शिखर सन्देश साप्ताहिकको प्रकाशनसँगै गुल्मीमा पत्रकारिताको शुरुवात भएको हो । त्यस्तै २०५८ पुस १ गतेबाट प्रकाशित सोमेश्वर साप्ताहिकलाई कपिलवस्तु जिल्लाको पहिलो पत्रिकाको रुपमा लिइन्छ । बर्दियामा पनि २०४६ सालको राजनैतिक परिवर्तनपछि नै समाचारमूलक पत्रिकाको प्रकाशन शुरु भएको हो ।

लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा भने २०६२/०६३ को दोस्रो जनआन्दोलनको सफलतापछि पत्रकारिता शुरु भएको पाइन्छ । २०६३ साल कार्तिक २२ गतेदेखि रोल्पा आवाज पाक्षिकको रुपमा जिल्लाकै पहिलो समाचारमूलक पत्रिकाको प्रकाशन शुरु भएको हो । २०७२ सालमा बनेको नेपालको संविधानले संघीय नेपालको खाका कोरेसँगै लुम्बिनी प्रदेशमा रूकुमपूर्व कान्छो जिल्लाको रुपमा स्थापित भएको हो । यहाँ पत्रकारिता पनि त्यसपछि मात्रै शुरु भएको भए पनि अहिलेसम्म पत्रिका दर्ता भएको पाइदैन ।

**छापा माध्यमको वर्तमान अवस्था**

पाल्पा जिल्लामा अहिले एक दैनिक, ४ साप्ताहिक, २ अर्धसाप्ताहिक, २ पाक्षिक र १ त्रैमासिक गरी १० पत्रिका रहेका छन् । बाँकेमा १७४ पत्रपत्रिका दर्ता भएकोमा अधिकांश पत्रिका नियमित प्रकाशित छैनन् । प्रेस काउन्सिल नेपालको रेकर्डमा ७० वटा मात्रै पत्रिका प्रकाशित भएको पाइन्छ । रूपन्देहीमा अहिले दुई दर्जनभन्दा बढी पत्रिकाहरु सञ्चालनमा छन् । प्यूठानमा हालसम्म १७ पत्रिका दर्ता भएकोमा ४ वटा मात्रै नियमित प्रकाशनमा रहेका छन् । नवलपरासीमा हालसम्म चार दर्जन पत्रपत्रिका दर्ता भएका छन् ।

बर्दिया जिल्लामा ४० भन्दा बढी पत्रिका दर्ता भएका छन् । दाङमा हालसम्म २३ वटा पत्रिका दर्ता छन् जसमध्ये १० नियमित सञ्चालनमा रहेका छन् । रोल्पामा हालसम्म १३ वटा पत्रिका दर्ता भएकोमा ४ वटा मात्रै नियमित सञ्चालनमा छन् । अर्घाखाँची जिल्लामा अहिलेसम्म एक दर्जन पत्रिका दर्ता भएपनि कुनै पनि पत्रिका नियमित रुपमा प्रकाशित छैनन् । कपिलवस्तु जिल्लामा १३ पत्रिका दर्ता भएका छन् भने अधिकांश पत्रपत्रिकाहरु स्वरोजगारमूलक हिसाबले चलेका छन् । सञ्चालकहरु नै प्रकाशक र सम्पादकको दोहोरो भुमिकामा रहेका छन् ।

**तालिका २ : लुम्बिनी प्रदेशमा छापा माध्यमको वर्तमान अवस्था**

| | |
|---|---|
| बर्दिया | जिल्लामा ४० भन्दा बढी पत्रिका दर्ता । |
| गुल्मी | जिल्लामा सप्ताहिक पत्रिका दर्ता जसमध्ये २ वटा साप्ताहिक पत्रिका सञ्चालनमा । |
| दाङ | हालसम्म २३ वटा पत्रिका दर्ता जसमध्ये १० नियमित सञ्चालनमा । |
| बाँके | हाल १७४ पत्रपत्रिका दर्ता भएकोमा अधिकांश पत्रिका नियमित प्रकाशित छैनन् । प्रेस काउन्सिल नेपालको रेकर्डमा ७० वटा मात्रै पत्रिका प्रकाशित भएको पाइन्छ । |
| अर्घाखाँची | अहिलेसम्म एक दर्जन पत्रिका दर्ता भएपनि कुनै पनि पत्रिका नियमित रूपमा प्रकाशित नभएको । |

| | |
|---|---|
| कपिलवस्तु | १३ पत्रिका दर्ता भएका । |
| नवलपरासी | हालसम्म चार दर्जन पत्रपत्रिका दर्ता भएका । |
| पाल्पा | अहिले एक दैनिक, चार साप्ताहिक, दुई अर्धसाप्ताहिक, दुई पाक्षिक र एक त्रैमासिक गरी १० पत्रिका रहेको । |
| रूपन्देही | अहिले दुई दर्जनभन्दा बढी पत्रिकाहरू सञ्चालनमा । |
| रोल्पा | हालसम्म १३ वटा पत्रिका दर्ता जसमध्ये ४ वटा मात्रै नियमित सञ्चालनमा । |
| रूकुमपूर्व | पत्रिका नभएको । |
| प्यूठान | हालसम्म प्यूठानमा १७ वटा पत्रिका दर्ता भएका जसमध्ये ४ वटा मात्रै नियमित प्रकाशनमा । |

**रेडियोको ऐतिहासिक र वर्तमान अवस्था**

पाल्पा जिल्लामा रेडियो मदनपोखराले २०५५ पुष १८ गते इजाजत प्राप्त गरेपनि २०५६ चैत्र २३ गते प्रसारण शुरु गरेको हो । हाल जिल्लामा ८ वटा रेडियोहरु प्रसारणमा रहेका छन् । श्रीनगर एफएम हजार वाट र अन्य रेडियो ५ सय वाट प्रशारण क्षमताका छन् । रूपन्देही जिल्लामा लुम्बिनी एफएमले २०५६ माघ २७ देखि प्रसारण शुरु गरेको हो ।

२०५९ जेठ १३ मा बुटवल एफएमले व्यवसायिक रेडियोको रूपमा प्रसारण शुरु गरेको थियो । अहिले जिल्लामा एक दर्जनभन्दा बढी रेडियो सञ्चालनमा छन् । दाङमा २०५८ साल मंसीरमा पहिलो सामुदायिक रेडियो स्वर्गद्धारीको स्थापना भएको थियो भने हाल सामुदायिक रेडियोको संख्या १४ रहेकोमा एउटा बन्द अवस्थामा र १३ वटा सञ्चालनमा छन् । जिल्लामा एउटा व्यवसायिक रेडियो पनि सञ्चालनमा रहेको छ ।

**तालिका ३ : लुम्बिनी प्रदेशमा रेडियोको अवस्था**

| | |
|---|---|
| पाल्पा | रेडियो मदनपोखराले २०५५ पुष १८ गते इजाजत प्राप्त गरेपनि २०५६ चैत्र २३ गते प्रसारण शुरु गरेको । हाल ८ वटा रेडियोहरु प्रसारणमा रहेका । श्रीनगर एफएम हजार वाट र अन्य ५ सय वाट क्षमताको रहेका । |
| रूपन्देही | लुम्बिनी एफएमले २०५६ माघ २७ देखि प्रसारण शुरुवात गरेको । २०५९ जेठ १३ मा बुटवल एफएमले व्यवसायिक रेडियोको रूपमा प्रसारण शुरू गरेको । अहिले एक दर्जनभन्दा बढी रेडियोहरु सञ्चालनमा । |
| दाङ | २०५८ साल मंसीरमा पहिलो सामुदायिक रेडियो स्वर्गद्वारीको स्थापना भएको । हाल सामुदायिक रेडियोको संख्या १४ रहेकोमा एउटा बन्द अवस्थामा र १३ वटा सञ्चालनमा । जिल्लामा एउटा व्यवसायिक रेडियो पनि सञ्चालनमा । |
| बाँके | २०६० असोज १४ गते नेपालगञ्जमा सामुदायिक रेडियो भेरी आवाजले प्रसारणको अनुमति पाएको र २०६१ जेठबाट प्रसारण भएको । अहिले जिल्लामा १९ वटा रेडियो रहेकोमा अधिकांश सामुदायिक । तर, आधा दर्जन जति एफएम रेडियो बन्द । |
| बर्दिया | २०६३ सालमा पहिलोपटक रेडियो फुलबारी एफएम स्थापना भएको । हाल ६ वटा एफएमहरु सञ्चालनमा जसमध्ये ५ वटा सामुदायिक । |

| | |
|---|---|
| कपिलवस्तु | २०६३ साल असोजमा रेडियो कपिलवस्तुले प्रसारणको अनुमती लिई परिक्षण प्रसारण शुरु गरेको । जिल्लामा ११ वटा सामुदायिक र ३ वटा व्यवसायिक रेडियो सञ्चालनमा जसमध्ये १३ रेडियो नियमित प्रसारणमा । |
| प्युठान | २०६२/०६३ पछि प्यूठानमा रेडियो स्थापना भएको । हालसम्म ७ वटा एफएम रेडियोहरु दर्ता भएका । |
| गुल्मी | २०६४ सालबाट रेडियो रेसुङ्गा सञ्चालनमा आएपछि रेडियोहरु स्थापना हुन थालेका । ८ वटा एफएम रेडियो सञ्चालनमा जसमध्ये ३ सामुदायिक र ५ व्यवसायिक रेडियो । |
| रोल्पा | २०६४ सालपछि एफएम रेडियोहरु सञ्चालनमा आउन थालेको । हाल ६ वटा सामुदायिक र १ व्यवसायिक गरी ७ वटा रेडियो सञ्चालनमा । |
| अर्घाखाँची | ५ वटा सामुदायिक र ३ वटा व्यवसायिक गरी ८ वटा रेडियो सञ्चालनमा । |
| नवलपरासी | ५ वटा रेडियोहरु दर्ता भई सञ्चालनमा । |
| रूकुमपूर्व | स्थानीय सरकार र अन्य व्यक्ति तथा विभिन्न संघ संस्थाका पहलमा दुई वटा सामुदायिक रेडियो सञ्चालनमा रहेका । |

बाँकेमा २०६० असोज १४ गते सामुदायिक रेडियो भेरी आवाजले प्रसारणको अनुमति पायो भने २०६१ जेठबाट नेपालगञ्जमा प्रसारण भयो । अहिले जिल्लामा १९ वटा रेडियो रहेकोमा अधिकांश सामुदायिक छन् । तर, आधा दर्जन एफएम बन्द पनि भइसकेका छन् । २०६२/०६३ पछि रेडियो स्थापना हुन थालेको प्यूठानमा हालसम्म ७ वटा एफएम रेडियोहरु दर्ता भएका छन् ।

बर्दिया जिल्लामा २०६३ सालमा पहिलोपटक रेडियो फुलबारी एफएम स्थापना भएको हो । बर्दियामा हाल ६ वटा एफएमहरु सञ्चालनमा छन् जसमध्ये ५ वटा सामुदायिक छन् । कपिलवस्तु जिल्लामा पनि २०६३ साल असोजमा रेडियो कपिलवस्तुले प्रसारणको अनुमति लिई परीक्षण प्रसारण शुरु गरेको हो । अहिले जिल्लामा ११ वटा सामुदायिक र ३ वटा व्यवसायिक रेडियो सञ्चालनमा छन् जसमध्ये १३ रेडियो नियमित प्रसारणमा छन् ।

रोल्पामा २०६४ सालपछि एफएम रेडियोहरु सञ्चालनमा आउन थालेको हो । हाल जिल्लामा ६ वटा सामुदायिक र १ व्यवसायिक  गरी ७ वटा रेडियो सञ्चालनमा छन् । अर्घाखाँचीमा ५ वटा सामुदायिक र ३ वटा व्यवसायिक गरी ८ वटा रेडियो संचालनमा छन् । ती रेडियोहरु १०० देखि ५०० वाट क्षमताका छन् । गुल्मीमा २०६४ सालबाट रेडियो रेसुङ्गा सञ्चालनमा आएपछि रेडियोहरु स्थापना हुन थालेको हो । हाल जिल्लामा ८ वटा एफएम रेडियो सञ्चालनमा छन् । तीमध्ये ३ सामुदायिक र ५ व्यावसायिक रेडियो छन् । रूकुमपूर्वमा स्थानीय सरकार र अन्य व्यक्ति तथा विभिन्न संघ संस्थाका पहलमा दुई वटा सामुदायिक रेडियो सञ्चालनमा रहेका छन् ।

**टेलिभिजनको स्थापना र अहिलेको अवस्था**

लुम्बिनी प्रदेशमा टेलिभिजन स्थापना र सञ्चालनको इतिहासलाई हेर्दा पाल्पामा २०४९ सालमै रत्न केवलमार्फत स्थानीय घटनाहरूको समाचार प्रसारण गर्ने गरेको पाइन्छ । यो टेलिभिजन २०६० सालमा बन्द

भयो । त्यसै वर्ष जिल्लामा श्रीनगर टेलिभिजन दर्ता भएको र अहिले तीनवटा टेलिभिजन दर्ता र सञ्चालनमा रहेको पाइन्छ ।

२०५२ साल असार ३१ मा बाँकेको कोहलपुरमा नेपाल टेलिभिजनको क्षेत्रीय प्रसारण केन्द्रको रूपमा स्थानीय समाचार र कार्यक्रमको प्रसारण थालनी भएको हो । २०७० सालमा भिजन र बागेश्वरी टेलिभिजनले केवल च्यानल प्रसारणको अनुमति पाए । अहिले बाँकेमा दर्ता भएका ५ वटा च्यानलमध्ये सरकारी कोहलपुर टेलिभिजन एचडी, बागेश्वरी टेलिभिजन र जी नेपालमात्र नियमित प्रसारणमा छन् ।

रूपन्देही जिल्लमा २०६५ भदौमा लुम्बिनी कम्युनिटी टेलिभिजन र २०६६ वैशाखमा बुद्ध सामुदायिक टेलिभिजनको प्रसारण शुरु भएको हो । त्यसपछि भैरहवा टेलिभिजन, राज्य टेलिभिजन, साझा टेलिभिजन र देवदह टेलिभिजन स्थापना भएका छन् । त्यस्तै, गुल्मी जिल्लामा २०७६ को असोजदेखि वि टेलिभिजनले आफ्नो प्रसारण गर्दै आएको छ ।

**तालिका ४ : लुम्बिनी प्रदेशमा टेलिभिजन प्रसारणको अवस्था**

| | |
|---|---|
| पाल्पा | रत्न केवलमार्फत २०४९ सालमै स्थानीय घटनाहरूको समाचार प्रसारण गर्न थालेको तर २०६० सालमा बन्द । २०६० सालमा श्रीनगर टेलिभिजन दर्ता भएको । अहिले श्रीनगर टेलिभिजन, सनराइज टेलिभिजन र पृथ्वी टेलिभिजन दर्ता र सञ्चालनमा । |
| बाँके | नेपाल टेलिभिजनले २०५२ साल असार ३१ मा बाँकेको कोहलपुरमा नेपाल टेलिभिजन क्षेत्रीय प्रसारण केन्द्रको रूपमा स्थानीय समाचार र कार्यक्रम प्रसारण गर्न थालेको । २०७० सालमा भिजन र बागेश्वरी टेलिभिजनले केवल च्यानल प्रसारणको अनुमति पाएका । सञ्चालनमा आएका ५ वटा च्यानलमध्ये अहिले कोहलपुर टेलिभिजन एचडी, बागेश्वरी टेलिभिजन र जी नेपालमात्र नियमित प्रसारणमा । |
| रूपन्देही | २०६५ भदौमा लुम्बिनी कम्युनिटी टेलिभिजन र २०६६ वैशाखमा बुद्ध सामुदायिक टेलिभिजन प्रसारण भएको पाइन्छ । त्यसयता भैरहवा टेलिभिजन, राज्य टेलिभिजन, साझा टेलिभिजन, देवदह टेलिभिजन स्थापना भएको । |
| गुल्मी | २०७६ को असोजदेखि वि टेलिभिजनले आफ्नो प्रसारण गर्दै आएको । |

**समाचार समिति र अनलाइन मिडियाको अभ्यास**

बाँके जिल्लामा २०६३ सालमै समाचार समितिको अभ्यास भएको पाइन्छ । सञ्चार अभियान तथा अनुसन्धान केन्द्र, नेपालगञ्ज नामक गैरसरकारी संस्थाले नेपालगञ्ज ई-बुलेटिनका नाममा समाचार समितिको काम गरेको थियो । झन्डै चार महिना निःशुल्क समाचार उपलब्ध गराएको यो समाचार परियोजना एक वर्ष नपुग्दै बन्द भयो । पछि २०६४ सालमा इ-नेपालगञ्ज डटकम नामक समाचारमूलक अनलाइन शुरु भएको हो । निःशुल्क समाचार बुलेटिन (नेपालगञ्ज इ-बुलेटिन) प्रकाशित गर्ने यो समूहले समाचार र फोटोहरु अनलाइनमा राख्ने गर्थ्यो । यो अनलाइन लामो समय सञ्चालन नभई बन्द भयो । २०७७ असोज मसान्तसम्ममा जिल्लामा ३५ वटा अनलाइन मिडिया सञ्चालनमा छन् ।

रूपन्देहीमा अनलाइन पत्रकारिताको विकासले गति लिन थालेको छ । पत्रिकाहरूले आफ्ना अनलाइन संस्करणहरु नियमित रूपमा अद्यावधिक गर्न थालेका छन् । २०७४/०७५ बाट अनलाइनको दर्ता शुरु भएपनि

कोरोना कहरमा संख्यात्मक रूपमा वृद्धि भएको पाइन्छ । अहिले जिल्लामा झण्डै दुई दर्जन अनलाइनहरू सञ्चालनमा छन् । पाल्पामा पनि पत्रिका र रेडियोहरूले आफ्ना अनलाइन पोर्टल सञ्चालन गरेका छन् । अहिले जिल्लामा ८ वटा अनलाइनहरू सञ्चालनमा छन् भने केही दर्ता विना पनि सञ्चालनमा छन् । प्रदेशका अन्य सबै जिल्लाहरूमा अहिले डिजिटल अनलाइन पोर्टलहरूको शुरूवात भएको पाइन्छ ।

**सञ्चारमाध्यममा लगानी**

लुम्बिनी प्रदेशमा रहेका मिडियामा १ अर्वभन्दा बढीको लगानी रहेको देखिन्छ । रेडियोमा सबैभन्दा बढी लगानी भएको पाइन्छ । रेडियोमा मात्रै झण्डै ५४ करोड रूपैयाँ हाराहारीमा लगानी भएको देखिन्छ (विस्तृत विवरणको लागि तालिका ५ हेर्नुहोला) । लम्बिनी प्रदेशका रूपन्देही, दाङ र कपिलवस्तु जिल्लामा रेडियोमा धेरै लगानी भएको छ । लुम्बिनी प्रदेशमा रेडियोमा भएको कुल लगानीको आधा हिस्सा यही तीन जिल्लाले ओगटेको छ । रेडियो सञ्चालकहरूसँगको कुराकानीको आधारमा भन्ने हो भने रूपन्देहीमा सबैभन्दा धेरै १० करोड ५० लाख रूपैयाँ रेडियोमा लगानी भएको छ । त्यस्तै, दाङका रेडियो स्टेशनहरूमा ८ करोड ५८ लाख रूपैयाँ र कपिलवस्तुका रेडियो स्टेशनहरूमा करिब ७ करोड रूपैयाँ लगानी भएको छ । बाँकेमा पनि कपिलवस्तुकै हाराहारीमा रेडियोमा लगानी भएको देखिन्छ । रेडियो सञ्चालकहरूको भनाइमा बाँकेमा साढे ६ करोड रूपैयाँ रेडियोमा लगानी भएको छ ।

रोल्पा, नवलपरासी, पाल्पा, अर्घाखाँची, गुल्मी, प्यूठान र बर्दियामा पनि उल्लेख्य हिसाबले रेडियोमा लगानी भएको देखिन्छ । रोल्पामा ४ करोड ३३ लाख, नवलपरासीमा ३ करोड १५ लाख, पाल्पामा ३ करोड ११ लाख, अर्घाखाँचीमा २ करोड ६२ लाख, गुल्मीमा २ करोड २७ लाख ८० हजार, प्यूठानमा २ करोड २० लाख र बर्दियामा २ करोड रूपैयाँभन्दा बढी रेडियोमा लगानी भएको देखिन्छ । लुम्बिनी प्रदेशमा रेडियोमा सबैभन्दा कम लगानी भएको जिल्ला रूकुमपूर्व हो जहाँ १ करोड ४० लाख रूपैयाँ हाराहारीमा लगानी भएको देखिन्छ ।

लुम्बिनी प्रदेशको छापा माध्यममा पनि झण्डै रेडियोकै हाराहारीमा लगानी भएको देखिन्छ । छापा माध्यममा ५० करोड रूपैयाँभन्दा बढीको लगानी रहेको देखिन्छ । त्यसो त लुम्बिनीको १२ वटा जिल्लामध्ये बाँके एउटैमा कूल छापा माध्यममा भएको लगानीको आधा हिस्सा रहेको देखिन्छ । बाँकेमा छापा माध्यममा करीव साढे २७ करोड रूपैयाँ लगानी भइसकेको छ । त्यसपछि रूपन्देहीमा १२ करोड ४५ लाख रूपैयाँ छापा माध्यममा लगानी भएको पाइन्छ । दाङ र कपिलवस्तुमा भएको छापा माध्यमको लगानी लगभग समान रहेको छ । कपिलवस्तुमा ३ करोड ५७ लाख र दाङमा ३ करोड २४ लाख रूपैयाँ छापा माध्यममा लगानी भएको देखिन्छ । पाल्पामा ५४ लाख, बर्दियामा ४६ लाख, नवलपरासीमा ३० लाख, प्यूठानमा २७ लाख, रोल्पामा १५ लाख र गुल्मीमा २ लाख ५० हजार रूपैयाँ छापा माध्यममा लगानी भएको देखिन्छ ।

लुम्बिनी प्रदेशमा टेलिभिजनमा १३ करोड २० लाख रूपैयाँ लगानी भएको देखिन्छ । रूपन्देही, बाँके, पाल्पा र गुल्मी जिल्लामा टेलिभिजनमा लगानी भएको देखिन्छ । त्यसमध्ये अधिकांश लगानी रूपन्देही जिल्लामा नै रहेको छ । रूपन्देहीमा ११ करोड, बाँकेमा १ करोड रूपैयाँ टेलिभिजनमा लगानी भएको छ भने पाल्पा र बाँकेमा ६०/६० लाख रूपैयाँको दरले लगानी भएको पाइन्छ । त्यसो त पछिल्लो समय अनलाइन मिडियामा समेत लगानी हुन थालेको छ । बाँकेमा मात्रै अनलाइन मिडियामा १ करोड रूपैयाँ लगानी भएको छ भने कपिलवस्तुमा ५० लाख, नवलपरासीमा ४५ लाख र रूपन्देहीमा ३८ लाख रूपैयाँ अनलाईन मिडियामा लगानी भएको पाइन्छ । त्यस्तै पाल्पामा ९ लाख रूपैयाँ अनलाइनमा लगानी भएको छ ।

**तालिका ५ : लुम्बिनी प्रदेशमा सञ्चार माध्यममा लगानी**

| जिल्ला | छापा | रेडियो | टेलिभिजन | अनलाइन |
|---|---|---|---|---|
| बर्दिया | ४६ लाख | २ करोड १५ लाख | | |
| गुल्मी | २ लाख ५० हजार | २ करोड २७ लाख ८० हजार | ६० लाख | |
| दाङ | ३ करोड २४ लाख | ७ करोड ६० लाख | | |
| बाँके | २७ करोड ५० लाख | ६ करोड ५० लाख | १ करोड | १ करोड |
| अर्घाखाँची | १५ लाख | २ करोड ६२ लाख | | |
| कपिलवस्तु | ३ करोड ५७ लाख | ७ करोड ५० लाख | | ५० लाख |
| नवलपरासी | ३० लाख | ३ करोड १५ लाख | | ४५ लाख |
| पाल्पा | ५४ लाख | ३ करोड ११ लाख | ६० लाख | ९ लाख |
| रूपन्देही | १२ करोड ४५ लाख | १० करोड ५० लाख | ११ करोड | ३८ लाख |
| रोल्पा | १५ लाख | ४ करोड ३३ लाख | | |
| पुर्वी रूकुम | | १ करोड ४० लाख | | |
| प्यूठान | २७ लाख | २ करोड २० लाख | | |
| जम्मा | ५० करोड ५६ लाख | ५३ करोड ६६ लाख ८० हजार | | |

**जनशक्तिको अवस्था**

नेपाल पत्रकार महासंघ पाल्पा शाखामा १०३ जना सदस्य रहेका छन् तर त्यहाँ आवद्ध नभएका अन्य केही पत्रकारहरु पनि पत्रकारितामा क्रियाशिल छन् । रूपन्देहीमा २२५ भन्दा बढी र कपिलवस्तुमा १०० भन्दा बढी पत्रकारहरु सक्रिय रहेका छन् । दाङ जिल्लाका सञ्चारमाध्यममा काम गर्ने पत्रकार र प्रशासनिक कर्मचारीको संख्या २ सय ८६ जना देखिन्छ जसमध्ये पूर्णकालिन रूपमा १०२ जना पत्रकार र ६६ जना प्रशासनिक कर्मचारी कार्यरत रहेका छन् । यसैगरी आंशिक रूपमा काम गर्ने पत्रकारको संख्या ७२ जना र प्रशासनिक कर्मचारी ४६ जना रहेका छन् । जिल्लामा स्वयम्सेवी रूपमा काम गर्ने पत्रकार तथा कार्यक्रम प्रस्तोताको संख्या ७५ रहेको छ । रोल्पाका सञ्चार माध्यममा काम गर्ने पत्रकार र प्रशासनिक कर्मचारीको संख्या ११७ जना रहेको छ भने अर्घाखाँची जिल्लामा क्रियाशिल पत्रकारहरूको संख्या ६५ जनाको हाराहारीमा रहेको छ यद्यपि पत्रकार महासंघ अर्घाखाँचीको सदस्य संख्या एक सय ३० रहेको छ ।

२०६१ सालमा पत्रकार महासंघ स्थापना भएको गुल्मीमा ६३ जना सदस्य छन् भने करिब ९० जना सञ्चारकर्मीहरूले आंशिक र पूर्णकालीन रूपमा काम गरिरहेका छन् । रूकुमपूर्वमा पत्रकार र प्रशासनिक कर्मचारीको संख्या १६ रहेको छ । बाँकेमा एक हजारभन्दा बढीले मिडिया हाउसमा रोजगारी पाएको अनुमान छ । बर्दियाको रेडियोमा ४० र छापा माध्यममा पनि सोही हाराहारीमा जनशक्ति रहेको पाइन्छ । नवलपरासीमा ९० जना पत्रकार र ५० जनाको हाराहारीमा कर्मचारीहरु रहेका छन् । प्यूठानमा पूर्णकालीन र आशिंक गरी ४० जना पत्रकार विभिन्न मिडियामा कार्यरत भएको पाइन्छ ।

लुम्बिनी प्रदेशको मिडियामा दक्ष एवं स्थिर जनशक्तिको अभाव छ । पत्रकारहरु मिडियामा आवद्ध हुने र छोड्ने क्रम निरन्तर रहेको देखिन्छ ।

**पत्रकारिताका समस्या**

लुम्बिनी प्रदेशका अधिकांश जिल्लाहरूमा उद्योग व्यापार नफस्टाएका कारण विज्ञापनको अभाव छ जसका कारण सञ्चारमाध्यमहरूको संस्थागत विकास हुन सकेको छैन । कतिपय जिल्लामा उद्योगधन्दा भएपनि त्यसको विज्ञापन राष्ट्रिय स्तरका विज्ञापन एजेन्सीहरूमार्फत काठमाडौंबाट सञ्चालित मिडियामा जाने गरेको छ । त्यसको प्रत्यक्ष फाइदा स्थानीय एवं प्रदेशका मिडियाहरूले पाउन सकेका छैनन् । जस्तो, कपिलवस्तु जिल्लाको चन्द्रौटा–कृष्णनगर करिडरमा रहेका उद्योग व्यवसायका विज्ञापनहरु राष्ट्रियस्तरका विज्ञापन एजेन्सीबाट ठूला मिडिया हाउसमा जाने गरेको विषयलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।

उद्योग र व्यापार नफस्टाएकै कारण ठूला उद्योग र कलकारखानाको अभाव छ । त्यसले गर्दा सञ्चार माध्यमहरूको विज्ञापन बजार क्षेत्र सिमित देखिन्छ । विज्ञापनको कमी हुँदा वा विज्ञापनको भरपर्दो स्रोत नहुँदा सञ्चार माध्यमहरूले आर्थिक अभाव झेल्नुपरेको अवस्था छ । त्यसैका कारण सञ्चार माध्यमहरु फस्टाउन सकेका छैनन् । एक हिसाबले हेर्ने हो भने संख्यात्मक रूपमा विकास भएपनि आर्थिक अभावकै कारण गुणात्मक विकास हुन सकेको छैन । पत्रिका, रेडियो र अनलाइनमा जुन हिसाबले कपि पेष्टको समस्या देखिन्छ, त्यसले पनि सञ्चार माध्यमहरूमा गुणस्तरीय सामग्री प्रकाशन तथा प्रसारणको अभाव रहेको प्रष्टै हुन्छ । त्यस्तै लगानीको अभावकै कारण सञ्चार माध्यमहरूले गुणस्तरीय प्रविधि अपनाउन पनि सकिरहेका छैनन् ।

केन्द्रीय विज्ञापन निकै कम मिडियामा मात्र आउने गरेको छ । मिडिया हाउसको विज्ञापनको दररेटलाई आधार मान्न सक्ने अवस्था छैन । अस्वस्थ प्रतिष्पर्धाका कारण तोकिएको दरभन्दा निकै सस्तोमा विज्ञापन प्रकाशित गर्ने मात्रै होइन, विज्ञापनकै कारण एउटा सञ्चार माध्यमले लेखेको समाचार अर्को प्रतिष्पर्धी मिडियाबाट खण्डन गर्ने अभ्यास पनि देखिन थालेको छ । अझ कतिपय संचारमाध्यमहरूको लागि चाडपर्वमा प्रकाशित हुने विज्ञापन नै आम्दानीको एउटा भरपर्दो स्रोत हुने गरेको छ । नसोधी विज्ञापन छाप्ने र पछि भुक्तानी लिन जाने प्रवृतिकै कारण स्थानीय पत्रिकामा सुचना दिन सरकारी कार्यालयहरु हच्किने गर्छन् । चाँडो सम्पादक हुने रहरले कम लगानीमा पत्रिका प्रकाशित शुरु गरिहाल्ने प्रवृतिका कारण यसको दीगोपनमा समस्या देखिएको छ ।

**पत्रकारितामा कोभिडको असर**

संस्थागत रूपमा विकास हुन नसकिरहेका संचारमाध्यमहरूलाई कोभिड १९ ले झनै कमजोर बनाएको छ । कोभिड १९ ले सञ्चार माध्यमहरु थिलोथिलो भएका छन् । कोभिडका कारण भएका साना व्यवसाय र बजार प्रभावित भए । कोरोनाका कारण आर्थिक संकट देखियो भने विज्ञापन बजार साँघुरियो । एक हिसाबले भन्ने हो भने विज्ञापन बजार धरासायी नै भयो । यतिसम्म कि पत्रपत्रिका प्रकाशक एवं रेडियो र टेलिभिजनका संचालकहरूको भनाईमा विज्ञापनमा ८० प्रतिशतले कमी आएको छ । कलेजहरूको भर्नासम्बन्धी विज्ञापन, चाडपर्व लक्षित विज्ञापन र अन्य व्यवसायिक विज्ञापनहरु प्रायः सबै बन्द भए ।

संचारमाध्यमहरूमा नयाँ विज्ञापन नआएको मात्रै होइन, विगतको असुल उपर गर्नुपर्ने विज्ञापन रकम समेत उठाउन नसकिएको प्रकाशक एवं संचालकहरूको भनाई छ । सम्झौता भएका विज्ञापन समेत रोकिएको, धेरैले सम्झौता नै रद्ध गरेका कारण कोरोना कहरका वेला लोककल्याणकारी विज्ञापन नै मुख्य आम्दानीको

स्रोत रह्यो । छापा माध्यमको सवालमा पत्रिका नियमित गर्न नसक्दा यही लोककल्याणकारी विज्ञापनवापतको भुक्तानी लिन पनि प्रकाशकहरु बञ्चित भए । यसले गर्दा संचार माध्यमलाई स्रोत व्यवस्थापनमा कठिनाई भयो । सञ्चारमाध्यमहरु आर्थिक अभावबाट गुज्रिए । यतिसम्म कि कोभिड १९ ले सञ्चारमाध्यमहरूलाई दैनिक खर्च सञ्चालनमा नै समस्या पा¥यो । प्रकाशन र प्रसारणमा कठिनाई भयो भने लगानीकर्ताहरु सरकारी सहयोगको मुख ताकेर बस्न बाध्य भए ।

असुरक्षा र जोखिमको दायरा बढ्दा संवाददाताले रिपोर्टिङ गर्न जान नमानेकोदेखि प्रकाशित पत्रिका समेत वितरण हुन नसकेको अनुभव प्रकाशकहरूमा रह्यो । स्थलगत रिपोर्टिङ नहुँदा समाचारमा पर्याप्त तथ्य नपुगेको, विभिन्न श्रोतको भर पर्नुपर्दा समाचार सामग्री विशेष गरी तस्वीर हुबहु हुने गरेको, स्थानीय रेडियोको नियमित संवाद रोकिएको, पत्रिका प्रकाशन नै प्रभावित भएको, सञ्चारकर्मीमा निष्कृयता देखिएको र फिल्ड नजाँदा खोजी समाचार नआएको भनाइ प्रकाशक एवं सञ्चालकहरूको छ ।

**छापा माध्यमको घट्दो पहुँच**

लुम्बिनी प्रदेशको पत्रकारिताको समस्यालाई विधागत हिसाबले केलाउने हो भने छापा माध्यमको सञ्चालनमा गम्भीर समस्या देखिन थालेको छ । पछिल्लो समय पत्रिका प्रकाशित गर्ने र यसलाई पाठकसमक्ष पु¥याउने सन्दर्भमा समस्या देखिन थालेको छ । पत्रिका समयमै प्रकाशन गर्न कठिन छ भने अर्कोतिर यसलाई बिस्तारित गर्दै समयमै पाठकसमक्ष पु¥याउने कार्य पनि उत्तिकै अप्ठ्यारो छ ।

यातायातको समस्याका कारण प्रायजसो पत्रिकाहरु सम्बन्धित जिल्लाको सदरमुकाममा मात्रै सिमित हुने गरेका छन् । रोल्पा, प्यूठान, बर्दिया, पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, नवलपरासीजस्ता जिल्लाबाट प्रकाशित पत्रिकाहरु सम्बन्धित जिल्लाको सदरमुकाममा नै सिमित भएको देखिन्छ । यस हिसाबले प्रकाशित सामाग्रीहरूको पहुँच ग्रामीण इलाकासम्म पुग्न सकेको छैन ।

त्यसो त विज्ञापन बजारको सवालमा पनि उनीहरु जिल्लाभित्र मात्रै सिमित हुने गर्छन् । अर्कोतिर यी पत्रिकाहरूले राष्ट्रिय स्तरका र प्रादेशिक हिसाबले प्रकाशित पत्रिकाहरूसँग विज्ञापन र सामग्रीको पहुँचमा आफनै जिल्लाभित्र प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ जुन कठिन छ । जस्तै, बर्दिया जिल्लाबाट प्रकाशित पत्रिकालाई नेपालगञ्जबाट प्रकाशित पत्रिकादेखि राष्ट्रियस्तरका पत्रिकाहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । दाङ, बाँके र रूपन्देही जिल्लाबाट प्रकाशित कतिपय पत्रिकाहरूको बजार केहीं छिमेकी जिल्लाहरूसम्म फैलिएको पाइन्छ । त्यति हुँदाहुँदै पनि पछिल्ला दिनमा यी पत्रिकाहरूको प्रकाशन एवं सञ्चालन कार्यमा चुनौती थपिदै गएका छन् ।

स्थानीय सञ्चार माध्यमको प्रमुख आम्दानीको स्रोत स्थानीय बजार, विद्यालय, संघ/संस्था र समूह तथा मेला महोत्सवका सूचना र विज्ञापन, स्थानीय तहका सूचना र कार्यक्रमहरु हुन् । तर, कोरोना भाइरसका कारण देशभर भएको बन्दाबन्दीका क्रममा यी स्रोतहरु बन्द भए भने केही दिन पत्रपत्रिकाले पनि आफनो प्रकाशन बन्द गरे । कतिपय छापा माध्यमहरु बन्द भएको र प्रकाशनमा रहेका पत्रिकाहरूले पनि छपाई सख्या कटौती गरे ।

कतिपय पत्रिका असोजदेखि नियमित भएपनि सबै सञ्चारमाध्यमहरु पुरानै लयमा फर्किन सकेका छैनन् । पत्रिका नियमित हुन नसक्दा लोक कल्याणकारी विज्ञापन वापतको रकम भुक्तानी पाउनबाट बञ्चित भए । छापा माध्यमले अहिले पनि वितरण संख्या कटौती गरेका छन् भने ग्राहक संख्यामा पनि कमी आएको

छ । पत्रिका चलाउँदा निरन्तर घाटा खानुभन्दा कतिपयले बन्द नै गरेका छन् । कतिपयले ८ पृष्ठको दैनिक पत्रिकालाई ४ पृष्ठमा घटाई प्रकाशन गर्दै आएका छन् । साप्ताहिक पत्रिकाहरूको प्रकाशन नगण्य मात्रामा छ भने धेरैजसोले पत्रिका बन्द गरी अनलाइन संस्करणतिर जोड दिन थालेका छन् ।

**रेडियो र टेलिभिजनलाई सञ्चालन खर्चकै समस्या**

लुम्बिनी प्रदेशमा छापा माध्यमको तुलनामा रेडियोको विज्ञापन बजार र पहुँच फराकिलो देखिन्छ । कम्तीमा जिल्ला बाहिरका विभिन्न उद्योग र व्यापारिक प्रतिष्ठानहरूले रेडियोमा विज्ञापन दिने गर्छन् । रेडियोको स्रोतासमक्षको पहुँच पनि जिल्लामा मात्रै नभएर छिमेकी जिल्लासम्म फैलिएको पाइन्छ । स्थानीय तहहरूले पनि सूचनामूलक सामग्रीहरु प्रसारणका साथै प्रत्यक्ष प्रसारण गर्दा रेडियोहरूलाई शुल्क तिर्ने गरेका गरेका छन् ।

अझ कतिपय जिल्लाबाट प्रसारित रेडियोहरूको पहुँच सीमावर्ती भारतीय बजारसम्म पनि रहेको छ । ती रेडियोहरूमा ती बजारक्षेत्रको विज्ञापनसमेत आउने गरेको छ । कपिलवस्तुबाट प्रसारित केही रेडियोहरूमा भारतीय बजारका विज्ञापन समेत आउनुलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । यसका साथै स्थानीय सरकारबाट रेडियोहरूले सरकारी सहयोग समेत लिएको पाइन्छ । कपिलवस्तु जिल्लामा रहेका १० वटै स्थानीय तहले न्यूनतम ६ लाखदेखि १५ लाखसम्म मिडियालाई छुट्टयाएका छन् जसको अधिकांश हिस्सा रेडियोमा नै जाने गर्छ । अझ कतिपय स्थानीय तहले कार्यक्रममार्फत पनि रेडियोलाई छुट्टै बजेट दिने गरेका छन् ।

रूकुमपूर्वमा त रेडियोको स्थापना नै स्थानीय सरकारको सहयोगमा भएको देखिन्छ । अहिले पनि स्थानीय तहका सूचनाहरु प्रकाशित गरेवापत प्राप्त रकमबाट रेडियोका कर्मचारीहरूलाई पारिश्रमिक दिने गरिएको छ भने गाउँपालिकाका लागि सञ्चालन गरिएको रेडियो शिक्षा कार्यक्रमका कारण रेडियोलाई राहत मिलेको छ ।

त्यस्तै कतिपय जिल्लाबाट प्रसारित रेडियोहरूलाई भने निरन्तर सञ्चालन गर्ने सवालमा समस्या देखिएको छ । उदाहरणको लागि प्यूठान जिल्लामा व्यवस्थापकीय पक्ष फितलो हुँदा रेडियोहरु बन्द हुने अवस्थामा पुगेका छन् भने अर्घाखाँचीमा रेडियो चलाउनै मुस्किल हुन थालेको छ । यतिसम्म कि कोरोना कहरपछि उनीहरूलाई घरभाडा तिर्न समेत हम्मेहम्मे पर्न थालेको छ ।

रेडियो र टेलिभिजनले कोरोनाको समयमा पनि नियमित रूपमा काम गरे । तर, उनीहरूले कर्मचारी कटौती गर्दै सिमित जनशक्तिबाट चलाए । प्रसारण समय घटाउने र कार्यक्रम उत्पादन नै बन्द गर्नेसम्मका कार्य पनि उनीहरूले गरे ।

बजारबाट रेडियो र टेलिभिजनमा विज्ञापन आएन । लकडाउन भएपछि रेडियो सुन्ने स्रोताको संख्यामा बृद्धि भएपनि बजार साँघुरियो । नयाँ विज्ञापन र सूचना त आएन नै, प्रसारणका लागि तय भइसकेका सूचनाको विज्ञापन समेत बन्द गर्नुपर्ने अवस्था आयो । त्यसले गर्दा कतिपय रेडियोहरूलाई घरभाडा तिर्न नै समस्या परेको सञ्चालकहरूको भनाई छ ।

**अनलाइन वृद्धि तर दिगोपनको समस्या**

यो अवधिमा अनलाइन मिडिया सक्रिय भए । पत्रिका र रेडियोले पनि अनलाइन संस्करणलाई सक्रिय बनाए । तर, अनलाइनको संख्यात्मक वृद्धि भएपनि विज्ञापन र अन्य आयआर्जनको अभाव देखिन्छ । अनलाइनहरूले आफनो बजारीकरण गर्न सकेका छैनन् जसको कारण यसको दिगोपनको विषयमा गम्भीर

समस्या देखिएको छ । अनलाइनमा विज्ञापन स्रोतको कमी, गुणस्तरीय जनशक्ति एवं संस्थागत संरचनाको अभावले पनि यसको दिगोपनका विषयमा प्रश्न उठेको हो ।

अनलाइनमा आएको संख्यात्मक वृद्धिले प्रकाशित सामग्रीको गुणस्तरमा पनि प्रश्न उठाएको छ । अनलाइनहरूमा एकले अर्काको हुवहु कपि गर्ने प्रवृतिले कपि पेष्टको समस्या देखिन थालेको छ । त्यति मात्र होइन, विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्ने, विज्ञापनका लागि अनावश्यक वार्गेनिङ गर्नेसम्मका विकृति पनि पत्रकारितामा देखिन थालेको छ । अनलाइनका सामग्री पढ्नेहरु बढेपनि यसले थुप्रै चुनौती थपिदिएको छ । फिल्ड रिर्पोर्टिङ्भन्दा डेस्कमै बसेर समाचार संकलन गर्ने र स्रोतले दिएको सूचनाको प्रमाणीकरण नगर्ने प्रवृतिले गलत (फेक) सूचनाहरु आउने खतरा पनि बढेको छ ।

**पत्रकारका समस्या**

फ्रन्टलाइनमा रहेर काम गर्ने पत्रकार कोभिडका कारण संक्रमित भए । कोरोना नभएका पनि त्रासमै बसे । यद्यपि पत्रकारले सुरक्षाका विधि अपनाउँदै रिपोर्टिङलाई भने जारी राखे । कतिपय स्थानीय तहले मास्क र सेनिटाइजर उपलब्ध गराउनुका साथै केही सहयोग गरेको देखिन्छ । उदाहरणको लागि पाल्पामा तानसेन र बगनासकाली गाउँपालिकाले मास्क र सेनिटाइजर उपलब्ध गराए भने तानसेन नगरपालिकाले पत्रकार महासंघ पाल्पा शाखाका ९५ जना पत्रकारहरूको कोरोना बीमा गरिदिएको थियो । अन्य जिल्लामा पनि कतिपय स्थानीय तहहरूले यस्तै सहयोग गरेका थिए । तर, अन्य निकायबाट भने खासै सहयोग नपाएको पत्रकारहरूको भनाई छ ।

कोभिडको समयमा सञ्चार गृहहरूले पत्रकारहरूलाई पारिश्रमिक दिन आनाकानी गर्ने, बिदामा बस्न र आलोपालो कार्यालय आउन भन्ने जस्ता मनोवैज्ञानिक दवाब दिएको देखिन्छ । यतिसम्म कि कतिपय जिल्लामा कोभिडका कारण पत्रकारहरु पारिश्रमिकबाट केही अवधि स्वयम्सेवकमा रूपान्तरित हुनुपर्ने अवस्था समेत आयो । पत्रकारहरूले लामो समयसम्म तलब नपाउने समस्या भोग्नुपर्‍यो । अधिकांश मिडिया गृहहरूले पारिश्रमिक कटौती गरे भने त्यही कटौती गरिएको पारिश्रमिक पनि समयमा भुक्तानि नगर्दा पत्रकारहरु समस्यामा परे । त्यसो त पत्रकारहरु पनि बाहिर फिल्डमा गएर रिपोर्टिङ गर्ने अवस्था रहेन । मिडिया हाउसले पर्याप्त स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध नगराएको, समाचार संकलनका क्रममा डर, त्रासको माहोल रहेको र कतिपय सञ्चारकर्मीहरूलाई त्यस्तो अवस्थामा परीवारले समेत समाचार संकलनका लागि फिल्डमा नजान आग्रह गरेको स्वयम् पत्रकारहरूले बताउने गरेका छन् । समाचार संकलनमा लागत बढी लागेको तर सञ्चार माध्यमले तलब र सुविधा कटौती गरेको गुनासो पनि पत्रकारहरूको रह्यो ।

कोभिडका कारण यातायात खर्चदेखि स्वास्थ्य सावधानी अपनाउँदा लागत बढेको पत्रकारहरूको भनाइ थियो । जोखिममा रिपोर्टिङ गरेका संवाददाताले थप सुबिधाको अपेक्षा गरेपनि उल्टै पारिश्रमिक कटौती हुँदा निराशा आएको उनीहरूको भनाई छ । जोखिम लिदा सञ्चारकर्मी नै संक्रमित भएको र कतिपय संचारगृहहरूको सेवा प्रवाह नै प्रभावित भएको अवस्था पनि रह्यो । पत्रकारहरु संक्रमित हुँदा वरपर जनमानस समेत त्रसित बनेको र पत्रकारप्रति समाजको हेर्ने दृष्टिकोणमा नै वदलाव आएको पनि कतिपय सञ्चारकर्मीहरूको भोगाई रह्यो । कतिपय जिल्लामा सञ्चारकर्मीहरूको लगानी नै डुबेको छ । जस्तै नवलपरासी जिल्लाका अधिकांश मिडिया स्वरोजगारमूलक भएकाले कोभिड महामारीले सञ्चार माध्यमहरु बन्द हुँदा पत्रकार बेरोजगार मात्रै भएनन्, लगानी समेत डुबेको अवस्था छ । अन्य जिल्लाको अवस्था पनि यस्तै हो ।

पत्रकारहरूले समयमै उचित र पूर्ण पारिश्रमिक नपाउँदा निराशा आएको, घरपरिवार चलाउन हम्मेहम्मे परेको उनीहरूले बताएका छन् । रोजगारीको ग्यारेण्टी नभएको र पेशागत सुरक्षाको प्रत्याभूति नहुँदा दक्ष जनशक्ति पलायन हुने र नयाँ पुस्ताको यो पेशाप्रति आकर्षण नहुने अवस्था सिर्जना भएको छ । पेशागत सुरक्षाकै लागि दवावमूलक कार्यक्रम गर्नुपर्ने वाध्यतामा पत्रकारहरू छन् भने न्यूनतम पारिश्रमिक कार्यन्वयन नभएकाले सञ्चारकर्मीहरु पेशावाट सन्तुष्ट हुन सकेका छैनन् । ठूला हुन् वा साना लगानीका मिडिया सबैतिर श्रमजिवी पत्रकार ऐनको पालनामा समस्या छ । मिडिया हाउसले बैंकमार्फत भुक्तानि गरेका छैनन्, पत्रकारलाई नियुक्ति पत्र दिएका छैनन् । समयमा पारिश्रमिक नपाउने समस्या त यसैपनि आम प्रवृति बनेको छ । यसले गर्दा पत्रकारितामा स्थिर जनशक्तिको अभाव देखिएको छ । आवद्ध हुने र छाड्ने क्रम निरन्तर चलिरहेको छ भने कतिपय सञ्चार गृहमा कर्मचारी भनेका आफू र परिवारका सदस्यमा सिमित भएको अवस्था छ । यसले व्यवसायिक पत्रकारिताको अभ्यासमा व्यवधान खडा गरेको छ । अझ कतिपय जिल्लामा केही पत्रकारहरूले बार्गेनिङ गरेर पैसा असुल्नेजस्ता विकृति पनि देखिएको छ ।

**तालिका ६ : सञ्चारमाध्यमका समस्याहरु**

| | |
|---|---|
| बर्दिया | उद्योग र व्यापार नफस्टाएको, ठुला उद्योग र कलकारखानाको अभाव । विज्ञापनको स्रोत भरपर्दो नभएको । सञ्चार माध्यमहरु फस्टाउन नसकेको । संख्यात्मक विकास भएपनि गुणात्मक नभएको । बजार क्षेत्र सिमित । गुणस्तरीय प्रविधि र लगानीको अभाव । आर्थिक अभाव, विज्ञापनको कमी, यातायातको समस्या ।<br>पत्रिका सञ्चालनमा समस्या । जिल्लामा मात्र सिमित, प्रकाशित सामग्रीहरूको जनस्तरसम्म पहुँच पुऱ्याउन कठिन । समयमै प्रकाशन हुन नसक्नु । नेपालगञ्जबाट प्रकाशित पत्रिकाहरूसँग प्रतिस्पर्धा गर्न कठिन ।<br>रेडियो चलाउनै मुस्किल, घरभाडा तिर्न समेत हम्मेहम्मे परेको ।<br>राज्यले सञ्चार क्षेत्रलाई पर्याप्त सहयोग नगरेको । सरकारी कार्यलयका विज्ञापन र सूचना पाउन नसकेको । स्थानीय सरकारहरूले पनि सहयोग नगरेको गुनासो ।<br>कोभिड १९ ले झनै कमजोर बनाएको । भएका साना व्यवसाय र बजार पनि कोरोनाका कारण आर्थिक संकटमा, विज्ञापन बजार साँघुरिएको, ८० प्रतिशतले विज्ञापनमा कमी आएको । स्रोत व्यवस्थापन र प्रकाशन/प्रसारणमा समेत कठिनाइ भएको ।<br>पत्रकारहरूले समयमै उचित र पूर्ण पारिश्रमिक पाउन नसकेको । पत्रकारमा निराशा आएको, घरपरीवार चलाउन हम्मेहम्मे परेको । रोजगारीको ग्यारेण्टी नभएको, पत्रकारको सुरक्षाको प्रत्याभूति नभएको । पत्रकारितामा दक्ष जनशक्ति आकर्षित हुने वातावरण नभएको । |
| गुल्मी | सञ्चार माध्यमको प्रमुख आम्दानीको स्रोत स्थानीय बजार, विद्यालय, संघ/संस्था र समूह तथा मेला महोत्सवका सूचना र विज्ञापन, स्थानीय तहका सूचना र कार्यक्रमहरु । |
| दाङ | विज्ञापन बजार र पहुँच छापा माध्यमको तुलनामा रेडियोको फराकिलो । जिल्ला बाहिरका विभिन्न उद्योग र व्यापारिक प्रतिष्ठानहरूले पनि रेडियोमा विज्ञापन दिने गरेका । स्थानीय |

| | |
|---|---|
| | तहहरूले सूचनामुलक सामग्रीहरु प्रसारणका साथै प्रत्यक्ष प्रसारण गर्दा शुल्क तिर्ने गरेका ।<br>विज्ञापनका स्रोतहरु कम, आर्थिक अभाव ।<br>पत्रकारले समयमै र उचित पारिश्रमिक नपाएको । दक्ष जनशक्ति पलायन, नयाँ पुस्ताको आकर्षण नभएको ।<br>सञ्चार माध्यमहरूमा गुणस्तरीय सामग्री प्रकाशन तथा प्रसारणको अभाव । पत्रिका, रेडियो र अनलाइनमा कपि पेष्टको समस्या । केही पत्रकारहरूले बार्गेनिङ गरेर पैसा असुल्नेजस्ता विकृति पनि देखिन थालेको ।<br>सञ्चार माध्यमको संख्या बढेपनि गुणस्तरमा समस्या ।<br>पत्रकारहरूको पेशागत सुरक्षाको अभाव, पेशागत सुरक्षाकै लागि दवावमूलक कार्यक्रम गर्नुपर्ने वाध्यता । न्यूनतम पारिश्रमिक कार्यान्वयनमा समस्या । सञ्चारकर्मीहरु पेशाबाट सन्तुष्ट नभएको ।<br>सञ्चारमाध्यमहरूको आर्थिक अवस्था नाजुक । कोभिड १९ ले सञ्चारमाध्यमहरूलाई दैनिक खर्च सञ्चालनमा नै समस्या पारेको । लगानीकर्ताहरु सरकारी सहयोगको मुख ताकेर बसेको । |
| बाँके | छापा माध्यमको पहुँच सिमित, मुलतः नेपालगञ्जमा मात्रै केन्द्रित, केही पत्रिका बर्दियासम्म जाने गरेको ।<br>स्थिर जनशक्तिको अभाव, आवद्ध हुने र छाड्ने क्रम निरन्तर । धेरै जसोको कार्यालय समेत छैनन् । कर्मचारी भनेका आफू र परीवारका सदस्यमा सिमित । व्यवसायिक अभ्यासको कमी ।<br>सरकारी सहयोगको रूपमा लोककल्याणकारी विज्ञापन । पत्रिकाले वर्गीकरणको आधारमा र रेडियोले दामासाहीले लोक कल्याणकारी विज्ञापन पाउने गरेको । नेपालगञ्ज उपमहानगरपालिकाले पनि पत्रिका, रेडियो र अनलाइन गरी सबै खालका मिडियालाई यो सुविधा उपलब्ध गराएको ।<br>केन्द्रीय विज्ञापन निकै कम मिडियामा मात्र आउने । मिडिया हाउसको विज्ञापनको दररेटलाई आधार मान्न सक्ने अवस्था नभएको । अस्वस्थ प्रतिष्पर्धाका कारण तोकिएको दरभन्दा निकै सस्तोमा विज्ञापन प्रकाशित । विज्ञापनकै कारण कतिपय वेला एउटाले लेखेको समाचार अर्को प्रतिष्पर्धी मिडियाबाट विज्ञापनका रूपमा खण्डन गर्ने अभ्यास ।<br>चाडपर्वमा प्रकाशित हुने विज्ञापन आम्दानीको एउटा भरपर्दो स्रोत ।<br>रेडियो र टेलिभिजनको पहुँच छापाको भन्दा फराकिलो ।<br>दक्ष एवं स्थिर जनशक्तिको अभाव, आवद्ध हुने र छोड्ने क्रम निरन्तर रहेको । एक हजारभन्दा बढीले मिडिया हाउसमा रोजगारी पाएको अनुमान । |

| | |
|---|---|
| | कोरोना भाइरसका कारण देशभर भएको बन्दाबन्दीका क्रममा केही दिन पत्रपत्रिकाको प्रकाशन बन्द । कतिपय पत्रिका असोजदेखि नियमित भएपनि सबै सञ्चारमाध्यमहरु पुरानै लयमा फर्किन नसकेको । रेडियो र टेलिभिजनले भने नियमित रुपमा काम गरे । यो अवधिमा अनलाइन मिडिया सक्रिय । पत्रिका र रेडियोले अनलाइन संस्करणलाई सक्रिय बनाए ।<br><br>फ्रन्टलाइनमा काम गर्ने पत्रकार संक्रमित भए । कोरोना नभएका पनि त्रासमै बसे यद्यपि पत्रकारले सुरक्षाका विधि अपनाउँदै रिपोर्टिङ जारी राखे । कतिपय स्थानीय तहले मास्क र सेनिटाइजर उपलब्ध गराएपनि पत्रकारले खासै सहयोग पाएनन् । पत्रिका नियमित हुन नसक्दा लोक कल्याणकारी विज्ञापन वापतको रकम भुक्तानी पाउनबाट मिडिया बञ्चित ।<br><br>चाँडो सम्पादक हुने रहर, संस्थागत विकासको अभाव, कम लगानी<br><br>ठूला एवं साना लगानीका मिडिया सबैतिर श्रमजिवी पत्रकार ऐनको पालनामा समस्या । मिडिया हाउसले बैंकमार्फत भुक्तानी गर्दैनन्, नियुक्ति पत्र दिएका छैनन् । समयमा पारिश्रमिक नपाउने समस्या । |
| अर्घाखाँची | कोभिड १९ को महामारीले सञ्चार माध्यमहरू आर्थिक संकटमा । बजारबाट रेडियोमा विज्ञापन नआएको । लकडाउन भएपछि रेडियो सुन्ने स्रोताको संख्यामा बृद्धि तर बजार साँघुरिएको । नयाँ विज्ञापन र सूचना नआएको, प्रसारणका लागि तय भइसकेका सूचनाको विज्ञापन पनि बन्द गर्नुपर्ने अवस्था । रेडियोहरुलाई घरभाडा तिर्न नै समस्या परेको ।<br><br>कोभिड १९ ले सञ्चार माध्यमहरु थिलोथिलो भएको । पत्रकारहरुले लामो समयसम्म तलब नपाउने समस्या भोगेको । |
| कपिलवस्तु | रेडियोहरुको फैलावट छिमेकी जिल्लासम्म । मुख्य विज्ञापन क्षेत्रमा रूपन्देहीको केहि बजार क्षेत्र, लुम्बिनी क्षेत्र, अर्घाखाँचीका दक्षिण क्षेत्रका पालिकाहरू, दाङका पूर्वी क्षेत्रका पालिकाहरु र कपिलवस्तु जिल्लाको बजार क्षेत्र । केही रेडियोहरुमा भारतीय बजारका विज्ञापन समेत आउने गरेको । जिल्लाको चन्द्रौटा-कृष्णनगर करिडरमा रहेका उद्योग व्यवसायका विज्ञापनहरु राष्ट्रियस्तरका विज्ञापन एजेन्सीबाट ठूला मिडिया हाउसमा जाने गरेको ।<br><br>कोरोना संक्रमणका बेलामा अनलाइनको राम्रो उपस्थिति देखिएको । करिब ५० लाख रुपैयाँ विभिन्न अनलाइनमा लगानी भएको अनुमान ।<br><br>स्थानीय तहले विनियोजन गरेको बजेटकै कारण रेडियो सञ्चालनमा टेवा मिलेको । जिल्लाका १० स्थानीय तहले न्यूनतम ६ लाखदेखि १५ लाख रूपैयाँसम्म मिडियालाई छुट्याएका र अधिकांश रकम रेडियोमा आउने गरेको । स्थानीय तहले कार्यक्रममार्फत पनि रेडियोका लागि छुट्टै रकम दिने गरेको ।<br><br>सञ्चार क्षेत्रमा करिब ८ करोड ५० लाख हाराहारीको लगानी रहेको । करिब १ सय ८० जना प्रत्यक्ष रोजगारीमा संलग्न । विज्ञापन बजार ३ करोड हाराहारीमा तर कोभिडपछि घटेको । कोभिडका बेला ८० प्रतिशत विज्ञापन बजार कम भएको सञ्चालकहरुको भनाइ । |

| | |
|---|---|
| | कोभिडका कारण पत्रकारहरु पारिश्रमिकबाट केही अवधि स्वयम्सेवकमा रुपान्तरित हुनुपरेको । बाहिर गएर रिपोर्टिङं गर्ने अवस्था नरहेको, मिडिया हाउसले पर्याप्त स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध नगराएको, समाचार संकलनका क्रममा डर, त्रासको माहोल रहेको ।<br><br>परीवारले समाचार संकलनका लागि स्वीकृति नदिएको, समाचार संकलनमा लागत बढि लागेको तर सञ्चार माध्यमले तलब र सुविधा कटौति गरेको, यातायात खर्चको लागत बढेको । असुरक्षा र जोखिमको दायरा बढेको, विज्ञापन बजार धरासायी भएको, संवाददाताले रिपोर्टिङ गर्न जान नमानेको, प्रकाशित पत्रिका समेत बितरण हुन नसकेको, जोखिम लिदा सञ्चारकर्मी नै संक्रमित भएको, सेवा प्रवाह प्रभावित भएको, जनमानस त्रसित भएको । बिगतको असुल उपर गर्नुपर्ने विज्ञापन रकम समेत उठाउन नसकिएको ।<br><br>जोखिममा रिपोर्टिङं गरेका संवाददाताले थप सुबिधाको अपेक्षा गरेपनि उपलब्ध गराउन नसकेको, स्थलगत रिपोर्टिङ नहुँदा समाचारमा पर्याप्त तथ्य नपुगेको, विभिन्न श्रोतको भर पर्नुपर्दा समाचार सामग्री विशेष गरी तस्वीर हुबहु हुने गरेको, स्थानीय रेडियोको नियमित संवाद रोकिएको, पत्रिका प्रकाशन प्रभावित भएको, सञ्चारकर्मीमा निष्कृयता देखिएको र फिल्ड नजाँदा खोजी समाचार नआएको । |
| नवलपरासी | अधिकांश स्वरोजगारमूलक मिडिया भएकाले कोभिड महामारीले सञ्चार माध्यमहरु बन्द हुँदा पत्रकार बेरोजगार र लगानी समेत डुबेको अवस्था ।<br><br>प्रदेश सरकार र स्थानीय तहले सञ्चार उद्यमहरुलाई सघाउनुपर्ने सञ्चालकहरुको माग ।<br><br>विद्युत महशुलमा छूट, करमा छूट, उपकरणमा अनुदान र सरकारी आयोजनाहरुसँग जोडेर मिडिया परिचालन खर्च व्यहोर्न लगाइदिए रेडियोलाई राहत हुने सञ्चालकहरुको भनाइ ।<br><br>अनलाइनहरूले अनुसन्धानमूलक र खोजमूलक सामग्री दिन नसकेको ।<br><br>एउटा पालिकाले एउटा रेडियो र पत्रिकालाई आधिकारिक सञ्चार माध्यम घोषणा गरी आफ्ना नियमित सूचना र कार्यक्रम प्रसारणका लागि बजेट विनियोजन गर्नुपर्ने सञ्चालकहरुको माग । |
| पाल्पा | कोरोना कहरमा पत्रकारहरुले त्रासमै काम गरेको, सुरक्षाका विधि अवलम्वन गर्दै रिपोर्टिङ गरेको । तानसेन र बगनासकाली गाउँपालिकाले मास्क र सेनिटाइजर उपलब्ध गराएको । तानसेन नगरपालिकाले पत्रकार महासंघ पाल्पा शाखाका ९५ जना पत्रकारहरुको कोरोना बीमा गरिदिएको ।<br><br>केही पत्रकारहरु संक्रमित भएको ।<br><br>कोरोनाको असर विज्ञापनमा परेको । कलेजहरुको भर्नासम्बन्धी विज्ञापन, चाडपर्व लक्षित विज्ञापन र अन्य व्यवसायिक विज्ञापनहरु प्रायः बन्द नै भएको । निजी व्यवसायिक क्षेत्रबाट आउने विज्ञापनमा ७० प्रतिशतभन्दा बढी कटौती भएको । |

| | |
|---|---|
| | पत्रकारहरूलाई पारिश्रमिक दिन आनाकानी गर्ने, बिदामा बस्न र आलोपालो कार्यालय आउन भन्ने जस्ता मनोवैज्ञानिक दवाव दिएको । <br> कोरोना कहरका वेला लोककल्याणकारी विज्ञापन नै मुख्य आम्दानी भएको । <br> सम्झौता भएका विज्ञापन समेत रोकिएको, धेरैले सम्झौता नै रद्ध गरेको । <br> अनलाइनका सामग्री पढ्नेहरु बढाएपनि थुप्रै चुनौती थपिएको । फिल्ड रिर्पोटिङ्ग गर्न अप्ठारो भएको र फेक सूचनाहरु आउने खतरा बढेको । |
| रूपन्देही | कोरोना सञ्चार माध्यमको महत्व र प्रभावलाई साँघुरो बनाएको । <br> कतिपय छापा माध्यमहरु बन्द भएको र प्रकाशनमा रहेका पत्रिकाहरूले पनि छपाइ सख्या कटौति गरेको । <br> रेडियो र टेलिभिजन सिमित जनशक्तिबाट चलाएको, कर्मचारीहरु कटौति गरिएको । प्रसारण समय घटाउनेदेखि कार्यक्रम उत्पादन नै बन्द गर्नेसम्मका कार्य भएको । <br> अनलाइनहरूको संख्या बढेपनि गुणस्तरीय सामग्री दिन र बजारीकरण गर्न भने नसकेको । <br> सञ्चारमाध्यमहरूको विज्ञापन बजार खुम्चिएको, आम्दानी घटेको, वितरण संख्या कटौती गरिएको, ग्राहकमा कमी आएको । <br> सरकारी अनुदान र सहयोग शुन्य भएको र सञ्चारमाध्यम बचाउन धेरै नै अप्ठ्यारो भएको सञ्चालकहरूको गुनासो । <br> एफएम रेडियो, टेलिभिजन र अनलाइनको आम्दानी ४५ देखि ७५ प्रतिशतसम्म घटेको अनुमान । सबैभन्दा बढी असर टेलिभिजन र एफएम रेडियोहरूलाई परेको । <br> कोरोना कहरले पत्रिकाको ग्राहक संख्यामा ७० प्रतिशतले कमी आएको । <br> बजारमा विज्ञापनका रकम उठ्न बाँकी रहेको तर तत्कालको खर्च चलाउनै अप्ठ्यारो परेको । पत्रिका चलाउदा निरन्तर घाटा खानुभन्दा बन्द गरिएको । ८ पृष्ठको दैनिक पत्रिकालाई ४ पृष्ठमा घटाई प्रकाशन गरिएको, साप्ताहिक पत्रिकाहरूको प्रकाशन नगण्य मात्रामा भएको । धेरैजसोले पत्रिका बन्द गरी अनलाइन संस्करण मात्रै प्रकाशन गरेका । <br> अनलाइनमा विज्ञापन स्रोतको कमी, गुणस्तरीय जनशक्ति र संस्थागत संरचनाको अभाव । <br> सञ्चारमाध्यमबीच अनावश्यक प्रतिस्पर्धा बढाएको । सञ्चारमाध्यममा आउने विज्ञापनको संख्या र दर दुवै घटेको, सञ्चारगृहले नियमित तलब नदिएको । <br> टेलिभिजनको ६० प्रतिशत आम्दानी घटेको । <br> केही पत्रकारहरू संक्रमित भएको । <br> सञ्चारमाध्यमले कर्मचारीलाई बेतलबी बिदामा राखेको, काममा नबोलाएको, अधिकांशले नियमित तलब नदिएको । |

| | |
|---|---|
| | सञ्चार गृहको आम्दानी घटेको, श्रमजीवि पत्रकार र कर्मचारीको रोजीरोटि गुम्दै गएको । स्थानीय, प्रदेश र संघीय सरकारले नहेरेको सञ्चारमाध्यमका सञ्चालकहरूको गुनासो । |
| रोल्पा | पत्रपत्रिकाको विज्ञापन बजार जिल्लामा मात्रै सिमित । रेडियोहरूको बजार पहुँच छिमेकी जिल्लाहरूमा समेत रहेको । छापा माध्यमको तुलनामा रेडियोको विज्ञापन बजार फराकिलो । रेडियोहरूले सरकारी सहयोग लिएका । ठूला उद्योग, कलकारखाना तथा ठूला बजारहरु नभएको, आर्थिक अभाव । विज्ञापनका स्रोतहरु कम भएको । सञ्चार माध्यमहरु प्रायः संकटमा । पत्रकारहरूलाई उचित पारिश्रमिक दिन नसक्ने स्थिति । पत्रकारिताबाट दक्ष जनशक्ति पलायन । प्रकाशनमा आएका सामग्रीहरु ग्रामीण इलाकासम्म पुग्न नसकेको । |
| रूकुमपूर्व | गाउँपालिकाका केही सूचनाहरूबाट प्राप्त रकम रेडियोका कर्मचारीलाई दिने गरिएको । पहिला पाइराखेको पारिश्रमिकबाट घटाएर दिइएको । गाउँपालिकाका लागि रेडियो शिक्षा कार्यक्रम सञ्चालन गरिराखेकोले केही राहत मिलेको । |
| प्यूठान | निरन्तरतामा निकै समस्या, व्यवस्थापकीय पक्ष फितलो हुँदा रेडियोहरु बन्द हुने अवस्थामा । विज्ञापनको अभाव, अस्वस्थ्य प्रतिस्पर्धा । नसोधी विज्ञापन छाप्ने र पछि भुक्तानी लिन जाने प्रवृति, स्थानीय पत्रिकामा सूचना दिन सरकारी कार्यालयहरुको हिच्किचाहट । पत्रपत्रिकाको बजार नै साँघुरो, जिल्लाभित्र मात्रै सिमित । |

**सरकारको सहयोग र अपेक्षा**

सरकारी सहयोगको रूपमा सञ्चार माध्यमहरूले लोककल्याणकारी विज्ञापन पाउने गरेका छन् । पत्रिकाले वर्गीकरणको आधारमा र रेडियोले दामासाहीले लोक कल्याणकारी विज्ञापन पाउने गरेको छ । कतिपय स्थानीय तहहरूले पनि यस्तो सुविधा उपलब्ध गराउने गरेका छन् । जस्तो नेपालगञ्ज उपमहानगरपालिकाले पत्रिका, रेडियो र अनलाइन गरी सबैखालका मिडियालाई यो सुविधा उपलब्ध गराएको छ । कपिलवस्तुका स्थानीय तहले विनियोजन गरेको बजेटकै कारण रेडियो सञ्चालनमा टेवा मिलेको सञ्चालकहरूको भनाइ छ । जिल्लाका १० स्थानीय तहले न्यूनतम ६ लाखदेखि १५ लाख रूपैयाँसम्म मिडियालाई छुट्ट्याएका छन् । त्यो रकमको अधिकांश हिस्सा रेडियोमा आउने गरेको छ । स्थानीय तहले कार्यक्रममार्फत पनि रेडियोका लागि छुट्टै रकम दिने गरेका छन् । स्थानीय तहले आफना सूचनाहरूवापत पनि रेडियोलाई रकम दिने गरेका छन् । रूकुमपूर्वका स्थानीय तहहरूले रेडियो शिक्षा कार्यक्रम सञ्चालनवापतको रकम दिने गरेका छन् । अर्घाखाँचीमा पनि स्थानीय मिडियाले स्थानीय सरकारदेखि पूर्वाधार विकास अर्थात् संसद विकास कोषबाट समेत सहयोग पाएका छन् ।

त्यति हुँदाहुँदै पनि मिडिया सञ्चालकहरु स्थानीय, प्रदेश र संघीय सरकारले सञ्चार माध्यमलाई सहयोग नगरेको गुनासो गर्छन् । सरकारी अनुदान र सहयोग नभएकाले सञ्चारमाध्यम बचाउन धेरै नै अप्ठ्यारो भएको उनीहरूको गुनासो छ । राज्यले सञ्चार क्षेत्रलाई पर्याप्त सहयोग नगरेको, सरकारी कार्यालयका विज्ञापन

र सूचना पाउन नसकेको, स्थानीय सरकारहरूले पनि सहयोग नगरेको सञ्चालकहरूको भनाइ छ । प्रदेश सरकार र स्थानीय तहले सञ्चार उद्यमलाई सघाउनुपर्ने सञ्चालकहरूको माग छ । विद्युत महशुलमा छूट, करमा छूट, उपकरणमा अनुदान र सरकारी आयोजनाहरूमार्फत मिडिया परिचालन खर्च व्यहोरिदिनुपर्ने रेडियो सञ्चालकहरूको भनाई छ । कतिपय जिल्लाका मिडिया सञ्चालकहरु एउटा स्थानीय तहले कम्तीमा एउटा रेडियो र एउटा पत्रिकालाई आधिकारिक सञ्चारमाध्यम घोषणा गरी आफ्ना नियमित सूचना र कार्यक्रम प्रसारणका लागि बजेट विनियोजन गर्नुपर्ने माग समेत गर्छन् । एक हिसाबले भन्ने हो भने मिडिया सञ्चालकहरूले प्रदेश र स्थानीय दुवै सरकारबाट सहयोगको अपेक्षा गरेको पाइन्छ ।

**सुझावहरु**

पत्रकारिता क्षेत्रमा अहिले देखापरेको कठिनाइलाई सम्बोधन गर्न सरकारी संयन्त्र, सञ्चारमाध्यमका सञ्चालक, सञ्चारकर्मी र अन्य सरोकारवालाबीच पर्याप्त छलफल र त्यसैअनुरूपको नीति तय गर्न आवश्यक छ ।

साना-साना सञ्चार माध्यमहरु मर्ज गरेर सवल र सशक्त बनाउनुपर्ने आवाज यदाकदा उठ्ने गरेकाले त्यसतर्फ ध्यान दिन पनि उत्तिकै आवश्यक छ ।

स्थानीय सञ्चार माध्यमहरूले आफनो दीगो विकासको लागि दीर्घकालिन रणनीतिको खोजी गर्न आवश्यक छ । त्यस्तो रणनीति बनाउँदा स्थानीय स्तरबाटै पर्याप्त आम्दानीको स्रोतहरूको खोजी गर्न जरूरी छ ।

सञ्चार माध्यमहरु आफैले पनि विपद् कोष स्थापना गरी अप्ठयारो परेको बेला त्यसको परिचालन गर्ने रणनीति अख्तियार गर्न आवश्यक छ ।

सञ्चार माध्यमहरूले अनावश्यक खर्च कटौती गर्ने, लगानीकर्ताले थप लगानी जुटाउने र सामग्रीहरूको गुणस्तरीयता बृद्धि गर्नेतर्फ जोड दिन आवश्यक छ ।

# बर्दियामा पत्रकारिताको अवस्था र कोभिडको असर

**लक्ष्मण ढुंगाना**
**राजेन्द्रप्रसाद धिताल**

**पृष्ठभूमि**

नयाँ मुलुकको रूपमा परिचित लुम्बिनी प्रदेशको पश्चिम किनारामा अवस्थित बर्दिया जिल्लाको पत्रकारिताको इतिहास त्यति लामो छैन । २०२९ सालमा सदरमुकाम गुलरियास्थित महाकवि देवकोटा माविबाट प्रकाशित साहित्यिक पत्रिका वाणी यस जिल्लाको पहिलो पत्रिका मानिन्छ । यसैगरी २०३० सालमा अमर शहीद दशरथ चन्द मावि राजापुरबाट अर्को साहित्यिक पत्रिका कर्णाली प्रकाशित भएको देखिन्छ । उत्साही साहित्यप्रेमी व्यक्तिहरुको प्रयासमा प्रकाशित यी पत्रिकाहरुको प्रकाशनले निरन्तरता पाउन सकेन ।

बर्दियामा समाचारमूलक पत्रिकाको प्रकाशन २०४६ सालको राजनीतिक परिवर्तनपछि भएको पाइन्छ । २०४६ सालमा बर्दियामा पहिलो समाचारमूलक पत्रिका मूलधारा पाक्षिक प्रकाशित भएको हो । प्रजातान्त्रिक व्यवस्थाको पुर्नबहालीसँगै देशमा शुरू भएको सञ्चारको विकासको प्रभाव बर्दिया जिल्लामा पनि परेको देखिन्छ । राजधानीबाट प्रकाशित हुने कान्तिपुर लगायतका दैनिक र छिमेकी जिल्ला बाँकेको नेपालगञ्जबाट प्रकाशित किरण लगायतका पत्रिकाहरूका माध्यमबाट बर्दियाको पत्रकारिताको विकासमा केही टेवा पुगेकै हो । पछि बर्दियामा नै पत्रपत्रिका दर्ता गराएर प्रकाशित गर्ने क्रम शुरू भएको हो । यसक्रममा गुलरियाबाट प्रकाशित नयाँ मुलुक र कृष्णसार जस्ता साप्ताहिक पत्रिकाहरूले महत्वपूर्ण भूमिका खेलेका छन् । यस जिल्लामा हालसम्म ४१ वटा पत्रपत्रिका दर्ता भएका छन् (हेर्नुस तालिका १) ।

**तालिका १ : बर्दिया जिल्लामा दर्ता भएका पत्रिकाहरु**

| क्र.सं. | दर्ता भएका पत्रिकाको नाम | दर्ता साल |
|---|---|---|
| १ | हाम्रो भावना | २०६६ |
| २ | बढैयाताल टुडे | २०६८ |
| ३ | भौराटप्पा टुडे | २०६८ |
| ४ | जनता एक्सप्रेस | २०७० |
| ५ | समाचार रेखा | २०७२ |
| ६ | शोधपत्र दैनिक | २०७४ |
| ७ | गेरूवा कर्णाली पोष्ट | २०७४ |
| ८ | लुम्बिनीपत्र | २०७५ |
| ९ | बाँसगढी टाइम्स | २०७६ |
| १० | फरक समाचार | २०७७ |

| क्र.सं. | दर्ता भएका पत्रिकाको नाम | दर्ता साल |
|---|---|---|
| १० | मुस्कान | २०५७ |
| ११ | बर्दिया टाइम्स | २०५८ (हाल दैनिक) |
| १२ | अर्नहुवा ताल | २०७१ |
| १३ | कर्णाली साप्ताहिक | २०५० |
| १४ | चुनौती साप्ताहिक | २०५२ |
| १५ | नयाँ मूलुक साप्ताहिक | २०५५ |
| १६ | कृष्णसार साप्ताहिक | २०५६ |
| १७ | बर्दियाली आवाज | २०५६ |
| १८ | खबर निकुञ्ज | २०५७ |
| १९ | मैंगर हमार सन्देश | २०५७ |

| क्र.सं. | दर्ता भएका पत्रिकाको नाम | दर्ता साल |
|---|---|---|
| २० | बबई साप्ताहिक | २०५९ |
| २१ | बर्दिया समाचार | २०६१ |
| २२ | प्रष्ट विचार | २०६२ |
| २३ | नयाँ रैबार | २०६४ |
| २४ | समावेशी सन्देश | २०६४ |
| २५ | बर्दिया न्यूज एक्सप्रेस | २०६६ |
| २६ | राजापुर टाइम्स | २०६८ |
| २७ | चुरेकुञ्ज | २०६९ |
| २८ | हाम्रो बर्दिया खबर | २०७१ |
| २९ | गेरूवा एक्सप्रेस | २०७२ |
| ३० | परिमार्ग साप्ताहिक | २०७२ |
| ३१ | कोठियाघाट साप्ताहिक | २०७२ |
| ३२ | ठाकुरबाबा साप्ताहिक | २०७४ |
| ३३ | हाम्रो मधुवन | २०७४ |
| ३४ | बर्दिया खोज तलास | २०७७ |
| ३५ | मूलधार | २०४० |
| ३६ | अख्वारी पाक्षिक | २०६६ |
| ३७ | कृषि वातावरण आवाज | २०७६ |
| ३८ | बर्दिया मञ्च | २०५५ |
| ३९ | भूमण्डल | २०६२ |
| ४० | बर्दिया सन्देश | २०५६ |
| ४१ | विरेचन राष्ट्रिय साहित्य | २०७१ |

स्रोतः जिल्ला प्रशासन कार्यालय

बर्दिया जिल्लामा पत्रकारिताको क्षेत्रमा विभिन्न उतारचढावहरु देखिँदै आएका छन् । विगतमा चलेको १० वर्षे सशस्त्र द्वन्द्वले बर्दियाको पत्रकारितालाई बढी नै प्रभावित पारेको देखिन्छ । यसक्रममा जनादेश साप्ताहिकका समाचारदाता विनोद सजना र कृष्णसार साप्ताहिकका समाचारदाता राजदेव मण्डलले ज्यान गुमाए । उनीहरु दुवै जना राज्य पक्षबाट मारिएका हुन् ।

२०५९ सालमा तत्कालीन राजा ज्ञानेन्द्र शाहले शासन लिईसकेपछिको अवस्थाको असर पत्रकारिता क्षेत्रमा प्रत्यक्ष रूपमा परेको थियो । बर्दिया समाचार साप्ताहिकका प्रकाशक सुशीला गिरी त्यतिबेलाको अवस्था स्मरण गर्दै भन्छिन्, 'दिनदिनै कार्यालयमा सुरक्षाकर्मीहरूले प्रकाशन हुनुपूर्व नै समाचारका विषयमा केरकार गर्न थालेपछि मैले पत्रिका प्रकाशन गर्न तत्काललाई स्थगित गरेको थिएँ, त्यो समय पत्रकारका लागि कठिन थियो ।' बर्दिया जिल्लामा धेरै पत्रिकाहरु दर्ता भएर सञ्चालनमा आएपनि सबैले निरन्तरता पाउन भने सकेका छैनन् ।

**छापा माध्यमको अवस्था र लगानी**

बर्दियाका छापा माध्यमका प्रकाशनमा रहेका पत्रिकाहरूमा बर्दिया टाइम्स पुरानो दैनिक मानिन्छ । बबई साप्ताहिक पत्रिकामा सबैभन्दा बढी लगानी देखिन्छ । यस जिल्लामा प्रकाशित पत्रिकाहरूमा खासै ठूलो लगानी भएको अवस्था छैन । पत्रकार स्वयम्ले आफै प्रकाशक, आफै सम्पादक र अन्य जिम्मेवारी पनि आफैले पूरा गरी पत्रिका प्रकाशित गरिरहेको स्थिति छ । खास गरी यस जिल्लाका पत्रपत्रिकाहरु स्वरोजगार ढंगले सञ्चालनमा छन् । जिल्लामा पत्रपत्रिका प्रकाशित गर्ने व्यक्तिहरूको भनाइमा यस जिल्लामा छापा माध्यममा ४५ लाख रूपैयाँको हाराहारीमा लगानी भएको छ (हेर्नुहोस् तालिका २) । बबई साप्ताहिकको आफ्नै प्रेस लगायतका प्रविधिहरु छन् । सो पत्रिकाको हालसम्मको लगानी १० लाख रहेको पत्रिकाका प्रकाशक डोलराज सिग्देलको भनाइ छ । यसैगरी बर्दिया टाइम्स दैनिकको पनि आफ्नै प्रेस छ । सो पत्रिकाका सम्पादक/प्रकाशक बालकृष्ण ओली पत्रिकामा हालसम्मको लगानी ८ लाख पुगेको बताउँछन् । अन्य पत्रपत्रपत्रिकाहरु सिमित लगानीमा प्रकाशित भइरहेका छन् ।

**तालिका २ : छापामा लगानी (अनुमानित)**

| क्र.सं. | सञ्चालनमा रहेका पत्रिकाको नाम | लगानी |
|---|---|---|
| १ | बर्दिया टाइम्स दैनिक | ८ लाख |
| २ | हाम्रो भावना दैनिक | ७ लाख |
| ३ | सोधपत्र दैनिक | ३ लाख |
| ४ | बढैयाताल टुडे दैनिक | ३ लाख |
| ५ | लुम्बिनी पत्र दैनिक | ३ लाख |
| ६ | गेरूवा कर्णाली पोष्ट दैनिक | ३ लाख |
| ७ | जनता एक्सप्रेस दैनिक | २ लाख |
| ८ | बबई साप्ताहिक | १० लाख |
| ९ | चुरेकुञ्ज साप्ताहिक | ३ लाख |
| १० | कोठियाघाट साप्ताहिक | १ लाख |
| ११ | राजापुर टाईम्स साप्ताहिक | ३ लाख |

स्रोतः सम्बन्धित पत्रिकाका प्रकाशकहरूसँग गरिएको कुराकानीमा आधारित

**छापा माध्यमको बजार**

बर्दियाबाट प्रकाशित हुने पत्रिकाहरूको बजार क्षेत्र सिमित छ । पूर्वमा बाँके र पश्चिममा कैलालीको टिकापुरसम्म पुगेपनि यहाँ पत्रपत्रिकाको पहुँच जिल्लाभित्र मात्र छ । समयमै पत्रिका प्रकाशन हुन नसक्नु, छिमेकमा नेपालगञ्ज शहर रहेकोले त्यहाँका पत्रिकासँग प्रतिस्पर्धा गर्न कठीन छ । बर्दियामा उद्योग र व्यापार नफस्टाएकाले विज्ञापनको स्रोत पनि दरिलो छैन जसले गर्दा पत्रपत्रिकाहरु पनि खासै फस्टाउन सकेका छैनन् । 'विज्ञापन ठूला पत्रिकाले लैजान्छन्, सरकारी कार्यालयले पनि पहुँचका आधारमा विज्ञापन दिन्छ । त्यसले गर्दा यहाँ पत्रिका चलाउनु निकै चूनौतीपूर्ण छ', बर्दिया टाइम्सका सम्पादक बालकृष्ण ओलीले भने, 'विज्ञापनको अभावले हामी प्रतिस्पर्धी बन्न सकेका छैनौं ।'

**रेडियोको अवस्था र लगानी**

२०६३ सालको परिवर्तनपछि बर्दियामा पत्रकारिता क्षेत्रमा संख्यात्मक रूपमा उल्लेखनीय प्रगति भएको छ । विशेष गरी रेडियोहरूको स्थापना हुने क्रम बढेको छ । पहिलो पटक २०६३ सालमा गुलरियामा व्यवसायिक रूपमा रेडियो फुलबारी एफएम स्थापना भएको पाइन्छ । हाल जिल्लामा ६ वटा एफएमहरु सञ्चालनमा छन् जसमध्ये ५ वटा सामुदायिक छन् ।

जिल्लाको सदरमुकाम गुलरियामा फुलबारी र बबई रेडियो सञ्चालनमा छन् । फुलवारी एफएम हाल आन्तरिक कारणले बन्द अवस्थामा रहेको छ । सदरमुकामभन्दा पश्चिम मधुवन नगरपालिकामा रामज्ञानु सामुदायिक रेडियो, राजापुर नगरपालिकामा साथी एफएम र ठाकुरबाबा नगरपालिकामा रेडियो टाइगर व्यवसायिक रूपमा सञ्चालनमा छन् भने पूर्वोत्तर बाँसगढी नगरपालिकामा स्थानीय थारू भाषालाई प्रधानता दिने रेडियो गुर्बाबा सामुदायिक हिसाबले सञ्चालनमा रहेको छ । सदरमुकाम गुलरियामा रहेको रेडियो फुलबारीको आफ्नै भवन छ भने अन्य रेडियोहरू भाडाका घरमा सञ्चालन हुँदै आएका छन् । बर्दियाका रेडियोहरूमा भएको लगानी र जनशक्ति निम्नानुसार छ (हेर्नुस तालिका ३) ।

**तालिका ३ : सञ्चालनमा रहेका रेडियोमा लगानी र जनशक्तिको अवस्था**

| क्र.सं. | दर्ता भएका रेडियो | लगानी रु लाखमा | क्षमता (वाट) | कार्यरत जनशक्ति |
|---|---|---|---|---|
| १ | रेडियो फुलबारी | ५० लाख | ५०० | आन्तरिक कारणले हाल बन्द रहेको |
| २ | रेडियो बबई | ३५ लाख | १०० | ५ जना |

| क्र.सं. | दर्ता भएका रेडियो | लगानी रू लाखमा | क्षमता (वाट) | कार्यरत जनशक्ति |
|---|---|---|---|---|
| ३ | रेडियो रामझ्ज्ञानु | २५ लाख | १०० | ८ जना |
| ४ | रेडियो साथी | ३० लाख | ५०० | ९ जना |
| ५ | रेडियो टाइगर | २५ लाख | ५०० | ८ जना |
| ६ | रेडियो गुर्बाबा | ५० लाख | ५०० | ७ जना |

स्रोतः रेडियो सञ्चालकहरूसँगको कुराकानीमा आधारित ।

**मिडियामा कोभिडको असर**

कोरोना महामारीको प्रभाव विस्तारसँगै यस जिल्लाका सञ्चारमाध्यमहरूको विज्ञापनको बजार साँघुरिदै गएको सञ्चालकहरूको भनाइ छ । कोरोनाकै कारण समाचार संकलन, स्रोत व्यवस्थापन र प्रकाशनमा समेत कठिनाइ देखापरेको हाम्रो भावना दैनिकका प्रकाशक मेघराज सिग्देलले बताए । कोभिड १९ का कारणले विज्ञापनको बजार असाध्यै सीमित हुन पुगेको शोधपत्र दैनिकका प्रकाशक एवं नेपाल पत्रकार महासंघ बर्दियाका उपाध्यक्ष यादव आचार्यको भनाइ छ । पहिलेभन्दा ८० प्रतिशतले विज्ञापनमा गिरावट आएको उनले बताए । आचार्य कोरोना महामारीका कारण सबैजसो स्थानीय सञ्चार माध्यमहरु समस्यामा परेको बताउँछन् । 'खासगरी पत्रिका सञ्चालनमा झनै समस्या आएको छ' उनले भने ।

कोभिड १९ का कारण सञ्चार माध्यमको आयस्रोतमा कमी आएकाले पत्रकारहरूले नियमित रूपमा पारिश्रमिक समेत पाएका छैनन् । रेडियो टाइगरका स्टेशन म्यानेजर भावुक योगी तीन महिनादेखि सबै पत्रकार तथा कर्मचारीले पारिश्रमिक नपाएको बताउँछन् । दायित्वबोधका कारण काम बढी गर्नुपरेको तर पारिश्रमिक नपाएकोले कहिलेकाही निराशा आउने गरेको रेडियो बबईमा कार्यरत पत्रकार मुरली गोडियाले बताए । रेडियोमा प्राविधिकदेखि समाचार वाचकसम्म आफैले गर्नुपर्दा पनि पारिश्रमिक नपाउँदा घर परिवार चलाउन समेत गाह्रो भएको उनको भनाई छ ।

भाडाको घरमा बस्ने रेडियोहरूले विगत ३/४ महिनादेखि घरभाडासम्म तिर्न सकेका छैनन् । जिल्लामा ठूला उद्योग तथा कारखानाको अभाव र भएका साना व्यवसाय र बजार पनि आर्थिक संकटमा परेकाले त्यसको प्रत्यक्ष असर सञ्चारमाध्यममा परेको छ । आर्थिक अभावका कारण रेडियो चलाउन मुस्किल परेको रेडियो बबईका सञ्चालक समितिका अध्यक्ष इन्द्रबहादुर श्रेष्ठको गुनासो छ । 'कोभिड-१९ पछि रेडियोका आम्दानी घट्दै छ, अहिलेसम्म घरबाट खर्च गरेर रेडियो चलाएका छौँ, यसरी कहिलेसम्म चल्ने हो थाहा छैन', श्रेष्ठले भने ।

बर्दियाका सञ्चारमाध्यम संख्यात्मक रूपमा बढेपनि पत्रकारिताको गुणात्मक विकास भएको पाइदैन । बजारक्षेत्र सिमित छ । उचित पारिश्रमिकको अभाव छ जसले गर्दा पत्रकारितामा दक्ष जनशक्ति आकर्षित हुन सकेको छैन । प्रकाशन भएका सामग्रीहरूको पनि जनस्तरसम्म पहुँच पुर्‍याउन कठिन छ । गुणस्तरीय प्रविधि र लगानीको अभावमा स्तरीय पत्रकारिता हुन सकेको छैन । पुराना पत्रकार विष्णु तिमिल्सेना पत्रकारिताको क्षेत्रमा बर्दिया जिल्लाले खासै उल्लेखनीय सुधार गर्न नसकेको बताउँछन् ।

स्थानीय सरकारहरूले पनि आफ्ना नजिकका केही सिमित मिडियाहरूलाई मात्र हेर्ने गरेका कारण सरकारी कार्यालयका विज्ञापन तथा सूचनाहरु पाउन नसकिएको गेरूवा कर्णाली पोष्टका प्रकाशक सन्तोष

पौडेलको भनाई छ । 'हामी जिल्लाको पश्चिमी क्षेत्रबाट पत्रिका प्रकाशन गर्दै आईरहेका छौं', उनले भने, 'तर, धेरै सरकारी निकायबाट सहयोग पाउँन सकेका छैनौं ।' सबै सक्रिय सञ्चार माध्यमहरूलाई दामासाही रूपमा पालैपालो विज्ञापन दिनुपर्ने उनको भनाई छ ।

पत्रकारिता पेशामा रोजगारीको ग्यारेण्टी नभएको र उचित पारिश्रमिक समेत नभएकाले यसलाई कठीन पेशाको रूपमा हेर्ने गरिएको छ । अझ संकटको बेला पत्रकारिता पेशामा झनै कठिनाइ हुने गरेको लगानीकर्ताको भनाइ छ । विगतमा सशस्त्र द्वन्द्व र राजाको शासनमा पत्रकारहरूले दुःख भोग्नुपर्‍यो, अहिले कोभिड १९ जस्तै प्राकृतिक विपत्तिले पनि सबैभन्दा बढी पत्रकारलाई नै प्रभावित पारेको छ । जनतालाई सचेत बनाउने जिम्मा लिएर खट्ने पत्रकारहरूको सुरक्षाको पूर्ण प्रत्याभूति हुनुपर्ने देखिन्छ ।

**निष्कर्ष**

आर्थिक अभाव, विज्ञापनको कमी, यातायातको समस्या, सञ्चार माध्यममा उपयुक्त लगानीको अभाव, राज्यले सञ्चार क्षेत्रलाई गर्नुपर्ने पर्याप्त सहयोग नगरेका कारण बर्दियाको पत्रकारिता विकसित र विस्तारित हुन सकेको छैन । त्यसमाथि अहिले कोभिड १९ को संकटले यहाँको पत्रकारितालाई झनै कमजोर बनाएको छ । पत्रकारिता क्षेत्रमा अहिले देखापरेको कठिनाइलाई सम्बोधन गर्न सरकारी संयन्त्र, सञ्चारमाध्यमका सञ्चालक, सञ्चारकर्मी र अन्य सरोकारवालाबीच पर्याप्त छलफल र त्यसैअनुरूपको नीति तय गर्न आवश्यक छ ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरू**

सुशीला गिरी, प्रकाशक, बर्दिया समाचार साप्ताहिक ।

बालकृष्ण ओली, सम्पादक, बर्दिया टाइम्स ।

यादव आचार्य, उपाध्यक्ष, नेपाल पत्रकार महासंघ बर्दिया ।

भावुक योगी, स्टेशन म्यानेज, रेडियो टाइगर ।

मुरली गोडिया, पत्रकार, रेडियो बबई ।

इन्द्रबहादुर श्रेष्ठ, अध्यक्ष, रेडियो बबईका सञ्चालक समिति ।

विष्णु तिमिल्सेना, पुराना पत्रकार ।

सन्तोष पौडेल, प्रकाशक, गेरूवा कर्णाली पोष्ट ।

# गुल्मीको पत्रकारितामा कोभिड असर

**टोपलाल अर्याल**

**पृष्ठभूमि**

गुल्मी जिल्लामा २०५७ सालमा रेसुङ्गा शिखर सन्देश साप्ताहिकको आगमनसँगै पत्रकारिताको शुरूवात भएको हो । २०६४ सालबाट रेडियो रेसुङ्गा सञ्चालनमा आएपछि व्यवसायिक र सामुदायिक रेडियोहरू स्थापना शुरु हुन थालेका हुन् । अहिले गुल्मीमा ८ वटा एफएम रेडियो र एउटा टेलिभिजन सञ्चालनमा छन् ।

अहिले डिजिटल अनलाइन पोर्टलहरूको विकास हुन थालेको छ जसका कारण पत्रिका, रेडियो तथा टेलिभिजनहरूलाई चुनौती थपिएको छ । २०७६ सालमा दर्ता भई सोही वर्षको भदौ देखि प्रकाशित हुँदै आएको गुल्मी साप्ताहिक कोरोना संक्रमणका कारण केही समय बन्द भएपनि अहिले पुन सञ्चालनमा रहेको छ । । लकडाउनपछि ६ अंक ई-प्रकाशन गरेपनि पछि सम्भव नभएको पत्रिकाका प्रबन्धक मनोज कार्कीले बताए । गुल्मीबाट खबर मार्केट डटकम र साझा विचार डटकम अनलाइन सञ्चालनमा छन् । गुल्मीलाई आधार बनाएर गुल्मी न्यूज डटकम र धरातल अनलाइन पनि सञ्चालनमा छन् । यद्यपि यी अनलाइनहरु नियमित रूपमा अद्यावधिक हुने गरेका छैनन् ।

२०६१ सालमा पत्रकार महासंघ गुल्मीको स्थापना भयो । अहिले पत्रकार महासंघ गुल्मीमा ६३ जना सदस्यहरु छन् । करिब ९० जना सञ्चारकर्मीहरूले रेडियोहरूमा आंशिक र पूर्णकालिन रूपमा काम गरिरहेका छन् । एउटै पत्रकारले केन्द्र, प्रदेश र जिल्लाका विभिन्न मिडियामा एकसाथ काम गरिरहेका छन् ।

**सञ्चारमाध्यमको अवस्था र लगानी**

गुल्मीमा सञ्चालनमा रहेका ८ वटा एफएममध्ये ३ वटा सामुदायिक र ५ वटा व्यवसायिक रेडियो हुन् । जिल्लामा रेसुङ्गा (२०६४) पहिलो व्यवसायिक र स्काई (२०६७) पहिलो सामुदायिक रेडियो हुन् । अहिले सदरमुकाममा ३ र सदरमुकामबाहिर ५ रेडियो सञ्चालनमा छन् । रेडियो रेसुङ्गा, रेडियो स्काई र रेडियो गुल्मी सदरमुकामबाट प्रसारणमा छन् भने सदरमुकामबाहिर रेडियो रूरू, रेडियो धुर्कोट, रेडियो श्रृङ्गेश्वर, रेडियो रूद्रावती र रेडियो पुष्पाञ्जली रहेका छन् ।

**तालिका १ : गुल्मीका सञ्चार माध्यम, लगानी र जनशक्तिको अवस्था**

| क्र.स. | सञ्चार माध्यम | सञ्चालन मिति | अवस्था | लगानी | कर्मचारी | |
|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण | आंशिक |
| १ | रेडियो श्रृङ्गेश्वर | ०७३/११/१३ | सञ्चालनमा | ४० लाख | ८ | ६ |
| २ | रेडियो रूरू | ०६५/८/१३ | सञ्चालनमा | ३७ लाख | ५ | ४ |
| ३ | रेडियो स्काई | ०६७/०३/२३ | सञ्चालनमा | ३० लाख | ६ | १३ |

| क्र.स. | सञ्चार माध्यम | सञ्चालन मिति | अवस्था | लगानी | कर्मचारी | |
|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण | आंशिक |
| ४ | रेडियो धुर्कोट | ०७६/०६/१३ | सञ्चालनमा | २७ लाख | ३ | ५ |
| ५ | रेडियो पुष्पाञ्जली | ०६९/०५/०१ | सञ्चालनमा | २० लाख | ६ | १३ |
| ६ | रेडियो रेसुङ्गा | ०६४/११/०७ | सञ्चालनमा | २५ लाख ८० हजार | ९ | ७ |
| ७ | रेडियो रूद्रावति | ०७४/११/३० | सञ्चालनमा | १८ लाख | ३ | - |
| ८ | रेडियो गुल्मी | ०६६/०१/०१ | सञ्चालनमा | ३० लाख | ३ | २ |
| ९ | वि टेलिभिजन | ०७६/१०/०१ | सञ्चालनमा | ६० लाख | ३ | २ |
| १० | गुल्मी साप्ताहिक | ०७६ भदौ | हाल बन्द | २ लाख ५० हजार | ४ | |
| | | | जम्मा | | ५० | ५२ जना |

स्रोतः सञ्चालकहरूसँगको कुराकानीमा आधारित

**रेडियो समस्यामा**

जिल्लाका सबै एफएम रेडियोको प्रमुख आम्दानीको स्रोत स्थानीय बजार, विद्यालय, संघ/संस्था र समूह तथा मेला महोत्सवका सूचना र विज्ञापन हुन् । त्यो बाहेक स्थानीय तहका सूचना र कार्यक्रमहरूले पनि एफएम रेडियोहरूलाई थप सहयोग मिलेको छ । तर, कोभिड-१९ को कारण सवै एफएम रेडियोहरु समस्यामा परे । जिल्लामा ठुलो उद्योगधन्दा र कलकारखाना नभएकाले सञ्चार माध्यहरूलाई गाह्रो भइरहेको सञ्चालकहरु बताउँछन् ।

रेडियो रेसुङ्गाकी स्टेशन म्यानेजर अनिता खत्रीका अनुसार कोरोनाकै कारण ४० प्रतिशत सूचना र विज्ञापनमा गिरावट भयो । वार्षिक विज्ञापनको कारण रेडियोलाई धेरै ठूलो संकट नपरेपनि बजार, विद्यालय, क्याम्पसका नयाँ भर्ना, मेला महोत्सवमा सूचनाहरु पूर्ण रूपमा बन्द भएको छ ।

सदरमुकाम बाहिरबाट गत बर्षदेखि सञ्चालनमा रहेको सामुदायिक रेडियो धुर्कोटले पनि विज्ञापन ५० प्रतिशतले कटौति भएको जनाएको छ । कोरोना संक्रमणको कारण नयाँ विज्ञापन ठप्प भएको छ भने यसअघि प्रसारण भइसकेका विज्ञापनहरूको रकम उठाउन पनि मुस्किल परेको स्टेशन म्यानेजर दधिराम खनालले बताए । व्यापार व्यावसाय बन्द भए जसको प्रत्यक्ष असर सञ्चार माध्यममा आउने विज्ञापनमा पऱ्यो भने स्थानीय तह र सरकारी कार्यालयहरूले पनि आफना विज्ञापन एवं सूचनामा कटौती गऱ्यो । यसले गर्दा सञ्चार माध्यमहरूलाई अप्ठ्यारो परेको छ ।

श्रृंगेश्वर एफएम गाउँमा छ । रेडियोका सहायक स्टेशन म्यानेजर भुवन भुसालका अनुसार पारिश्रमिक, उपकरण मर्मत र प्रशासनिक गरेर कम्तीमा १२ लाख रूपैयाँ बार्षिक खर्च भएपनि अहिले खर्च थेग्ने अवस्था छैन । सानो ठाउँमा धेरै रेडियो हुनुको चुनौतीसँगै कोरोनाले ठुलो धक्का दिएको उनले बताए । सञ्चालक नै कर्मचारी भएकाले केही सहज भएपनि अब कसरी थेग्ने भन्ने अप्ठ्यारो रहेको पनि भुसालले बताए । प्रसारण क्षमता बढि भएका रेडियोले बाहिरी जिल्लामा समेत विज्ञापन बटुल्थे । अहिले त्यस्तो अवस्था छैन । प्रत्येक जिल्लामा रेडियो भएकाले नयाँ विज्ञापन आउने सम्भावना कम छ । रेडियो स्काईका संयोजक प्रकाश घिमिरेका अनुसार बाहिरी जिल्लाका एउटा पनि विज्ञापन आएको छैन । केही बर्ष अगाडि बाग्लुङ्, अर्घाखाँची र प्यूठानका बजारहरूबाट विज्ञापन आएपनि पछिल्लो समय निकै कम हुँदै गएको छ । त्यसमाथि कोरोना

संकटका कारण सञ्चारमाध्यमको बिषयबस्तुमा पनि विविधता आउन सकेको छैन । यसले गर्दा सञ्चारमाध्यमको ग्राहक र स्रोत दुवै कम हुन थालेको देखिन्छ ।

**टेलिभिजनलाई थप चुनौती**

जिल्लामा एउटा मात्रै टेलिभिजन छ । सदरमुकामबाट २०७६ को असोजदेखि वि टेलिभिजनले आफ्नो प्रसारण गर्दै आएको छ । एफएम रेडियोको तुलनामा टेलिभिजन सञ्चालन अझै चुनौतीपूर्ण भएको वि टेलिभिजनका स्टेशन म्यानेजर नवराज भुसालले बताए । वि टेलिभिजन तथा रेडियो गुल्मीका स्टेशन म्यानेजर भुसालका अनुसार टेलिभिजन र रेडियोमा गरी ६ पूर्ण र ४ जना आंशिक कर्मचारी छन् । कोभिड महामारीको समयमा टेलिभिजन र रेडियो बन्द नभएपनि विज्ञापन लगभग पूर्ण रूपमा बन्द भएकाले सञ्चालन गर्न ज्यादै अप्ठ्यारो परेको पनि भुसालले बताए ।

**अप्ठयारोमा पत्रकार**

जिल्लाका केही सञ्चार माध्यममा काम गर्ने पत्रकारले पारिश्रमिक नपाएको गुनासो गरे । चार/चार महिना कोराना संक्रमणले लकडाउन भएपछि रेडियो प्रशासन र सञ्चालकले आफूहरूको अवस्था नसोधेको र पारिश्रमिक पनि नदिएको एक सञ्चारकर्मीले गुनासो गरे । 'विपद्मा सञ्चालकहरूले ध्यान दिएनन् । पारिश्रमिकको पनि टुङ्गो भएन । संकटमा गुहार मागेर जिविका चलाइयो', रेडियोका एक पत्रकारले भने ।

स्थानीय एफएम रेडियोसंगै राष्ट्रिय सञ्चार माध्यममा काम गर्ने पत्रकारहरूसमेत कोरोना संक्रमणको चपेटामा परे । केन्द्रबाट प्रकाशित राष्ट्रिय छापा माध्यमहरूले पृष्ठ संख्या घटाएका कारण जिल्लामा रहेर ती सञ्चार माध्यममा काम गर्ने पत्रकारहरु पनि समस्यामा परे । समाचार लेखेको आधारमा पारिश्रमिक पाउने स्ट्रिन्जरहरूको समाचार प्रकाशित नभएका कारण उनीहरु समस्यामा परेका हुन् । समाचार लेखेकै आधारमा पारिश्रमिक पाउनेहरू पृष्ट घटेपछि संकटमा परेको राजधानी दैनिकका संवाददाता हुमाकान्त पोखेलले बताए । केन्द्रका मिडियाले समेत संकटमा आफनो अवस्थाका विषयमा सोधिखोजि नगरेकोमा पत्रकारहरूको गुनासो छ ।

**निष्कर्ष**

गुल्मीमा छापा माध्यमभन्दा रेडियोको विकास बढी भएको देखिन्छ । ३ सामुदायिक र ५ व्यवसायिक गरी ८ रेडियो सञ्चालनमा छन् भने जिल्लामा एउटा टेलिभिजन पनि रहेको छ । २०७६ को असोजदेखि वि टेलिभिजनले आफ्नो प्रसारण गर्दै आएको छ । एफएम रेडियो एवं टेलिभिजनको प्रमुख आम्दानीको स्रोत स्थानीय बजार, विद्यालय, संघ/संस्था र समूह तथा मेला महोत्सवका सूचना र विज्ञापनका साथै स्थानीय तहका सूचना र कार्यक्रमहरु हुन् । २०६१ सालमा स्थापना भएको पत्रकार महासंघ गुल्मी शाखामा अहिले ६३ जना सदस्य छन् । कोरोना कहरका कारण संचार माध्यमहरूमा विज्ञापन आउन छाडेपछि पत्रकारले पारिश्रमिक नपाएको समस्या छ ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरु**

अनिता खत्री, स्टेशन म्यानेजर, रेडियो रेसुङ्गा ।

प्रकाश घिमिरे, संयोजक, रेडियो स्काई ।

दधिराम खनाल, स्टेशन म्यानेजर, रेडियो धुर्कोट ।

भुवन भुसाल, सहायक स्टेशन म्यानेजर, श्रृंगेश्वर एफएम ।

नवराज भुसाल, स्टेशन म्यानेजर, वि टेलिभिजन ।

हुमाकान्त पोखेल, संवाददाता, राजधानी दैनिक ।

मनोज कार्की, प्रबन्धक, गुल्मी साप्ताहिक ।

# दाङको पत्रकारिता र चुनौती

सन्तोष अधिकारी

## पृष्ठभूमि

राप्ती अञ्चलकै केन्द्रको रूपमा रहेको दाङ जिल्लामा पत्रकारिताको शुरूवात २०३३ सालमा भएको पाइन्छ । २०३३ साल असोज १७ गते नारायण प्रसाद शर्माको प्रकाशन एवं सम्पादनमा युगबोध पाक्षिकको रूपमा जिल्लामा पहिलो पत्रिका प्रकाशन भएको थियो । आर्थिक अभाव, प्रशासनिक हस्तक्षेप, स्रोत र साधनको कमी तथा मोफसलका अनेकौँ समस्याहरूसँग जुध्दै प्रकाशित भएको युगबोधमाथि प्रशासनिक हस्तक्षेप भएपछि युगचेतनाको नामबाट प्रकाशित गरियो ।

२०३९ जेठ ६ गतेको अङ्कमा 'जेठको तेस्रो सातामा वि.पि. समूहको राजनीतिक सम्मेलन हुने' शीर्षकमा तत्कालीन नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइरालासँग गरिएको कुराकानीका आधारमा तयार पारिएको समाचार प्रकाशित गरेको आरोपमा प्रशासनले युगबोधमाथि प्रतिबन्ध लगायो । पत्रिकामाथि प्रतिबन्ध लगाउने मात्र होइन, प्रेसमा समेत ताला लगाइदिएपछि युगबोधको निरन्तरताको रूपमा २०४० बैशाख १४ गतेदेखि प्रभातमणि रेग्मीको सम्पादनमा युगचेतना साप्ताहिक प्रकाशित गरिएको हो ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलतासँगै युगबोध साप्ताहिकमाथि लागेको प्रतिबन्ध पनि स्वतः हट्यो । त्यसपछि नयाँ युगबोध साप्ताहिक हुँदै २०५५ फागुन ७ गतेदेखि त्यस महिनाभरी एक दिन विराएर प्रकाशित भएको थियो । २०५५ चैत्र १ गतेदेखि भने नियमित हिसाबले दैनिकरूपमा प्रकाशित हुँदै आइरहेको छ । हाल नयाँ युगबोध रंगीनरूपमा प्रकाशित भइरहेको छ । पञ्चायतकालमा प्रजातन्त्रको पक्षमा र २०६२/६३ को लोकतान्त्रिक आन्दोलनमा यो पत्रिकाले निकै ठुलो भूमिका निर्वाह गरेको थियो ।

२०४२ सालदेखि रामप्रकाश प्रदिपको प्रकाशकत्व र सम्पादकत्वमा जिल्लामा राप्ती समाचार साप्ताहिक प्रकाशन भएको पाइन्छ । पञ्चायतकालमै यो पत्रिका बन्द भयो । २०६३ पछि केवि मसालको प्रकाशकत्व/सम्पादकत्वमा यसलाई दैनिक पत्रिकाको रूपमा प्रकाशित गरियो । विभिन्न समयमा सम्पादक मण्डल परिवर्तन हुदै हाल मल्टिपल मिडिया प्रा. लि. द्वारा प्रकाशित राप्ती समाचार दैनिक पत्रिकाको सम्पादकमा बसन्त आचार्य रहेका छन् भने पत्रिका तुलसीपुरबाट प्रकाशन भैरहेको छ । त्यस्तै २०६२ साउन २५ गतेदेखि गोरक्ष राष्ट्रिय दैनिकको प्रकाशन शुरू भएको थियो । सामूहिक लगानीमा शुरू गरिएको यो पत्रिकाको स्वामित्व परिवर्तन हुँदै हाल शुलोचना गौतमको प्रकाशकत्व र विपुल पोख्रलको सम्पादकत्वमा घोराहीबाट प्रकाशन भैरहेको छ । २०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलनमा यो पत्रिकाले निकै ठूलो भूमिका निर्वाह गरेको थियो । २०६४ पुस १६ गतेदेखि गणतन्त्र राष्ट्रिय दैनिक प्रकाशन शुरु भएको हो । सामूहिक लगानिमा शुरु गरिएको यो पत्रिका पनि

स्वामित्व परिवर्तन हुदै हाल सविन प्रियासनको प्रकाशकत्व र सम्पादकत्वमा घोराहीबाट प्रकाशन भैरहेको छ । २०६८ असार २ गतेदेखि राप्ती पोष्ट राष्ट्रिय दैनिकको प्रकाशन प्रारम्भ भएको पाइन्छ । यो दैनिक पत्रिका शरद अधिकारीको प्रकाशकत्व र सम्पादकत्वमा घोराहीबाट प्रकाशन भैरहेको छ ।

मुलुकमा चलेको १० वर्षे द्वन्द्वका क्रममा राज्य र युद्धरत दुवै पक्षको चपेटामा परेको दाङको पत्रकारिताले धेरै चूनौतीको सामना समेत गर्नुपरेको थियो । नयाँ युगबोध दैनिकका प्रकाशक एवम् सम्पादक नारायणप्रसाद शर्मालाई तत्कालीन शाही नेपाली सेनाले गिरफ्तार गरेर ब्यारेकसम्म पु¥याएको थियो । पञ्चायतकालदेखि नै प्रशासनको तारोको रूपमा रहेको युगबोध साप्ताहिक दैनिक बनेपछि २०५८ सालमा स्थानीय प्रशासनले प्रकाशन बन्द समेत गराएको तत्कालीन प्रकाशक एवं सम्पादक नारायणप्रसाद शर्मा बताउँछन् । तत्कालिन पुनरावेदन अदालत तुलसीपुरमा पत्रिकामाथि प्रतिबन्ध लगाउनुको कारण खोज्दै नयाँ युगबोध दैनिकका अतिथि सम्पादक सुशिल गौतमले रीट दायर गरेका थिए । पुनरावेदन अदालतले पत्रिका बन्द गराउनुको औचित्य पुष्टि नभएको भन्दै २१ दिन बन्द भएको पत्रिका सञ्चालन गर्न अनुमति दिएको थियो । त्यस्तै २०५५ सालदेखि साप्ताहिक रूपमा प्रकाशित नौलो जनउभार साप्ताहिक पत्रिका बन्द हुनुका साथै त्यसका प्रकाशक यादव गौतम र सम्पादक के एल पिडित भुमिगत हुनुपरेको थियो ।

नेपाल पत्रकार महासंघद्वारा प्रेस स्वतन्त्रता सेनानी घोषित पत्रकार सुशील गौतमका अनुसार जिल्लामा पत्रकारिता शुरु भएदेखि पत्रिकाहरु खुल्ने र राजनीतिक व्यवस्थाका कारण बन्द हुने क्रम चलेको थियो । बहुदल आएसँगै जिल्लामा पत्रपत्रिकाहरु प्रकाशन भएपनि लामो समय टिक्न नसकेको गौतमले बताए । 'धेरै पत्रिकाहरु प्रकाशन हुने र छिटै बन्द हुने गरेको इतिहास छ' गौतमले भने । २०५२ देखि २०६२ सम्म चलेको सशस्त्र युद्धका समयमा युद्धरत र सरकार दुवै पक्षले पत्रकारहरूलाई समस्यामा पार्ने गरेको गौतमले बताए । 'कतै आक्रमणपश्चात बन्दीहरूलाई रिहा गर्न युद्धरत पक्षले पत्रकार बोलाउने गर्थ्यो भने त्यहाँ गएको थाहा पाएमा सरकार पक्षले धेरै सताउथ्यो' गौतमले भने । २०६२ पछि जिल्लामा सञ्चार माध्यमहरु थपिदै गएको हो । २०६२/०६३ को जनआन्दोलनपछि प्रकाशनमा आएका छापा माध्यमका रूपमा ५ वटा र विद्युतीय सञ्चार माध्यमका रूपमा ११ वटा रेडियोहरु स्थापना भएको पाइन्छ । जिल्लामा दर्ता भएका पत्रिकाहरूको संख्या धेरै देखिएपनि निरन्तर प्रकाशित हुने पत्रिकाको संख्या भने कम छ । हाल जिल्लामा ८ वटा दैनिक पत्रिका, १६ वटा साप्ताहिक १/१ वटा मासिक, द्वैमासिक र त्रैमासिक पत्रिका दर्ता भएका छन् भने ७ वटा दैनिक, ४ वटा साप्ताहिक र एउटा द्वैमासिक पत्रिका नियमित प्रकाशन भैरहेका छन् । यसैगरी सामुदायिक रेडियोको संख्या १४ रहेकोमा एउटा बन्द अवस्थामा छ भने १३ वटा सञ्चालनमा छन् । जिल्लामा एउटा व्यवसायिक रेडियो पनि सञ्चालनमा रहेको छ (हेर्नुहोस् तालिका २) ।

**छापा माध्यमको अवस्था र लगानी**

जिल्ला प्रशासन कार्यालय दाङमा हालसम्म २३ वटा पत्रिका दर्ता भएका छन् । जसमध्ये हाल नियमित सञ्चालनमा रहेका पत्रिकाको संख्या १० वटा मात्रै छ । जिल्लामा सञ्चालित छापा सञ्चारमाध्यमका सञ्चालकहरूले दिएको जानकारी अनुसार छापा माध्यममा ३ करोड २४ लाख रूपैयाँ लगानी भएको छ (हेर्नुहोस् तालिका १) ।

**तालिका १ : दाङका पत्रपत्रिकाहरूको अवस्था**

| क्र.सं. | पत्रिकाको नाम | स्थापना | लगानी |
|---|---|---|---|
| १ | नयाँ युगबोध राष्ट्रिय दैनिक | २०३३ | २ करोड |
| २ | राप्ती समाचार दैनिक | २०४२ | ४० लाख |
| ३ | राप्ती पोष्ट दैनिक | २०६८ | १५ लाख |
| ४ | गणतन्त्र दैनिक | २०६४ | १५ लाख |
| ५ | गोरक्ष दैनिक | २०६२ | ३० लाख |
| ६ | प्रदेश टुडे दैनिक | २०७४ | १२ लाख |
| ७ | तुलसीपत्र दैनिक | २०७५ | ५ लाख |
| ८ | साक्षि खबर साप्ताहिक | २०६८ | ३ लाख |
| ९ | लौव अग्रासन साप्ताहिक | २०६५ | २ लाख |
| १० | सूचनापत्र साप्ताहिक | २०६२ | २ लाख |
| ११ | राप्ती आवाज दैनिक | २०६८ | केही समय प्रकाशन पछि बन्द |
| १२ | जनउभार साप्ताहिक | २०५५ | २०५८ मंसीरदेखि बन्द भएर २०६३ पछि सञ्चालनमा आएर २०७६ देखि बन्द |
| १३ | गाउँघर सातदिने | २०५२ | २०७२ सालमा बन्द |
| १४ | देउखुरी साप्ताहिक | २०६४ | २०७५ सालमा बन्द |
| १५ | जयनेपाल साप्ताहिक | २०४६ | केही अंक प्रकाशन पछि बन्द |
| १६ | दृष्टिकोण साप्ताहिक | २०४९ | केही अंक प्रकाशन पछि बन्द |
| १७ | सरयु साप्ताहिक | २०५५ | केही अंक प्रकाशन पछि बन्द |
| १८ | सिमारेखा साप्ताहिक | २०४८ | केही अंक प्रकाशन पछि बन्द |
| १९ | राप्ती सन्देश साप्ताहिक | २०५४ | केही अंक प्रकाशन पछि बन्द |
| २० | सव्यसाँची साप्ताहिक | २०५७ | केही अंक प्रकाशन पछि बन्द |
| २१ | श्रमसम्मान दैनिक | २०६८ | केही अंक प्रकाशन पछि बन्द |
| २२ | जनश्रम दैनिक | २०६८ | केही अंक प्रकाशन पछि बन्द |
| २३ | थर्कोट साप्ताहिक | २०७० | २०७६ पछि बन्द |
| | जम्मा लगानी (अनुमानित) | | ३ करोड २४ लाख |

स्रोतः सञ्चालकहरूसँगको कुराकानीमा आधारित ।

नयाँ युगबोध राष्ट्रिय दैनिक, राप्ती समाचार राष्ट्रिय दैनिक, राप्तीपोष्ट राष्ट्रिय दैनिक, गणतन्त्र राष्ट्रिय दैनिक र गोरक्ष राष्ट्रिय दैनिकको आफ्नै प्रेस रहेको छ । सबै सञ्चार माध्यमहरूले गाडी, कम्प्युटर, प्रिन्टर, प्रेस, फोन, इन्टरनेट र जनशक्तिमा लगानी गरेको बताउँछन् । जिल्लामा सञ्चालित ५ वटा दैनिक पत्रिका र ३ वटै साप्ताहिक पत्रिकाहरू सूचना विभागको वर्गीकरणमा परेका छन् भने तुलसीपत्र र प्रदेश टुडे राष्ट्रिय दैनिक पत्रिका अझै वर्गीकरणमा परेका छैनन् । नयाँ युगबोध, गणतन्त्र, गोरक्ष र राप्तीपोष्ट राष्ट्रिय दैनिक 'क' बर्गमा वर्गीकृत छन् भने राप्ती समाचार स्थानीय 'क' वर्गमा रहेको छ । साक्षि खबर साप्ताहिक स्थानीय 'क' बर्गमा रहेको छ भने सूचनापत्र र लौव अग्रासन स्थानीय 'ख' बर्गमा परेका छन् ।

**छापा माध्यमको बजार**

जिल्लाबाट प्रकाशित पत्रपत्रिका बुटवलदेखि रोल्पा, सल्यान, रूकुम पूर्व र पश्चिम, प्यूठान र बाँके जिल्लासम्म पुग्ने गर्दछन् । दाङकै जेठो पत्रिका नयाँ युगबोध राष्ट्रिय दैनिकले रूपन्देही र बाँके जिल्लामा समेत शाखा कार्यालय खोलेको प्रकाशक/सम्पादक प्रताप रेग्मीले जानकारी दिए । मुख्यगरी लुम्बिनी प्रदेशलाई कार्यक्षेत्र बनाएपनि सबै जिल्लामा पत्रिका पुऱ्याउन नसकिएको रेग्मीले बताए । त्यस्तै अन्य दैनिक पत्रिकाहरूले साविकको राप्ति अञ्चलका ५ जिल्ला रूकुम, रोल्पा, सल्यान, प्यूठान र दाङलाई कार्यक्षेत्र बनाएको बताउँछन् भने साप्ताहिक पत्रिकाहरूले भने हुलाकमार्फत अन्य जिल्लामा पुऱ्याएपनि दाङ जिल्लालाई नै कार्यक्षेत्र मानेको बताएका छन् । धेरैजसो पत्रपत्रिकाको विज्ञापन बजार भने जिल्लामा मात्रै सिमित छ । केही पत्रपत्रिकाहरूमा जिल्ला बाहिरबाट पनि विज्ञापन आउने गरेको देखिन्छ । नयाँ युगबोध राष्ट्रिय दैनिकमा काठमाण्डौंदेखि रूपन्देही, बाँके, रोल्पा, रूकुम, सल्यान र प्यूठान जिल्लाका समेत विज्ञापनहरु आउने गरेको छ भने अन्य पत्रिकाहरूलाई जिल्लाका साथै रोल्पा, प्यूठान र सल्यान जिल्लाबाट कहिलेकाँही विज्ञापन आउने गरेको उनीहरूले जानकारी दिएका छन् ।

गणतन्त्र राष्ट्रिय दैनिकका प्रकाशक सम्पादक सविन प्रियासन पत्रपत्रिकाको बाँच्ने आधार नै विज्ञापन भएको बताउँदै भन्छन्, 'विज्ञापन पाउन निकै कठिन छ । आफै विज्ञापन दिनेको संख्या निकै कम छ ।' विज्ञापन माग्नुपर्ने त्यसमा पनि प्रतिष्पर्धा भएको पत्रिकाका सञ्चालकहरु  बताउँछन् । पहुँचका आधारमा विज्ञापन दिने चलनले पत्रिकाहरु बचाउन समस्या भएको प्रियासनको भनाई छ । जिल्लाका सञ्चारमाध्यममा राप्ती अञ्चलका रोल्पा, प्यूठान, सल्यान र रूकुम जिल्लाका सरकारी कार्यालयवाट टेण्डरसम्बन्धी विज्ञापन छापा माध्यममा आएपनि व्यापारिक विज्ञापन भने जिल्लाका साना तथा घरेलु उद्योगहरूबाट मात्रै आउने गरेको सञ्चारमाध्यममा कार्यरत व्यवस्थापकहरूको भनाई छ । सरदरमा जिल्ला बाहिरबाट मासिक ५० हजार बरावरको विज्ञापन आउने गरेको छ भने केन्द्रबाट विद्युतीय सञ्चार माध्यममा २० देखि ५० हजार रूपैयाँको मासिक विज्ञापन आउने गरेको छ ।

**रेडियोमा लगानी धेरै**

दाङ जिल्लामा २०५८ साल मंसीरमा पहिलो सामुदायिक रेडियो स्वर्गद्वारीको स्थापना भएको हो । जिल्लामा स्थापना भएको पहिलो रेडियो भएकोले सबैको रोजाइमा पर्ने गरेको थियो । २०६० सालमा तुलसीपुरमा अर्को सामुदायिक रेडियो तुलसीपुर स्थापना भएसंगै जिल्लामा रेडियो खुल्ने सिलसिला शुरु भएको हो । २०६३ सालमा सामुदायिक रेडियो मध्यपश्चिम, २०६४ सालमा व्यवसायिक रेडियो ईन्द्रेणी खुलेसँगै अहिलेसम्म जिल्लामा १४ वटा एफएम रेडियो सञ्चालनमा आएका छन् । हाल जिल्लामा १३ वटा सामुदायिक र १ व्यवसायिक रेडियो सञ्चालनमा छन् (हेर्नुस तालिका २) ।

**तालिका २ : दाङमा रेडियो सञ्चालन र लगानीको अवस्था**

| क्र.सं. | दर्ता भएका रेडियो | संचालन वर्ष | लगानी | क्षमता (वाट) |
|---|---|---|---|---|
| | **सामुदायिक रेडियो** | | | |
| १ | रेडियो स्वर्गद्वारी घोराही | २०५८ | ५० लाख | ५०० वाट |
| २ | रेडियो मध्यपश्चिम घोराही | २०६३ | २ करोड | १००० वाट |
| ३ | झरना एफएम घोराही | | ३० लाख | १०० वाट |

| | दर्ता भएका रेडियो | संचालन वर्ष | लगानी | क्षमता (वाट) |
|---|---|---|---|---|
| ४ | रेडियो प्रकृति तुलसीपुर | २०६७ | ४० लाख | ५०० वाट |
| ५ | रेडियो हाम्रो पहुँच तुलसीपुर | | ५५ लाख | ५०० वाट |
| ६ | रेडियो पाठशाला तुलसीपुर | | ३५ लाख | १०० वाट |
| ७ | सञ्जिवनी एफएम तुलसीपुर | | ४५ लाख | १०० वाट |
| ८ | रेडियो हापुरे, बबई गापा | | ३० लाख | १०० वाट |
| ९ | रेडियो नयाँयुग, लमही | | १२ लाख | ५०० वाट |
| १० | रेडियो हाईवे, लमही | | २६ लाख | १०० वाट |
| ११ | रेडियो देउखुरी, लमही | | २० लाख | ५००वाट |
| १२ | रेडियो साझा आवाज गढवा | | २५ लाख | १०० वाट |
| १३ | रेडियो तुलसीपुर | २०६० | ९० लाख | ५०० वाट |
| १४ | रेडियो गणतन्त्र राप्ती घोराही | २०७० सालदेखी बन्द | | |
| | | **व्यवसायिक रेडियो** | | |
| १५ | ईन्द्रेणी एफएम घोराही | २०६४ | २ करोड | २००० वाट |

स्रोतः सञ्चालकहरूसँगको कुराकानीमा आधारित ।

जिल्ला सदरमुकाम घोराहीलाई आधार वनाएर स्वर्गद्वारी, मध्यपश्चिम र झरना गरी ३ वटा सामुदायिक रेडियो सञ्चालनमा छन् भने रेडियो गणतन्त्र राप्ती बन्द अवस्थामा छ । त्यस्तै सदरमुकाम घोराहीलाई नै केन्द्र बनाएर स्थापना भएको व्यवसायिक रेडियो ईन्द्रेणी पनि सञ्चालनमै रहेको छ । यसैगरी जिल्लाको देउखुरी भेगका लागि लमही बजारमा नयाँयुग, हाईवे र रेडियो देउखुरी संचालनमा छन् भने गढवा गाउँपालिकामा साझा आवाज एफएम सञ्चालनमा रहेको छ ।

त्यसैगरी तुलसीपुरमा प्रकृति, हाम्रो पहुँच, तुलसीपुर, सञ्जिवनी र पाठशाला एफएम सञ्चालनमा छन् भने बबई गाउँपालिकामा रेडियो हापुरे सञ्चालनमा रहेको छ । घोराहीमा रहेका रेडियो स्वर्गद्वारी, मध्यपश्चिम र ईन्द्रेणी आफ्नै घरबाट प्रसारण भैरहेका छन् भने रेडियो झरनाले ४ वटा कोठा भाडामा लिएको छ । त्यस्तै, तुलसीपुरको रेडियो प्रकृति, सञ्जिवनी, पाठशाला र रेडियो तुलसीपुर भाडाकै घरमा रहेका छन् भने हाम्रो पहुँच आफ्नै भवनबाट प्रसारण भैरहेको छ । लमहीमा रहेका ३, गढवामा रहेको १ र हापुरेमा रहेको १ वटा एफएम रेडियोहरु पनि भाडाकै घरबाट प्रसारण भइरहेका छन् । जिल्लाका १४ वटा रेडियो स्टेशनहरूमा ८ करोड ५८ लाख रूपैयाँ लगानी भएको पाइन्छ (कुन रेडियोमा कति लगानीका लागि हेर्नुस तालिका २) ।

**रेडियोको पहुँच**

एक सयदेखि २००० वाटमा सञ्चालित रेडियोहरूको फैलावट दाङ जिल्ला र आसपासका छिमेकी जिल्ला रहेका छन् । रूकुम  पूर्व, पश्चिम रूकुम, सल्यान, जाजरकोट, दैलेख, जुम्ला, दाङ, प्यूठान, बाँके, बर्दिया, कपिलवस्तु, अर्घाखाँची र रूपन्देहीसम्म रेडियो सुन्न सकिने एफएम स्टेशनहरूको दावी छ । रेडियो मध्यपश्चिम र रेडियो ईन्द्रेणीले आफ्नो रेडियोको पहुँच ४८ जिल्लामा रहेको दावी गरेका छन् ।

छापा माध्यमको तुलनामा रेडियोको विज्ञापन बजार फराकिलो छ । रेडियो मध्यपश्चिमले आफ्नो विज्ञापनको बजार दाङ, रोल्पा, प्यूठान, सल्यान, रूकुम, रूपन्देही, बाँके, कपिलवस्तु, बर्दिया, रूपन्देहीका

साथै काठमाण्डौमा समेत रहेको बताएको छ । रेडियो मध्यपश्चिमका स्टेशन म्यानेजर विष्णु अधिकारीका अनुसार जिल्ला बाहिरका विभिन्न उद्योग र व्यापारिक प्रतिष्ठानहरूले रेडियोमा विज्ञापन दिने गरेका छन् । जिल्लाका केही स्थानीय तहहरूले सूचनामूलक सामग्रीहरु प्रसारण गर्ने गरेका छन् भने कहिलेकाही प्रत्यक्ष प्रसारण गर्दा शुल्क पनि तिर्ने गरेका छन् ।

**मिडियामा सरकारी सहयोग**

जिल्लामा रहेका कुनै पनि सञ्चार माध्यमहरूलाई सरकारी सहयोग प्राप्त नभएको उनीहरूले बताएका छन् । स्थानीय तह निर्माण भईसकेपछि उनीहरूले रेडियो कार्यक्रम उत्पादन गर्ने र प्रसारण गर्ने तथा स्थानीय तहका सूचनाहरु प्रकाशन तथा प्रसारण गर्नेभन्दा अन्य केही सहयोग नगरेको सञ्चार माध्यमका प्रमुखहरूले जानकारी दिएका छन् । रेडियो स्वर्गद्वारीका स्टेशन म्यानेजर दधिराम सुवेदीले सरकारले सहयोग गर्नुको साटो उल्टै रेडियोहरूले निःशुल्क रूपमा प्रत्यक्ष प्रसारण गरेर स्थानीय तहलाई सहयोग गरेको बताउँछन् ।

**सञ्चारमा जनशक्ति अवस्था**

जिल्लामा रहेका पत्रपत्रिका तथा रेडियोहरूमा सामान्य पारिश्रमिक दिएर पत्रकार तथा प्रशासनिक कर्मचारी व्यवस्थापन गरिएको छ । जिल्लाका सञ्चारमाध्यममा काम गर्ने पत्रकार र प्रशासनिक कर्मचारीको संख्या २ सय ८६ जना देखिन्छ जसमध्ये पूर्णकालीन रूपमा १०२ जना पत्रकार र ६६ जना प्रशासनिक कर्मचारी कार्यरत छन् । यसैगरी आंशिक रूपमा काम गर्ने पत्रकारको संख्या ७२ जना र प्रशासनिक कर्मचारी ४६ जना रहेका छन् । जिल्लामा स्वंयम्सेवी रूपमा काम गर्ने पत्रकार तथा कार्यक्रम प्रस्तोताको संख्या ७५ रहेको छ (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका ३) ।

**तालिका ३ : दाङका सञ्चारमाध्यममा जनशक्तिको अवस्था**

| सञ्चारमाध्यम | जनशक्ति | | | | |
|---|---|---|---|---|---|
| | पूर्णकालीन | | आंशिक | | स्वयम्सेवक |
| | पत्रकार | प्रशासनिक | पत्रकार | प्रशासनिक | |
| रेडियो स्वर्गद्वारी | ३ | २ | २ | ० | ७ |
| रेडियो मध्यपश्चिम | ३ | २ | २ | २ | १० |
| रेडियो झरना | ३ | २ | ३ | २ | ५ |
| रेडियो तुलसीपुर | ६ | ७ | ६ | ६ | ४ |
| रेडियो हाम्रो पहुँच | ९ | २ | १ | ० | १७ |
| रेडियो प्रकृति | ५ | ३ | २ | ० | १० |
| रेडियो सञ्जिवनी | १ | १ | ३ | २ | ५ |
| रेडियो पाठशाला | ७ | ३ | ३ | १ | ० |
| रेडियो हापुरे | ७ | २ | ० | ० | ५ |
| रेडियो देउखुरी | २ | १ | १ | ० | ० |
| रेडियो हाईवे | २ | १ | १ | ० | ० |
| रेडियो नयाँयुग | १ | १ | ० | १ | ४ |

| सञ्चारमाध्यम | जनशक्ति | | | | |
|---|---|---|---|---|---|
| | पूर्णकालीन | | आंशिक | | स्वयम्सेवक |
| | पत्रकार | प्रशासनिक | पत्रकार | प्रशासनिक | |
| रेडियो साझा आवाज | ३ | ५ | ४ | ० | ४ |
| रेडियो ईन्द्रेणी | ७ | ० | ३ | ० | ४ |
| नयाँ युगबोध | १० | १० | १० | ० | ० |
| राप्तीपोष्ट | ३ | २ | ४ | ३ | ० |
| गणतन्त्र | २ | ४ | ८ | ६ | ० |
| राप्ती समाचार | ४ | २ | ४ | ६ | ० |
| गोरक्ष | ६ | ९ | २ | ५ | ० |
| प्रदेश टुडे | ६ | ४ | ४ | ४ | ० |
| तुलसीपत्र | ८ | ३ | २ | ५ | ० |
| साक्षी खबर | २ | ० | २ | १ | ० |
| लौव अग्रासन | १ | ४ | १ | ० | |
| सूचनापत्र | १ | ० | १ | १ | ० |
| जम्मा | १०२ | ६६ | ७२ | ४६ | ७५ |

स्रोतः सञ्चालकहरूसँगको कुराकानीमा आधारित ।

जिल्लाका सञ्चार माध्यममा पूर्णकालीन भनिएका पत्रकार र कर्मचारीहरूको पारिश्रमिक पनि अत्यन्तै न्यून रहेको देखिन्छ । मासिक न्यूनतम ५ हजारदेखि १८ हजार रूपैयाँसम्म तलब सुविधा पाउने गरी पत्रकार र कर्मचारीहरूले जिल्लाका सञ्चार माध्यमहरूमा काम गरिरहेका छन् । तर, केही सञ्चार संस्थाहरूले भने न्यूनतम पारिश्रमिक दिइरहेको दावी गरेका छन् । आंशिक रूपमा काम गर्नेहरूलाई दैनिक काम गरेको दिनको आधारमा पारिश्रमिक दिने गरेको सञ्चार गृहले बताएका छन् । विना पारिश्रमिक कहिलेकाही समाचार सम्प्रेषण गर्ने र कार्यक्रम प्रस्तोताहरूलाई यहाँका सञ्चार माध्यमहरूले स्वयम्सेवकको रूपमा परिभाषित गरेका छन् ।

**कोभिडको असर**

कोभिड १९ को संक्रमण फैलिन सक्ने भन्दै सरकारले २०७६ चैत्र ११ गतेदेखि गरेको लकडाउनका कारण चैत्र १२ देखि जिल्लाका सबै पत्रपत्रिकाहरु बन्द भएका थिए । छापा माध्यम बन्द भएपनि अनलाईन संस्करणमा गएका सबै पत्रपत्रिकाहरूले आफ्ना अनलाईन भने सञ्चालन गरेको उनीहरूको दावी छ । चैत्र ३० गतेदेखि नयाँ युगबोध राष्ट्रिय दैनिक, गणतन्त्र राष्ट्रिय दैनिक प्रकाशनमा आए भने उनीहरूको वितरण कार्य भने घोराहीमा मात्रै सिमित भयो । त्यसैगरी बैशाख ४ गतेदेखि प्रदेश टुडे र बैशाख ५ गतेदेखि तुलसीपत्र राष्ट्रिय दैनिक पनि प्रकाशित भएको थियो । जिल्लाबाट प्रकाशित भएका अन्य पत्रपत्रिकाहरु भने सरकारले गरेको लकडाउन अवधिभर जेठ ३२ गतेसम्म बन्द नै रहे । असारदेखि सञ्चालनमा आएका पत्रपत्रिकाहरु पछिसम्म तङ्ग्रिन सकेका छैनन् । नयाँ युगबोध दैनिक लमही र तुलसीपुरसम्म वितरण भएपनि बाँके र

रूपन्देहीसम्म अझै पुग्न सकेको छैन भने कोभिडका कारण ६ पृष्ठमा प्रकाशित हुने पत्रिका ४ पृष्ठमा सिमित हुने गरेको छ ।

लकडाउनको समयमा पत्रिका बन्द भएपनि पारिश्रमिक भने दिइरहेको सञ्चार संस्थाहरूले दावी गरेका छन् । दाङमा कोभिड १९ पछिको आर्थिक संकटका कारण पत्रकारहरु जागिरबाट निकालिएका छैनन् । तर, लामो समयसम्म तलब नपाउने समस्या भने पत्रकारहरूले भोगिरहेका छन् । कोरोना विपदसंगै लामो समयदेखि स्थानीय सञ्चार माध्यममा काम गर्ने पत्रकार तथा कर्मचारीले समेत तलब नपाएका कारण पत्रकारिताप्रति नयाँ पुस्ताको आकर्षण नहुने संभावना रहेको नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष सविन प्रियासनको दावी छ ।

त्यस्तै, रेडियो स्टेशनहरूले लकडाउनको समयमा प्रसारण सामग्री कटौती गरेर दिउँसोको समयमा बन्द गरेको जानकारी दिएका छन् । केही रेडियोहरूले स्टेशनमै बस्नेखाने प्रबन्ध मिलाएर सञ्चालन गरेको बताएका छन् । रेडियो मध्यपश्चिमले लकडाउन भएकै दिनदेखि ४ जनालाई रेडियोमै खाने बस्ने व्यवस्था गरेर सञ्चालन गरेको स्टेशन म्यानेजर विष्णु अधिकारीले जानकारी दिए । त्यस्तै जिल्लाको पहिलो सामुदायिक रेडियो स्वर्गद्वारीले बिहान १० वजेपछि प्रसारण बन्द गरी दिउँसो २ बजेदेखि प्रसारण खोलेको स्टेशन म्यानेजर दधिराम सुवेदीले जानकारी दिए । सिफ्टअनुसार १ जना प्राविधिक र १ जना पत्रकार उपस्थित भएर रेडियो सञ्चालन गरेको उनले बताए । त्यस्तै तुलसीपुरको रेडियो हाम्रो पहुँचले सिमित कर्मचारी रेडियोमै बसेर सञ्चालन गरेको बताएको छ भने रेडियो प्रकृतिले बिहान ९ बजेदेखि दिउँसो ४ बजेसम्म रेडियो बन्द गरेको स्टेशन म्यानेजर ओपेन्द्र बस्नेतले जानकारी दिए । कोभिड १९ ले थला परेका सञ्चार गृहहरु अझै तङ्ग्रिन सकेका छैनन् । विज्ञापन आउने स्रोत बजार नै राम्रोसँग नखुलेपछि सञ्चार गृहलाई पनि असर परेको छ । दाङ जिल्लामा पत्रकारिताको विकासमा देखिएको मुख्य समस्या भनेको आर्थिक अभाव नै हो । जिल्लामा ४ वटा सिमेन्ट उद्योगबाहेक अन्य उद्योगहरु छैनन् । सञ्चार माध्यमको आर्थिक आयको मेरूदण्ड विज्ञापन नै भएकाले विज्ञापनका स्रोतहरु कम भएपछि यहाँका सञ्चार माध्यमहरु संकटमा देखिन्छन् । सञ्चार माध्यम नै आर्थिक संकटमा भएपछि तिनै सञ्चार माध्यममा काम गर्ने पत्रकारहरूलाई उचित पारिश्रमिक दिन नसक्ने स्थिति छ । यसरी उचित पारिश्रमिक नभएपछि पत्रकारिताबाट दक्ष जनशक्ति अन्य पेशामा पलायन पनि भइरहेका छन् । जिल्लामा पछिल्लो समय बिकृतिहरु पनि देखा पर्न थालेका छन् । आर्थिक अभाव झेलेका पत्रकारहरूले बार्गेनिङ गरेर पैसा असुलेको पाइएपछि नेपाल पत्रकार महासंघ दाङले २ जना पत्रकारको सदस्यता गत वर्ष खारेज समेत गरेको छ । जिल्लाका सञ्चारगृहमा काम गर्ने कर्मचारी र पत्रकारहरूले उचित पारिश्रमिक नपाउँदा स्तरीय सेवा प्रवाह हुन नसकेको सामुदायिक रेडियो प्रसारक संघ लुम्बिनी प्रदेशका अध्यक्ष के पि घिमिरे बताउँछन् । 'अहिले रेडियो, अनलाईन र पत्रपत्रिकामा कपि पेष्ट हुने गरेको छ', घिमिरेले भने ।

जिल्लामा सञ्चार माध्यमको संख्या बढेपनि त्यसअनुसार सुविधा विकास हुन नसकेको नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष सविन प्रियासनले बताए । प्रियासनका अनुसार पत्रकारको पेशागत सुरक्षाका लागि सञ्चार माध्यमहरूको संस्थागत विकासमा बढी आवाज उठाउनुपर्छ भने पत्रकारहरूले काम गरेवापत तलब पाउने अवस्थाको सुनिश्तिता हुनुपर्दछ । 'श्रमजिवी पत्रकारहरूलाई उचित ज्याला, सुविधा र रोजगारीको ग्यारेन्टी

हुनुपर्छ भनेर हामीले भनेपनि सञ्चारगृहले नदिएको अवस्था छ', प्रियासनले भने । आफुले काम पाएमा नियुक्ति पत्र लिनुपर्छ भन्ने समेत हेक्का नराख्ने पत्रकारका कारण पनि न्यूनतम पारिश्रमिक कार्यान्वयनमा समस्या देखिएको प्रियासनले बताए ।

जिल्लामा रहेका सञ्चारमाध्यमहरूको अवस्था अहिले पनि बलियो छैन । गएको वर्ष कोभिड १९ को संकटको समयमा कर्मचारीलाई तलब खुवाउन नसकेका सञ्चार माध्यमहरूलाई दैनिक खर्च चलाउने विषय नै हम्मे पर्न थालेको छ । त्यसैगरी पत्रकारिता पेशामा आउने पत्रकारहरु पनि जीवनयापनमा समस्या भएको भन्दै अन्य पेशासँगै पत्रकारिता गर्ने गरेका छन् भने केही पत्रकारहरु पत्रकारिता नै छोडेर अन्य पेशा वा व्यवसायमा लागेका छन् । राज्यको चौथो अंगको रूपमा परिभाषित पत्रकारिता पेशाबाट सञ्चारकर्मीहरु नै सन्तुष्ट छैनन् । सञ्चार माध्यममा लगानी गर्ने लगानीकर्ताहरूका अनुसार सरकारी तवरबाट सहयोग नगर्दासम्म सञ्चार माध्यमको अवस्थामा सुधार हुँदैन । साना सञ्चार माध्यमहरु मर्ज गर्ने हो भने केही हदसम्म सञ्चार माध्यम सवल बन्न सक्छन् ।

**निष्कर्ष**

जिल्लाका सञ्चार माध्यमहरु आर्थिक हिसाबले सवल छैनन् । सञ्चार माध्यमहरूको संख्या बढ्दै गएको छ भने विज्ञापनमा कमी आएको छ । त्यस्तै सञ्चार माध्यमहरूलाई सरकारी सहयोग पनि प्राप्त नभएको सञ्चालकहरूको गुनासो छ । यसले गर्दा सञ्चार माध्यमहरु जोगाउन नै हम्मे परेको सञ्चालकहरु बताउँछन् । सञ्चार गृहहरूले श्रमजीवी पत्रकार ऐनको कार्यन्वयन गरेका छैनन् । पत्रकारहरूले प्राप्त गर्दै आएको पारिश्रमिक अत्यन्तै न्यून छ । यसले गर्दा पत्रकारिता पेशाबाट दक्ष जनशक्ति पलायन हुन थालेका छन् भने नयाँ जनशक्ति आकर्षित भएको छैन । कोभिडका कारण छापा माध्यम अझैसम्म तङ्ग्रिन सकेका छैनन् । रेडियोहरूको अवस्था पनि उस्तै छ । दाङ जिल्लामा पत्रकारिताको विकासमा देखिएको मुख्य समस्या भनेको आर्थिक अभाव नै हो । विज्ञापनका स्रोतहरु कम भएपछि यहाँका सञ्चार माध्यमहरु संकटमा छन् । जिल्लामा पछिल्लो समय पत्रकारले वार्गेनिङ गर्नेजस्ता बिकृतिहरु पनि देखापर्न थालेका छन् । पत्रकारिता पेशाबाट सञ्चारकर्मीहरु नै सन्तुष्ट छैनन् । लगानीकर्ताहरूमा सरकारी तवरबाट सहयोगको अपेक्षा देखिन्छ ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरु**

नारायणप्रसाद शर्मा, संस्थापक प्रकाशक एवं सम्पादक, नयाँ युगबोध दैनिक ।

सुशिल गौतम, पुर्व अतिथि सम्पादक, नयाँ युगबोध दैनिक ।

प्रताप रेग्मी, प्रकाशक/सम्पादक, नयाँ युगबोध राष्ट्रिय दैनिक।

सविन प्रियासन, प्रकाशक/सम्पादक, गणतन्त्र राष्ट्रिय दैनिक एवम् अध्यक्ष, नेपाल पत्रकार महासंघ दाङ ।

विष्णु अधिकारी, स्टेशन म्यानेजर, रेडियो मध्यपश्चिम ।

दधिराम सुवेदी, स्टेशन म्यानेजर, रेडियो स्वर्गद्वारी ।

ओपेन्द्र बस्नेत, स्टेशन म्यानेजर, रेडियो प्रकृति ।

के.पि घिमिरे, अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ लुम्बिनी प्रदेश ।

# बाँकेको पत्रकारिताको सात दशक र कोरोना कहर

शंकरप्रसाद खनाल

**परिचय**

देशमा प्रजातन्त्र आएसँगै शुरु भएको बाँकेको पत्रकारिता संख्यात्मक रूपमा वृद्धि भए पनि अहिलेसम्म संस्थागत रूपमा विकास हुन सकेको छैन । बाँके जिल्लामा २००७ सालमा प्रजातन्त्र आएपछि मात्र पत्रकारिता शुरु भएको हो । २००८ सालतिर महावीर प्रसाद गुप्ताले प्रजातान्त्रिक चेत फैलाउन नइ दिशा नामक हस्तलिखित पत्रिका प्रकाशित गरेर पत्रकारिताको जग खनेका थिए (गैरै, २०७६) । पछि तिनै महावीरप्रसाद गुप्ताले २०११ सालमा हिन्दी भाषामै नयाँ सन्देश साप्ताहिक पत्रिका शुरू गरे (चुके, २०५५) । प्राविधिक कारणले भारतको लखनउबाट छापेर नेपालगञ्ज ल्याएर बिक्री वितरणको व्यवस्था मिलाइएको थियो । तर, त्यसको ५ वर्षपछि योगेश्वर मिश्रले तत्कालिन बडा हाकिमसँगको लिखित इजाजतमा प्रकाशन गरेको मातृभूमि साप्ताहिकलाई नै जिल्लाको पहिलो औपचारिक पत्रिकाका रूपमा लिन सकिन्छ ।

विजयकुमार गुप्ताले आफ्ना ठूलाबुवा महावीरसँगको सहकार्यमा २०३१ साल असोजदेखि साप्ताहिक किरण शुरु गरे । किरण साप्ताहिक २०३६ यता अनवरत रूपमा पन्नालाल गुप्ता चाचाजीले सञ्चालन गर्दै आए । चाचाजी रोगले थला परेसँगै २०७५ सालदेखि किरण साप्ताहिक बन्द भएको छ । १५ माघ २०७६ मा ९२ वर्षको उमेरमा चाचाजीको निधन भयो । यो पत्रिकाको मास्ट हेडमा दर्ता नम्बर १ लेखिएको छ । २०३९ सालभन्दा अघि जिल्ला प्रशासन कार्यालयमा पत्रपत्रिका प्रकाशन गरेको रेकर्ड भेटिँदैन । त्यसअघि अञ्चलाधिशको कार्यालयबाट पत्रिका दर्ता गरेर सञ्चालन गरेको भेटिन्छ । २०३९ सालभन्दा अघि जिल्लामा २२ वटा पत्रिका प्रकाशित भएको पाइन्छ (हेनुहोस् तालिका १) ।

२०४० सालतिर पन्नालाल गुप्ताले जय नेपाल दैनिक र प्रभात भण्डारीले नेशनल टाइम्स दैनिक केही समय सञ्चालन गरे । विष्णुप्रसाद श्रेष्ठको नेतृत्वमा नेपालगञ्ज एक्सप्रेस दैनिकको २०५६ असोजदेखि नियमित प्रकाशन शुरु भयो । यो पत्रिकाले बाँकेमा दैनिक पत्रिकाको खाँचो पूरा गरेको थियो । निकै छोटो अवधिमै लोकप्रीय पनि बनेको थियो । नेपालगञ्ज एक्सप्रेस दैनिकले भारतीय पत्रिका पढेर चित्त बुझाउने पाठकलाई नेपाली भाषाको पत्रिका पढ्ने संस्कृति विकास गर्न सहयोग पुऱ्याएको थियो । यही पत्रिकाको सफलताले अरू दैनिक पत्रिका प्रकाशित गर्ने आधार बनेको देखिन्छ । नेपालगञ्ज एक्सप्रेसमा काम गरेका युवा पत्रकारको टिमले बागेश्वरी टाइम्स दैनिकको प्रकाशन गरेका थिए । पत्रकार शरद केसीको नेतृत्वमा नेपालगञ्जका व्यापारीको लगानीमा शुरू गरिएको यो पत्रिका २०५८ सालसम्म एक वर्ष प्रकाशित भएको थियो । प्रकाशक विष्णु श्रेष्ठले सँगसँगै टुडे नेपाल दैनिक पनि चलाएपछि ३ वर्षमै नेपालगञ्ज एक्सप्रेसका सम्पादक शिव डोटेलले पत्रिकाको सम्पादन टिमको साथ लिएर नेपाली एक्सप्रेस नामक अर्को पत्रिका सञ्चालन गरे । त्यसपछि भने नेपालगञ्ज एक्सप्रेस बन्द भयो । नेपाली एक्सप्रेस भने अहिले पनि प्रकाशित हुन्छ ।

२०५४ बैशाख २० गते दर्ता प्रमाणपत्र लिएर नेपालगन्ज पोष्टको अर्ध साप्ताहिक प्रकाशन शुरू गरेका विधुप्रकाश कायस्थले ६ महिनापछि उत्साहित भएर दैनिक नेपालगञ्ज प्रकाशन गरेका थिए । यी दुबै पत्रिका एक वर्षभन्दा बढि प्रकाशित हुन सकेनन् । २०६८ भदौ १९ बाट नयाँ व्यस्थापनसहित झलक गैरेको नेतृत्वमा सम्यक मिडियाले दैनिक नेपालगञ्जको पुनः प्रकाशन सम्हाल्यो । २०७४ माघ ११ गते बाँकेकै पहिलो र एकमात्र मल्टिकलर ब्रोडसिट पत्रिका दैनिक नेपालगञ्ज प्रकाशित भयो । यो पत्रिका कोरोनाका कारण एक महिना बन्दाबन्दीमा बन्द भएपनि अहिले श्यामश्वेत रूपमा प्रकाशित हुन थालेको छ । कहिले रंगिन त कहिले श्यामश्वेत रूपमा प्रकाशित हुन्छ । कोहलपुरमा मिसन टुडे, नेपालगञ्जमा कालपृष्ठ, सदभाव, हाम्रो समाचार, लोकप्रीय सन्देशलगायतका केही दैनिक पत्रिका नियमित छन् ।

बाँके जिल्लामा कान्तिपुर, नागरिक, अन्नपूर्ण पोस्ट, गोरखापत्र र नयाँ पत्रिका दैनिकले पनि छापाखाना नै स्थापना गरेर पत्रिकाको क्षेत्रीय एवं प्रादेशिक संस्करण प्रकाशन गरिरहेका छन् । बाँकेमा २०६३ सालमै सामुदायिक रेडियोको प्रसारण शुरु भएको हो । देशमा टेलिभिजन प्रसारणको अभ्यास शुरु भएको १२ वर्षमै बाँकेमा टेलिभिजन प्रसारण भएको छ । अनलाइन पत्रकारिताको अभ्यास शुरु भएको झन्डै डेढ दशकभित्रै र समाचारमूलक अनलाइन शुरु भएको एक दशक नपुग्दै जिल्लामा यसको बिस्तार भएको देखिन्छ । देशमा समाचार समिति शुरु भएको झन्डै पाँच दशकपछि जिल्लामा पनि यस्तै किसिमको पत्रकारिताको अभ्यास शुरु भएको देखिन्छ । सबै किसिमका मिडियाको अभ्यास भएबाट बाँके जिल्ला पत्रकारिताका दृष्टिले उर्वर रहेको भन्न सकिन्छ । जिल्लामा छापा, विद्युतीय र अनलाइन गरी २ सय ३३ वटा मिडिया दर्ता भएको देखिन्छ ।

**प्रजातन्त्रकालदेखि गणतन्त्रसम्मको मिडिया यात्रा**

जिल्लाबाट प्रकाशित भएका पत्रिकालाई प्रजातन्त्रकाल, पञ्चायत, बहुदलीय व्यवस्था र लोकतन्त्र बहालीदेखि गणतन्त्र घोषणासम्म विभिन्न कालखण्डमा राखेर अध्ययन गर्न सकिन्छ ।

**तालिका १ : बाँकेमा विभिन्न कालखण्डमा पत्रिका प्रकाशनको अवस्था**

| क्र.सं. | पत्रिकाको किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रजातन्त्रकालदेखि पञ्चायतकालीन पत्रिका दर्ता नभएका २०३९ अघि प्रकाशित तर जिल्ला प्रशासनमा अभिलेख नभएका | २२ | दर्ता अभिलेख नभएको |
| २ | पञ्चायतकालीन पत्रिका (२०३९ देखि ०४६ सम्म) | १४ | स्थानीय अधिकारीसमक्ष दर्ता अभिलेख भएको |
| ३ | बहुदलीय व्यवस्थाकालीन पत्रिका (२०४७ देखि ०६३ सम्म) | ६६ | |
| ४ | लोकतन्त्र बहालीदेखि गणतन्त्रकालीन पत्रिका (२०६४ देखि ०७७ सम्म) | ७२ | |
| | जम्मा | १७४ | |

स्रोत : जिल्ला प्रशासन कार्यालय बाँके र जानकारहरूसँगको कुराकानीमा आधारित ।

जिल्लामा दर्ता भएका अधिकांश पत्रिका नियमित प्रकाशित भएका छैनन् । छापाखाना तथा प्रकाशन ऐन २०४८ अनुसार पत्रपत्रिका सञ्चालन गर्ने स्थानीय अधिकारी (जिल्ला प्रशासन कार्यालय) समक्ष दर्ता गर्ने प्रावधान छ । यो तथ्याङ्कका आधारमा जिल्लामा दर्ता भएका पत्रिकाको संख्या एक सय ५२ छ जसमध्ये सबैभन्दा बढी ६८ वटा साप्ताहिक छन् । त्यसपछि ५४ वटा दैनिक छन् (हेर्नुहोस् तालिका २) ।

**तालिका २ : बाँकेका पत्रपत्रिका दर्ताको अवस्था**

| क्र.सं. | पत्रिकाको किसिम | संख्या |
|---|---|---|
| १ | दैनिक | ५४ |
| २ | साप्ताहिक | ६८ |
| ३ | अर्धसाप्ताहिक | ३ |
| ४ | पाक्षिक | २ |
| ५ | मासिक | २० |
| ६ | अन्य | ५ |
| | जम्मा | १५२ |

स्रोत : जिल्ला प्रशासन कार्यालय बाँके, २०७७ ।

बाँके जिल्लामा दैनिक र साप्ताहिक पत्रिकाको बाहुल्यता रहेको देखिन्छ । तर, प्रकाशित हुँदै बन्द हुने क्रम भने जारी छ ।

**तालिका ३ : जिल्ला प्रशासन कार्यालय बाँकेमा हालसम्म दर्ता भएका बाँकेका पत्रपत्रिकाहरू**

| क्र.सं. | दर्ता मिति | पत्रिकाको नाम | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| १ | २०३९/६/१० | प्रकाश साप्ताहिक | परमानन्द मिश्र | परमानन्द मिश्र |
| २ | २०३९/६/१० | जनमत अर्धसाप्ताहिक | सुशीला चुके | पूर्णलाल चुके |
| ३ | २०३९/६/१८ | नेपाल एक्सप्रेस दैनिक | प्रभात भण्डारी | प्रभात भण्डारी |
| ४ | २०३९/६/१९ | जय नेपाल दैनिक | पन्नालाल गुप्ता | विजयकुमार गुप्ता |
| ५ | २०३९/६/१९ | भेरी सन्देश साप्ताहिक | गोपालबहादुर सिंह | गोपालबहादुर सिंह |
| ६ | २०३९/७/१८ | निर्भिक साप्ताहिक | राजेन्द्रबहादुर सिंह राठौर | राजेन्द्रबहादुर सिंह राठौर |
| ७ | २०३९/७/१८ | युगधारा साप्ताहिक | डम्बर बहादुर अवस्ती | डम्बर बहादुर अवस्ती |
| ८ | २०३९/७/१९ | प्रर्यवेक्षण साप्ताहिक | जितबहादुर विसी | जितबहादुर विसी |
| ९ | २०३९/८/७ | रोसम बाल विम्ब मासिक | टेकबहादुर केसी | लियाकत अलि |
| १० | २०३९/८/२० | लोकमत साप्ताहिक | मणिलाल गुप्ता | मणिलाल गुप्ता |
| ११ | २०३९/१०/७ | संकल्प साप्ताहिक | लियाकत अलि | लियाकत अलि |
| १२ | २०३९/१२/२० | वर्तमान मासिक | सनतबहादुर रेग्मी शर्मा | दिनेशमणि त्रिपाठी |
| १३ | २०४०/२/१३ | आदर्श मञ्च द्वैमासिक | अनिता देवी | राधेश्याम शर्मा |
| १४ | २०४५/१२/१७ | शंखनाद साप्ताहिक | रामगोपाल वैश्य | महालक्ष्मी छापाखाना |

| क्र.सं. | दर्ता मिति | पत्रिकाको नाम | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| १५ | २०४७/९/३० | साप्ताहिक परिक्रमा | त्रिलोचन शर्मा | त्रिलोचन शर्मा |
| १६ | २०४८/१०/३ | दैनिक गतिविधि | सुशीला चुके | सुशीला चुके |
| १७ | २०४९/५/२३ | उज्यालो साप्ताहिक | वासुदेव श्रेष्ठ | वासुदेव श्रेष्ठ |
| १८ | २०४९/६/८ | विकल्प साप्ताहिक | बद्रीप्रसाद कोइराला | बद्रीप्रसाद कोइराला |
| १९ | २०४९/६/१२ | हलचल साप्ताहिक | महेन्द्रराज शर्मा | महेन्द्रराज शर्मा |
| २० | २०४९/७/२ | शुभेच्छा मासिक | नारायणप्रसाद गैरे | नारायणप्रसाद गैरे |
| २१ | २०५०/१/११ | हाल खबर साप्ताहिक | शिवलाल पाण्डे | शिवलाल पाण्डे |
| २२ | २०५०/४/२१ | निष्पक्ष ध्वनी दैनिक | उदयबहादुर सिंह श्रेष्ठ | उदयबहादुर सिंह श्रेष्ठ |
| २३ | २०५०/१२/७ | एभरेष्ट टाइम्स साप्ताहिक | सलाउद्दिन अख्तर सिद्दिकी | सलाउद्दिन अख्तर सिद्दिकी |
| २४ | २०५१/२/४ | तोहफा त्रैमासिक उर्दू | सलाउद्दिन अख्तर सिद्दिकी | सलाउद्दिन अख्तर सिद्दिकी |
| २५ | २०५१/१/४ | न्यायिक ध्वनी त्रैमासिक | कर्णबहादुर थापा | कर्णबहादुर थापा |
| २६ | २०५१/५/३० | पश्चिमाञ्चल साप्ताहिक | उदयबहादुर सिंह श्रेष्ठ | हेमन्त कर्मचार्य |
| २९ | २०५२/६/२९ | नव संसार साप्ताहिक | दिवाकर शर्मा | दिवाकर शर्मा |
| ३० | २०५२/१०/२५ | अञ्जली मासिक | मालती शर्मा अधिकारी | रामबाबु अधिकारी |
| ३१ | २०५३/६/२२ | नयाँ हलचल साप्ताहिक | महेन्द्रराज शर्मा | महेन्द्रराज शर्मा |
| ३२ | २०५४/१/२० | नेपालगञ्ज पोष्ट अर्धसाप्ताहिक | विधुप्रकाश कायस्थ | विधुप्रकाश कायस्थ |
| ३३ | २०५४/५/२९ | नशेमन साप्ताहिक | मो.हारून हल्वाई | मो.हारून हल्वाई |
| ३४ | २०५४/६/२ | कालपृष्ठ साप्ताहिक | हेमन्त कर्माचार्य | हेमन्त कर्माचार्य |
| ३५ | २०५४/७/४ | दैनिक नेपालगञ्ज | झलकप्रसाद गैरे | हिमाल गैरे |
| ३६ | २०५४/१०/२८ | आजको सामना साप्ताहिक | अजयकुमार गुप्ता | अजयकुमार गुप्ता |
| ३७ | २०५४/१०/२८ | बौद्धिक लेखमाया मासिक | राजकुमार सुवेदी | राजकुमार सुवेदी |
| ३८ | २०५५/२/४ | द मेसेन्जर साप्ताहिक | प्रेमसागर पौडेल | प्रेमसागर पौडेल |
| ३९ | २०५५/२/४ | ग्रामदीप साप्ताहिक | लोकनाथ वर्मा | लोकनाथ वर्मा |
| ४० | २०५५/५/१८ | समय अधिकार साप्ताहिक | रहिस अहमद सिद्धिकी | रहिस अहमद सिद्धिकी |
| ४१ | २०५५/६/३० | उद्यम द्वैमासिक | पूर्णलाल चुके | पूर्णलाल चुके |
| ४२ | २०५५/९/५ | अभियान दैनिक | खेमबहादुर भण्डारी | खेमबहादुर भण्डारी |
| ४३ | २०५६/२/२३ | नयाँ अनुशीलन मासिक | विकेशकुमार श्रेष्ठ | विकेशकुमार श्रेष्ठ |
| ४४ | २०५६/५/१ | नेपालगञ्ज एक्सप्रेस दैनिक | विष्णुप्रसाद श्रेष्ठ | विष्णुप्रसाद श्रेष्ठ |
| ४५ | २०५६/७/११ | निष्पक्ष ध्वनी दैनिक | उदयबहादुर सिंह श्रेष्ठ | उदयबहादुर सिंह श्रेष्ठ |
| ४६ | २०५७/४/३ | मिनाम गोराक साप्ताहिक | रणप्रसाद राना | रणप्रसाद राना |
| ४७ | २०५७/६/१५ | एड्स विक्लि साप्ताहिक | लोकनाथ वर्मा | लोकनाथ वर्मा |
| ४८ | २०५७/६/३० | बागेश्वरी टाइम्स दैनिक | शरद केसी | शरद केसी |

| क्र.सं. | दर्ता मिति | पत्रिकाको नाम | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| ४९ | २०५७/१२/२२ | हेलो म्याग्जीन मासिक | प्रविणराज गौतम | प्रविणराज गौतम |
| ५० | २०५८/४/४ | हाम्रो सन्देश साप्ताहिक | नेपाल ट्रेड युनियन | रामकृष्ण अधिकारी |
| ५१ | २०५९/२/२९ | टुडे नेपाल दैनिक | विष्णुप्रसाद श्रेष्ठ | विष्णुप्रसाद श्रेष्ठ |
| ५२ | २०५९/३/२ | अपराजित साप्ताहिक | देवकी गौतम | उदयबहादुर सिंह श्रेष्ठ |
| ५३ | २०५९/५/१० | नयाँ संरचना दैनिक | गणेश खनाल | गणेश खनाल |
| ५४ | २०५९/४/२६ | साप्ताहिक कोहलपुर | यमबहादुर रावत | खगराज पन्त |
| ५५ | २०५९/८/२९ | नेपाली एक्सप्रेस दैनिक | शिव डोटेल | शिव डोटेल |
| ५६ | २०५९/११/१९ | साताको परिचर्चा साप्ताहिक | धर्मेन्द धिताल | नरेन्द्रनाथ योगी |
| ५७ | २०५९/१२/२ | मध्यपश्चिम राष्ट्रिय दैनिक | लक्ष्मीनारायण शाह | लक्ष्मीनारायण शाह |
| ५८ | २०६०/६/२३ | नेपाली दिशा निर्देश साप्ताहिक | सूर्यबहादुर घिमिरे | सूर्यबहादुर घिमिरे |
| ५९ | २०६०/६/२३ | सम सामयिक दर्पण साप्ताहिक | विनिदत्त घिमिरे | विनिदत्त घिमिरे |
| ६० | २०६०/११/१५ | जाजरकोट सन्देश साप्ताहिक | कमलदीप पुन | कमलदीप पुन |
| ६१ | २०६१/५/१० | हाम्रो बालवाटिका मासिक | निर्मलकुमार साउँद | गोपाल साउँद |
| ६२ | २०६१/६/२४ | फुलवार साप्ताहिक | राधेश्याम थारू | राधेश्याम थारू |
| ६३ | २०६१/८/२८ | हाम्रो संरचना दैनिक | करूणा थापा | करूणा थापा |
| ६४ | २०६१/१०/१३ | अग्रासन राष्ट्रिय मासिक | श्रीराम चौधरी | श्रीराम चौधरी |
| ६५ | २०६१/११/२३ | विज प्लस साप्ताहिक | तेजकुमार शर्मा | तेजकुमार शर्मा |
| ६६ | २०६२/४/२३ | बागेश्वरी साप्ताहिक | ध्रुवराज मिश्र | ध्रुवराज मिश्र |
| ६७ | २०६२/५/२८ | ब्रेस मासिक | सलाउद्दिन अख्तर सिद्दिकी | सलाउद्दिन अख्तर सिद्दिकी |
| ६८ | २०६२/६/२१ | हाम्रो चुनौती साप्ताहिक | अशोक विष्ट | इमानबहादुर सुनार |
| ६९ | २०६२/८/२७ | महिला सञ्चार साप्ताहिक | अक्षरी पोखरेल (सापकोटा) | लक्ष्मण पोखरेल |
| ७० | २०६२/९/१२ | ऋतम्भरा दैनिक | हरिप्रसाद तिमिल्सैना | हरिप्रसाद तिमिल्सैना |
| ७१ | २०६२/१२/२५ | सत्यपत्र दैनिक | आदेशकुमार अग्रवाल | शैलेन्द्र टण्डन |
| ७२ | २०६३/१/२६ | मध्यपश्चिम सन्देश दैनिक | मेघराज वली | दीपकराज वली |
| ७३ | २०६३/२/७ | हाम्रो मासिक | हिना नेपाल | सुरज अधिकारी |
| ७४ | २०६३/२/११ | बागेश्वरी असल शासन साप्ताहिक | - | नमस्कार शाह |
| ७५ | २०६३/२/१७ | नेपालगञ्ज साप्ताहिक | जगतबहादुर भण्डारी | जगतबहादुर भण्डारी |
| ७६ | २०६३/५/९ | नेपालगञ्ज टाइम्स दैनिक | चित्रबहादुर केसी | चित्रबहादुर केसी |
| ७७ | २०६३/६/३ | कोहलपुर टाइम्स साप्ताहिक | धरमबहादुर केसी | विष्णुप्रसाद वेलवासे |
| ७८ | २०६३/६/३० | अर्थ खबर पाक्षिक | श्रीधर गौतम | शंकरप्रसाद खनाल |
| ७९ | २०६३/११/९ | नौलो जनसन्देश दैनिक | दीपेन्द्र रोकाय | दीपेन्द्र रोकाय |
| ८० | २०६३/१२/२५ | सन्ध्या बुलेट दैनिक | पवनकुमार थापा मगर | गालु शेर्पा |

| क्र.सं. | दर्ता मिति | पत्रिकाको नाम | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| ८१ | २०६४/१/१२ | थारूवान राष्ट्रिय दैनिक | राधेश्याम थारू | राधेश्याम थारू |
| ८२ | २०६४/१/१९ | जय बागेश्वरी असल शासन मासिक | वृजेशबहादुर सिंह | वृजेशबहादुर सिंह |
| ८३ | २०६४/४/२२ | नव मधेस जागरण दैनिक | अन्जु पाठक | - |
| ८४ | २०६४/६/३० | पश्चिम सरोकार दैनिक | सुनिलकुमार गुप्ता | सुनिलकुमार गुप्ता |
| ८५ | २०६४/१०/१० | समाज जागरण साप्ताहिक | चन्द्रेश्वरराज त्रिपाठी | रामकरण त्रिपाठी |
| ८६ | २०६४/१०/२८ | दीप ज्वाला अर्धसाप्ताहिक | उमेशकुमार श्रीवास्तव | इसरत अलि मुकेरी |
| ८७ | २०६४/६/१२ | नयाँ ब्यालेट साप्ताहिक | बब्लु खान | भूमिप्रसाद भण्डारी |
| ८८ | २०६५/८/१० | न्यु मधेश एक्सप्रेस दैनिक | चन्द्रशेखर पाण्डे | चन्द्रशेखर पाण्डे |
| ८९ | २०६५/१२/८ | फल्यास आउट साप्ताहिक | जगतराज ढुंगाना | जगतराज ढुंगाना |
| ९० | २०६५/१२/१८ | कोहलपुर पोष्ट दैनिक | जनआस्था बहुद्देश्यीय सहकारी संस्था लि. | विश्वेश्वरप्रसाद रिजाल |
| ९१ | २०६५/१२/२३ | राष्ट्रिय स्वरूप साप्ताहिक | राजेशकुमार मिश्र | राजेशकुमार मिश्र |
| ९२ | २०६५/१२ | हाम्रो समाचार राष्ट्रिय दैनिक | भेषराज बस्नेत | पुष्पा शाही |
| ९३ | २०६६/२/२० | गुड न्यूज साप्ताहिक | डक्टप्रसाद धिताल | डक्टप्रसाद धिताल |
| ९४ | २०६६/३/११ | कान्तिपुर/द काठमाडौं पोष्ट दैनिक/साप्ताहिक | कैलाशप्रसाद सिरोहिया | कैलाशप्रसाद सिरोहिया |
| ९५ | २०६६/५/२६ | पश्चिम खबर राष्ट्रिय दैनिक | ध्रुवविक्रम वली | विमल खड्का |
| ९६ | २०६६/१०/२८ | सद्भाव दैनिक | दामोदर भण्डारी | शोभा पाण्डे |
| ९७ | २०६७/१/१९ | सम्मान राष्ट्रिय साप्ताहिक | रानी पाण्डे | चन्द्रशेखर पाण्डे |
| ९८ | २०६७/१/२६ | नयाँ तराई राष्ट्रिय दैनिक | सुबोधसिंह थारू | सुबोधसिंह थारू |
| ९९ | २०६७/३/१० | मिसन टुडे राष्ट्रिय दैनिक | विनोद पौडेल | नन्दलाल देवकोटा |
| १०० | २०६७/४/२५ | मध्य नेपाल दर्पण मासिक | हर्कबहादुर विसी | विजयकुमार विसी |
| १०१ | २०६७/६/१२ | युगीन बहस मासिक | डबलबहादुर महतारा | डबलबहादुर महतारा |
| १०२ | २०६७/६/२१ | न्यूज नमस्ते राष्ट्रिय दैनिक | श्रीधर सुवेदी | लक्ष्मणराज पौडेल |
| १०३ | २०६७/६/२५ | नेपालगञ्ज परिवेश राष्ट्रिय दैनिक | गौरव गिरी | नविन गिरी |
| १०४ | २०६७/७/१० | पिपल बोट राष्ट्रिय दैनिक | चेतकान्त भट्टराई | विष्णुबहादुर केसी |
| १०५ | २०६७/८/३ | परगा साप्ताहिक | कृष्णलाल चौधरी | सोनप्रसाद चौधरी |
| १०६ | २०६७/८/५ | हाम्रो वकालत मासिक | राजेन्द्र शर्मा | राजेन्द्र शर्मा |
| १०७ | २०६७/९/११ | अन्तराल पोष्ट दैनिक | जयनारायण शाह | जयनारायण शाह |
| १०८ | २०६७/९/१२ | मेरो टुकी बाल मासिक पत्रिका | भोजराज शर्मा | भोजराज शर्मा |
| १०९ | २०६७/१२/७ | बागेश्वरी एक्सप्रेस दैनिक | शोभा भण्डारी | गणेशप्रसाद शर्मा |
| ११० | २०६७/१२/२३ | प्रभात घोषणा दैनिक | कृष्णबहादुर मल्ल | ताराचन्द्र योगी |

| क्र.सं. | दर्ता मिति | पत्रिकाको नाम | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| १११ | २०६८/४/६ | युगान्तर पोष्ट साप्ताहिक | नरेन्द्र थापा | नरेन्द्र थापा |
| ११२ | २०६८/६/५ | ज्ञानोदय पोष्ट साप्ताहिक | भीमप्रसाद पौडेल | नरेन्द्र काफ्ले |
| ११३ | २०६८/६/१० | सत्य खबर साप्ताहिक | सत्यनारायण ठठेर | सत्यनारायण ठठेर |
| ११४ | २०६८/६/१२ | न्यूज यथार्थ साप्ताहिक | आशिषकुमार गुप्ता | आनन्दकुमार विश्वकर्मा |
| ११५ | २०६८/८/७ | बाँके खबर दैनिक | सुशील गुप्ता | सुशील गुप्ता |
| ११६ | २०६८/११/१४ | युथ टुडे साप्ताहिक | मोहम्मद आलम खान | शक्तिकुमार वंशकार |
| ११७ | २०६८/१२/१ | हाईवे पोष्ट दैनिक | विमलाकुमारी खत्री | विमलाकुमारी खत्री |
| ११८ | २०६९/१/२८ | नमस्ते कर्णाली साप्ताहिक | अशोक भण्डारी | डबलबहादुर महतारा |
| ११९ | २०६९/२/१७ | औचित्य राष्ट्रिय मासिक | नारदप्रसाद शर्मा | रत्नप्रसाद शर्मा (न्यौपाने) |
| १२० | २०६९/३/२५ | युगयान दैनिक | विष्णुप्रसाद वेलवासे | चन्द्र खनाल |
| १२१ | २०६९/३/२७ | न्यूज फल्यास साप्ताहिक | मो.अरसद शेष राई | मधु पौडेल |
| १२२ | २०६९/३/२८ | मध्य सन्चार दैनिक | शिवकुमार सुनार | सन्तोष काफ्ले |
| १२३ | २०६९/१०/७ | नयाँ कोर्ष दैनिक | सुशीलकुमार लामिछाने | निलम आरसी (कर्णबहादुर रोकाय) |
| १२४ | २०६९/११/१६ | अगुवा सञ्चार दैनिक | मधुकुमारी खड्का | सरला सुवेदी |
| १२५ | २०६९/१२/२६ | पावर लाइन दैनिक | वीरेन्द्रप्रकाश पुन | गोविन्दबहादुर वली |
| १२६ | २०६९/१२/२९ | नयाँ समाजवादी यात्रा त्रैमासिक | कृष्णा केसी | सूर्यप्रकाश घर्ती |
| १२७ | २०७०/१/२ | लोकप्रिय सन्देश दैनिक | गोविन्दप्रसाद शर्मा | सायरा बानो |
| १२८ | २०७०/३/३ | दबिएका आवाज पाक्षिक | छविलाल सुनार | छविलाल सुनार |
| १२९ | २०७०/३/४ | सगुन सन्देश साप्ताहिक | चन्द्र खनाल | चन्द्र खनाल |
| १३० | २०७०/४/८ | स्वास्थ्य चेतना साप्ताहिक | जीवन शर्मा | डम्बर साहु |
| १३१ | २०७०/७/१३ | वार स्टेट मासिक | ललित पहाडी (नेपाली) | मित्रलाल वली |
| १३२ | २०७०/१०/५ | सेलिब्रिटी मासिक | टंकसिंह ठकुरी | टंकसिंह ठकुरी |
| १३३ | २०७०/११/६ | विशाल सिमाना साप्ताहिक | विशाल कुवर राना | गंगा न्यौपाने |
| १३४ | २०७०/११/२१ | मार्गरेखा दैनिक | प्रेम केसी | सन्जीव पौडेल |
| १३५ | २०७१/१/१४ | साझा सञ्चार दैनिक | बन्धना धिताल वली | समद्रा धिताल |
| १३६ | २०७१/१/२९ | बाँके पोष्ट दैनिक | हरिशरण अधिकारी | विमला पौडेल |
| १३७ | २०७२/४/१३ | पूर्णताको विकल्प मासिक | रूविना थापा | सुभाषभन्द्र मिश्र |
| १३८ | २०७२/६/२४ | अभियान न्यूज साप्ताहिक | मधु पौडेल | मधु पौडेल |
| १३९ | २०७२/१०/१२ | न्यूज नेशन साप्ताहिक | विनय त्रिपाठी | विनय त्रिपाठी |
| १४० | २०७२/१२/२३ | खबर नेपालगञ्ज दैनिक | रईस साही | रईस साही |
| १४१ | २०७३/३/१ | अवध पोष्ट दैनिक | हरिओम मिडिया प्रालि | प्रभात देवकोटा |

| क्र.सं. | दर्ता मिति | पत्रिकाको नाम | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| १४२ | २०७३/३/२७ | सनातन सन्देश साप्ताहिक | मन्जील सिंह | मन्जील सिंह |
| १४३ | २०७३/६/१० | सगरमाथा गन्तव्य साप्ताहिक | कृष्णबहादुर जिसी | कृष्णबहादुर जिसी |
| १४४ | २०७३/१०/२६ | दैनिक खबरी दैनिक | भरतकिशोर वैश्य | मधु पौडेल |
| १४५ | २०७४/४/२६ | फूलपाती न्यूज साप्ताहिक | सरिता भट्टराई | विनोद कुमार |
| १४६ | २०७४/६/९ | ग्लोबल समाचार दैनिक | टेकबहादुर बस्याल | कृष्ण बस्याल |
| १४७ | २०७५/३/१ | नेपालगञ्ज बिजनेस मासिक | कमलबहादुर डाँगी | सुमननाथ योगी |
| १४८ | २०७५/३/५ | संघीय अखबार दैनिक | होमराज वली | नमराज जैसी |
| १४९ | २०७५/३/७ | लाल आवाज साप्ताहिक | कर्णबहादुर रोकाय | द्रोर्णप्रसाद आचार्य |
| १५० | २०७६/१/२३ | राप्ती सोनारी दैनिक | हेमबहादुर थारू | नमराज जैसी |
| १५१ | २०७६/२/२१ | हेल्थइरा खबरपत्रिका मासिक | सदरलाइन पब्लिकेशन प्रालि | रूद्रप्रसाद सुवेदी |
| १५२ | २०७६/५/३ | सत्यपाटी साप्ताहिक | काशीराम शर्मा | विष्णु सापकोटा |

स्रोत : जिल्ला प्रशासन कार्यालय, बाँके ।

काउन्सिलका अनुसार जिल्लामा ३८ वटा साप्ताहिक, ३१ दैनिक र १ वटा अर्धसाप्ताहिक प्रकाशित भएको देखिन्छ । सबै पत्रिका वर्गीकरणमा सहभागी हुँदैनन् । प्रेस काउन्सिल नेपालले पत्रिकाको वर्गीकरण गर्छ । यो प्रयोजनका लागि पत्रिका अनिवार्य दर्ता गर्नुपर्छ ।

प्रेस काउन्सिल नेपालको तथ्याङ्कलाई आधार मान्ने हो भने बाँके जिल्लामा नियमित रूपमा प्रकाशित हुने पत्रिकाको संख्या १६ मात्र देखिन्छ जसमा ९ वटा दैनिक, ६ वटा साप्ताहिक र एउटा अर्धसाप्ताहिक रहेको छ । जिल्लामा धेरै दैनिक पत्रिका प्रकाशित भएको देखिन्छ । काउन्सिलले राष्ट्रिय, प्रादेशिक र स्थानीय गरी ३ वर्गमा राखेर पत्रिकालाई वर्गीकरण गर्छ । जिल्लामा ३ वटा पत्रिका मात्र प्रादेशिक स्तरको वर्गीकरणमा परेका छन्, अन्य सबै पत्रिका स्थानीय हुन् ।

प्रेस काउन्सिल नेपालले पछिल्लो समय प्रकाशित भएको पत्रिकाको उही दिन नै रेकर्ड राख्छ । अनलाइनमार्फत व्यवस्थापन प्रणालिमा दर्ता भएका बाँकेका पत्रिकाको संख्या भने निकै कम छ । काउन्सिलले पत्रिका प्रकाशित भएपछि पि डि एफ बनाएर प्रेस काउन्सिलको बेवसाइटमा अपलोड गर्न लगाउँछ । यसरी नियमित अपलोड गर्ने पत्रिकाको संख्या भने बाँकेमा १६ मात्रै छ । त्यसो त जिल्लामा दर्ता भएर सञ्चालन भएका सबै पत्रिका वर्गीकरणमा समावेश नभएकाले यो नै नियमित प्रकाशित भइरहेका पत्रिकाको सूचि हो भनेर ठोकुवा गर्न सकिने अवस्था भने छैन ।

**व्यवसायिक हुन सकेनन् रेडियो**

नेपालमा रेडियोको प्रसारण आरम्भ भएको ५४ वर्षपछि र एमएम रेडियो शुरु भएको ९ वर्षपछि बाँकेमा १४ असोज २०६० सालमै नेपालगञ्जमा सामुदायिक रेडियो भेरी आवाजले प्रसारणको अनुमति पायो । २०६१ जेठबाट नेपालगञ्जमा रेडियो भेरी आवाज साविकको भेरी अञ्चलकै पहिलो एफएम रेडियोका रूपमा गुञ्जन थाल्यो । सोही वर्ष व्यवसायिक रेडियोका रूपमा रेडियो बागेश्वरी एफएम पनि प्रसारणमा आयो । कोहलपुरमा रेडियो प्रतिबोध, कोहलपुर एफएम, रेडियो मिसन एफएम, नेपालगञ्जमा रेडियो रूबरू, मर्निङस्टार,

हिमाल, नेपालगञ्ज एफएम, भेरी एफएम, रेडियो हातेमालो एफएम प्रसारणमा रहेकोमा यतिबेला पहिलो सामुदायिक एफएम रेडियो भेरी आवाज बन्द अवस्थामा छ । सहकारीमार्फत सञ्चालित रेडियो जनआवाज र व्यवसायिक एफएम रेडियो एक्सप्रेस पनि बन्द भए ।

जिल्लामा कम्तीमा १०० वाटदेखि बढिमा २००० वाट क्षमताका रेडियो छन् (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका ४) । २ हजार वाटको एक मात्र रेडियो कृष्णसार हो । १००० वाट क्षमताको कान्तिपुर एफएम मात्र छ । पाँच सय वाट क्षमताको ६ वटा, २५० वाट क्षमताको एउटा र अरू सबै ७ वटा १०० वाट क्षमताका हुन् । कान्तिपुर र इमेज रेडियो रिले स्टेशन हुन् । ५ वटा रेडियो बन्द भइसकेका छन् । ४ वटा व्यवसायिक रेडियो हुन् भने अरू सबै सामुदायिक नै हुन् । स्थानीय तहको हिसाबले कुरा गर्दा अधिकांश रेडियो नेपालगन्जमा छन् । कोहलपुरमा ३ वटा, जानकी र राप्ती सोनारीमा एक/एक वटा रेडियो खुलेका छन् ।

**तालिका ४ : बाँकेमा सञ्चालन गरिएका एफएम रेडियोहरू**

| क्र.सं. | रेडियो | वाट क्षमता | अनुमति प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|
| १ | रेडियो भेरी आवाज ९५.६ | २५० | २०६०/६/१४ | बन्द |
| २ | कृष्णसार एफएम ९४ | २००० | २०६५/७/७ | |
| ३ | रेडियो एक्सप्रेस ८८.४ | १०० | २०६७/४/२ | बन्द |
| ४ | सद्भाव रेडियो | ५०० | २०७३/१२/११ | |
| ५ | भेरी एफएम १०५.४ | १०० | २०६६/५/१४ | |
| ६ | रूबरू एफफ १०४.५ | ५०० | २०७०/९/५ | |
| ७ | रेडियो हातेमालो | १०० | २०७२/८/१७ | |
| ८ | नेपालगञ्ज एफएफ १०४.८ | १०० | २०७०/१२/६ | |
| ९ | रेडियो भुवरभवानी ९८.८ | १०० | २०७६ | |
| १० | रडियो प्रतिबोध १०२.३ | ५०० | २०७१/३/३० | |
| ११ | रेडियो कोहलपुर १०१.३ | ५०० | २०६३/९/१७ | |
| १२ | रेडियो मिशन ९०.६ | | | |
| १३ | युथ एफएम | १०० | २०६३/९/१७ | बन्द |
| १४ | हिमाल एफएम | | | बन्द |
| १५ | रेडियो जनआवाज १०४.२ | १०० | २०६४/२/१ | बन्द |
| | **व्यवसायिक रेडियो** | | | |
| १६ | बागेश्वरी एफएम ९४.६ | १००० | २०६०/६/९ | |
| १७ | रेडियो मर्निङ स्टार | ५०० | २०६९/३/२० | |
| १८ | रेडियो कान्तिपुर १०१.८ | १००० | २०६३/६/२२ | रिले स्टेशन |
| १९ | इमेज एफएम ९७.९ | ५०० | २०६३/६/२२ | रिले स्टेशन |

स्रोत : सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौं ।

## फस्टाउन नसकेको टेलिभिजन मिडिया

नेपाल टेलिभिजनले २०५२ साल असार ३१ मा बाँकेको कोहलपुरमा नेपाल टेलिभिजन क्षेत्रीय प्रसारण केन्द्रको रूपमा स्थानीय समाचार र कार्यक्रम प्रसारण गर्न थालेको हो । सशस्त्र द्वन्द्वका बेलामा माओवादी आक्रमणमा यो केन्द्र बन्द भयो । २०७० सालको बजेट वक्तव्यमा केन्द्र पुनः सञ्चालनमा ल्याउने घोषणा गरियो र २०७३ साल माघ १७ गतेबाट कोहलपुर प्रसारण केन्द्र पुनः सञ्चालन गरियो । डेढ दशकसम्म बन्द भएको यो च्यानल अहिले छुट्टै एचडी च्यानलको रूपमा प्रसारण भइरहेको छ ।

नेपालमा टेलिभिजन प्रसारणको अभ्यास शुरू भएको १२ वर्षमै बाँकेमा टेलिभिजन प्रसारण शुरू भएको हो । २०७० सालमै बाँकेका भिजन र बागेश्वरी टेलिभिजनले केवल च्यानलको रूपमा प्रसारणको अनुमति पाएका थिए । २०७४ सालमा कोहलपुर टेलिभिजन खुलेपनि पूर्ण रूपमा सञ्चालन हुन नपाउँदै डेढ वर्षमै बन्द भएको उक्त टेलिभिजनका कार्यक्रम संयोजक महानन्द ढकालले बताए । अहिले भिजन र कोहलपुर टेलिभिजन बन्द भइसकेका छन् । वागेश्वरी टेलिभिजन सञ्चालन भइरहेको छ भने डिजिटल प्रविधिबाट यसको पहुँच विस्तार भएको छ । जिल्लाको सबैभन्दा कान्छो च्यानल जी नेपाल टेलिभिजन हो । २०७६ सालदेखि सञ्चालनमा आएको यो च्यानल नियमित छ ।

जिल्लामा सञ्चालन गरिएका ५ वटा च्यानलमध्ये अहिले सरकारी कोहलपुर टेलिभिजन एच डि, बागेश्वरी टेलिभिजन र जी नेपालमात्र नियमित प्रसारणमा छन् । १२ जना कार्यरत रहेको बागेश्वरी टेलिभिजनमा कोरोनाका कारण ६ जना मात्र कार्यरत छन् । विगतमा आउने गरेको केन्द्रीय विज्ञापन ठप्प भएको र स्थानीय विज्ञापन समेत उपलब्ध नभएको उक्त टेलिभिजिनका समाचार प्रमुख नरेन्द्र थापाले बताए ।

**तालिका ५ : बाँकेमा सञ्चालनमा रहेका टेलिभिजन च्यानलहरू**

| क्र.सं. | टेलिभिजनको नाम | स्थापना | प्रसारण प्रविधि | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल टेलिभिजन कोहलपुर | २०५२ साल असार ३१ | स्याटेलाइट च्यानल | क्षेत्रीय प्रसारण केन्द्र (हाल छुट्टै स्याटलाइट च्यानल) |
| २ | बागेश्वरी टेलिभिजन | २०७०/८/२५ | केवल च्यानल | |
| ३ | भिजन टेलिभिजन | २०७०/१/२४ | केवल च्यानल | बन्द |
| ४ | कोहलपुर टेलिभिजन | २०७४ | केवल च्यानल | बन्द |
| ५ | जी नेपाल टिभी | २०७६ | केवल च्यानल | |

स्रोत : सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौं ।

## बढ्दो संख्यामा न्यू मिडिया

बाँके जिल्लामा सञ्चार अनुसन्धान तथा अभियान केन्द्र नामक गैरसरकारी संस्था खोलेर क्रियाशील युवा पत्रकारहरूको पहलमा इ-नेपालगञ्ज डटकम नामक समाचारमूलक अनलाइन २०६४ सालमा शुरू भएको थियो । निःशुल्क समाचार बुलेटिन (नेपालगञ्ज इ-बुलेटिन) प्रकाशित गर्ने यो समूहले समाचार र फोटोहरू अनलाइनमा राख्ने गर्थ्यो । यो अनलाइन लामो समय सञ्चालन नभई बन्द भयो । अहिले धमाधम अनलाइन मिडिया खुलिरहेका छन् । २०७७ असोज मसान्तसम्ममा जिल्लामा ३५ वटा अनलाइन मिडिया संचालित छन् (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका ६) ।

सम्यक मिडियाले नेपालगन्जन्युज डटकमलाई औपचारिक रूपले अनलाइन न्यूज पोर्टलका रूपमा शुभारम्भ गरेपछि समाचारमूलक न्यू मिडियाले बाँकेमा पनि पाइला टेकेको हो । त्यसपछि सदरलाइन डट कम लगायतका अनलाइन पोर्टलहरू सञ्चालनमा आए । अहिले समाचारमूलक अनलाइन र मिडियाको सामग्री मात्र अपलोड गर्ने गरी दुई थरि अनलाइन मिडिया सञ्चालनमा छन् ।

**तालिका ६ : बाँकेमा सञ्चालनमा रहेका अनलाइन मिडिया**

| क्र.सं. | अनलाइनको नाम | सम्पादकको नाम | कैफियत |
|---|---|---|---|
| १ | www.sadarline.com | रूद्र सुवेदी | |
| २ | www.bageshworipost.com | नविन गिरी | |
| ३ | www.kanchulikhabar.com | गजेन्द्र गुरूङ | |
| ४ | www.chhinchhinkhabar.com | मालती खड्का | |
| ५ | www.hamrosamrachana.com | गोपी बुढा | |
| ६ | www.satyapati.com | काशीराम शर्मा | |
| ७ | www.livepati.com | क्षेत्रप्रसाद देवकोटा | |
| ८ | www.gochalikhabar.com | विश्वराज पछल्डंग्या | |
| ९ | www.arthapage.com | कमलबहादुर डाँगी | |
| १० | www.khabarquick.com | प्रमोद रिजाल | |
| ११ | www.sunpani.com | केशव कोइराला | |
| १२ | www.setokhari.com | दामोदर भण्डारी | |
| १३ | www.goodnewskhabar.com | डक्टप्रसाद धिताल | |
| १३ | www.onlinekhojkhabar.com | - | |
| १५ | www.nagariksamaj.com | सुनिल रसाइली | |
| १६ | www.merokhushi.com | शंकरप्रसाद खनाल | |
| १७ | www.nepalgunjtimes.com | केपी घिमिरे यात्री | |
| १८ | https://swasthyapage.com | कोमल खड्का | |
| १९ | www.youthtoday.com | आलम खान | |
| २० | www.esetokhari.com | कमल न्यौपाने | |
| २१ | www.satyamkhabar.com | चन्द्रेश्वर त्रिपाठी | |
| २२ | www.satyapatra.com | भीष्म लोध | |
| २३ | www.filmypatra.com | रामु ओली | |
| २४ | www.atmonlinenews.com | रीता पुन | |
| २५ | www.margarekha.com | प्रेम केसी | |
| | **पत्रिकाका अनलाइन** | | |
| २६ | www.nepalgunjnews.com | झलक गैरे | |
| २७ | www.lokpriyanews.com | गोविन्द शर्मा | |

| | | | |
|---|---|---|---|
| २८ | www.missiontodaynews.com | विनोद पौडेल | |
| २९ | www.bankepost.com | हरि अधिकारी | |
| **रेडियोको अनलाइन** | | | |
| ३० | www.radiohatemalo.com.np | - | रेडियो हातेमालो |
| ३१ | www.pratibodhfm.com.np | - | रेडियो प्रतिबोध |
| ३२ | https://krishnasaronline.com.np | - | कृष्णसार एफएम |
| ३३ | www.radiomorningstar.com.np | - | रेडियो मर्निंग स्टार |
| ३४ | www.nepalgunjfm.com | - | नेपालगञ्ज एफएम |
| ३५ | www.radiorubaru.com | - | रेडियो रूबरू |

स्रोत : प्रस्तावित अनलाइन पत्रकार संघ, बाँके ।

### टिकेन समाचार समिति

बाँके जिल्लामा २०६३ सालमै समाचार समितिको अभ्यास भयो । सञ्चार अभियान तथा अनुसन्धान केन्द्र नेपालगञ्ज नामक गैरसरकारी संस्थाले नेपालगञ्ज इ-बुलेटिनका नाममा समाचार समितिको काम गरेको थियो जसको सम्पादक तत्कालीन समयमा कान्तिपुर दैनिकमा कार्यरत जनक नेपाल थिए । सम्पादन समूहमा शंकरप्रसाद खनाल, श्रृजना आचार्य र तुला अधिकारी थिए । दैनिक ५ भन्दा बढी समाचार देशभरका तीन सयभन्दा बढी मिडियालाई इमेलमार्फत निःशुल्क पठाइन्थ्यो । एक सय अंक पूरा भएको अवसरमा नेपालगञ्जमा भव्य कार्यक्रम पनि आयोजना गरियो । झन्डै चार महिना निःशुल्क समाचार उपलब्ध गराएको यो समाचार समितिले मिडिया हाउससँग पैसा लिएर समाचार उपलब्ध गराउने योजना बनाएपनि यो प्रयास सफल नभएको नेपालगञ्ज इ-बुलेटिनका तत्कालिन सम्पादक जनक नेपालले बताए । त्यसपछि भने इनेपालगञ्ज डट कम नामक अनलाइन खोलेर समाचार अपलोड गर्न थालियो । इन्टरनेट अहिलेको जस्तो सस्तो, छिटो छरितो नभएका कारण यो समाचार समिति स्थापनाको एक वर्ष पनि नपुग्दै बन्द भयो । त्यसयता जिल्लामा समाचार समितिको अभ्यास गरेको पाइँदैन ।

### मिडियामा लगानी र विज्ञापन

बाँकेमा मिडिया सञ्चालनका लागि झन्डै ५० करोडको हाराहारीमा लगानी भइसकेको छ । मिडियामा एकीन रूपमा यति नै रकम लगानी भयो भन्ने तथ्य प्रमाण कतै भेटिँदैन । औसत रूपमा मिडियाको लगानीको अवस्था विश्लेषण गर्न सकिन्छ । दैनिक पत्रिका प्रकाशनका लागि कम्तीमा पाँच लाख रुपैयाँ र साप्ताहिकलगायतका पत्रिका प्रकाशन गर्न औसत २ लाख रुपैयाँ खर्च हुने अनुमान गर्दा पनि जिल्लाबाट प्रकाशित भएका एक सय ७४ वटा पत्रिकामा मात्र करिव साढे २७ करोड रुपैयाँ लगानी भइसकेको छ । यद्यपि सबै मिडियाको लगानीमा एकरूपता नहुँदा रकम घटबढ हुन सक्छ ।

एउटा रेडियो स्टेशन खोल्न कम्तीमा पनि औसत ३५ लाख रुपैयाँ नै राख्दा पनि झन्डै साढे ६ करोड रुपैयाँ १९ वटा रेडियो खोल्दा खर्च हुन आउँछ । कतिपय रेडियो औसतभन्दा दोब्बरमा पनि खुलेका छन् । कति योभन्दा कम रकममै पनि खुलेका छन् । टेलिभिजन च्यानललाई कम्तीमा २५ लाख रुपैयाँ राख्दा पनि एक करोडको लगानी हुन आउँछ । एउटा अनलाइन मिडियामा कम्तीमा पनि २ लाख रुपैयाँ मात्र लगानी भएको अनुमान गर्दा पनि झन्डै एक करोडको हाराहारीमा लगानी भइसकेको छ ।

बाँकेका मिडियामा कति विज्ञापन प्रकाशित भइरहेको छ भन्ने कुराको एकीन तथ्याङ्क पाउने कुनै आधिकारिक निकाय छैन । नेपाल विज्ञापन संघको विज्ञापन वितरणलाई आधार मान्ने हो भने पनि केन्द्रीय विज्ञापन निकै कम मिडियामा मात्र आउने गरेको छ । स्थानीय स्तरमा विज्ञापनको अवस्थाबारे जानकारी संकलन गर्ने र जानकारी राख्ने निकाय नै छैन । सबै मिडिया हाउसको विज्ञापनको दररेटलाई आधार मान्न सक्ने अवस्था पनि छैन । अस्वस्थ प्रतिष्पर्धाका कारण मिडियाले तोकिएको दरभन्दा निकै सस्तोमा विज्ञापन प्रकाशित गर्छन् । चाडपर्वमा प्रकाशित हुने विज्ञापन आम्दानीको एउटा भरपर्दो स्रोत हुने गरेको छ । मिडियाको मुख्य आम्दानीको स्रोत विज्ञापन भएपनि धान्न सक्ने अवस्था नरहेको रेडियो कृष्णसारका स्टेशन प्रमुख तुला अधिकारीले बताए ।

**मिडियाको पहुँच**

बाँके जिल्लामा छापा माध्यमको पहुँच छिमेकी जिल्ला बर्दियालगायतमा पुगेको छ । अनलाइन मिडिया इन्टरनेटको पहुँच भएको जुनसुकै स्थानमा पनि पुग्छ । नेपाल टेलिभिजन कोहलपुर स्याटलाइट च्यानल भएकाले सबैभन्दा बढी पहुँच भएको मिडियामा गनिन्छ । विश्वका कम्तीमा पनि एक सय देशमा यसको पहुँच पुगेको छ । यसका अलावा २ हजार वाट क्षमताको रेडियो कृष्णसार त्यसपछि बढी पहुँच हुने आमसञ्चार माध्यममा पर्छ । यो रेडियोको पहुँच लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा पुगेको छ । दक्षिणी छिमेकी देश भारतको उत्तर प्रदेशका बहराइच र श्रावस्ती जिल्लामा पनि यहाँका रेडियोका अवधि कार्यक्रम लोकप्रिय छन् ।

पहुँचको हिसाबले सबैभन्दा कम छापा माध्यमको छ । एकाधबाहेक अधिकांश पत्रिका नेपालगञ्जमा मात्रै सिमित छन् । नेपालगञ्जका पत्रिका कोहलपुरसम्म पनि पुग्दैनन् । कोहलपुरका पत्रिकाको पहुँच नेपालगञ्जसम्म पनि छैन । कोहलपुरको मिसन टुडे दैनिकले लुम्बिनी र कर्णाली प्रदेशसम्म पहुँच बनाएको छ । दैनिक नेपालगञ्जले बाँके, बर्दिया, रूपन्देहीलगायतका जिल्लामा पनि पत्रिका पठाउने गरेको छ । अहिले त यो काम पनि गर्न सकेको छैन । बाँकेबाट प्रकाशित दैनिक नेपालगञ्ज र कालपृष्ठ प्रदेशको 'क' वर्गको पत्रिका हुन् । कालपृष्ठ दैनिकको पनि बाँके र बर्दियासम्म मात्र पहुँच देखिन्छ । कोरोनाका कारण अहिले भने कालपृष्ठ पनि बाँकेमा मात्रै सिमित छ । सद्भाव दैनिक पनि अलि बढी पहुँच हुने पत्रिकामा पर्छ ।

**जनशक्ति अवस्था**

बाँकेका मिडिया हाउसमा जनशक्तिमा एकरूपता देखिँदैन । दैनिक पत्रिकामा कम्तीमा आठ–दश जना काम गर्छन् । अनलाइनमा कम्तीमा पनि दुई जना, रेडियोहरूमा कम्तीमा आठ–दश जना र टेलिभिजनमा १५ देखि २० जना क्रियाशील छन् । पूर्णकालीनभन्दा आंशिक रूपमा काम गर्ने जनशक्तिको संख्या बढी भएकाले स्थिर जनशक्तिको अभाव छ । मिडियामा आवद्ध हुने र छोड्ने क्रम निरन्तर रहेको छ । अन्य पेशा व्यवसायमा आवद्ध व्यक्तिले मिडियामा लगानी गरेकाले पनि पत्रकारको संख्या हेर्दा धेरै हुने तर फिल्डमै क्रियाशील पत्रकारको संख्या कम देखिने गरेको छ ।

नेपाल पत्रकार महासंघ बाँके शाखामा आबद्ध पत्रकारको संख्या नै दुई सय बढी छ । महासंघको सदस्य बनेका पत्रकार कुनै न कुनै मिडियामा आबद्ध छन् । महासंघको सदस्य नै नभएका व्यक्ति पनि मिडिया हाउसमा काम गरिरहेका छन् । एउटा सञ्चार गृह हुनका लागि कम्तीमा ३ जना कार्यरत भएको हुनुपर्छ । यसर्थ यहाँका कूल सञ्चारगृहलाई तीनले गुणन गर्ने हो र पत्रिका, रेडियो र टेलिभिजनमा रहेको बढी

जनशक्तिलाई जोड्ने हो भने एक हजारभन्दा बढीले बाँकेका मिडिया हाउसबाट रोजगारी पाएको अनुमान लगाउन सकिन्छ । श्रमजीवी पत्रकार ऐनले तोके अनुसारको पारिश्रमिक यहाँका श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई दिइएको छैन । ऐन अनुसार नियुक्ति पत्र, न्यूनतम् पारिश्रमिक, काम गर्ने समय, विदालगायतका सुविधा पनि उपलब्ध छैनन् । धेरै कुरा आपसी समझदारीको विषय नै बनेको देखिन्छ ।

**मिडियामा सरकारी सहयोग**

मिडियालाई सरकारी सहयोग भनेकै लोककल्याणकारी विज्ञापन हो । पत्रपत्रिका र रेडियोको वर्गीकरणबाट यस्तो सुविधा उपलब्ध हुन्छ । जिल्लामा यस्तो सुविधा निकै कम मात्र मिडियाले पाएका छन् । दैनिक नेपालगञ्ज र कालपृष्ठ दैनिकले 'क' वर्गको सुविधा पाएका छन् भने अन्य दैनिक र साप्ताहिक गरी १४ वटा पत्रिकाले 'ख', 'ग' र 'घ' वर्गको सुविधा पाएका छन् । जिल्लाका केही सामुदायिक रेडियोले सञ्चार तथा प्रविधि मन्त्रालयबाट लोक कल्याणकारी विज्ञापन पाएका छन् । यो सुविधा सबै रेडियोले पाएका छैनन् । पत्रिकामा जस्तो वर्ग अनुसार नभई रेडियोको लोक कल्याणकारी विज्ञापन दामासाही हिसाबले हुन्छ ।

नेपालगञ्ज उपमहानगरपालिकाले लगातार दुई वर्ष लोक कल्याणकारी विज्ञापन उपलब्ध गराएको छ । यो सुविधा पत्रिका, रेडियो र अनलाइन गरी सबै खालका मिडियालाई उपलब्ध गराइएको थियो । २०७५ सालमा एक हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म र २०७६ सालमा दामासाही हिसाबले सबै मिडियालाई एकमुष्ट रूपमा दश/दश हजार रूपैयाँका दरले उपलब्ध गराएको थियो । प्रदेश सरकारले भने यहाँका मिडियालाई कुनै सहयोग गरेको छैन ।

कोरोना कहरका बेलामा पत्रिका प्रकाशन गर्न नसकेर कालपृष्ठ लगायतका पत्रिकाहरूले नियमित रूपमा पाउँदै आएको लोक कल्याणकारी विज्ञापन पाउनबाट पनि बञ्चित भएको कालपृष्ठका सम्पादक हेमन्त कर्माचार्यले बताए । विज्ञापन वापतको रकम पाउन निश्चित अंक प्रकाशित हुनुपर्ने, लकडाउनकै बेला पत्रिका लगेर हुलाक कार्यालयमा बुझाउनुपर्ने लगायतको झन्झटिलो प्रावधान पूरा गर्न नसक्दा आफूले सुविधावापत पाउँदै आएको रकमबाट मिडियाहरु बञ्चित हुनुपरेको हो । कोरोनाका कारण नियमित रूपमा प्रकाशित गर्न नसकेका पत्रिकाहरूले चालु आर्थिक वर्षमा पनि अंक नपुगेर यो सुविधा गुमाउने खतरा देखिन्छ ।

**कोरोनाको मारमा मिडिया**

कोरोना भाइरसका कारण चैत्रबाट देशभर एकसाथ बन्दाबन्दी शुरु भयो । त्यही दिनदेखि बाँकेका पत्रिकाको प्रकाशन बन्द भयो । चैत्रमा बन्द भएका केही पत्रिका असोजदेखि नियमित भएका छन् भने केही पत्रिका अझै पनि सञ्चालनमा आउन सकेका छैनन् । रेडियो र टेलिभिजनले भने नियमित रूपमा काम गरिरहे । यो अवधिमा सबैभन्दा बढी फस्टाएको मिडिया अनलाइन भयो । अनलाइन मिडियाले भरपूर रूपमा काम गरेको प्रस्तावित अनलाइन पत्रकार संघ बाँकेका अध्यक्ष रूद्र सुवेदीले बताए । पत्रिका र रेडियोले पनि अनलाइन संस्करणलाई सक्रिय बनाए । कोरोनाको जोखिम मोलेर मिडिया सञ्चालन गर्दा पनि मिडियालाई कतैबाट सहयोग नभएको, राजधानीका मिडियामा काम गर्ने पत्रकार आधा तलबमा काम गर्न बाध्य भएको, कतिपय कटौतीमा परेको, स्थानीय मिडियाले पनि जागिर कटौती गरेको र आंशिक रूपमा मिडियामा काम गर्नेहरूको जागिर नै धरापमा परेको सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) बाँकेका संयोजक आरिफ अन्सारीले बताए । अन्सारीको भनाइमा यस्तो समस्या सबैभन्दा बढी रेडियोहरूमा देखियो ।

कोरोना कहरकै क्रममा फ्रन्टलाइनमा बसेर काम गर्ने कतिपय पत्रकार संक्रमित भए । कोरोना नभएका पत्रकार पनि त्रासमै बसे तर पत्रकारले सुरक्षाका विधि अपनाउँदै रिपोर्टिङ जारी राखे । जिल्लाका ८ स्थानीय

तहले कोरोनाका नाममा झन्डै १९ करोड रूपैयाँ खर्च गरे । १० करोड रूपैयाँभन्दा बढीको राहत नै वितरण गरे तर पत्रकारले त्यसबाट कुनै किसिमको सहयोग पाएनन् । कतिपय स्थानीय तहले मास्क र सेनिटाइजर पत्रकारलाई पनि उपलब्ध गराए । कोरोना कहरका कारण पत्रिका नियमित हुन नसक्दा लोक कल्याणकारी विज्ञापन वापतको रकम भुक्तानी पाउनबाट पनि मिडिया बञ्चित भएको गुड न्यूज साप्ताहिकका सम्पादक तथा प्रेस संगठन बाँकेका संयोजक डक्टप्रसाद धितालले बताए । पहिले यस्तो भुक्तानी सञ्चार केन्द्र बाँकेबाट हुन्थ्यो । सरकारले बुटवलको जिल्ला हुलाक कार्यालयलाई त्यस्तो जिम्मेवारी दिएपछि साधन नहुने पत्रकार पत्रिका प्रकाशित गरेर पनि समयमै बुझाउन जान सकेनन् जसका कारण लोक कल्याणकारी विज्ञापन पाउनबाट उनीहरु बञ्चित भएका हुन् । जिल्लामा कार्यरत पत्रकारलाई केही सञ्चार माध्यमले कोरोना बीमा गरिदिएका छन् भने नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश कमिटीले प्रदेश सरकारको सहयोगमा बीमा गरेको थियो ।

**बाँकेको पत्रकारिताका चुनौती**

जिल्लामा मिडियाको संख्या बढ्दो क्रममै छ । पत्रकारिता फस्टाउँदो अवस्थामा रहेपनि पछिल्लो समयमा व्यवसायिकताको अभाव हुँदै गएको छ । धेरै जस्ता चुनौतीहरू पत्रकारले आफैले सिर्जना गरेका छन् । जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

दक्ष जनशक्ति अभाव

जिल्लामा पत्रकारिताको व्यवसायिक तालिम सञ्चालन गर्ने नेपाल प्रेस इन्सिच्यूट (एनपीआई) को क्षेत्रीय सञ्चार केन्द्र २०५३ सालदेखि नेपालगञ्जमा छ । दोस्रो पुस्ताका पत्रकारलाई पत्रकारिताको व्यवसायिक सीप क्षमता विकास गर्न एनपीआइको महत्वपूर्ण भूमिका छ तर पछिल्लो एक दशक यता एनपीआइले अपेक्षाकृत तालिमहरु सञ्चालन गर्न सकेको छैन । फाट्टफुट्ट रूपमा सञ्चालन हुने तालिम पनि पत्रकारिताको नवप्रवेशीका लागि मात्र भइरहेको छ । पत्रकारिताको व्यवसायिक तालिम दिने संस्थाको अभाव छ जसका कारण दक्ष जनशक्तिको अभाव छ । मिडिया हाउसबाट यस्ता किसिमका तालिमहरु हुन सकेको छैन ।

जनशक्ति पलायन

पत्रकारितामा लामो समय क्रियाशील जनशक्ति पलायन भएका छन् जसका कारण पनि पत्रकारिताको अभ्यास गर्दै गरेका नयाँ पुस्तामा यहाँको पत्रकारिताको बिंडो थाम्ने अभिभारा छ । पत्रकारितामा आयआर्जनको भरपर्दो स्रोत बनाउन सक्ने हो भने जनशक्ति पलायन रोक्न सकिने सम्भावना अझै छ ।

चाँडो सम्पादक हुने रहर

पत्रिकाको सम्पादक हुनका लागि न्यूनतम पनि स्नातक तह उत्तीर्ण वा १० वर्ष सम्पादन गरेको व्यक्ति हुनुपर्छ । तर, पछिल्लो समय एक/दुई वर्ष मात्र पत्रकारिता गरेका व्यक्तिमा पनि चाँडो चाँडो सम्पादक बन्ने रहर जागेको देखिन्छ । यस्तो अभ्यास पत्रिका र अनलाइन दुबै मिडियामा छ । आफू स्नातक उत्तीर्ण नभएकाले अरूलाई सम्पादक बनाउने र सबै काम आफैले गर्ने भइरहेको छ । यस्ता जनशक्तिबाट सम्पादन हुने समाचार निष्पक्ष, तटस्थ र विश्वसनीय हुने कुरा कठिन छ ।

संस्थागत विकासको अभाव

नेपालको कानुनले सञ्चार गृह हुनका लागि कम्तीमा तीन जना जनशक्ति कार्यरत रहेको हुनुपर्ने व्यवस्था छ । तर, पछिल्लो समय अनलाइन मिडियाको ह्वात्तै विकास भएको देख्दा व्यक्ति विशेषका मिडिया भएका छन् । धेरैजसोको कार्यालय नै छैनन् । एउटै व्यक्ति सबै भूमिकामा क्रियाशील भएको छ जसका कारण मिडियाको संस्थागत विकास हुन सकेको छैन ।

अस्वस्थ प्रतिष्पर्धा

मिडियाको संस्थागत विकास नहुँदा मिडियाहरूबीच अस्वस्थ प्रतिष्पर्धा पनि भइरहेको छ । विज्ञापनमा मिडियाले कायम गरेको दररेटअनुसार विज्ञापन पाउन गाह्रो छ । एउटाले विज्ञापन पाउँदा अर्कोले त्योभन्दा घटाएर कम दरमा प्रकाशित गरिदिन्छन् । विज्ञापनकै कारण कतिपय वेला एउटाले लेखेको समाचार अर्को प्रतिष्पर्धी मिडियाबाट विज्ञापनका रूपमा खण्डन वा पत्रकार सम्मेलन गराएर समाचार प्रकाशित पनि हुने गरेको छ । यही अस्वस्थ प्रतिष्पर्धाका कारण विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्ने प्रचलन बढ्दो छ ।

कम लगानी र जनशक्तिबाट मिडिया सञ्चालन

पत्रिका होस् वा अनलाइन मिडियामा नाम मात्रको लगानी छ । धेरै जसोको कार्यालय नै छैनन् । कर्मचारी भनेका आफू र परिवारका सदस्य मात्र छन् । यसरी मिडिया सञ्चालन हुँदा पूर्ण रूपमा व्यवसायिक काम गर्न सम्भव हुँदैन । अभ्यासमा त्यस्तै भइरहेको छ ।

श्रमजीवी पत्रकार ऐनको पूर्ण पालना नहुन

जिल्लामा ठूला लगानीमा सञ्चालन गरिएका पत्रिका, रेडियो र टेलिभिजनले पनि पूर्ण रूपमा न्यूनतम् पारिश्रमिक दिन सकेका छैनन् । सानो लगानीका मिडियामा त झन् श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन कागजीरूपमा मात्र छ । सबै मिडिया हाउसले बैंकमार्फत पैसा भुक्तानी गर्दैनन् । नियुक्ति पत्र दिएका छैनन् । श्रमजीवीले न्यूनतम पारिश्रमिकमा काम गर्नुपरेको छ । त्यो पनि समयमा नपाउने अवस्था छ ।

**निष्कर्ष**

पत्रकारिता क्षेत्रको विकासको हिसाबले लुम्बिनी प्रदेशमा बाँके जिल्ला अग्रणीमध्येको एक हो । संख्यात्मक र गुणस्तरको हिसाबले अगाडि भएपनि मिडियाको संस्थागत विकास भने त्यतिसारो भएको छैन । सञ्चार गृह खुल्नु नै समग्र मिडियाको विकास होइन । त्यसको संस्थागत विकास भए/नभएको सूचक पनि हेर्न जरूरी हुन्छ । मिडिया कति व्यवसायिक छन् ? संस्थागत संरचना कस्ता छन् ? त्यहाँ कार्यरत जनशक्ति कस्ता छन् ? ती जनशक्तिको क्षमता अभिवृद्धि भइरहेको छ वा छैन ? उनीहरूले काम गर्दा नियुक्ति पाएका छन् वा छैनन् ? सरकारले तोकेअनुसारको न्यूनतम् पारिश्रमिक पाएका छन् वा छैनन् ? जिल्लामा कार्यरत पत्रकारले पत्रकारितालाई नै मुख्य पेशा बनाएका छन् वा अरू नै पेशामा आबद्ध भएका व्यक्तिले पत्रकारिताको बिडो धानिरहेका छन् ? यी र यस्तै पक्षले मिडियाको व्यवसायिकता निर्धारण गर्छ । बाँके जिल्लामा यी सबै सूचकको पूर्ण पालना हुन सकेको छैन ।

जिल्लामा सबैभन्दा बढी छापामाध्यम १७४ वटा रहेको देखिन्छ । छोटो समयमै संख्यात्मक वृद्धि भएको अनलाइन मिडिया हो । २ वर्षको अवधिमा ३५ वटा अनलाइन मिडिया पुगेका छन् । जिल्लामा १९ वटा एफएम रेडियो रहेकोमा ५ वटाबाहेक अधिकांश सामुदायिक छन् । तर, आधा दर्जनको हाराहारीमा यहाँका एफएम रेडियो बन्द पनि भइसकेका छन् । जिल्लामा फस्टाउन नसकेको मिडिया टेलिभिजन हो । जिल्लामा कूल ४ वटा च्यानल रहेकोमा २ वटा बन्द भइसकेका छन् । एक सरकारी र अर्को नीजि च्यानल सञ्चालन भएपनि दुबै जेनतेन हिसाबले मात्र सञ्चालन भएका छन् ।

**सन्दर्भ सामग्री**

अधिकारी, तुला (२०६६), आठ वर्षमा ३८ एफएम, नेपालगञ्ज, काठमाडौं : नेपाल पत्रकार महासंघ ।
अधिकारी, कृष्ण (२०५८), नेपालगञ्ज र दाङको मिडिया : केही आशा केही निराशा, क्षेत्रीय मिडिया विगत र वर्तमान, काठमाडौं : मार्टिन चौतारी ।
आचार्य, उज्ज्वल (२०७१), मिडिया रिडर, अनलाइन पत्रकारिता, काठमाडौं : विशेष संस्करण प्रकाशक नेपाल पत्रकार महासंघ ।
गुप्त, पन्नालाल, चुके, पूर्णलाल, वैश्य, रामगोपाल, अलि, लियाकत (२०६१), सिर्जनशील नेपाली पत्रकारहरू कास्की, ऋतुवर्ण पराजुली (सम्पा.), विराटनगर : तेस्रो विश्व साप्ताहिक ।
गैरे, झलक (२०६६), भेरी : आसलाग्दो फड्को मार्दै, नेपालगन्ज, काठमाडौं : नेपाल पत्रकार महासंघ ।
गैरे, झलक (२०७६), संस्थागत हुनै बाँकी बाँकेको पत्रकारिता, सद्भावको शहर नेपालगञ्ज, बाँके : मध्यपश्चिम स्रष्टा समाज ।
चुके, पूर्णलाल (२०५५), मध्यपश्चिमाञ्चलको पत्रकारिता र वर्तमान चुनौतीहरू, पत्रकारिता र यसका चुनौतीहरु (कार्यपत्र संग्रह, काठमाडौं : प्रेस काउन्सिल नेपाल ।
चुके, पूर्णलाल (२०५८), बाँके जिल्लाको संक्षिप्त इतिहास, क्षेत्रीय मिडिया विगत र वर्तमान, काठमाडौं : मार्टिन चौतारी ।
चुके, पूर्णलाल (२०७६), नेपालगञ्जको पत्रकारिता र साहित्यिक पत्रकारिता, सद्भावको सहर नेपालगञ्ज, बाँके : मध्यपश्चिम स्रष्टा समाज ।
चौरसिया, महेश (२०६६), ८० वर्षे रिपोर्टर, नेपालगञ्ज, काठमाडौं : नेपाल पत्रकार महासंघ ।
देवकोटा, गृष्मबहादुर (२०५९ तेस्रो संस्करण), नेपालमा छापाखाना र पत्रपत्रिकाको इतिहास, ललितपुर : साझा प्रकाशन ।
बस्नेत, श्रीराम (२०७०), पचास वर्षको सेरोफेरोमा, रासस दिग्दर्शन, काठमाडौ : राष्ट्रिय समाचार समिति ।
वन्त, प्रत्यूष र अन्य (सम्पादक), (२०६१), रेडियो नेपालको सामाजिक इतिहास, काठमाडौं : मार्टिन चौतारी ।
विरही, रेशम (२०६६), नेपालगञ्जको पत्रकारिता, नेपालगञ्ज, काठमाडौं : नेपाल पत्रकार महासंघ ।
हुमागाई, लक्ष्मण (२०७५), प्रसारण सिद्धान्त र व्यवहार, नेपालमा टेलिभिजन विकासक्रम, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरू**

तुला अधिकारी, स्टेशन प्रमुख, रेडियो कृष्णसार ९४ मेघाहर्ज नेपालगञ्ज ।
आरिफ अन्सारी, स्टेशन प्रमुख, रेडियो भेरी एफएम नेपालगञ्ज ।
झलक गैरै, प्रधान सम्पादक, दैनिक नेपालगञ्ज ।
हेमन्त कर्मचार्य, सम्पादक, कालपृष्ठ दैनिक ।
रूद्र सुवेदी, अध्यक्ष, प्रस्तावित अनलाइन पत्रकार संघ ।
नरेन्द्र थापा, समाचार प्रमुख, बागेश्वरी टेलिभिजन नेपालगञ्ज ।
डक्ट धिताल, संयोजक, प्रेस संगठन बाँके ।
महानन्द ढकाल, पूर्वकार्यक्रम प्रमुख, कोहलपुर टेलिभिजन कोहलपुर ।
जनक नेपाल, सम्पादक, नेपालगञ्ज इ-बुलेटिन समाचार समितिका सम्पादक ।
नरेशबाबु श्रेष्ठ, कोरोना फोकल पर्सन, जिल्ला स्वास्थ्य कार्यालय बाँके ।

# अर्घाखाँचीमा पत्रकारिता र कोरोना प्रभाव

**प्रेमनारायण आचार्य**

अर्घाखाँची जिल्लाको पत्रकारिताको इतिहास हेर्ने हो भने २०३८ सालमा मोदनाथ प्रश्रितबाट पत्रकारिता शुरु भएको देखिन्छ । उनले जयतु संस्कृतम्मार्फत पत्रकारिता शुरु गरेको मानिन्छ । प्रश्रितपछि जिल्लाको सदरमुकाममा बसेर २०४४ सालमा स्वर्गीय भक्तिराम घिमिरेले राष्ट्रिय समाचार समितिको अर्घाखाँची संवाददाता भएर काम गरेको पाइन्छ । २०४५ सालमा विष्णु प्रसाद भुसालले देशान्तर पत्रिकाको अर्घाखाँची संवाददाता भएर काम गरे । देशान्तरपछि उनले २०४८ सालमा राष्ट्रिय समाचार समितिमा रहेर जिल्ला संवाददाताको रूपमा काम शुरू गरे । भुसालले प्रति समाचारको तीन रूपैयाँदेखि पाँच रूपैयाँसम्ममा काम गर्न शुरु गरेको बताए ।

जिल्लाको सदरमुकाम सन्धिखर्कबाट २०५४ सालमा माया भुसाल प्रकाशक तथा पहिला धर्म भुसाल र पछि विष्णु खनाल (मुस्कान) प्रधान सम्पादक रहेर भू-सन्देश नामक साप्ताहिक पत्रिका प्रकाशन भयो । त्यसै बर्ष शालिकराम आचार्यले अर्घाखाँची सन्देश नामक पत्रिका प्रकाशन गरे जसमा सम्पादक आचार्य नै थिए । स्थानीय स्तरमा खुलेका पत्रिका, बुटबल तथा काठमाण्डौबाट प्रकाशन तथा प्रसारण हुने मिडियामा २०५४ सालपछि धेरै पत्रकारहरु ले काम शुरू गरेको देखिन्छ । २०६२/०६३ को जनआन्दोलनअघि अर्घाखाँचीको जिल्लाको पत्रकारिता सामान्य रूपमा अघि बढेको थियो । जिल्लामा अहिलेसम्म एक दर्जन पत्रिका दर्ता भएपनि कुनै पनि पत्रिका नियमित रूपमा प्रकाशित हुन सकेका छैनन् । केही समय निकाल्ने र नियमितता दिन नसक्ने अवस्था छ । अहिले पनि पत्रिकाको समाचार पढ्न तथा कुनै लेख तथा समाचार छाप्नका लागि बुटबल तथा काठमाण्डौका पत्रपत्रिकाहरूकै भर पर्नुपर्ने अवस्था छ ।

तत्कालीन माओवादीको सशस्त्र द्वन्द्वका क्रममा जिल्लामा रहेका पत्रकारहरूले निकै समस्या भोग्नुपर्‍यो । अझ अर्घाखाँचीको जलुकेमा घर भएका तत्कालीन माओवादी विचारसँग निकट रहेका पत्रकार कृष्णसेन इच्छुकलाई तत्कालीन राज्यपक्षले निर्ममतापूर्वक हत्या समेत गरेको थियो । अझ पछि तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकालमा मिडियामाथि प्रतिबन्ध लाग्यो जतिखेर जिल्लामा रहेका पत्रकारलाई समाचार संकलन र लेखनमा धेरै नै समस्या भयो । २०६२/०६३ को जनआन्दोलनको समयमा पत्रकारहरूले टेलिफोनबाट समाचार टिपाएर होस् वा फ्याक्स पठाएर होस्, जिल्लाको राजनैतिक गतिविधिका विषयमा जानकारी गराउने काम गरे । त्यही आन्दोलनले लोकतन्त्रलाई पुनर्स्थापित गरेपछि जिल्लामा पत्रकारिताको विकास अघि बढेको हो । अहिले जिल्लामा क्रियाशिल पत्रकारहरूको संख्या ६५ जनाको हाराहारीमा छ भने पत्रकार महासंघको सदस्य संख्या चाहिं एक सय ३० जना छन् ।

**रेडियोमा लगानी**

सूचनाको हकसम्बन्धी ऐन २०६४ लागू भएसँगै अर्घाखाँचीमा पनि एफएम रेडियोहरु सञ्चालनमा आउन थालेका हुन् । हाल जिल्लामा ५ वटा सामुदायिक र ३ वटा व्यवसायिक रेडियो सञ्चालनमा छन् ।

**तालिका १ : अर्घाखाँचीमा रेडियो सञ्चालन र लगानीको अवस्था**

| क्र.सं. | दर्ता भएका रेडियो | सञ्चालनमा रहेको स्थान | लगानी | क्षमता (वाट) |
|---|---|---|---|---|
| | | **सामुदायिक रेडियो** | | |
| १ | रेडियो देउराली | सन्धिखर्क | ५२ लाख | ५०० |
| २ | रेडियो अर्घाखाँची | सन्धिखर्क | ४० लाख | ५०० |
| ३ | रेडियो सुर्योदय | सन्धिखर्क | ४० लाख | ५०० |
| ४ | रेडियो सगर्ब | सन्धिखर्क | ३० लाख | ५०० |
| ५ | रेडियो मालारानी | मालारानी | ३० लाख | २५० |
| | | **व्यवसायिक रेडियो** | | |
| ६ | रेडियो नयाँ एफएम | सन्धिखर्क | २० लाख | १०० |
| ७ | रेडियो सन्धिखर्क | सन्धिखर्क | २५ लाख | २५० |
| ८ | रेडियो सितगंगा | ठाडा | २५ लाख | १०० |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

जिल्ला सदरमुकामलाई आधार वनाएर रेडियो देउराली, रेडियो अर्घाखाँची, रेडियो सुर्योदय, रेडियो सगर्ब, नयाँ एफएम, सन्धिखर्क एफएम गरी ६ वटा रेडियो सञ्चालनमा छन् । सितगंगा नगरपालिकाको केन्द्र ठाडाबाट रेडियो सितगंगा र मालारानी गाउँपालिकाको केन्द्र खनदहबाट रेडियो मालारानी सञ्चालनमा छन् ।

## रेडियोको पहुँच

एक सयदेखि ५०० वाटमा सञ्चालित रेडियोहरूको फैलावट अर्घाखाँची जिल्ला र आसपासका छिमेकी जिल्ला रहेका छन् । गुल्मी, प्यूठान, पाल्पा, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, रोल्पा, नवलपरासी, रोल्पा, रूकुम, रूकुम पूर्व, सल्यान, जाजरकोट, दैलेखसम्म रेडियो सुन्न सकिन्छ । रेडियो देउरालीले आफ्नो रेडियोको पहुँच ३६ जिल्लामा रहेको दावी गरेको छ । रेडियोहरूको बजार पहुँच जे जसरी छिमेकी जिल्लाहरूमा समेत रहेको छ त्यसैगरी विज्ञापन बजारपनि फैलिएको छ । रेडियो देउरालीले आफ्नो विज्ञापन बजार गुल्मी, प्यूठान, पाल्पा, रूपन्देही, कपिलबस्तु, दाङ, बाँकेका साथै काठमाण्डौसमेत रहेको वताएको छ । रेडियो देउरालीका अध्यक्ष युवराज खत्रीका अनुसार अर्घाखाँची बाहिरका विभिन्न व्यवसाय, उद्योग र व्यापारिक प्रतिष्ठानहरूले रेडियोमा विज्ञापन दिने गरेका छन् ।

## मिडियामा सरकारी सहयोग

रेडियो सगर्बलाई गत वर्ष पूर्वाधार विकास अर्थात् संसद विकास कोषबाट ३० लाख रूपैयाँ विनियोजन गरिएको थियो । विभिन्न कार्यक्रमको नाममा रेडियो सितगंगालाई सितगंगा नगरपालिकाले पाँच लाख, रेडियो मालारानीलाई मालारानी गाउँपालिकाले पाँच लाख रूपैयाँ सहयोग गरेको छ । स्थापनाको समयमा तत्कालीन जिल्ला विकास समिति अर्घाखाँचीले रेडियो अर्घाखाँचीलाई र रेडियो देउरालीलाई दुई/दुई लाख रूपैयाँ दिएको थियो । यसबाहेक अन्य रेडियोहरूले सरकारबाट सहयोग प्राप्त नगरेको बताए ।

पछिल्ला दिनमा स्थानीय मिडिया प्रवर्द्धनका लागि भन्दै केही स्थानीय तहहरूले बजेट विनियोजन गर्ने गरेका छन् । गत वर्ष हेल्लो नगरपालिकाको नाममा सन्धिखर्क नगरपालिकाले ४ लाख विनियोजन गरी सबै रेडियोहरूलाई दिएको थियो । गत वर्ष छत्रदेव गाउँपालिकाले रेडियो कार्यक्रममा दुई लाख रूपैयाँ विनियोजन गरेको थियो । यो सहयोग प्राप्त गरेका सञ्चार माध्यमहरूले स्थानीय तहको वर्षभरिको सूचना, प्रत्यक्ष प्रसारण

निशुल्क प्रसारण गरेका थिए भने जनतासँग नगरपालिका, जनतासँग गाउँपालिका जस्ता कार्यक्रम र सार्वजनिक सुनुवाइ पनि सञ्चालन गरेका थिए ।

रेडियोहरूले स्थानीय सरकारको सार्वजनिक सुनुवाइ कार्यक्रम पनि सञ्चालन गर्दै आएका छन् । रेडियो देउरालीले सन्धिखर्क नगरपालिका-३ र पाणिनि गाउँपालिकाको सार्वजानिक सुनुवाइ कार्यक्रम सञ्चालन गरेको थियो । कोरोनाका कारण विद्यालय बन्द भएपछि रेडियोबाट पढाइ सञ्चालन गर्न र विद्यार्थीलाई पढ्न सहयोग होस् भनी रेडियो शिक्षा कार्यक्रम पनि सञ्चालन गरेका छन् जसका लागि सन्धिखर्क नगरपालिकाले सन्धिखर्कमा भएका सबै ६ वटा रेडियोलाई एकमुष्ट ३ लाख रूपैयाँ उपलब्ध गराएको छ । सितगंगा नगरपालिकाले रेडियो शिक्षाको लागि सितगंगा रेडियोलाई तीन लाख र मालारानी गाउँपालिकाले रेडियो मालारानीलाई तीन लाख उपलब्ध गराएर रेडियोबाट भर्चुअल कक्षा सञ्चालन भएका छन् । सबै स्थानीय सरकारहरूले वर्षभरी बजाएका सूचना तथा सन्देशको केही रकम पनि रेडियोहरूलाई दिदै आएका छन् ।

**सञ्चारमा जनशक्ति अवस्था**

रेडियोमा सामान्य पारिश्रमिक दिएर पत्रकार तथा प्रशासनिक कर्मचारी व्यवस्थापन गरिएको छ । जिल्लाका सञ्चार माध्यममा काम गर्ने पत्रकार र कर्मचारीको संख्या ६४ जना देखिन्छ जसमध्ये पूर्णकालीन रूपमा पत्रकार र प्रशासनिक कर्मचारी गरी ४६ जना कार्यरत रहेका छन् । यसैगरी आंशिक रूपमा काम गर्ने पत्रकारको संख्या १८ जना रहेका छन् ।

पूर्णकालीन भनिएका पत्रकार र कर्मचारीहरूको पारिश्रमिक पनि अत्यन्तै न्यून रहेको पाइन्छ । मासिक ५/७ हजार तलब सुविधा पाउने गरी ती पत्रकार र कर्मचारीहरूले जिल्लाका सञ्चार माध्यमहरूमा काम गरिरहेका छन् । आंशिक रूपमा काम गर्नेहरूलाई दैनिक काम गरेको दिनको आधारमा सुविधा दिने गरेको सञ्चार माध्यमहरूले बताएका छन् ।

**तालिका २ : अर्घाखाँचीका सञ्चार माध्यममा जनशक्ति अवस्था**

| सञ्चारमाध्यम | जनशक्ति | | | | |
|---|---|---|---|---|---|
| | पूर्णकालीन | | आंशिक | | जम्मा |
| | पत्रकार | प्रशासनिक | पत्रकार | प्रशासनिक | |
| रेडियो देउराली | ८ | ३ | ५ | ० | १६ |
| रेडियो अर्घाखाँची | ४ | १ | ४ | ० | ९ |
| रेडियो सूर्योदय | ३ | १ | १ | ० | ५ |
| रेडियो सगर्ब | ३ | १ | २ | ० | ६ |
| रेडियो मालारानी | ५ | १ | ३ | ० | ९ |
| रेडियो सन्धिखर्क | ३ | १ | ३ | ० | ७ |
| रेडियो सितगंगा | ५ | २ | ० | ० | ७ |
| नयाँ एफएम | ४ | १ | ० | ० | ५ |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

**कोभिडको असर**

अर्घाखाँची जिल्लामा कोभिड १९ को महामारीले सञ्चार माध्यमहरु बन्द नभएपनि आर्थिक संकट भने धेरै नै परेको नेपाल पत्रकार महासंघ अर्घाखाँचीका सस्थापक सभापति बिष्णु भुसालको भनाइ छ । बजारबाट रेडियोमा विज्ञापन आउन नसक्दा रेडियोमा अब के बजाउने भन्ने चिन्ता बढेर गएको भुसालले बताए । लकडाउन भएपछि रेडियो सुन्ने स्रोताको संख्यामा वृद्धि भएपनि बजार सुकेको रेडियो मालारानीका स्टेशन

म्यानेजर नविन केसीले बताए । 'रेडियोमा नयाँ विज्ञापन र सूचना त आएनन् नै, प्रसारणका लागि तय भइसकेका सूचनाको विज्ञापन पनि बन्द गर्नुपर्‍यो । विज्ञापनदाताले पैसा दिन नसक्ने बताएपछि त्यस्ता विज्ञापन बजाउन बन्द गर्नुको विकल्प रहेन', केसीले भने ।

रेडियो अर्घाखाँची आफ्नै भवनमा छ भने अन्य रेडियोहरु भाडाको घरबाट प्रसारण भएका छन् । यो अवस्थामा मासिक घरभाडा तिर्नसमेत समस्या भएको रेडियो सञ्चालकहरुको भनाई छ । लकडाउनमा घरभाडा तिर्न नसकेका केही रेडियोलाई घरधनीले घरभाडामा छूट पनि दिए । दुई महिनाको घरभाडा छूट पाएपछि ठूलो राहतको महसूस भएको रेडियो देउरालीका अध्यक्ष युवराज खत्रीले बताए । केही रेडियोले बिजुली र टेलिफोनको महसुल समेत तिर्न नसकेको खत्रीको गुनासो छ । कोरोना महामारीको समयमा आफू बसेको स्थानबाट रेडियो स्टेशनमा आएर समाचार बनाउन तथा प्रसारण गर्न समेत समस्या भएको पत्रकारहरुले बताए ।

कोभिड १९ को महामारीपछि भने विज्ञापन बजार झनै साँघुरिएको रेडियोका सञ्चालकहरुको भनाई छ । 'कोभिड १९ ले सञ्चार माध्यमहरू थिलोथिलो भएका छन् । विज्ञापन बजार घटेको छ', रेडियो सन्धिखर्कका स्टेशन म्यानेजर श्याम घिमिरेले भने । जिल्लामा कोभिड १९ पछिको आर्थिक संकटका कारण पत्रकारहरु जागिरबाट निकालिएका छैनन् । तर, लामो समयसम्म तलब नपाउने समस्या भने पत्रकारहरुले भोगिरहेका छन् । पाँच/सात हजारमै काम गर्ने पत्रकारहरुले समेत तलब नपाएको गुनासो छ । कोरोना विपद्सँगै लामो समयदेखि स्थानीय सञ्चार माध्यममा काम गर्ने पत्रकार तथा कर्मचारीले समेत तलब नपाएका कारण पत्रकारिताप्रति नयाँ पुस्ताको आकर्षण कम भएको देखिन्छ । एसइइ परीक्षा दिएसँगै हरेक वर्ष नयाँ पिँढीका युवायुवती रेडियोमा काम गर्ने गरी आउने गरेपनि यसपटक यो प्रक्रिया शुन्य रहेको छ ।

कोरोनाका कारण विद्यालय बन्द भएपछि रेडियोबाट पढाइ सञ्चालन गर्न र विद्यार्थीलाई पढ्न सहयोग होस् भनेर रेडियो शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । यसका लागि सन्धिखर्क नगरपालिकाले सन्धिखर्कमा भएका सबै ६ वटा रेडियोलाई एकमुष्ट ३ लाख उपलब्ध गराएको छ । सितगंगा नगरपालिकाले रेडियो शिक्षाको लागि सितगंगा रेडियोलाई तीन लाख र मालारानी गाउँपालिकाले रेडियो मालारानीलाई तीन लाख उपलब्ध गराए । ती रेडियोबाट भर्चुअल कक्षा सञ्चालन भएका छन् ।

जिल्लामा पत्रकारिताको विकासमा देखिएको मुख्य समस्या भनेको आर्थिक अभाव नै हो । यहाँ ठूला उद्योग, कलकारखाना तथा ठूला बजारहरु छैनन् । सञ्चार माध्यमको आर्थिक आयको मेरूदण्ड विज्ञापन नै भएकाले विज्ञापनका स्रोतहरू कम भएपछि जिल्लाका सञ्चार माध्यमहरु प्रायः संकटमा छन् । सञ्चार माध्यम नै आर्थिक संकटमा भएपछि तिनै सञ्चार माध्यममा काम गर्ने पत्रकारहरुलाई उचित पारिश्रमिक दिन नसक्ने स्थिति छ । यसरी उचित पारिश्रमिक नभएपछि पत्रकारिताबाट दक्ष जनशक्ति पलायन हुने सम्भावना पनि उत्तिकै छ ।

**अध्ययनको क्रममा कुराकानी गरिएका व्यक्तिहरु**

विष्णुप्रसाद भुसाल, सस्थापक सभापति, नेपाल पत्रकार महासंघ ।
हरिबहादुर खड्का, पूर्व सभापति, नेपाल प्रेस युनियन ।
सुर्यप्रसाद भुसाल स्टेशन प्रमुख, रेडियो देउराली ।
गोपाल भट्टराई, स्टेशन म्यानेजर, रेडियो अर्घाखाँची ।
सिद्धिप्रसाद भुसाल, अध्यक्ष, रेडियो सूर्योदय ।
हरिप्रसाद भुसाल, स्टेशन म्यानेजर, नयाँ एफएम ।
गणेश खनाल, स्टेशन म्यानेजर, रेडियो सगर्ब ।
श्याम घिमिरे, स्टेशन म्यानेजर, सन्धिखर्क एफएम ।
नविन केसी, स्टेशन म्यानेजर, रेडियो मालारानी ।
अराज वेल्वासे, स्टेशन म्यानेजर, शितगंगा एफएम ।

# कपिलवस्तुमा पत्रकारिता र कोभिडको प्रभाव

खगप्रसाद चापागाई

## पृष्ठभूमि

कपिलवस्तु जिल्लाको पत्रकारिताको इतिहास करिब पाँच दशक अघिबाट शुरु भएको देखिन्छ । वकिल समेत रहेका रामवरण शर्माले पञ्चायतकालमा पत्रकारिता गरेका थिए । २०२५ सालताका नै शर्माले पत्रकारिता शुरु गरेको उनका पारिवारिक सदस्यहरूको दावी छ । शर्माका छोरा के.पी शर्मा (जानसन) का अनुसार पत्रकार शर्माले नेपालका लागि प्रकाशन हुने नेपाल सन्देश र समिक्षा तथा भारतका पत्रपत्रिकामा समेत समाचार सम्प्रेषण गर्ने गर्दथे । अर्का कानून व्यवसायी बिष्णु कुमार श्रेष्ठले त्यसको दुई दशकपछि राष्ट्रिय समाचार समितिको प्रतिनिधिका रूपमा पत्रकारिता गरेको पाइन्छ । यद्यपि, उनले पत्रकारितालाई लामो समय निरन्तरता दिन भने सकेनन् । २०४६ सालअघि नारायण प्रसाद पौडेलले समाचार र लेख मार्फत पत्रकारिता क्षेत्रमा योगदान गरेका हुन् जसले अहिले पनि पत्रकारिता कर्मलाई निरन्तरता दिदै आएका छन् । २०४६ सालपछि पत्रकारिता शुरु गरेका मनोज पौडेलले पनि अहिलेसम्म आफनो पेशालाई निरन्तरता दिदै आएका छन् । २०५० सालतिर करिब २ दर्जन बढी व्यक्ति पत्रकारिता क्षेत्रमा जोडिए पनि अधिकांशले निरन्तरता दिन सकेका छैनन् । त्यतिवेला पत्रकारिता क्षेत्रमा प्रवेश गरेपनि लक्ष्मण पन्थी, चक्र बहादुर क्षेत्री, गुणनिधी भुसाल, नरहरि भट्टराई, शिखा जयसवाल, प्रकाश ज्ञवाली, कालिपद शर्मा, रबिन्द्रनाथ ठाकुर, सन्तराम गुप्ता लगायतले यो क्षेत्रलाई निरन्तरता नदिएको नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाका संस्थापक अध्यक्ष नारायण पौडेलद्वारा लिखित 'सबै भएर पनि केहि नहुनुको पिडा' नामक पुस्तकमा उल्लेख छ । २०४८ सालतिर छोटो समयमा उदाएर अस्ताएका कृष्णनगरका पत्रकार स्वर्गीय दुर्गा गुप्ता सम्झनै पर्ने नाम हो ।

२०५५ देखि २०६४ सालसम्म पत्रकारितामा प्रवेश गरेकामध्ये सञ्जय मल्ल, श्याम आचार्य, शसिधर सापकोटा, नन्दराम पौडेल, भेषराज पाण्डे, गोपाल भण्डारी, दामोदर कोइराला, किरणमान बज्राचार्य, बसन्त गिरी लगायतको पत्रकारितामा उपस्थिति यथावत नै छ । पछिल्लो समय प्रविधिको विकाससँगै युवा पुस्ता पत्रकारितामा खारिदै गएको छ भने पाको पुस्ताका अधिकांशले समेत आफूहरूलाई प्रविधिसँग रूपान्तरण गर्ने कार्यलाई निरन्तरता दिएका छन् । कपिलवस्तु जिल्लाबाट अहिले राष्ट्रियस्तरमा रहेका सबैजसो पत्रिकामा जिल्ला प्रतिनिधि छन् । कान्तिपुरमा मनोज पौडेल, नागरिकमा किरणमान बज्राचार्य, अन्नपुर्ण पोष्टमा गोपाल भण्डारी, गोरखापत्रमा जानु पाण्डे, नयाँ पत्रिकामा डिलाराम भुसाल, राजधानीमा पार्वती पाण्डे, नेपाल समाचारपत्रमा भेषराज पाण्डेको निरन्तरता छ । त्यसैगरी टेलिभिजनतर्फ कान्तिपुरमा मनोज पौडेल, एभिन्युजमा गोपाल भण्डारी, नेपाल टेलिभिजनमा बासुदेव वर्मा र पार्वती पाण्डे, एपी वानमा नारद कोहार, हिमालयमा खग प्रसाद चापागाई, माउन्टेनमा शम्भु माली, प्राईममा गुलाम अलि र अनिल माली, सगरमाथामा रमेश मिश्र,

ईमेजमा दिलिप कुमार यादवले रिपोर्टिङ गर्दै आएका छन् । बुटवलबाट प्रकाशित हुने सबैजसो दैनिक पत्रिकाले जिल्लामा एक वा सोभन्दा बढी संवाददाता खटाएका छन् ।

**छापा माध्यमको अवस्था**

पत्रकारको संख्या बढेपनि बहुदलीय व्यवस्थाको आगमनपछि पनि धेरै समयसम्म जिल्लामा पत्रिका भने प्रकाशित हुन सकेनन् । कपिलवस्तु जिल्लामा प्रकाशित पहिलो पत्रिकामा सोमेश्वर साप्ताहिक रहेको छ । गिरीराज घिमिरे प्रकाशक/सम्पादक रहेको पत्रिका २०५८ पुस १ गतेबाट प्रकाशित भई २०६४ असारदेखि निरन्तर हुन नसकेको अवस्था छ । घिमिरे नै सम्पादक रहेको बाणगंगा दैनिक पत्रिका दर्ता प्रक्रियामा गएपनि प्रकाशित भने हुन सकेन । दोस्रो जनआन्दोलन सकिएलगत्तै जिल्ला सदरमुकामबाट २०६३ असोज १३ गते कृष्ण प्रसाद ढकाल प्रकाशक/सम्पादक रहेको साप्ताहिक कपिलवस्तु सन्देश प्रकाशनमा आयो । सन्देशको प्रकाशन अहिले पनि नियमित नै छ ।

**तालिका १ : कपिलवस्तु जिल्लाका पत्रपत्रिकाहरूको अवस्था**

| क्र.सं. | पत्रपत्रिका | दर्ता साल | हाल प्रकाशनमा रहेको पत्रिका | लगानी |
|---|---|---|---|---|
| **दैनिक** | | | | |
| १ | बुद्ध दर्पण दैनिक | २०७२ | बुद्ध दर्पण दैनिक | १ करोड ५० लाख |
| **साप्ताहिक** | | | | |
| २ | कपिलवस्तु दर्पण | २०७२ | कपिलवस्तु दर्पण | ५ लाख |
| ३ | साप्ताहिक बुद्ध आवाज | २०६४ | साप्ताहिक बुद्ध आवाज | २५ लाख |
| ४ | बुद्ध सन्देश साप्ताहिक | २०७१ | - | २५ लाख |
| ५ | साप्ताहिक साझा न्यूज | २०६७ | साप्ताहिक साझा न्यूज | ५० लाख |
| ६ | आर्थिक खबर | २०७५ | - | ३ लाख |
| ७ | साप्ताहिक उज्यालो खबर | २०६५ | - | ५ लाख |
| ८ | साप्ताहिक कपिलवस्तु सन्देश | २०६३ | साप्ताहिक कपिलवस्तु सन्देश | २५ लाख |
| ९ | लुम्बिनी दर्पण साप्ताहिक | २०७४ | लुम्बिनी दर्पण साप्ताहिक | २५ लाख |
| १० | कपिलवस्तु जागरण साप्ताहिक | २०७३ | - | ८ लाख |
| ११ | प्रादेशिक खबर | २०६८ | - | ५ लाख |
| १२ | खोज न्यूज टुडे | २०७० | खोज न्यूज टुडे | २५ लाख |
| १३ | शिवगढी सन्देश साप्ताहिक | २०७३ | - | ६ लाख |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

जिल्लामा सञ्चालित पत्रपत्रिकाहरु स्वरोजगारमूलक हिसाबले चलेका छन् । पत्रकारितामा सञ्चालकहरूकै आबद्धता देखिन्छ । सञ्चालकहरु नै प्रकाशक र सम्पादकको भुमिकामा बढी छन् । कपिलवस्तु जिल्लामा छापा माध्यमका लागि आवश्यक पूर्वाधार, जनशक्ति र उपकरणका लागि करिब २ करोड हाराहारीको लगानी देखिन्छ (हेर्नुस तालिका १) । जिल्लामा सञ्चालित पत्रिकाले कम्प्यूटर, प्रिन्टर, क्यामरा लगायतमा लगानी गरेका छन् भने आफ्नै अफसेट प्रेस नभएका कारण पत्रिका प्रकाशन खर्चिलो हुने गरेको छ ।

**छापा माध्यमको बजार**

कपिलवस्तु जिल्लामा प्रकाशित हुने पत्रपत्रिकाहरु लुम्बिनी प्रदेशका सबै जिल्लामा पुऱ्याउने गरेको सञ्चालकको दावी छ । जिल्लाबाट प्रकाशित बुद्ध दर्पण दैनिकले लुम्बिनी प्रदेशसँगै अन्य प्रदेशमा उपस्थिति देखाएको छ । जिल्लाका अन्य साप्ताहिक पत्रिका आधा दर्जन बढी जिल्लामा पुग्ने गरेका छन् । कपिलवस्तु जिल्लामा प्रकाशित हुने दैनिक पत्रिकाको विज्ञापन बजार भने साँघुरो रहेको लगानीकर्ता बताउँछन् । जिल्लाका स्थानीय तह र छिमेकी जिल्ला रूपन्देही, कपिलवस्तु र दाङ्का केही स्थानीय तहवाहेक अन्य स्थानबाट कपिलवस्तुमा प्रकाशित हुने पत्रपत्रिकालाई खासै विज्ञापन नआउने लुम्बिनी दर्पण साप्ताहिकका प्रकाशक मोहन बेल्बासे बताउँछन् । कोभिडको संक्रमणपछि स्थानीयस्तरमा पाउने व्यक्तिगत सूचना विज्ञापन रोकिँदा पत्रिका नियमित प्रकाशन गर्न अप्ठेरो भएको बेल्बासेको भनाइ छ ।

**रेडियोमा लगानी दोस्रो जनआन्दोलनपछि**

कपिलवस्तु जिल्लाको पत्रकारिता शुरु भएको दुई दशकपछि मात्रै रेडियोमा लगानी भएको अवस्था देखिन्छ । दोस्रो जन आन्दोलनपश्चात २०६३ साल असोजमा हाल बुद्धभूमि नगरपालिका-१० मा रहेको साविकको धनकौली गाविसको सनसाईन सामाजिक विकास संस्थाको अगुवाईमा रेडियो कपिलवस्तुले प्रसारणको अनुमति लिई परीक्षण प्रसारण शुरू गरेको थियो । सूचनाको हकसम्बन्धी ऐन २०६४ लागू भएसँगै तत्कालीन जिल्लाका विकासका साझेदारले रेडियोको आवश्यकता महसुस गर्न थाले । त्यसपश्चात जिल्लामा रेडियोहरू खुल्ने क्रममा वृद्धि भयो । हाल जिल्लामा ११ वटा सामुदायिक र ३ वटा व्यवसायिक रेडियो सञ्चालनमा छन् जसमध्ये १३ रेडियो नियमित प्रसारणमा रहेका छन् (हेर्नुहोस् तालिका २) ।

**तालिका २ : कपिलवस्तु जिल्लामा रेडियो सञ्चालनको अवस्था**

| क्र.स. | एफएमको नाम | मेगाहर्ज | ठेगाना | स्थापना मिति | एफएमको क्षमता | लगानी |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक रेडियो वुद्धआवाज | ८९.६ मेघाहर्ज | बाणगंगा-४ | २०६५ | ५ सय वाट | १ करोड |
| २ | रेडियो भ्वाइस | १०२.४ मेघाहर्ज | चन्द्रौटा | २०६८ | ५ सय | १ करोड |
| ३ | रेडियो समानता | १०५.४ मेघाहर्ज | चन्द्रौटा | २०६६ | १ सय वाट | ५० लाख |
| ४ | रेडियो परिवर्तन | ८९ मेघाहर्ज | तौलिहवा | २०६९ | १ सय वाट | ३५ लाख |
| ५ | शिवराज एफएम | १०६.८ मेघाहर्ज | चन्द्रौटा | २०७१ | १ सय वाट | ४० लाख |
| ६ | रेडियो हुदाँ तौलिहवा | ९३ मेघाहर्ज | तौलिहवा | २०७३ | ५ सय वाट | ३५ लाख |
| ७ | विजयनगर एफएम | १००.७ मेघाहर्ज | विजयराज | २०७५ | १ सय वाट | ३० लाख |
| ८ | रेडियो कपिलवस्तु | १०४.२ मेघाहर्ज | बुद्धभुमी | २०६३ | ५ सय वाट | ७० लाख |
| ९ | मायादेवी एमएम | १०६.१ मेघाहर्ज | बाणगंगा-४ | २०७१ | १ सय वाट | ५० लाख |
| १० | रेडियो बाणगंगा | ९०.६ मेघाहर्ज | बाणगंगा-७ | २०७१ | ५ सय वाट | १ करोड ३० लाख |
| ११ | रेडियो हटविर्ट | ९१.३ मेघाहर्ज | बाणगंगा-४ | २०७३ | १ सय वाट | ३५ लाख |
| १२ | मेरो साथि एफएम | | बुद्धभुमी न.पा. | २०७५ | | ३० लाख |
| १३ | रेडियो तिलौराकोट | | कपिलवस्तु ३ | २०६९ | १ सय वाट | २५ लाख |
| १४ | रेडियो संस्कृति | | कपिलवस्तु १ | २०७३ | १ सय वाट | २० लाख |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

कपिलवस्तुमा दर्ता भएकामध्ये हाल रेडियो तिलौराकोट सञ्चालनमा छैन । रेडियोका मुख्य सञ्चालक अनिल तिवारी केही समय वैदेशिक रोजगारीमा जाँदा अर्को समूहले रेडियो सञ्चालन गरेको थियो । पुनः सञ्चालक तिवारी जिल्ला फर्किएपछि रेडियोका सामग्रीहरु प्रयोग गरी रूपन्देहीको मर्चवारी गाउँपालिकामा नयाँ रेडियो सञ्चालनमा ल्याएका छन् । मुख्य सञ्चालक नै अर्को रेडियो सञ्चालनमा लागेको तथा उपकरण समेत अर्को रेडियोमा प्रयोग गरेसँगै रेडियो तिलौराकोट बन्द भएको हो । सञ्चालनमा रहेका अन्य १३ रेडियोमध्ये सदरमुकाम तौलिहवालाई आधार बनाएर रेडियो परिवर्तन, रेडियो कपिलवस्तु, रेडियो हुदाँ र रेडियो संस्कृति गरी ४ वटा रेडियो सञ्चालनमा छन् । त्यसैगरी राजमार्ग जोडिएको व्यापारिकस्थल जितपुर क्षेत्रमा रेडियो बुद्ध आवाज, रेडियो मायादेवी, रेडियो हर्टबिट, रेडियो बाणगंगा गरि ४ वटा रेडियो सञ्चालनमा छन् । मुख्य व्यापारिक क्षेत्र चन्द्रौटामा रेडियो समानता, रेडियो भ्वाईस, रेडियो शिवराज सञ्चालनमा छन् । त्यसैगरी राजमार्गको गोरूसिगेंमा मेरो साथि एफएम र सुदूर पश्चिमको बिजयनगर गाउँपालिकामा रेडियो बिजयनगर सञ्चालनमा रहेको छ । जिल्लामा सञ्चालित रेडियोहरूमा रेडियो बुद्धआवाज, रेडियो कपिलवस्तु र रेडियो बाणगंगा पूर्वाधारमा सम्पन्न छन् । रेडियो भ्वाईस पूर्वाधारयुक्त बन्दै छन् । कपिलवस्तुका १४ वटा रेडियो स्टेशनहरूमा करिब ७ करोड रूपैयाँ लगानी भएको छ (कुन रेडियोमा कति लगानीका लागि हेर्नुहोस् तालिका २) ।

**रेडियोको पहुँच**

कपिलवस्तु जिल्लामा सञ्चालनमा रहेका १ सयदेखि ५ सय वाटमा सञ्चालित रेडियोहरूको फैलावट कपिलवस्तु, अर्घाखाँची, रूपन्देही, दाङ, सल्यान, प्यूठान र बाँके जिल्लासम्म छ । प्रत्यक्ष रूपमा रेडियोबाट सुनेका आधारमा लुम्बिनी प्रदेशका केही जिल्लामा रेडियोको पहुँच देखिएपनि फेसबुक लाईभले रेडियोको पहुँचलाई विश्वव्यापी बनाएको रेडियो बाणगंगाका स्टेशन म्यानेजर गणेश पोखेलले बताए । कपिलवस्तुका रेडियोको मुख्य विज्ञापन क्षेत्रमा रूपन्देहीको केही बजार क्षेत्र, लुम्बिनी क्षेत्र, अर्घाखाँचीका दक्षिण क्षेत्रका पालिकाहरु, दाङका पूर्वी क्षेत्रका पालिकाहरु र कपिलवस्तु जिल्लाको बजार क्षेत्र देखिन्छ । केही रेडियोहरूमा भारतीय बजारका विज्ञापन समेत आउने गरेका छन् । जिल्लाको चन्द्रौटा-कृष्णनगर करिडरमा अधिकांश उद्योग व्यवसाय रहेपनि त्यहाँका विज्ञापनहरु राष्ट्रियस्तरका विज्ञापन एजेन्सीबाट ठूला मिडिया हाउसमा जाने गरेको रेडियो समानताका स्टेशन म्यानेजर कृष्ण गैरेले बताए ।

**बजार लिदै अनलाईन**

कोरोना संक्रमणका बेलामा पनि कपिलवस्तु जिल्लामा अनलाईनको राम्रो उपस्थिति देखिएको छ । कपिलवस्तु जिल्लामा प्रेस पार्टी, ई साझा न्यूज, मायादेवी अनलाईन, बैखरी डटकम, न्युज सेन्टर नेपाल, कपिलवस्तु टाईम्स, खोज न्यूज टुडे, उज्यालो पोष्ट, लुम्बिनी दर्पण अनलाईन, ईसाझा कुरा, भागिरथी अनलाईन लगायतको बलियो उपस्थिति देखिन्छ । कोरोना संक्रमणका कारण गरिएको लकडाउनका बेला जिल्लाका अनलाईनले सञ्चालन गरेको भर्चुअल अनलाईन संवाद प्रभावकारी देखिएको थियो । कपिलवस्तु जिल्लामा करिब ५० लाख हाराहारीमा अनलाइनमा लगानी भएको अनुमान छ ।

**मिडियामा स्थानीयस्तरको सहयोग**

जिल्लामा सञ्चालित रेडियोहरूमा स्थानीय तहले विनियोजन गरेको बजेटकै कारण रेडियो सञ्चालनलाई टेवा मिलेको देखिन्छ । जिल्लाभरका १० स्थानीय तहले न्यूनतम ६ लाखदेखि १५ लाख रूपैयाँसम्म मिडियालाई

छुट्ट्याएका छन् । यसरी छुट्ट्याएको रकममध्ये अधिकांश रकम रेडियोमा आउने गरेको देखिन्छ । यद्यपि कम बजेट छुट्ट्याएका स्थानीय तहले पनि कार्यक्रममार्फत नै रेडियोका लागि छुट्टै रकम दिने गरेको देखिन्छ । कोरोना संक्रमणका कारण गरिएको लकडाउनपश्चात केही रेडियोहरूको सञ्चालनमा समस्या देखिएपछि नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाले रेडियोहरूमा रेडियो शिक्षा कार्यक्रम सञ्चालन गरेको देखिन्छ । विभिन्न संघ संस्था, स्थानीय तहको पहलमा कक्षा ५ देखि ८ सम्मका विद्यार्थीलाई लक्षित गरी जिल्लाभरका सबै रेडियोमा रेडियो कक्षा चलाइएको पत्रकार महासंघ कपिलवस्तु शाखा अध्यक्ष डिलाराम भुसालले जानकारी दिए ।

**सञ्चारमा जनशक्ति अवस्था**

जिल्लाभर सञ्चालनमा रहेका पत्रपत्रिका, रेडियोहरु र अनलाईनमा काम गर्ने प्रशिक्षार्थी पत्रकारहरूलाई सामान्य पारिश्रमिक दिएर काम लिदै आएको देखिन्छ । जिल्लामा सञ्चार क्षेत्रमा करिब ८ करोड ५० लाख हाराहारीको लगानी रहेको र करिब १ सय ८० जना प्रत्यक्ष संलग्न रहेको पत्रकार महासंघका पदाधिकारी बताउँछन् । जिल्लाका मिडियाको विज्ञापन बजार ३ करोड हाराहारीमा रहेपनि कोभिडपछि विज्ञापन बजारमा मार परेको देखिन्छ ।

सानो विज्ञापन बजार रहेको कपिलवस्तु जिल्लामा व्यवसायीले व्यवसाय बन्द गरेर घर बस्नुपर्दा कोभिडका बेला ८० प्रतिशत विज्ञापन बजार धरासायी भएको मायादेवी मिडिया ग्रुपका निर्देशक दिपक अनुरागी बताउँछन । बाँकी २० प्रतिशत विज्ञापन बजार जिल्लाका ठूला व्यवसाय र राष्ट्रियस्तरका विज्ञापनले धानेको उनको अनुभव छ । कोभिडका बेला १३ जनाको जनशक्तिमा ४ जना कटौती गरेको उनले बताए । कोभिडका बेला घरबेटीले मिडिया हाउसमा बस्न नदिएपछि महिला कर्मचारीलाई घरमा पठाएर पुरूष कर्मचारी अफिसमै बसेर काम गरेको अनुरागीको अनुभव छ ।

कोभिड संक्रमणपश्चात स्ट्रिन्जरको रूपमा कार्यरत केही पत्रकारलाई स्वयंसेवकको रूपमा खटाईएको तर कपिलवस्तुका सञ्चार माध्यमले कर्मचारी कटौती नगरेको महासंघका जिल्ला अध्यक्ष भुसालले बताए । कतिपय सञ्चार माध्यमलाई निरन्तर सञ्चालनका लागि प्रोत्साहन गर्ने उद्देश्यका साथ संक्रमण रोकथाममा सहयोग पुर्‍याउन महासंघले निरन्तर स्वास्थ्य सुरक्षा सामग्री प्रदान गर्दै आएको पनि भुसालले दावी गरे ।

**सञ्चार माध्ययमा कोभिडको असर**

नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य बसन्त गिरीका अनुसार कोभिडको मारमा परेका सञ्चारकर्मीसँग गरिएको अन्तरक्रियामा उनीहरूले पारिश्रमिकबाट केही अवधि स्वयंसेवकमा रूपान्तरित हुनुपरेको तीतो यथार्थ सुनाएका थिए । बाहिर गएर रिपोर्टिङं गर्ने अवस्था नरहेको, मिडिया हाउसले पर्याप्त स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध नगराएको, समाचार संकलनका क्रममा डर र त्रासको माहोल रहेको पनि सञ्चारकर्मीहरूले उल्लेख गरेको गिरीको भनाइ छ ।

परीवारले समाचार संकलनका लागि स्वीकृति नदिएको, समाचार संकलनमा लागत बढी लागेको तर सञ्चार माध्यमले तलब कटौती गरेको, यातायात खर्चको लागत बढेको लगायतको गुनासो पनि पत्रकारहरूको थियो । त्यससँगै असुरक्षा र जोखिमको दायरा बढेको, सञ्चार माध्यमले भएका सुबिधा कटौती गरेको, विज्ञापन बजार धरासायी भएको, संवाददाताले रिपोर्टिङ गर्न जान नमानेको, छापामा प्रकाशित सामग्रीको पत्रिका वितरण हुन नसकेको, जोखिम लिंदा सञ्चारकर्मी नै संक्रमित भएको र त्यसका कारण जनमानस त्रसित भएको

पनि प्रकाशक एवम् सम्पादकहरुको भनाइ रहेको थियो । त्यस्तै सञ्चारकर्मी संक्रमित हुँदा सेवा प्रवाह प्रभावित भएको र विगतको असुल उपर गर्नुपर्ने विज्ञापन रकम समेत उठाउन नसकिएको गुनासो अन्तरक्रियाको क्रममा आएको गिरीले बताए ।

त्यति मात्रै नभई जोखिममा रिपोर्टिङं गरेका संवाददाताले थप सुविधाको अपेक्षा गरेपनि उपलब्ध गराउन नसकेको, स्थलगत रिपोर्टिङ नहुँदा समाचारमा पर्याप्त तथ्य नपुगेको, विभिन्न श्रोतको भर पर्नु पर्दा समाचार सामग्री हुबहु हुने गरेको (विशेष गरी तस्विरका हकमा), स्थानीय रेडियोको नियमित संवाद रोकिएको, पत्रिका प्रकाशन प्रभावित भएको, सञ्चारकर्मीमा निष्कृयता देखिएको र फिल्ड नजाँदा खोजी समाचार नआएको जस्ता विषय पनि वहसमा आएको पत्रकार महासंघका शाखा सचिव हरि अधिकारीले बताए ।

**सन्दर्भ सामग्री**

पौडेल, नारायण प्रसाद । सबै भएर पनि केहि नहुनुको पीडा ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरू**

के.पी शर्मा (जानसन), पत्रकार रामवरण शर्माका छोरा ।
मोहन बेल्बासे, प्रकाशक, लुम्बिनी दर्पण साप्ताहिक ।
गणेश पोखेल, स्टेशन म्यानेजर, रेडियो बाणगंगा ।
कृष्ण गैह्रे, स्टेशन म्यानेजर, सामुदायिक रेडियो समानता ।
डिलाराम भुसाल, अध्यक्ष, नेपाल पत्रकार महासंघ कपिलवस्तु ।
दिपक अनुरागी, निर्देशक, मायादेवी मिडिया ग्रुप ।
बसन्त गिरी, केन्द्रिय सदस्य, नेपाल पत्रकार महासंघ ।
हरि अधिकारी, सचिव, नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखा ।

# कोरोनाको मारमा नवलपरासीको पत्रकारिता

**बेचु गौड**

विगतमा अन्य पेशामा लागेका केही व्यक्तिहरू काठमाडौ, बुटवल र पाल्पाबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा काम गर्ने गर्थे, पत्रकारितालाई मुख्य पेशा बनाउने थिएनन् । २०१८ साल फागुन ७ गते साप्ताहिक पत्रिकाको रूपमा लुम्बिनी पत्रिका नवलपरासीबाट प्रकाशित भएको थियो । लुम्बिनी रूपन्देही जिल्लामा दर्ता हुन नपाएपछि नवलपरासीमा दर्ता भई रूपन्देहीबाट प्रकाशन भएको थियो । लुम्बिनी हाल दैनिक पत्रिकाको रूपमा नियमित हिसाबले रूपन्देहीबाट प्रकाशन भएको छ । जिल्ला प्रशासन कार्यालय नवलपरासीमा हालसम्म चार दर्जन पत्रपत्रिका दर्ता भएका छन् । जिल्लामा आधा दर्जन पत्रिकाहरु कहिले प्रकाशन हुने र कहिले बन्द हुने गरेका छन् ।

२०४५ सालमा नवलपरासीमा नयाँ ज्योती साप्ताहिक प्रकाशनमा आएको देखिन्छ । पञ्चायतकालमा खासै पत्रपत्रिका नभए पनि तत्कालीन समयमा पत्रकार भुपेन्द्र शर्माले देउचुली मासिक पत्रिका प्रकाशन गरेका थिए । साथै हिमलाल ज्ञवालीको लालीगुराँस पत्रिका पनि उतिवेला प्रकाशनमा आएको थियो । पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आएपछि जिल्लामा पत्रिका दर्ता हुन लागेको पत्रकार महासंघका संस्थापक सचिव टिकाराम गैरे बताउँछन् । गैरेका अनुसार बहुदलीय व्यवस्था आएपछि पाल्ही सन्देश, परासी टाईम्स र रामग्राम सन्देश साप्ताहिक पत्रिकाहरु प्रकाशन हुन थाले । तर, ती पत्रिकाहरु कहिले प्रकाशन हुने र कहिले बन्द हुने गरेका छन् । अहिले ती पत्रिकाहरु बन्द नै रहेको अवस्थामा छन् ।

**तालिका १ : नवलपरासीमा प्रकाशनमा रहेको मिडिया हाउसको विवरण**

| क्र.सं. | सञ्चार माध्यमहरु | किसिम | लगानी | कर्मचारी | | |
|---|---|---|---|---|---|---|
| | | | | पत्रकार | कर्मचारी | जम्मा |
| **पत्रिकाको विवरण** | | | | | | |
| १ | बर्दघाट दैनिक | दैनिक | ५ लाख | ५ | ६ | ११ |
| २ | परासी पत्र | साप्ताहिक | ५ लाख | ५ | ३ कर्मचारी १० वितरक | १८ |
| ३ | सुस्ता सन्देश | साप्ताहिक | ५ लाख | ५ | ५ | १० |
| ४ | दौतरी साप्ताहिक | साप्ताहिक | ५ लाख रेडियो दौतरीकै पत्रकार र कर्मचारी हुन । | | | |
| ५ | स्थानीय पत्र | साप्ताहिक | ५ लाख बर्दघाट दैनिककै कर्मचारी र पत्रकार हुन् । | | | |
| ६ | कोलिय खबर | मासिक | ५ लाख | २ | १ | ३ |

| क्र.सं. | सञ्चार माध्यमहरू | किसिम/क्षमता | लगानी | कर्मचारी | | |
|---|---|---|---|---|---|---|
| | | | | पत्रकार | कर्मचारी | जम्मा |
| **टेलिभिजन र रेडियोहरू** | | | | | | |
| ७ | त्रिवेणी सामुदायिक टि.भि. | टेलिभिजन | | | | |
| ८ | रेडियो परासी | ५०० | १ करोड ३० लाख | ११ | ४ | १५ |
| ९ | रेडियो सेटलाईट | १०० | ३० लाख | ३ | २ | ५ |
| १० | रेडियो सुनवल | १०० | ३७ लाख | ८ | ७ | १५ |
| ११ | रेडियो दाउन्ने | ५०० | ४० लाख | ७ | ६ | १३ |
| १२ | दौतरी एफएम | १०० | ४५ लाख | १० | ५ | १५ |
| १३ | रेडियो सन्देश | १०० | २५ लाख | ६ | - | ६ |
| १४ | गाउँले दर्पण अनलाईन र अनलाइन टिभि | टेलिभिजन/ अनलाईन | ८ लाख | ३ | २ | ५ |
| **अनलाईनहरू** | | | | | | |
| १५ | नन्दन पोष्ट | अनलाईन | ५ लाख | ४ | १ | ५ |
| १६ | कोलिय खबर | अनलाईन | ५ लाख | २ | १ | ३ |
| १७ | हाम्रो न्यूज | अनलाईन | ५ लाख | ६ | २ | ८ |
| १८ | राष्ट्रिय खबर | अनलाईन | ५ लाख | ३ | १ | ४ |
| १९ | नागरिक पथ | अनलाईन | ५ लाख | २ | १ | ३ |
| २० | अनलाईन जनता | अनलाईन | ५ लाख | २ | २ | ४ |
| २१ | रामग्राम न्यूज | अनलाईन | ५ लाख | २ | १ | ३ |
| २२ | एमटी खबर | अनलाईन | ५ लाख | १ | १ | २ |
| २३ | दर्पण पोष्ट | अनलाईन | ५ लाख | ३ | २ | ५ |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

नवलपरासी जिल्लामा साढे तीन करोडभन्दा बढिको लगानी भई सयभन्दा बढिलाई रोजगारी प्रदान गरेका सञ्चार उद्योगहरू नराम्ररी प्रभावित बनेका छन् । अधिकांश पत्रकारहरू आफै लगानी गरेर स्वरोजगार बनेको तर कोभिड महामारीले सबै सञ्चार माध्यमहरू बन्द हुँदा बेरोजगार हुनुका साथै लगानी समेत डुबेको अवस्था छ । पत्रपत्रिकामा कुल ३० लाख लगानी भई ४२ जना पत्रकार र कर्मचारीले रोजगारी प्राप्त गरेका थिए । तर, अहिले सबै पत्रिका बन्द भएका कारण लगानी डुब्नुका साथै बेरोजगारी समेत बढेको नवलपरासी मिडिया एसोसिएशनका सचिव हुसेन अंसारी बताउँछन् । महामारीको बेला अरूको पीडा र समस्या उजागर गर्दै सरकारसामु ल्याउने पत्रकार नै पिडा र समस्यामा रहेको उनको भनाई छ । सरकारी स्तरबाट न कुनै सहयोग छ, न खोजीनीति नै । यसले सञ्चार क्षेत्रमा नैराश्यता ल्याएको उनको दुखेसो छ ।

सबैभन्दा बढी लगानी रेडियो र टेलिभिजनमा भएको छ जसमा २ करोड ८४ लाख बराबरको लगानी भएको अनुमान छ । तर रेडियोहरूले प्रभावकारी ढंगले कार्यक्रम उत्पादन गर्न पाएका छैनन् । काम गर्ने

कर्मचारी र पत्रकार घटाउँदै लगेको हुँदा पत्रकार बेरोजगार बन्दै गएको अवस्था छ । झण्डै ४५ लाख लगानी भएको अनलाइन न्यूज पोर्टलहरु पनि जसोतसो चलेका छन् । तर व्यवसायिक रूपमा चल्ने अवस्था नरहेको एसोसिएशनका सचिव अंसारीले बताए । 'प्रदेश सरकार र स्थानीय तहले चाहे यी सबै सञ्चार उद्यमहरूलाई सघाउन सक्छन् तर पहल कहीं कतैबाट भएको छैन', अंसारीले भने ।

**कोभिड १९ महामारीले रेडियोको बेहाल**

कोभिड–१९ महामारीको प्रकोप आउनु केही महिना पहिला मात्रै जिल्लाको कान्छो रेडियोको रूपमा रेडियो सन्देश प्रसारणमा आएको थियो । सुनवल नगरपालिकाको भुमही बजारमा घर भाडा लिई सञ्चालनमा आएको उक्त रेडियो भाडा तिर्न नसकेर रेडियो सञ्चालक नन्दु कुँवरले रेडियो आफ्नै घरमा सारेर सञ्चालन गर्दैछन् । रेडियो सञ्चालनको अवस्था दयनीय बन्दै सो रेडियो बन्द हुने अवस्थामा पुगेको सञ्चालक कुँवर बताउँछन् । कोभिड–१९ का कारण शिशु अवस्थामै रेडियो जीवनमरणको दोसाँधमा पुगेको दुखेसो सञ्चालक कुवँरको छ । अधिकांश पत्रकारहरु नै सञ्चालक भई २५ लाख लगानी गरी शुभारम्भ भएको रेडियो बन्द गर्ने अवस्थाले लगानी डुब्ने डर मात्र होइन, रोजगारी नै गुम्ने सम्भावना पनि उत्तिकै छ ।

जिल्लाकै जेठो सामुदायिक रेडियो परासीले कोभिड–१९ कै कारण अधिकांश पत्रकारको संख्या कटौती गरेको छ । केही कर्मचारी र केही सञ्चालक आफै जसोतसो रेडियो सञ्चालन गर्दै आएको रेडियो परासीका प्रबन्ध निर्देशक मेघराज गौतम बताउँछन् । गौतमकाअनुसार सबैभन्दा बढी १ करोड ३० लाख रूपैयाँ लगानी भएको उक्त रेडियोले सञ्चालन खर्चको भार घटाउन जिल्ला बाहिरका पत्रकारहरूलाई कार्यरत बेलासम्मको पारिश्रमिक भुक्तानी गरी कामबाट हटाएको छ ।

जिल्लामा सानो बजार क्षेत्र भएको र अहिले कोभिड १९ का कारण विज्ञापन दिने विज्ञापनदाताहरु र विभिन्न व्यवसायिक फर्महरूले नै आफ्ना विज्ञापन बन्द गर्दा रेडियो सञ्चालनमा ठूलो समस्या देखिएको गौतमको अनुभव छ । सदरमुकाम परासीमा रहेको उक्त रेडियोको स्रोत सरकारी कार्यालयहरु हुन् । तर, सदरमुकामका धेरै सरकारी कार्यलय खारेज भई स्थानीय तहमा गएदेखि नै स्रोतमा कमी भईरहेको बेला कोभिड १९ महामारीपछि झनै प्रभावित भएको गौतमले बताए । रेडियोमा कार्यरत केही कर्मचारीको भरमा सञ्चालकहरु नै खटिएर रेडियो बन्द हुने अवस्थाबाट जोगाएको प्रबन्ध निर्देशक गौतमको भनाई छ । 'यदि सरकारले केही अनुदान र आर्थिक प्याकेज उपलब्ध गराएन भने वर्तमान अवस्थाको विज्ञापनले रेडियो सञ्चालन गर्न मुस्किल छ', गौतमले भने ।

जिल्लाको सबैभन्दा जेठो र कान्छो रेडियोको मात्रै यो हालत होइन, प्रायः सबै रेडियोको अवस्था उस्तै छ । रेडियो सुनवल, दौतरी एफएम बर्दघाट, रेडियो दाउन्ने, रेडियो सेटलाईट, परासी र त्रिवेणी टेलिभिजन तथा गाउँले दर्पण अनलाईन टेलिभिजनको आर्थिक अवस्था कमजोर बन्दै गएको सञ्चालकहरूले बताएका छन् । उनीहरू कर्मचारीबारे पनि पूर्ण विवरण दिन चाहदैनन् । तर, यी मिडियाका सञ्चालकहरूले धेरै कर्मचारी र पत्रकारलाई विना पारिश्रमिक र केहीलाई न्यून पारिश्रमिकमा काम गराउँदै आएका छन् । जिल्लाको रेडियोमा मात्रै झण्डै ३ करोडको लगानी भएको छ । यस्तो अवस्थामा जिल्लाका प्रसारण मिडियाहरूलाई पुरानै अवस्थामा फर्काउन सरकारी सहयोग अपरिहार्य रहेको रेडियो परासीका प्रबन्ध निर्देशक गौतमले बताए । 'सरकारद्वारा मिडियालाई नगद नै उपलब्ध गराउनुपर्छ भन्ने होइन, विद्युत महशुलमा छूट, करमा

छूट, उपकरणमा अनुदान र सरकारी आयोजनाहरूसँग जोडेर मिडिया परिचालन गरि खर्च व्यहोर्न लगाइदिए रेडियोलाई ठूलो राहत हुने थियो जसतर्फ सरकारले ध्यान दिन जरूरी छ', गौतमले भने ।

यसैगरी आफ्नो एकल निजी लगानीमा जिल्ला सदरमुकाम परासीमा प्रसारण हुँदै आएको रेडियो सेटलाईटका सञ्चालक संजिव कोईरालाले कोभिडका कारण रेडियोबाट धेरैभन्दा धेरै कार्यक्रम उत्पादन गर्ने र समाचार बुलेटिन चलाउने इच्छा हुँदाहुँदै पनि त्यस्तो गर्न नसकिएको बताउँछन् । 'जिल्लामा धेरै सञ्चार माध्यम छन्', उनी भन्छन्, 'तर, सरोकारवालाहरु यी सञ्चार माध्यमलाई कसरी चलाउने, कसरी उपयोगमा ल्याउने भन्ने बारेमा गम्भिर छैनन् । सरकारी पक्षबाट पनि उस्तै किसिमको वेवास्ता छ ।'

**पत्रपत्रिकाको अवस्था पनि उस्तै**

जिल्लाको सबैभन्दा बढी कर्मचारी र पत्रकारलाई समेटेको परासीपत्र साप्ताहिक कोभिड १९ महामारी शुरु भएदेखि नै बन्द भयो । त्यो पत्रिका अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन । जिल्लाका सबै गाउँमा पुग्ने उक्त पत्रिकामा ५ जना पत्रकार, ३ जना कर्मचारी र १० जना वितरक पत्रिका बन्द भएसँगै कामविहिन भए । पत्रिका सञ्चालनका लागि आवश्यक आर्थिक स्रोतको अभावसँगै महामारीको अवस्था कायमै रहेका कारण कर्मचारी परिचालन गर्न असहज भएकाले सञ्चालनमा नल्याइएको पत्रिकाका प्रकाशक तथा सम्पादक हरि शर्मा बताउँछन् ।

जिल्लाकै पहिलो दैनिक पत्रिकाको रूपमा प्रकाशन हुँदै आएको बर्दघाट दैनिक कोरोना महामारीका कारण बन्द भएपनि कार्तिकदेखि पुनः प्रकाशनमा आएको छ । तर, पत्रिका प्रकाशनमा आएपनि सरकारी कार्यालय केन्द्रित मात्र छ । पूर्णरूपमा गाउँ-गाउँसम्म पुऱ्याउने अवस्था नरहेको प्रकाशन गृहले जनाएको छ । पत्रिकाका सम्पादक रवि पाण्डेले बन्द पत्रिका धेरै संघर्ष गरेर पुनः प्रकाशनमा ल्याइएको भएपनि निरन्तरताप्रति आशंका व्यक्त गर्ने गरेका छन् । १० जना कर्मचारी पत्रकार रहेको यो प्रकाशनले पनि सरकारी सहयोगको अपेक्षा गरेको छ । विज्ञापन बजार नभएको यो जिल्लामा पत्रिका प्रकाशन सरकारी स्रोतमा निर्भर छ । तर, सरकारी कार्यालयबाट पनि अपेक्षित सहयोग नपाएको हुँदा यसतर्फ सरकारले ध्यान पुऱ्याउनुपर्ने पाण्डेको भनाइ छ ।

जिल्लाका विभिन्न पत्रपत्रिका प्रकाशनमा झण्डै ३० लाख लगानी भएको छ भने १७ जना पत्रकारसहित २५ जनाले रोजगारी पाएका छन् । तर, बर्दघाट दैनिकबाहेक परासीपत्र साप्ताहिक, सुस्ता सन्देश साप्ताहिक, दौतरी साप्ताहिक, स्थानीय पत्र अर्धसाप्ताहिक र कोलिय खबर मासिक कोभिड-१९ का कारण बन्द हुँदा अधिकाँश पत्रकार र कर्मचारी बेरोजगार भए । बन्द अवस्थाका पत्रपत्रिकालाई अन्य कुनै स्रोत परिचालन गर्न सके सञ्चालनमा आउन सक्ने पत्रिकाका सञ्चालकहरु बताउँछन् । जिल्लामा सूचना र सञ्चार प्रवाह गर्दै आएका यी पत्रपत्रिकालाई पुनः सञ्चालनमा ल्याउनका लागि सरकारी निकायले ध्यान पुऱ्याउनुपर्ने पत्रकार केशव पराजुली बताउँछन् । सरकारले सञ्चार क्षेत्रको मर्म बुझेर सहयोग नगरे पत्रिकाहरू पुनः प्रकाशनमा आउन मुस्किल पर्ने उनको भनाई छ । महामारीको बेला सरकारले जसरी कोभिड १९ लक्षित विभिन्न स्वास्थ्यका कार्यक्रम गर्दै आएको छ, त्यसरी नै महामारीसँग लड्न सञ्चार माध्यमलाई पनि सहयोगी निकायको रूपमा प्रवर्द्धन गर्दै साथ लिएर हिड्न आवश्यक रहेको नागरिक समाजका अध्यक्ष कैलाश ठाकुर बताउँछन् । 'महामारीसँग लड्नका लागि नागरिकलाई सही सञ्चार, शिक्षा, सन्देश र उत्प्रेरणाको आवश्यकता पर्छ । त्यो

काम पत्रपत्रिका र सञ्चारमा माध्यमबाट मात्रै सम्भव छ । त्यसैले पनि सरकारी निकायले यो पक्षलाई नजरअन्दाज गर्न मिल्दैन', ठाकुरले भने ।

**कोभिड १९ को मारमा अनलाईन मिडिया**

कोभिड १९ का कारण कतिपय प्रकाशन र प्रसारण मिडियाले अनलाईन संस्करण चलाएर आफ्नो पहिचान कायम राखेपनि त्यसमा कार्यरत पत्रकार एवं कर्मचारी कोभिड १९ को प्रहारबाट अछुतो छैनन् । नन्दन मिडिया प्रालिका सञ्चालक हुसेन अन्सारीको भनाइमा कर्मचारी र पत्रकारलाई पारिश्रमिक नै दिन नसक्ने अवस्थाको प्रभाव अनलाईन मिडियामा पनि परेको छ । कोभिड १९ महामारीको बेला पत्रपत्रिका प्रकाशन र वितरण हुने अवस्था नभएको र रेडियोहरूले पनि पर्याप्त रिपोर्ट र कार्यक्रम प्रसारण गर्न नसकेका वेला अनलाईनहरूले केही हदसम्म समाचार सम्प्रेषणलाई निरन्तरता दिएको अन्सारीको भनाई छ । 'तर, अनलाईनमा अद्यावधिक गर्न र नयाँ–नयाँ खोजमूलक सामग्री दिन गाह्रो भइरहेको छ', उनले भने, 'त्यसका लागि सरकारी र निजी क्षेत्रको सहयोग अपरिहार्य छ ।'

जिल्लामा नन्दन खबरसहित कोलिय खबर, अनलाईन जनता, राष्ट्रिय खबर, नागरिक पथ, रामग्राम न्यूज, हाम्रो न्यूज, एमटि खबर र दर्पण पोष्ट जस्ता अनलाईन न्यूज पोर्टलहरु सञ्चालनमा छन् । तर, यी सबैमा सञ्चालक, सम्पादक, संवाददाता र कर्मचारीको भुमिका एउटै व्यक्तिले निर्वाह गर्दै आएका छन् । यसले गर्दा ती मिडियाले अनुसन्धानमूलक र खोजमूलक सामग्री दिन सकिरहेका छैनन् ।

**पत्रकार महासंघको भूमिका**

पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासंघ जिल्ला शाखा पनि पत्रकारहरूप्रति उदासीन नै देखिएको पत्रकारहरूको गुनासो छ । त्यसो त महासंघले आफनो सदस्यता प्राप्त पत्रकारहरूको कोभिड १९ को उपचारका लागि स्वास्थ्य बीमा गरिदिएको थियो । पत्रकारहरूको समस्यालाई मध्यनजर गर्दै महासंघले सरकारी निकायमा पहल गरी पत्रकारको रोजगार र आर्थिक सुरक्षा योजना बनाउन सक्थ्यो । तर, यो विषयमा पहल हुन सकेको छैन । जिल्लामा ८५ जना पत्रकार सदस्य छन् । केही पत्रकारहरूले अहिले पनि सदस्यता पाएका छैनन् । अहिले पत्रकारहरूलाई रोजीरोटीको समस्या छ तर महासंघले प्रत्येक गाउपालिकासँग जनचेतना जस्ता कार्यक्रमका लागि बजेट माग गरेको छ । लुम्बिनी प्रदेश सरकारसँग भवन निर्माणका लागि बजेट माग गरेको छ । 'महासंघको भवन रंगाएर पनि के हुन्छ ?', पत्रकार अंसारी थप्छन्, 'पत्रकारको दैनिक जीवन चलाउन अन्य पेशा गर्ने विकल्पको खोजीमा छन् ।'

पत्रकारहरूको साझा आवाज बोलिदिने पत्रकार महासंघले सरकार, दातृ निकाय तथा स्थानीय तहसँग पनि पत्रकार तथा सञ्चार माध्यमको अवस्था जानकारी गराउँदै काम गरे धेरैजसो समस्या समाधान गर्न सक्ने अवस्था रहेको पत्रकार देशबन्धु यादव बताउँछन् । महासंघले पहल गरे स्थानीय तहसँग रहेका समाजिक क्षेत्रका शिक्षा, स्वास्थ्य, महिला बालबालिका शाखासँग समन्वय गरी नियमित रेडियो तथा टेलिभिजन कार्यकम उत्पादन र प्रसारण गर्ने अवस्था हुन सक्छ । यसले काम गर्ने पत्रकार तथा सञ्चार माध्यमलाई पनि टिकाई राख्नमा मद्दत पुर्‍याउन सक्छ । त्यसैगरी विकास निर्माणका योजना परियोजनाको सफलता तथा आवश्यकताबारे छापा माध्यममा काम गर्ने पत्रकारलाई लेखनवृत्तिका लागि पहल गर्न सक्छ । यसले छापा माध्यम र पत्रकार दुबैलाई बाँच्ने आधार हुन सक्छ ।

**पत्रकारिताको पुनर्स्थापनका सम्भावनाहरू**

जिल्लामा रहेका सञ्चार माध्यमहरूलाई सञ्चालनमा ल्याउन र सिर्जनात्मक क्रियाकलापमा उपयोग गर्नका लागि सरकारले चाहेमा सहजै व्यवस्थापन गर्न सक्ने रेडियो परासीका प्रबन्ध निर्देशक गौतम बताउँछन् । 'जिल्लाभित्र धेरै सञ्चार माध्यमहरु छैनन्',उनी भन्छन्, 'थोरै सञ्चार माध्यम भएकोले जिल्लाका स्थानीय तहले सहजै व्यवस्थापन गर्न सक्छन् । जिल्लाभित्र ७ वटा पालिका  छन् । ६ वटा रेडियो छन् । एउटा टेलिभिजन छ । सबै किसिमका ६ वटा पत्रिका छन् । एउटा पालिकाले एउटा रेडियो, पत्रिकालाई अधिकारिक रेडियो घोषणा गरी आफ्ना नियमित सुचना प्रशारण, कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरी परिचालन गर्न चाहे कुनै समस्या हुँदैन ।'

प्रबन्ध निर्देशक गौतमले कोभिड १९ को बेला कर्मचारी कटौती गरिएपनि जिल्लाका तिनवटा सामुदायिक रेडियोहरूले आ–आफ्ना रेडियोका समाचारहरु एक आपसमा समन्वय गरी एकै समयमा प्रशारण गर्ने कार्य शुरु भएको दृष्टान्त प्रस्ततु गरे । कोभिड १९ ले थपेको चुनौतीसंगै आपसमा जुट्ने अवसरको सृजना भएको रेडियो सञ्चालकहरूको भनाई छ । 'मिडियाहरु आपसमा जुटेर काम गर्न सक्ने वातावरण त बनेको छ । अझ स्थानीय सरकारको रूपमा रहेका गाउँपालिका र नगरपालिकाहरूले मिडियासँगै तालमेल गरी काम गराएमा मिडिया पनि बाँच्ने, पत्रकारले पनि काम पाउने र स्थानीय तहका सबै कार्यक्रम पनि प्रभावकारी र उपलब्धिमूलक बन्दै जाने अवस्था रहन्छ', गौतमले भने ।

प्रत्येक पालिकासँग कृषि, पशु, शिक्षा, स्वास्थ्य, सहकारी, महिला तथा बालबालिकाका साथै राजश्व शाखाहरु रहेका छन् । यी शाखामार्फत नै करोडौको बजेट परिचालन भईरहेका छन् । तालिम, गोष्ठि, सचेतनामा मात्रै करोडभन्दा बढि रकम खर्च गर्ने गरेका छन् । कर्मचारीको तलब भत्ताबाहेक पनि सरदर ४० देखि ४५ करोड रूपैयाँ योजनामा खर्चने कार्य भएको छ । त्यसको एक प्रतिशत रकम सञ्चार क्षेत्रका लागि खर्च गर्ने योजना बनाउने हो भने ४० देखि ४५ लाख रूपैयाँ हुन्छ । त्यसबाट एउटा रेडियो र पत्रिकालाई आधारभूत खर्च उपलब्ध गराउन सकिन्छ । 'आखिरमा सञ्चार क्षेत्र पनि जनताकै लागि काम गर्ने गर्छ । सरकार पनि जनताकै लागि काम गर्ने हो । समन्वयमा काम गर्न चाह्यो भने प्रत्येक शाखाले गर्ने गतिविधिलाई समाचार, रिपोर्ट, फिचर सेवासँगै रेडियो कार्यक्रम र स्तम्भ नियमित सञ्चालन गराउन सकिन्छ । यसले जनतालाई विकास निर्माणमा सहभागिता बढाउन उत्प्रेरित गर्छ', रेडियोका एक सञ्चालकले भने ।

सञ्चारकर्मी पत्रकारलाई खोज अनुसन्धानतर्फ अग्रसर गराउदै सिर्जनसील बनाउनमा भूमिका निर्वाह गर्न सकिने पनि पत्रकारहरूको भनाइ छ । मिडियाका प्रमुख काम सूचना दिने, शिक्षा दिने, मनोरञ्जन दिने, उत्प्रेरित गर्ने र अभिप्रेरित गर्ने कार्यलाई जोडेर स्थानीय तहका सबै क्षेत्रमा उल्लेख्य भूमिका हुन सक्ने मिडिया एसोसिएशनका सदस्य शम्भु उपाध्याय बताउँछन् (हेर्नुहोस् बक्स) । उनी भन्छन्, 'मिडियाको प्रमुख कार्यहरु अनुसार नै स्थानीय तहले काम गराउन खोज्यो भने विधागत पत्रकारको उत्पादन गर्न सकिन्छ । मिडिया एक उद्योगको रूपमा विकसित हुदै जान्छ ।'

***शम्भु उपाध्यायका अनुसार स्थानीय तहसँग मिडियालाई यसरी जोड्ने कि ?***

| |
|---|
| ***सूचना दिने कार्य :*** स्थानीय तहले यदि अधिकारिक मिडियाको छनौट गर्ने र त्यसैअनुसारको सहयोग गर्ने हो भने स्थानीय तहका सूचनाहरु नियमित रूपमा जनतासमक्ष बेलैमा पु¥याउन सकिन्छ । रेडियोमार्फत निरन्तर सूचना प्रवाह गर्दा जनताले धेरै सूचनाहरु समयमै प्राप्त गर्ने र त्यसअनुसार आफुले सुविधाका लागि अवसर खोज्न सक्छन् । कृषिसम्बन्धि केही अवसर छ भने किसानले सूचना पाएर ती सुविधाका लागि तत्काल सम्बन्धित निकायमा गई लिन सक्छन् । महिला बालबालिकाका लागि हो भने महिला र बालबालिकाले त्यस्तो अवसर लिन सक्छन् । स्वास्थ्यका लागि हो भने बिरामीहरूले सूचना पाएर सेवा लिन सक्छन्, शिक्षासम्बन्धि सूचना भए विद्यार्थी र अभिभावकहरूले लिन सक्छन् । सम्बन्धित क्षेत्रमा स्थानीय तहले जारी गर्ने सूचनाहरूको कार्यान्वयनमा मिडियाले ठूलो भूमिका निर्वाह गर्न सक्छ । |
| ***शिक्षा दिने कार्य :*** सबै नागरिकलाई शिक्षा दिने र शिक्षित बनाउने सरकारको कार्य नै हो । त्यसमा मिडियालाई शिक्षाको सहयोगी साधनको रूपमा उपयोग गर्न सकिन्छ । कृषि सम्बन्धि, स्वास्थ्यसम्बन्धि, सहकारीसम्बन्धि, महिला बालबालिकाका लागि उपयोगी शिक्षाहरु रेडियोमा कार्यक्रममार्फत र पत्रिकामा फिचर, फोटोफिचर, स्तम्भ एवम् लेखमार्फत शिक्षाप्रद सामग्री दिन सकिन्छ । |
| ***मनोरञ्जन दिने कार्य :*** जनतालाई सूचना र शिक्षालाई मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गर्नका लागि मिडिया परिचालनमार्फत थप प्रभावकारी बनाउनुका साथै मनोरन्जनका कार्यमा लगाउन सक्छन् । विषयगत र क्षेत्रगत तथा भाषागत रूपमा पनि तिनै विविध सामग्रीका लागि नाटक, टेलिश्रृङखला, गित संगित समावेश गर्न सकिन्छ जसले मनोरन्जन गराउनुका साथै शिक्षा प्रदान गर्न सक्छन् । यसमा अधिकारिक मिडिया उपयोगी हुन सक्छ । |
| ***उत्प्रेरित गर्ने कार्य :*** सूचना, शिक्षा र मनोरन्जनका साथै केही राम्रा काम गराउनतर्फ नागरिकलाई उत्प्रेरित गर्न मिडियाले खोजमूलक रिपोर्ट, फिचरहरू तयार गर्न सक्छ जसले अन्य व्यक्तिलाई उत्प्रेरणा दिन सक्छ । यसमा मिडियाको भरपुर उपयोग हुन सक्छ । स्थानीय तहलाई यो आवश्यक पनि छ । जनता र जनप्रतिनिधिलाई आ–आफ्नो कार्यबोध गराउन अन्तरक्रियात्मक छलफल जरूरी छ जसमा मिडिया र पत्रकारहरूले भूमिका निर्वाह गर्न सक्छन् । |

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरु**

टिकाराम गैरे, पुर्व अध्यक्ष तथा संस्थापक सचिव, नेपाल पत्रकार महासंघ, नवलपरासी ।

हुसेन अंसारी, सञ्चालक, नन्दन मिडिया हाउस ।

नन्दु कुवँर, सञ्चालक, रेडियो सन्देश ।

मेघराज गौतम, प्रबन्ध निर्देशक, रेडियो परासी ।

सञ्जिव कोईराला, सञ्चालक, रेडियो सेटलाईट ।

केशव पराजुली, पुर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ ।

देशबन्धु यादव, संवाददाता, हिमालिनी मासिक ।

शम्भु उपाध्याय, सदस्य, मिडिया एसोसिएशन

# पाल्पाको पत्रकारिता र कोरोना कहरको असर

**कृष्ण पोखरेल**

२००६ सालमा पाल्पाबाट प्रकाशित हस्तलिखित पत्रिका पथप्रदर्शकलाई नै जिल्लाको पहिलो पत्रिकाको रूपमा लिने गरिन्छ । पत्रिकामा कमलराज रेग्मी, जगत बहादुर जोशी र सूर्यलाल श्रेष्ठको सम्पादनमण्डल रहेको थियो । २००८ सालमा अर्को हस्तलिखित पत्रिका संघर्ष, २००९ सालमा कुलमणि देवकोटाको नेतृत्वमा प्रगतिका साथै भगवतीध्वज राजलवट, मोहनमान सैंजू र द्वारिकामान सैंजूद्वारा बालसखा जस्ता हस्तलिखित पत्रिकाहरू प्रकाशन भएको बालकृष्ण चापागाईले पत्रकारितामा लुम्बिनी पुस्तकमा उल्लेख गरेका छन् ।

२०१८ सालमा चेतबहादुर कुवँरले पाल्पा नामक साप्ताहिक समाचार पत्र दर्ता गरेर प्रकाशन गरेको पाइन्छ । २०१८ सालपछि लामो समयको शुन्यतालाई चिर्दै २०४० साल वैशाख १ गते विनय कुमार कसजुको सम्पादन र प्रकाशनमा सत्य साप्ताहिक प्रकाशित भएको थियो । पत्रकार सेनानी मेघराज शर्माको पाल्पामा पत्रकारिताको विकास शीर्षकको लेखमा उल्लेख भएअनुसार सत्य साप्ताहिक ५०० अंक निकालेर २०५१ साल माघ २७ गतेदेखि बन्द भएको थियो । नेपालमै पञ्चायत विरोधी समाचार र छोटो मीठो सम्पादकीयको लागि सत्यले नाम कमाएको थियो । हरिबहादुर कुवँरले २०४० सालमै आयाम पाक्षिक प्रकाशन गरेको पाइन्छ ।

२०४७ सालको संविधान लागू हुनुअगाडि पाल्पामा रासस, रेडियो नेपालको प्रतिनिधि, गोरखापत्रको संवाददाता रहेका थिए । बालकृष्ण चापागाईको पत्रकारितामा लुम्बिनी पुस्तकमा उल्लेख भएअनुसार २०५० सालमा विकास पत्रकारिताको उद्देश्य राखेर ग्रामिण विकास पाल्पा नामक संस्थाले गाउँले देउराली प्रकाशन प्रारम्भ गरेको हो जुन अहिलेसम्म पनि नियमित रूपमा प्रकाशन भइरहेको छ । यसरी शुरु भएको पाल्पाली पत्रकारिताको विकासमा २०५१ सालबाट जगदीश भट्टराईको सम्पादनमा नवजनचेतना साप्ताहिक (हाल दैनिक) र झपेन्द्र गैरेको सम्पादनमा पाल्पा टाइम्स साप्ताहिक प्रकाशित छन् ।

२०५३ मा खोजखबर, २०५४ मा श्रीनगर, २०५५ मा नेतृत्व, २०५८ मा पाल्पा सन्देश पत्रिकाहरु केही समय प्रकाशन भए । गुराँस आत्रेयको सम्पादनमा न्यूज पाल्पा केही समय चलेर बन्द भयो । अर्जुन श्रेष्ठको सम्पादनमा नवसंवाद शुरु भई निरन्तर प्रकाशन भइरहेको छ । २०६७ सालदेखि प्रकाशित पाल्पा समाचारपत्र अहिले पनि नियमित प्रकाशनमा छ । जिल्लामा पाल्पा दैनिक, कालीगण्डकी खबर, रिभर भ्याली साप्ताहिक, पाल्पा आवाज, भ्यू क्याप्सन साप्ताहिक, श्रीनगर खबर अर्धसाप्ताहिक जस्ता पत्रिकाहरु दर्ता भई प्रकाशनमा आएका थिए । टेकनारायण भट्टराईले शुरू गरेको करूवा अर्धसाप्ताहिक पत्रिका हाल कृष्ण कार्कीको सम्पादनमा नियमित रूपमा प्रकाशन भइरहेको छ । जिल्लामा अहिले एक दैनिक, ४ साप्ताहिक, २ अर्धसाप्ताहिक, दुई पाक्षिक र एक त्रैमासिक पत्रिका रहेका छन् जसमध्ये श्रीनगर अर्धसाप्ताहिक र पाल्पा आवाज पाक्षिक नियमित प्रकाशन भएको छैन (हेर्नुहोस् तालिका १) ।

**तालिका १ : जिल्लामा सञ्चालित पत्रिकाहरू**

| क.स. | पत्रिकाको नाम | स्थापना | पहुँच | लगानी |
|---|---|---|---|---|
| १ | नव जनचेतना साप्ताहिक २०६७ बाट दैनिक | २०५१ | पाल्पा, गुल्मी, रूपन्देही र स्याङ्जा | २५ लाख, व्यक्तिगत |
| २ | गाउँले देउराली साप्ताहिक | २०५० | पाल्पा | ग्रामीण विकास पाल्पा |
| ३ | नवसंवाद साप्ताहिक | २०६४ | पाल्पा | व्यक्तिगत |
| ४ | पाल्पा समाचारपत्र साप्ताहिक | २०६७ | पाल्पा | व्यक्तिगत |
| ५ | पाल्पा टाइम्स साप्ताहिक | २०५३ | पाल्पा | व्यक्तिगत |
| ६ | करूवा अर्ध साप्ताहिक | २०६० | पाल्पा | सञ्चालक समिति |
| ७ | श्रीनगर खबर अर्धसाप्ताहिक | हाल बन्द | पाल्पा | सञ्चालक समिति |
| ८ | परेवा पाक्षिक | २०७२ | पाल्पा | व्यक्तिगत |
| ९ | पाल्पा आवाज पाक्षिक | २०६८ | पाल्पा | व्यक्तिगत |
| १० | उत्तरदायित्व त्रैमासिक | | पाल्पा | सञ्चालक समिति |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

२०४९ पुष १४ गते पाल्पाली पत्रकारहरूले एक भेला गरी मेघराज शर्माको संयोजकत्वमा झपेन्द्र गहिरे, भरत शर्मा, विनयकुमार कसजु, निर्मला न्यौपाने, श्रीकृष्ण नेपाल र जुजुमोहन सदस्य रहेको एक तदर्थ समिति गठन गरिएको थियो । पुष १९ गते यही तदर्थ समितिलाई नेपाल पत्रकार संघ पाल्पाको रूपमा स्थापना गरिएको हो । हाल नेपाल पत्रकार महासंघ पाल्पा शाखामा १०३ जना सदस्य रहेका छन् भने महासंघको सदस्यता नलिएका अन्य ७ भन्दा बढी पत्रकारहरु क्रियाशिल छन् ।

पाल्पा जिल्लामा मदनपोखरा गाविसको स्वामित्वमा सञ्चालित रेडियो मदनपोखराले २०५५ पुष १८ गते इजाजत प्राप्त गरेपनि २०५६ चैत्र २३ गते प्रसारण शुरू गरेको हो । हाल सामुदायिक बहुसञ्चारको रूपमा गैर सरकारी संस्था दर्ता गरेर रेडियो सञ्चालन गरिएको छ । मार्टिन चौतारीद्वारा प्रकाशित मिडिया अध्ययन-२ मा किरण कौशलद्वारा लिखित पाल्पामा एफएम रेडियो र माघ १९ ले पारेको असर लेखअनुसार यो रेडियो जिल्लाको जेठो एफएम रेडियो हो । २०६० सालतिर आठ महिनाको अन्तरालमा तीनओटा नयाँ एफएम शुरु भए । तानसेन नगरपालिकाको अग्लो क्षेत्र श्रीनगरडाँडा काखमा करिब २२ जिल्लामा प्रसारण पुग्ने गरी श्रीनगर एफएम (व्यवसायिक), सामुदायिक रेडियो मुक्तिनाथ एफएम र रेडियो पश्मिाञ्चल (व्यवसायिक) सञ्चालनमा आएका थिए । पश्चिमाञ्चल एफएम हाल बन्द रहेको छ (हेर्नुहोस् तालिका २) । यी रेडियोहरूमा स्थानीय युवालाई विभिन्न चरणको पत्रकारिता तालिम सञ्चालन गरेर जनशक्ति व्यवस्थापन गरिएको थियो । रेडियोहरु खुलेसँगै जिल्लामा पत्रकारिताप्रति युवाहरूको आकर्षण बढेको हो ।

**तालिका २ : जिल्लामा सञ्चालित रेडियोहरु**

| क.स. | रेडियोको नाम | स्थापना | क्षमता | शुरु लगानी/सञ्चालक |
|---|---|---|---|---|
| १ | सामुदायिक रेडियो मदनपोखरा | २०५६/१२/२३ | ५०० वाट | २१ लाख/सामुदायिक बहुसञ्चार केन्द्र, मदनपोखरा |
| २ | श्रीनगर एफएम | २०६०/१२/१३ | १००० वाट | ५० लाख/सञ्चालक समिति |

| क.स. | नाम | स्थापना | क्षमता | शुरु लगानी/सञ्चालक |
|---|---|---|---|---|
| ३ | सामुदायिक रेडियो मुक्तिनाथ | २०६१/०६/०१ | ५०० वाट | ५० लाख/पाल्पा सञ्चार सहकारी संस्था लि. |
| ४ | युनिक एफएम | २०७१ | ५०० वाट | ५० लाख/ सञ्चालक समिति |
| ५ | पश्चिमाञ्चल एफएम | २०६१/०७/२७ | ५०० वाट | ५० लाख/ सञ्चालक समिति |
| ६ | सामुदायिक रेडियो रामपुर | २०६५ | ५०० वाट | कालीगण्डकी सामुदायिक विकास केन्द्र, रामपुर |
| ७ | रेडियो कुटुम्ब | २०७१, गुल्मी, हाल पाल्पा | ५०० वाट | सञ्चालक समिति |
| ८ | पाल्पा एफएम | | | सञ्चालक समिति |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

नेपाल टेलिभिजनको प्रसारण आईनपुग्दा पाल्पामा रत्न केवलमार्फत २०४९ सालमै स्थानीय घटनाहरुको समाचार प्रसारण गर्न थालेको थियो । रत्न केवलले २०६० सम्म कहिले बन्द गर्ने कहिले चलाउने गरेर केवलमार्फत स्थानीय कार्यक्रमहरु प्रसारण गरेको थियो । २०६० सालमा सामुदायिक बहुसञ्चार केन्द्र स्थापना भएपछि श्रीनगर टेलिभिजनको नाममा केवुल प्रविधिबाट निरन्तर स्थानीय बिषयहरु प्रसारण गर्न थाल्यो । २०६५ सालमा श्रीनगर टेलिभिजन एक जिल्लाभित्र प्रसारण हुने गरी दर्ता भयो ।

यसबीचमा सनराइज टेलिभिजन, पाल्पा टेलिभिजन र रामपुर टेलिभिजन दर्ता भई स्थानीय केवुल नेटर्वकमार्फत जिल्लाभित्र आफ्ना कार्यक्रमहरु प्रसारण गरेका थिए । सरकारको नीति परिवर्तन भई सबै टेलिभिजन दर्ता प्रक्रिया एउटै हुने अर्थात् देशभरी प्रसारण हुने गरी डिजिटल प्रविधिमा दर्ता हुने व्यवस्था भएपछि केही टेलिभिजन बन्द भए । पाल्पा टेलिभिजन बन्द भयो । स्थानीय क्षेत्रमा प्रसारण भएका श्रीनगर टेलिभिजन र सनराइज टेलिभिजन, पृथ्वी टेलिभिजन राष्ट्रियस्तरको टेलिभिजन सरह दर्ता भएर सञ्चालनमा रहेका छन् (हेर्नुहोस् तालिका ३) ।

**तालिका ३ : जिल्लामा सञ्चालित टेलिभिजनहरु**

| क.स. | टेलिभिजनको नाम | स्थापना | इजाजत | लगानी/ सञ्चालक |
|---|---|---|---|---|
| १ | श्रीनगर टेलिभिजन | २०७६ (नयाँ दर्ता) | देशभरी | दर्ता १० लाख र उपकरण/सञ्चालक समिति |
| २ | सनराइज टेलिभिजन | २०७६ (नयाँ दर्ता) | देशभरी | दर्ता १० लाख र उपकरण/सञ्चालक समिति |
| ३ | पृथ्वी टेलिभिजन | २०७६, (नयाँ दर्ता) | देशभरी | दर्ता १० लाख र उपकरण/सञ्चालक समिति |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

जिल्लामा चलेका पत्रिकाहरु र रेडियोले आफ्ना अनलाइन पोर्टलहरु चलाएका छन् । जनचेतना दैनिकले सितलपाटी, करूवा पत्रिकाले करूवा न्यूज संचालन गरेका छन् भने पाल्पा समाचार पत्र, सामुदायिक रेडियो मदनपोखराले पनि अनलाइन संस्करण चलाएका छन् । अनलाइन सञ्चारमाध्यमका रूपमा ८ वटा अनलाइनहरू सञ्चालनमा छन् (हेर्नुहोस् तालिका ४) । दर्ताविना पनि केही अनलाइनहरु सञ्चालनमा छन् ।

**तालिका ४ : जिल्लामा सञ्चालित अनलाइनहरु**

| क्र.स. | अनलाईको नाम | स्थापना | लगानी |
|---|---|---|---|
| १ | eranimahal.com | २०७४ | व्यक्तिगत |
| २ | seroferonews.com | २०७४ | व्यक्तिगत |
| ३ | flashnepal.com | २०७६ | व्यक्तिगत |
| ४ | palpapati.com | २०७७ | व्यक्तिगत |
| ५ | gorkhalivoices.com | २०७६ | सामूहिक |
| ६ | nayadhar.com | २०७७ | सामूहिक |
| ७ | katuwalkhabar.com | २०७७ | सामूहिक |
| ८ | bhairabkhabar.com | २०७८ | व्यक्तिगत |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

**पत्रकारितामा कोराना कहर**

कोरोना कहरमा पत्रकारहरूले त्रासमै, सुरक्षाका विधि अवलम्वन गर्दै रिपोर्टिङ भने जारी राखे । यो अवस्थामा तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाले पत्रकारहरूलाई मास्क र सेनिटाइजर उपलब्ध गराएका थिए । तानसेन नगरपालिकाले पत्रकार महासंघ पाल्पाका ९५ जना पत्रकारहरूको कोरोना बीमा पनि गरिदिएको थियो । मिडियामा कोरोनाको मुख्य असर विज्ञापनमा परेको सञ्चालकहरूको भनाइ छ । अनलाइनमा समाचार र पत्रिका प्रकाशन गरेपनि अनलाइनमा विज्ञापन दिने अभ्यास छैन । कोरोनाले पत्रिकाको वितरण रोकिएपछि बार्षिक ग्राहक शुल्क १६ सयमध्ये ६ सय छूट दिइएको छ । ग्राहकलाई दिने उपहार र अन्य सुविधा कटौती गरियो ।

कलेजहरूको भर्नासम्बन्धी विज्ञापन, चाडपर्व लक्षित विज्ञापन र अन्य व्यवसायिक विज्ञापनहरु प्रायः बन्द नै भयो । नीजि व्यवसायी क्षेत्रबाट आउने विज्ञापनमा ७० प्रतिशतभन्दा बढी कटौती भयो । पत्रिका ग्राहकसम्म पुग्न नसकेकाले व्यवसायिक विज्ञापनमा असर परेको प्रकाशकहरूको भनाई छ । यता, मिडियाहरूले विज्ञापन घटेको भनी काम गर्ने कर्मचारी र पत्रकारहरूलाई पारिश्रमिक दिन आनाकानी गर्ने, बिदामा बस्न र आलोपालो कार्यालय आउन भन्ने जस्ता मनोवैज्ञानिक रूपमा त्रासहरु सिर्जना गर्ने गरेको पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष भगवान भण्डारीले बताए ।

श्रीनगर एफएमका अध्यक्ष भिमसेन कार्कीले कोरोना कहरले मिडियाको जनशक्ति र कार्यक्रम, विज्ञापन र बजारमा ठुलो असर पुगेको बताए । जनशक्तिलाई परेको प्रभावका विषयमा कार्कीले भने, 'कर्मचारीको सुरक्षालाई ध्यानमा राखेर सुरूमा घरबाटै समाचार पढ्ने गरियो । प्राविधिकसहित सिमित व्यक्तिमात्रै रेडियोमा जाने गरियो । बहस, संवादजस्ता कार्यक्रमहरु बन्द गरियो । विभिन्न कार्यक्रमहरु चलाउने कर्मचारीहरूलाई बिदा गरियो । गीत, संगितका साथै केन्द्रबाट प्राप्त रिले कार्यक्रमहरु, स्थानीय समाचारहरु र स्थायी कर्मचारीले उत्पादन गर्ने कार्यक्रम मात्रै प्रसारण भए ।'

जनचेतना दैनिकका सम्पादक जगदीश भट्टराईले कोरोना कहरमा कार्यरत जनशक्तिको कोरोना बीमा र सुरक्षित स्वास्थ्य सामग्री प्रयोगमा ध्यान दिएको बताए । कोरोना कहरका बेलाको अवस्थालाई व्याख्या गर्दै

भट्टराई भन्छन्, 'लकडाउन भएसँगै १५ दिन पत्रिका बन्द भयो । त्यसपछि पत्रकारहरूले घरबाटै पत्रिका डिजाइन गरेर पिडिएफ पेपर तयार गरी अनलाइनमा अपलोड गर्ने र इमेलबाट पत्रिका ग्राहकसम्म पठाउन थालियो, केही जनशक्ति कटौती पनि भयो । करिब ५ जनाले जागिर गुमाए । कोरोना असर कम होला र केही समयमा सामान्य अवस्था होला भन्दाभन्दै लामो समय असर पर्‍यो । पत्रिका कोमामा पुग्यो । कसरी माथि उठ्ने भन्ने अन्यौलता देखियो । यसको असर कहिलेसम्म पर्दछ भन्ने यकिन पनि छैन ।'

कोरोना कहरमा पत्रिकालाई परेको मर्मबारे प्रेस काउन्सिल लगायतका सरकारी निकाय पनि संवेदनशील नभएको पाल्पा टाइम्सका कार्यकारी निर्देशक मन गहिरेको अनुभव छ । प्रेस काउन्सिलमा पत्रिका वर्गीकरणका लागि शुरूमा पिडिएफ मात्रै पठाउने भनेपनि पछि प्रिन्ट पत्रिका नै पठाउन लगाइयो । फेरी पुराना पिडिएफ प्रिन्ट गर्न बाध्यता बनेको उनको भनाइ छ ।

कोरोना कहरले विज्ञापन बजार खुम्चिएको श्रीनगर एफएमका अध्यक्ष भिमसेन कार्कीले बताए । उद्योग, धन्दाबाट आउने विज्ञापनहरु ५० प्रतिशतभन्दा बढि घटेको उनको भनाइ छ । राष्ट्रिय विज्ञापन एजेन्सीहरूबाट आउने विज्ञापनमा पनि कटौती भएकाले आम्दानीमा ७० प्रतिशत कमी आएको बताउँदै कार्कीले भने, 'सम्झौता भएका विज्ञापन पनि नबजाउन भने, जुलाईपछि धेरैको सम्झौता नै रद्द भयो । स्थानीय विज्ञापन पनि लगभग ८० प्रतिशत बन्द भयो ।' कार्कीका अनुसार विद्यालय तथा क्याम्पसहरूको भर्नासम्बन्धि विज्ञापन, तीज तथा चाडवार्डलक्षित फेन्सी पसल, गरगहना पसलसहित अन्य विज्ञापन, कम्प्यूटरसहित तालिम केन्द्रहरूका विज्ञापन घट्न गयो । मासिक ३ लाख ५० हजार रूपैयाँसम्म विज्ञापनबाट आम्दानी हुनेमा झण्डै ६० प्रतिशतभन्दा बढी आम्दानी घटेको कार्कीले बताए ।

त्यस्तै पाल्पा, गुल्मी, रूपन्देही र स्याङजामा पहुँच भएको जनचेतना दैनिक पनि नराम्रोसँग प्रभावित भएको सञ्चालक जगदीश भट्टराईको अनुभव छ । पत्रिकाले कोरोना कहर अगाडि मासिक ५ लाख विज्ञापनबाट आम्दानी गर्दै आएकोमा घटेर मासिक २ लाख जति भएको भट्टराईले बताए । लोककल्याणकारी विज्ञापनमार्फत सरकारले मासिक २२ हजार रूपैयाँ दिदै आएको र अहिलेको सन्दर्भमा मुख्य आम्दानी नै त्यही भएको पनि भट्टराईले बताए । तर, आफनो पत्रिकाको मासिक खर्च भने ३ लाख रूपैयाँभन्दा बढी रहेको पनि उनले बताए ।

कोरोना भाइरसको रोकथामसम्बन्धि केन्द्रीय सरकार र प्रदेश सरकारको जनचेतनामूलक सन्देशहरु प्रवाह गर्ने बिषयमा स्थानीय संचारमाध्यमको पहुँच नै नपुगेको श्रीनगर एफएमका अध्यक्ष भिमसेन कार्कीले बताए । 'स्थानीय सरकारले पनि अन्य क्षेत्रमा ध्यान दिए तर संचारमाध्यमबाट सन्देश तथा सामग्रीहरु उत्पादनमा ध्यान दिन सकेनन्', कार्कीले भने, 'अनुदानभन्दा पनि कार्यक्रम उत्पादन वा प्रतिफल प्राप्त हुने गरी मिडियाको लगानी बृद्धि गर्न आवश्यक छ ।'

युनिक एफएमका सञ्चालक किशोर भट्टराई पनि कोरोनाले विज्ञापनमा ७० प्रतिशत कमी आएको बताउँछन् । मासिक आम्दानी २ लाख ५० हजारबाट झरेर १ लाख भएको उनले बताए । मासिक खर्च १ लाख ५० हजारभन्दा बढी रहेको पनि उनले बताए । कोरोना अवधिमा स्थानीय सरकारबाट कोरोनासम्बन्धि केही सन्देश आए तर अन्य विज्ञापन प्रायः बन्द जस्तो भएको बताउँदै भट्टराईले भने, 'स्थानीय सरकारले असार मसान्तमा १० देखि १५ हजार दरले रेडियोमा सन्देश बजाएका थिए । रेडियोलाई लोककल्याणकारी विज्ञापनवापत वार्षिक ८० हजार रूपैयाँ आउँछ जुन निकै कम हो ।'

कोरोना कहरले सम्झौता भएपनि विज्ञापन समेत रोकिएको र धेरैले सम्झौता नै रद्द गरेको सञ्चालकहरूको भनाइ छ । स्थानीय विज्ञापन लगभग ८० प्रतिशत बन्द भएको बताउँदै कुटुम्ब एफएमका स्टेशन म्यानेजर नारायण न्यौपानेले भने, 'विद्यालय तथा क्याम्पसहरूको भर्नासम्बन्धि विज्ञापन, तीज तथा चाडवार्डलक्षित फेन्सी पसल, गरगहना पसलसहित अन्य विज्ञापन, कम्प्यूटरसहित अन्य तालिम केन्द्रहरूका विज्ञापन घट्न गएकाले रेडियो सञ्चालन गर्ने र कर्मचारीलाई तलब दिन ऋण नै खोज्नुपर्ने अवस्था आयो ।' नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष एंव रेडियो मदनपोखराका स्टेशन म्यानेजर राजेश कुमार अर्यालले विपद् कोष स्थापना गरी त्यसको परिचालन गर्ने र अप्ठयारो परेको बेला खर्च गर्ने अभ्यास सञ्चारमाध्यमसँग नहुँदा आर्थिक संकट देखापरेको बताए ।

श्रीनगर टेलिभिजन पाल्पाका प्रबन्धक बिष्णु घिमिरेकाअनुसार कोरोना कहरले टेलिभिजन पत्रकारिता पनि नराम्रोसँग प्रभावित भयो । 'भिजुअल खिच्न फिल्ड जान सकिएन, गोष्ठी, तालिम जस्ता औपचारिक समाचारको खडेरी नै पर्‍यो । टेलिभिजन सामग्री र विज्ञापन दुवैमा असर परेको देखिन्छ', घिमिरेले भने, 'लकडाउनअगाडि २५ वटा विज्ञापन रहेकोमा असोजको अन्तिममा संख्या घटेर ३ वटा मात्रै भएको थियो ।'

शुरुवात चरणमा रहेका अनलाइनहरूलाई कोरोनाले पाठक अर्थात् अनलाइनका सामग्री पढ्नेहरु बढाएपनि थुप्रै चुनौती थपिएको सेरोफेरो अनलाइन सञ्चालक मुक्ति प्रसाद न्यौपानेको भनाइ छ । उनका अनुसार कोरोना कहरले फिल्ड रिपोर्टिङ्ग गर्न अप्ठ्यारो भयो, फिल्डका फोटोहरु राख्न सकिएन, फेक सूचनाहरु आउने खतरा बढ्यो, यस बीचमा आम्दानीका स्रोतहरु पूरै बन्द भए । 'विपद्का बेला केही सिकाइ भए तर अनलाइन चलाउन आम्दानी स्रोत खुम्चिएको छ', न्यौपानेले भने, 'अनलाइनलाई पनि लोककल्याणकारी विज्ञापन दिने नीति बनाउन जरूरी छ ।' अझ न्यौपानेको भनाइमा यस किसिमको नीति तीनवटै तहका सरकारहरूले बनाउन आवश्यक छ ।

**सन्दर्भ सामग्री**

प्रवाह बुलेटिन । २०७३ । नेपाल पत्रकार महासंघ, पाल्पा ।

चापागाई, बालकृष्ण । २०७० । पत्रकारितामा लुम्बिनी, बुटवल मिडिया प्रकाशन प्रालि, रूपन्देही ।

कौशल, किरण । २०६४ । पाल्पाका एफएम रेडियो र माघ १९ ले पारेको असर । मिडिया अध्ययन-२ । काठमाण्डौंः मार्टिन चौतारी ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरू**

भिमसेन कार्की, अध्यक्ष, श्रीनगर एफएम ।

राजेशकुमार अर्याल, अध्यक्ष, नेपाल पत्रकार महासंघ, पाल्पा ।

जगदिश भट्टराई, सम्पादक, जनचेतना दैनिक ।

किशोर भट्टराई, सञ्चालक, युनिक एफएम ।

नारायण न्यौपाने, स्टेशन म्यानेजर, कुटुम्ब एफएम ।

मन गहिरे, कार्यकारी निर्देशक, पाल्पा टाइम्स साप्ताहिक ।

बिष्णु घिमिरे, प्रबन्धक, श्रीनगर टेलिभिजन ।

मुक्तिप्रसाद न्यौपाने, सञ्चालक, सेरोफेरो अनलाइन ।

भगवान भण्डारी, पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ, पाल्पा ।

# रुपन्देहीको पत्रकारिता र कोरोनाले थलिएका सञ्चारमाध्यम

**कृष्ण मल्ल**

रूपन्देहीमा २०१२ चैत्र १५ गते बुटवल साप्ताहिकको प्रकाशन भएको पाइन्छ । त्यसपछि ६ बर्षसम्म लुम्बिनी अञ्चलमै पत्रिकाको खडेरी पऱ्यो । २०१८ साल फागुन ७ गते दोस्रो पत्रिकाको रूपमा साप्ताहिक लुम्बिनी प्रकाशन भएको थियो । लुम्बिनी सन्देश साप्ताहिक २०२२ साल वैशाख ६ गतेदेखि प्रकाशित भएको थियो । दैनिक निर्णय २०२२ साल, निष्पक्षध्वनि २०२७ साल, खसोखास साप्ताहिक २०२७ सालमा प्रकाशन भएको देखिन्छ ।

बरिष्ठ पत्रकार बसन्त पोखरेलले लुम्बिनी अञ्चलको पत्रकारिताको शुरूदेखि अहिलेसम्म संक्षिप्त चर्चा २०५७ मोफसल बुलेटिनमा चर्चा गरेअनुसार रूपन्देहीमा सबैभन्दा धेरै पत्रिकाहरूको प्रकाशन २०३६ देखि २०४५ सालको अवधिमा भएको देखिन्छ । एक्सरे साप्ताहिक, समालोचना साप्ताहिक, दैनिक सिद्धार्थ, परिर्वतन पाक्षिक, मुक्तिसन्देश पाक्षिक, संश्लेषण साप्ताहिक, प्रतिमान साप्ताहिक, धवल पाक्षिक, लुम्बिनी दूत साप्ताहिक, सम्वाद साप्ताहिक, चित्कार साप्ताहिक, त्रिवेणी साप्ताहिक, सुशेली साप्ताहिक, लालिगुराँस साप्ताहिक, वाणी साप्ताहिक, लुम्बिनी दैनिक प्रकाशन भएको थियो । कर्ण बहादुर कार्कीको सम्पादनमा लुम्बिनी दैनिक २०४५/०४६ मा नवलपरासीमा दर्ता भई पछि रूपन्देहीबाट प्रकाशन भएको थियो । यो पत्रिका हालसम्म नियमित प्रकाशनमा छ ।

बहुदलको आगमनपछि पत्रिकाहरू खोल्ने बाढी नै आयो । २०४६/०४७ मा लक्ष्मीनाथ ज्ञवालीको सम्पादकत्वमा जनता साप्ताहिक प्रकाशित भयो । जनसंघर्ष दैनिक २०४७ असार ९ गते प्रकाशनमा आएको थियो । २०४७/०४८ मा बसन्त पोखरेलको सम्पादकत्वमा सन्देश दैनिक प्रकाशित भयो भने चौतारी दैनिक, खुल्दुली साप्ताहिक, सूचना अर्ध साप्ताहिक, अर्चना साप्ताहिक, नेपाल साप्ताहिक पत्रिका देखापरे । २०४९/०५० मा नयाँ दिशा दैनिक र बुद्ध सन्देश साप्ताहिक, बुटवल साप्ताहिक, उपचार साप्ताहिक, नयाँ चुनौती साप्ताहिक, यथार्थ दैनिक, नयाँ राज्यसत्ता, देउराली दैनिक, भावना दैनिक, सदिक्षा साप्ताहिक, सद्धि सन्देश साप्ताहिक, मेचीकाली सन्देशजस्ता पत्रिकाहरूले आफ्नो प्रकाशन थालेका थिए ।

रूपन्देही जिल्लामा दर्ता हुन नदिएपछि नवलपरासीमा दर्ता भई रूपन्देहीबाट प्रकाशन भएको लुम्बिनी दैनिक, २०४७ असार ९ गते प्रकाशित जनसंघर्ष दैनिक र २०५७ मंसिर ३० गते प्रकाशित मेचीकाली सन्देश दैनिक हालसम्म नियमित रूपमा प्रकाशित भइरहेको छ ।

**तालिका १ : रूपन्देहीमा सञ्चालित दर्ता भएका र सञ्चालित पत्रिकाहरू**

| क्र.स. | पत्रिकाको नाम | स्थापना | रंगीन वा श्यामश्वेत |
|---|---|---|---|
| १ | मेचीकाली दैनिक | २०५७ मंसिर ३० | रंगीन |
| २ | लुम्बिनी दैनिक | २०४५/०४६ | रंगीन |
| ३ | बुटवल टुडे दैनिक | २०६८ | रंगीन |
| ४ | दैनिक पत्र दैनिक | २०६० | रंगीन |
| ५ | जनसंघर्ष (साप्ताहिक) | २०४७ जेठ ३० | रंगीन |
| ६ | नव तिलोत्तमा दैनिक | २०६३ | श्यामश्वेत |
| ७ | गौतम बुद्ध सन्देश दैनिक | २०७१ | श्यामश्वेत |
| ८ | नयाँ भावना दैनिक | २०६३/०६४ | |
| ९ | सबल नेपाल (साप्तहिक) | | |
| १० | खस्यौली साप्ताहिक | | |
| ११ | लुम्बिनी पोष्ट साप्ताहिक | | |
| १२ | बुद्धभूमि नेपाल (साप्ताहिक) | | |
| १३ | मिलापत्र साप्ताहिक | | |
| १४ | भैरहवा साप्ताहिक | | |
| १५ | नयाँदिशा साप्ताहिक | | |
| १६ | बुटवल साप्ताहिक (हाल स्वाधिन साप्ताहिक) | २०६८ असार १२ | |
| १७ | संघीय एक्सप्रेस अर्धसाप्ताहिक | | |
| १८ | नव भैरहवा साप्ताहिक | | |
| १९ | देवदह साप्ताहिक | २०६३/०६४ | |
| २० | लुम्बिनी खवर साप्ताहिक | | |
| २१ | बुद्धध्वनि साप्ताहिक | | |
| २२ | विजनेश खवर पाक्षिक | | |
| २३ | फोटो न्यूज पाक्षिक | | |
| २४ | पाठशाला मासिक | २०६६ | |
| २५ | हेल्थ न्यूज मासिक | | |
| २६ | जनघोष मासिक | | |
| २७ | अग्नी परिक्षा राष्ट्रिय साप्ताहिक | | |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

**रेडियोको अवस्था**

लुम्बिनी एफएमले आफ्नो प्रसारण २०५६ माघ २७ मा शुरुवात गरेपछि रूपन्देहीमा रेडियो स्थापनाको लहर शुरु भएको देखिन्छ । सहकारी संस्थाको व्यवस्थापनमा सञ्चालित सामुदायिक रेडियोले समाचार र

सूचना प्रवाहमा राम्रो छवि बनाएको थियो । हालसम्म रेडियो निरन्तर चलिरहेको छ । २०५९ जेठ १३ मा बुटवल एफएमले व्यवसायिक रेडियोको रूपमा प्रसारण शुरु गरेको थियो । सिद्धार्थ मिडिया सर्भिसेज प्रा.लि.ले सञ्चालन गरेको बुटवल एफएम व्यवसायिक रूपमा सफल बनेको छ । २०६० देखि २०६५ सालसम्मको अवधिमा रूपन्देहीमा रेडियो खोल्ने होडबाजी नै चल्यो । रूपन्देहीमा एक दर्जनभन्दा बढी रेडियोहरु सञ्चालनमा छन् । तिनाउ एफएम, रेडियो नमस्ते, रेडियो देवदह, रूपन्देही एफएम, रेडियो जागरण, रेडियो मुक्ति, रेडियो रिपब्लिक, रेडियो समावेशी, रेडियो मलमला, सिद्धार्थ एफएम, खस्यौली एफएम, रेडियो सैनामैना, रेडियो छिमेकी र रेडियो कञ्चन दर्ता भएका छन् ।

**तालिका २ : रूपन्देहीका रेडियोहरु**

| क्र.स. | रेडियोको नाम | स्थापना | क्षमता |
|---|---|---|---|
| १ | रेडियो लुम्बिनी | २०५६ माघ २७ | ५०० वाट |
| २ | बुटवल एफएम | २०५९ जेठ १३ | १००० वाट |
| ३ | तिनाउ एफएम | २०६० भदौ | १००० वाट |
| ४ | रूपन्देही एफएम | २०६० भदौ | १००० वाट |
| ५ | सिद्धार्थ एफएम | २०६३ मंसिर | १०० वाट |
| ६ | रेडियो जागरण | २०६४ मंसिर | ५०० वाट |
| ७ | रेडियो नमस्ते | २०६४ फागुन | १००० वाट |
| ८ | रेडियो देवदह | २०६५ पुस | १०० वाट |
| ९ | रेडियो मुक्ति | २०६५ | १०० वाट |
| १० | रेडियो रिपब्लिक | २०६५ मंसिर | ५०० वाट |
| ११ | रेडियो समावेशी | २०६८ बैशाख | १०० वाट |
| १२ | रेडियो मलमला | २०६८ | ५०० वाट |
| १३ | खस्यौली एफएम | २०७२ | १०० वाट |
| १४ | रेडियो सैनामैना | २०७२ | १०० वाट |
| १५ | रेडियो छिमेकी | २०७० | १०० वाट |
| १६ | रेडियो कञ्चन | २०७५ | १०० वाट |
| १७ | रेडियो शुद्धोधन | २०७६ | १०० वाट |
| १८ | रेडियो भैरहवा | २०७७ | १०० वाट |
| १९ | रेडियो द्वारिका | २०७७ | १०० वाट |
| २० | रेडियो तिलोत्तमा | २०७५ | १०० वाट |
| २१ | किस एफएम | जानकारी नभएको | १०० वाट |
| २२ | तिनाउ एफएम | २०५९ | ५०० वाट |
| २३ | रेडियो टाइम्स | २०७५ | ५०० वाट |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

**रूपन्देहीमा टेलिभिजनको अवस्था**

रूपन्देहीमा टेलिभिजन च्यानलहरुको क्रमशः विकास हुँदै गइरहेको छ । शुरुमा स्थानीय च्यानलहरुले समाचार सेवा दिने प्रयास गरिरहेकै क्रममा सामुदायिक टेलिभिजनको रूपमा सिद्धिचरण भट्टराई लगायतका सञ्चारकर्मीको पहलमा विकासका लागि सूचना तथा सञ्चार अभियान लुम्बिनी कम्युनिटी टेलिभिजन २०६५ भदौमा प्रसारणमा आएको थियो । दोस्रो टेलिभिजनको रूपमा २०६६ वैशाखमा शान्तिका लागि सञ्चार अभियान भनी बुद्ध सामुदायिक टेलिभिजन बुटवलबाट प्रसारण भएको पाइन्छ । भैरहवाबाट स्थानीय टेलिभिजन च्यानलहरुमार्फत सूचना तथा समाचार सम्प्रेषणका कार्य भएका छन् (हेर्नुहोस् तालिका ३) ।

**तालिका ३ : रूपन्देहीका टेलिभिजनहरु**

| क.सं. | टेलिभिजनको नाम | स्थापना |
|---|---|---|
| १ | लुम्बिनी कम्युनिटी टेलिभिजन | २०६५ |
| २ | बुद्ध सामुदायिक टेलिभिजन | २०६६ |
| ३ | भैरहवा टेलिभिजन | २०७६ |
| ४ | राज्य टेलिभिजन | २०७७ |
| ५ | साझा टेलिभिजन | २०७७ |
| ६ | देवदह टेलिभिजन | २०७६ |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

**अनलाइनको अवस्था**

रूपन्देहीमा अनलाइन पत्रकारिताको विकासले गति लिन थालेको छ । पत्रिकाहरूले आफ्ना अनलाइन संस्करणहरु नियमित रूपमा अद्यावधिक गरिरहेका छन् । अनलाइनहरु २०७४/०७५ बाट दर्ता हुने गरेको देखिन्छ । कोरोना कहरको बेलामा पत्रिकाहरु बन्द भएकाले पनि अनलाइन बढी प्रभावकारी बन्यो ।

**तालिका ४ : रूपन्देहीमा सञ्चालित अनलाईनहरु**

| क.सं. | अनलाईनको नाम | स्थापना |
|---|---|---|
| १ | भैरहवा अनलाईन | |
| २ | नागरिक आवाज | २०७७ |
| ३ | इखबर नेपाल | |
| ४ | सबल नेपाल न्यूज | २०७४ |
| ५ | लुम्बिनी अनलाईन | २०७४ |
| ६ | समयचक्र | २०७५ |
| ७ | श्रीनगर अनलाईन मिडिया | २०७४ |
| ८ | खबर खुराक | २०७६ |
| ९ | बुलेटिन नेपाल | २०७४ |
| १० | नयाँ खोज | |
| ११ | बुटवल पोष्ट | |
| १२ | लुम्बिनी समाचार | |
| १३ | बुटवल अनलाईन | २०७५ |
| १४ | लुम्बिनी टाइम्स | २०७६ |
| १५ | खबरपात्रो | २०७७ |
| १६ | ग्लोबल आवाज | २०७५ |
| १७ | नागरिक अनलाईन | २०७७ |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

**सञ्चारमाध्यममा कोरोना कहरको असर**

कोरोना कहरको प्रभाव पत्रिका, रेडियो, टेलिभिजन र अनलाइन गरी सबै किसिमका सञ्चार माध्यममा प्रत्यक्ष रूपमा देखापरेको छ । सञ्चार माध्यमको महत्व र प्रभावलाई कोरोना कहरले साँघुरो बनाएको छ । विज्ञापनको स्रोत घट्दा र कोरोना कहरको डरले सञ्चारमाध्यम र पत्रकार दुवै अप्ठ्यारोमा परे । जेनतेन चलेका सञ्चार माध्यम बन्द जस्तै छन् भने बजारमा देखिने गरी सञ्चालनमा रहेकाहरु कठिन मोडमा उभिएको नेपाल पत्रकार महासंघ रूपन्देहीका सचिव रामप्रसाद आचार्यको अनुभव छ ।

२०७७ साल चैत ११ गतेदेखि कोरोना भाइरस नियन्त्रणका लागि सरकारले लकडाउन घोषणा गरेपछि रूपन्देहीका छापा सञ्चार माध्यमले हप्ता दिनभन्दा बढी प्रकाशन बन्द गरे । त्यसपछि पत्रिकाको पुनः प्रकाशन गरिए पनि टिकाउन हम्मे परेको छ । कोरोना कहरले कतिपय छापा माध्यमहरु बन्द भए भने प्रकाशनमा रहेका पत्रिकाहरूले पनि छपाइ संख्या कटौती गरे । मासिक र साप्ताहिक पत्रिकाहरूको प्रकाशन बन्द नै भयो । रेडियो र टेलिभिजनमा सिमित जनशक्तिबाट काम चलाएर कर्मचारीहरु कटौती गरियो । रेडियो र टेलिभिजनले प्रसारण समय घटाउनेदेखि कार्यक्रम उत्पादन नै बन्द गर्नेसम्मका काम गरे । अनलाइनहरूको सञ्चालन बढेपनि गुणस्तरीय सामग्री दिन र बजारीकरण गर्न भने त्यस्ता मिडिया पनि सफल हुन सकेनन् ।

बुटवल टुडेंका प्रबन्ध सञ्चालक नवराज कुँवरको भनाइमा कोरोना महामारी अघि आठ पृष्ठ प्रकाशित हुनेमा हाल चार पृष्ठ मात्रै प्रकाशित हुँदै आएको छ । ४० प्रतिशत मात्रै आम्दानी भएकाले नियमित खर्च धान्न समेत अप्ठयारो परेको बताउँदै कुँवरले भने, 'जिल्लाका कार्यालय, वितरण र बजारका कर्मचारी बिदामा छन् । करिब ९४ जनामध्ये करिव ५० जनालाई मात्रै काममा लगाइएको छ । पत्रकारहरूलाई जेनतेन तलब दिइरहेका छौं ।'

कोरोनाले सञ्चारमाध्यमहरूको विज्ञापन बजार खुम्चियो, आम्दानी घट्यो, वितरण संख्या कटौती भयो र ग्राहकमा कमी आयो । यस्तो वेला सरकारी अनुदान र सहयोग शुन्य भएकाले सञ्चारमाध्यम बचाउन धेरै नै अप्ठ्यारो छ, पत्रिकाका प्रायः प्रकाशकहरूको भनाइ यस्तै छ । नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष भरत के.सी. का अनुसार आर्थिक बर्ष २०७६/०७७ मा प्रदेश सरकारकै सञ्चार माध्यमलाई दिने रकम समेत वितरण हुन सकेन । 'रूपन्देहीमा सञ्चालित छापा, एफएम रेडियो, टेलिभिजन र अनलाइनको आम्दानी ४५ देखि ७५ प्रतिशतसम्म घटेको अनुमान गरिएको छ । यसको असर सबैभन्दा बढी टेलिभिजन र एफएम रेडियोहरूलाई परेको छ । व्यावसायिक विज्ञापनको मात्रै हिसाब गर्ने हो भने ९० प्रतिशत विज्ञापन घटेको छ', केसीले भने ।

बुटवल मिडिया प्रकाशन प्रा.लि. द्वारा दैनिकपत्र, जनसंघर्ष दैनिक र स्वाधीन मासिक पत्रिका प्रकाशन हुँदै आएको छ । कोरोना महामारीपछि दैनिकपत्र मात्रै प्रकाशन गरिएको सम्पादक सुमन अधिकारीले बताए । कोरोना कहरले पत्रिकाको ग्राहक संख्यामा ७० प्रतिशतले कमी आएको २० बर्षदेखि बुटवलमा पत्रिकाको वितरण गर्दै आएका सिटि बुक्स एण्ड न्यूज कर्नरका सञ्चालक त्रिलोचन ज्ञवाली बताउँछन् । ज्ञवालीका अनुसार पत्रिकाको ग्राहक कटौती गर्नेमा बैंक र वित्तीय संस्थाहरु समेत रहेका छन् । 'काठमाडौंबाट प्रकाशित हुने पत्रिकाहरु पनि समयमा आउन छाडेका छन्', ज्ञवालीले भने, 'मिडियामा कोभिडको प्रभाव डरलाग्दो देखिएको छ ।'

बिजनेस खबर साप्ताहिक सञ्चालन गरेका दामोदर खनालले आफ्नो पत्रिका बन्द गर्नुपरेको बताए । खनालकाअनुसार बजारमा विज्ञापनका रकम उठ्न बाँकि छ तर तत्कालको खर्च चलाउनै अप्ठ्यारो छ । पत्रिका चलाउँदा निरन्तर घाटा खानुभन्दा बन्द गरिएको उनको भनाइ छ । रूपन्देहीका पत्रिकाहरूले ८ पृष्ठको दैनिक पत्रिकालाई ४ पृष्ठमा घटाई प्रकाशन गरिरहेका छन् । साप्ताहिक पत्रिकाहरूको प्रकाशन पनि नगण्य मात्रामा भइरहेको छ । धेरैजसोले पत्रिका बन्द गरी अनलाइन संस्करण निकालिरहेका छन् । अनलाइन न्यूज पोर्टलहरु नयाँ खुलेपनि र पुरानाले उपस्थिति जनाउन खोजेपनि व्यवस्थित रूपमा सञ्चालन भएको देखिदैन । विज्ञापन स्रोतको कमी, गुणस्तरको जनशक्तिको अभाव र संस्थागत संरचना नहुनु नै अनलाइन न्यूज पोर्टलका मुख्य चुनौती रहेको बुद्धभूमि साप्ताहिकका सम्पादक एन.बी कर्डेलले बताए ।

लुम्बिनी टेलिभिजनका सञ्चालक दिनेश पाण्डेका अनुसार कोरोना कहरले सञ्चारमाध्यमबीच अनावश्यक प्रतिस्पर्धा बढाएको छ । सञ्चारमाध्यममा आउने विज्ञापनको संख्या र दर दुवै घटेकाले अप्ठ्यारो परेको र यसले लामो समय आम्दानीमा असर गर्ने उनको भनाइ छ । कोरोना महामारीअघि नियमित पारिश्रमिक दिने सञ्चार गृहहरूले कोरोना कहरपछि तलब नियमित गर्न सकेनन् । खर्चिलो माध्यम मानिने टेलिभिजनको ६० प्रतिशत आम्दानी घटेको सञ्चालकहरु बताउँछन् । ठूला उद्योगबाट आउने विज्ञापन कटौतीसँगै पत्रकारहरूले नियमित तलब नपाउने अवस्था बन्यो जसले गर्दा पत्रकारिताको गुणस्तर समेत खस्किएको बुद्ध टेलिभिजनका निमित्त कार्यकारी निर्देशक विक्रम खड्काले बताए ।

**पत्रकारहरूको पीडैपीडा**

रूपन्देहीमा १४ जना क्रियाशील पत्रकारमा कोरोना संक्रमण पुष्टि भएको नेपाल पत्रकार महासंघ रूपन्देहीको तथ्याङ्क छ । कोरोना कहरले रूपन्देहीका सञ्चारमाध्यमले कर्मचारीलाई बेतलबी बिदामा राखे भने अधिकांशले नियमित तलब दिन सकेका छैनन् । सञ्चार गृहको आम्दानी घटेपछि त्यहाँ कार्यरत श्रमजीवी पत्रकार र कर्मचारीको रोजीरोटी गुम्दै गएको छ । सञ्चार माध्यममा काम गर्ने पत्रकार र कर्मचारीहरू औपचारिक रूपमा निकालिएका घटना बाहिर नआएपनि कार्यालयमा नबोलाएका उदाहरण धेरै छन् । विनोद परियारले २०७७ कार्तिक ६ मा मिडिया फाउण्डेशनका लागि लेखेको लुम्बिनी प्रदेशमा सञ्चारगृहको प्राण मात्रै बाँकि, पत्रकारको दैनिकी सकसपूर्ण लेखमा धेरैंजसो सञ्चार माध्यमले मासिक तलब खुवाउन नसकेको गुनासो पत्रकारहरूले गरेको उल्लेख गरेका छन् ।

राष्ट्रिय र स्थानीय सञ्चारगृहमा आबद्ध रूपन्देहीका करिब २० देखि ३५ प्रतिशत पत्रकार तथा कर्मचारी फोर्स लिभमा बस्न बाध्य छन् । त्यसरी फोर्स लिभमा बस्ने पत्रकारहरु रूपन्देहीका सञ्चारमाध्यम र राष्ट्रिय सञ्चारमाध्यममा काम गर्ने पत्रकार र कर्मचारीहरु रहेका छन् । मासिक तलब दिइएको संवाददाताहरूलाई समेत समाचार लेखेको आधारमा स्ट्रिन्जरलाई झैं काम गराउन शुरू गरिएका उदाहरण पनि उत्तिकै छन् । केन्द्रबाट प्रदेश र जिल्ला हेर्ने गरी राखिएका संवाददाताहरूले आधा तलबमा काम गर्नुपर्ने बाध्यता रहेको प्रेस संगठन रूपन्देहीका अध्यक्ष अमृत गिरीले बताए । पत्रकारिता नै मुख्य पेशा बनाउँदै आएका पत्रकारको बारेमा सञ्चालकहरूले उनीहरूको समस्याका बारेमा सोधीखोजी नगरेको अन्नपूर्ण पोष्ट लुम्बिनी ब्यूरो प्रमुख लक्ष्मण पोखरलेले बताए ।

**अबको बाटो**

कोरोना कहरमा नागरिकलाई नियमित सूचना दिने सञ्चारममाध्यमलाई स्थानीय, प्रदेश र संघीय सरकारले नहेरेको सञ्चारमाध्यमका सञ्चालकहरूको गुनासा छन् । कोरोना कहरले थलिएको पत्रकारिता उकास्न तीनै तहका सरकारबाट राहतको प्याकेज बनाउने, सञ्चार माध्यमहरूले खर्च कटौती गर्ने, लगानीकर्ताले थप लागनी जुटाउने र सामग्रीहरूको गुणस्तरीयता बृद्धि गर्न आवश्यक रहेको बुटवल एफएमका स्टेशन म्यानेजर माधव नेपालले बताए ।

स्थानीय सरकारहरूले समेत सञ्चार क्षेत्रको योगदान र पत्रकारहरूलाई हौसला बढाउने गरी राहत प्याकेज ल्याउनुपर्नेमा त्यसतर्फ कुनै पनि तहका सरकारले ध्यान नदिएको प्रकाशन समाज रूपन्देहीका अध्यक्ष नवराज कुँवरले बताए । तीन तहको सरकार र सूचनाका लागि सरोकार राख्नेहरूले ध्यान नदिए कोभिड १९ कै कारण अधिकांश सञ्चार गृह बन्द हुनुका साथै सयौं पत्रकार बेरोजगार हुनुपर्ने अवस्था सिर्जना हुने कुँवरको धारणा छ ।

पत्रकार महासंघ रूपन्देहीका उपाध्यक्ष दिनेश पाण्डेले सरकारले सञ्चारमाध्यम परिचालन कोषको व्यवस्था गर्ने र सञ्चार माध्यमले अनावश्यक खर्च कटौटी गरी सञ्चार माध्यम र पत्रकार बचाउनुपर्ने बताए । कोरोना कहरले ल्याएको संकट पार लगाउन सरकार, सञ्चारमाध्यम र सञ्चारकर्मीबीच सहकार्य र समन्वय आवश्यक देखिन्छ । सरकारले जनतासम्म सूचना पुऱ्याउने बलियो माध्यम सञ्चार माध्यमको प्रयोग गर्ने र टिकाउने

दायित्वबोध गर्नुपर्दछ । सञ्चार माध्यम सञ्चालकले विपद्को बेला नाफाभन्दा नियमित खर्च व्यवस्थापन गरी भविष्यका लागि आफ्नो भूमिका जोगाउनुपर्दछ । सञ्चारकर्मीले पनि आफुले पस्कने सामग्री गुणस्तरीय बनाउने र खोजी पत्रकारिता गर्न पनि उत्तिकै आवश्यक छ ।

**सन्दर्भ सामग्री**

चापागाई बालकृष्ण । २०७० । पत्रकारितामा लुम्बिनी । बुटवल मिडिया प्रकाशन प्रा.लि.।

परियार, विनोद । २०७७ कार्तिक ६ । लुम्बिनी प्रदेशमा सञ्चारगृहको प्राण मात्रै बाँकी, पत्रकारको दैनिकी सकसपूर्ण । मिडिया फाउण्डेसन ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरु**

रामप्रसाद आचार्य, सचिव, नेपाल पत्रकार महासंघ, रूपन्देही ।

नवराज कुँवर, प्रबन्ध निर्देशक, बुटवल टुडें दैनिक ।

एन.वी कडेंल, सम्पादक, बुद्धभूमि सन्देश, रूपन्देही ।

अमृत गिरी, अध्यक्ष, प्रेस संगठन रूपन्देही ।

सुमन अधिकारी, सम्पादक, दैनिक पत्र ।

माधव नेपाल, स्टेशन म्यानेजर, बुटवल एफएम ।

दिनेश पाण्डे, सञ्चालक, लुम्बिनी कम्यूनिटी टेलिभिजन, रूपन्देही ।

बिक्रम खड्का, निमित्त कार्यकारी निर्देशक, बुद्ध सामुदायिक टेलिभिजन ।

लक्ष्मण पोखरल, लुम्बिनी ब्यूरो प्रमुख, अन्नपूर्ण पोष्ट ।

# रोल्पाको पत्रकारिता र कोरोना कहर

**महेश न्यौपाने**

**पृष्ठभूमि**

रोल्पामा पत्रकारिताको इतिहास त्यति लामो छैन । २०३४ सालमा सुनछहरी नामक साहित्यिक पत्रिका प्रकाशनमा आएको भनिएपनि त्यसले निरन्तरता पाउन सकेन । २०४६ सालको राजनैतिक परिवर्तन संस्थागत हुन नपाउँदै २०५२ साल फागुनदेखि शुरु भएको माओवादी सशस्त्र युद्धले रोल्पाको पत्रकारिता मौलाउन पाएन ।

तत्कालीन जिल्ला पञ्चायत सचिवालयमा काम गर्ने गरी दाङबाट रोल्पा आएका दयाराम डाँगीलाई पत्रकारिता गर्ने हुटहुटी जाग्यो । २०४६ सालको राजनैतिक परिवर्तनपछि जिल्ला पञ्चायत सचिवालयको जागिर गुमाएका डाँगीले बुटवलमा पत्रकारिताको तालिम लिई २०५१ सालबाटै दैनिक लुम्बिनी पत्रिकासँग जोडिए । डाँगी त्यसपछि २०५४ सालमा जनआस्था साप्ताहिकमा पनि जोडिन पुगे । नयाँ युगबोध लगायत पत्रिकासँगको सामिप्यता वढ्दै जाँदा रोल्पामा नियमित पत्रपत्रिकाहरु बढ्दै जान थाल्यो । २०५७ सालदेखि कान्तिपुर र २०५९ सालबाट राजधानी दैनिकमा रिपोर्टिङ हुन थालेसँगै रोल्पा काठमाण्डौसँग जोडिन पुगेको हो ।

'मुलुकमा चलेको १० वर्षे द्वन्द्वका क्रममा सबैभन्दा बढी प्रभावित जिल्ला रोल्पामा बसेर पत्रकारिता गर्नु सजिलो कदापि थिएन', पत्रकार दयाराम डाँगी भन्छन्, 'दुवै पक्षबाट चेपुवामा परेर भएपनि पत्रकारिता पेशालाई अगाडि बढायौं । संकटकालको समयमा धेरैले जिल्ला छोडेर अन्यत्र लाग्नुभयो । पत्रकार भएकै कारणले त्यसबेला तत्कालीन शाही सेनाबाट म लगायत साथीहरुलाई पटक पटक बोलाइयो । तर, मैले विभिन्न बहाना बनाउँदै टारैं । बडो मुस्किलका साथ पत्रकारिता जीवन गुजार्दै यो अवस्थासम्म आइपुगेका हौं ।'

रोल्पाका अर्का पत्रकार घनश्याम आचार्य पत्रकारिता क्षेत्रको अनुभव यसरी सुनाउछन्, '२०५२ पछि युद्धरत पक्षका बीच ठूलाठूला भिडन्त भए । जताततै मानव ढाल बनाएर जनतालाई दुवै पक्षले जर्बजस्ती रूपमा परिचालित गरे । माओवादीले परेड गर्ने ठाउँमा जनतालाई लैजान्थ्यो भने सुरक्षाकर्मीले सुराकी बनाउन जनता प्रयोग गरे ।' जिल्लामा पत्रकारिताको जग वसाल्ने यी दुई पुराना पत्रकारको कथनले रोल्पामा पत्रकारिताको थालनी के कसरी भयो भन्ने कुरालाई प्रष्ट पार्दछ ।

माओवादी द्वन्द्व शान्ति प्रक्रियामा रूपान्तरण भएसँगै यहाँको पत्रकारिता संस्थागत हुँदै गएको पाईन्छ । वृहत शान्ति सम्झौतासँगै दश वर्ष लामो माओवादी सशस्त्र युद्ध शान्ति प्रकृयामा अवतरण भएपछि रोल्पामा मिडिया फस्टाउने वातावरण तयार भएको हो । हाल जिल्लामा १ दर्जन वढी पत्रिका दर्ता भएका छन् (हेर्नुहोस् तालिका १) । यसैगरी सामुदायिक रेडियो पनि ७ वटा सञ्चालनमा छन् (हेर्नुहोस् तालिका २) ।

**छापा माध्यमको अवस्था र लगानी**

२०६३ साल कात्तिक २२ गतेदेखि प्रकाशनमा आएको रोल्पा आवाज पाक्षिक जिल्लाकै सबैभन्दा पहिलो समाचारमूलक पत्रिका हो । यस सँगसँगै साप्ताहिकको रूपमा २०६३ कात्तिक २७ गतेदेखि रोल्पा समाचार साप्ताहिक प्रकाशनमा आयो । जिल्ला प्रशासन कार्यालय रोल्पामा हालसम्म १३ वटा पत्रिका दर्ता भएका छन् जसमध्ये हाल नियमित सञ्चालनमा रहेका पत्रिकाको संख्या ४ वटा मात्रै छ ।

**तालिका १ : रोल्पामा छापा माध्यमको अवस्था**

| क्र.सं. | दर्ता भएका पत्रिका | स्थापना | हाल प्रकाशनमा रहेका पत्रिका | लगानी |
|---|---|---|---|---|
| **दैनिक** | | | | |
| १ | रोल्पा टाइम्स | २०६९ | - | |
| **साप्ताहिक** | | | | |
| २ | रोल्पा समाचार | २०६३ | रोल्पा समाचार | १० लाख |
| ३ | जलजला पोष्ट | २०६८ | - | |
| ४ | जुनकिरी सञ्चार | २०६८ | जुनकिरी सञ्चार | ३ लाख |
| ५ | सन स्टार | २०६९ | सन स्टार | १ लाख |
| ६ | रोल्पा खवर | २०७० | - | |
| ७ | जन्मभूमि | २०७१ | - | |
| ८ | जनआकांक्षा | २०७१ | जनआकांक्षा | १ लाख |
| ९ | सुनछहरी | २०७१ | - | |
| १० | जनअपेक्षा | २०७२ | - | |
| ११ | होलेरी | २०७३ | - | |
| १२ | चतुरभुज | २०७३ | - | |
| **पाक्षिक** | | | | |
| १३ | रोल्पा आवाज | २०६३ | - | |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

जिल्लामा सञ्चालित पत्रपत्रिकाहरु स्वरोजगारमूलक ढंगले चलिरहेका छन् । पत्रपत्रिकाहरुमा खासै लगानी देखिदैन । अधिकांश पत्रपत्रिकाहरु परीवार वा नातागोतावाट सञ्चालन हुँदै आएका छन् । जिल्लामा पत्रपत्रिकामा लगानी गर्नेहरूसँगको कुराकानीको आधारमा भन्ने हो भने रोल्पामा छापा माध्यममा १५ लाख रूपैयाँ लगानी भएको देखिन्छ (हेर्नुहोस् तालिका १) । रोल्पा समाचार साप्ताहिकको आफ्नै प्रेस रहेको छ । कम्प्युटर, प्रिन्टर र प्रेसमा लगानी गरेको यो पत्रिकाको हालसम्मको लगानी १० लाख रहेको प्रकाशक मानसिंह विश्वकर्माको भनाइ छ । यसैगरि जुनकिरी सञ्चार साप्ताहिकले ३ लाख लगानी गरेको छ । कम्प्युटर, प्रिन्टर आदि खरिदमा पत्रिकाले सो रकम लगानी गरेको हो । सनस्टार साप्ताहिक र जनआकांक्षा साप्ताहिकले १/१ लाख लगानी गरेका छन् । ल्यापटप, कम्प्युटर खरिदमा सो रकम लगानी भएको हो । जिल्लामा सञ्चालित ४ वटै पत्रिकाहरु सूचना विभागको वर्गीकरणमा परेका छन् । केही वर्षअघि स्थानीय पत्रिकाको रूपमा 'क'

वर्गमा वर्गीकृत रोल्पा समाचार साप्ताहिक र जुनकिरी सञ्चार साप्ताहिक 'ख' वर्गमा वर्गीकृत भएका छन् भने सनस्टार साप्ताहिक र जनआकांक्षा साप्ताहिक पनि स्थानीय 'ख' वर्गमा वर्गीकृत भएका पत्रिका हुन् ।

**छापा माध्यमको बजार**

रोल्पाबाट प्रकाशित पत्रपत्रिका रोल्पा, रूकुम पूर्व र प्यूठान जिल्लासम्म पुग्ने गर्दछन् । रोल्पाको जेठो साप्ताहिक पत्रिका रोल्पा समाचार काठमाण्डौसम्म बिस्तार गरिएको प्रकाशक मानसिं विश्वकर्माले जानकारी दिए । 'अघिल्लो वर्ष देशका ७४ जिल्लामा पुग्ने पत्रिका यस वर्षदेखि ५ नम्बर प्रदेशका १२ वटा जिल्लामा सिमित गरेका छौं', जुनकिरी सञ्चार साप्ताहिकका सम्पादक कविता उपाध्यायले भनिन् । जुनकिरी सञ्चारले हुलाकमार्फत देशका ७४ जिल्लामा पत्रिका पठाउने गर्दथ्यो । 'हुलाकबाट समयमा पत्रिका नपुग्ने भएकाले यस वर्षदेखि प्रदेशभित्र सिमित गर्ने सोंच वनाएका हौं', सम्पादक उपाध्यायले भनिन् ।

पत्रपत्रिकाको विज्ञापन बजार भने जिल्लामा मात्रै सिमित छ । जनआकांक्षा साप्ताहिकका मिनराज रोकाका अनुसार पत्रपत्रिकाहरूका लागि विज्ञापन निकै चुनौतीको विषय भएको छ । 'आफै विज्ञापन दिनेको संख्या निकै कम छ, विज्ञापन माग्नुपर्छ । पहुँचका आधारमा विज्ञापन दिने चलनले साप्ताहिक पत्रिकाहरु बचाउन गाह्रो छ', रोकाले भने ।

**रेडियोमा लगानी धेरै**

सूचनाको हक सम्बन्धी ऐन २०६४ लागू भएसँगै रोल्पामा पनि एफएम रेडियोहरु सञ्चालनमा आउन थालेका हुन् । हाल जिल्लामा ६ वटा सामुदायिक र १ व्यवसायिक रेडियो सञ्चालनमा रहेका छन् (हेर्नुहोस् तालिका २) ।

**तालिका २ : रोल्पामा रेडियोहरु सञ्चालन र लगानीको अवस्था**

| क्र.सं. | दर्ता भएका रेडियोहरु | स्थान | लगानी | क्षमता (वाट) |
|---|---|---|---|---|
| | | **सामुदायिक रेडियो** | | |
| १ | रेडियो रोल्पा | लिवाङ | १ करोड | ५०० |
| २ | रेडियो जलजला | लिवाङ | १ करोड | ५०० |
| ३ | रेडियो सुनछहरी | होलेरी | ३० लाख | १०० |
| ४ | रेडियो मालश्री | लिवाङ | १ करोड १५ लाख | ५०० |
| ५ | रेडियो माडीआवाज | घर्तीगाउँ | २५ लाख | ५०० |
| ६ | रेडियो पल्लवी | गैरीगाउँ | २७ लाख | १०० |
| | | **व्यवसायिक रेडियो** | | |
| ७ | रेडियो होलेरी, होलेरी | रेडियो होलेरी | ३६ लाख | ५०० |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

जिल्ला सदरमुकामलाई आधार वनाएर रोल्पा, जलजला र मालश्री गरी ३ वटा सामुदायिक रेडियो सञ्चालनमा छन् । यसैगरी जिल्लाको दक्षिणी भेगमा पर्ने होलेरीमा सुनछहरी नाममा एउटा सामुदायिक र रेडियो होलेरीको नाममा एक व्यवसायिक गरी २ वटा रेडियो सञ्चालनमा रहेका छन् । होलेरी रून्टीगढी गाउँपालिकाको केन्द्र हो । यसैगरी माडी गाउँपालिकाको घर्तीगाउँमा माडीआवाज नामक सामुदायिक रेडियो सञ्चालन हुँदै आएको छ । त्रिवेणी गाउँपालिकाको गैरीगाउँमा पल्लवी नामक एक सामुदायिक रेडियो सञ्चालन

हुँदै आएको छ । रेडियो जलजलाको सदरमुकाम लिवाङमा ४ कोठाको १ तले आफ्नै भवन रहेको छ । रेडियो मालश्री र रेडियो रोल्पाले भवन निर्माणका लागि सदरमुकाम लिवाङमा घडेरी लिएका छन् । रेडियो जलजलाबाहेक अन्य रेडियोहरु घरभाडा तिरेर सञ्चालन हुँदै आएका छन् । रोल्पाका ७ वटा रेडियो स्टेशनहरुमा ४ करोड ३३ लाख रुपैयाँ लगानी भएको छ (कुन रेडियोमा कति लगानीका लागि हेर्नुहोस् तालिका २) ।

**रेडियोको पहुँच**

एक सयदेखि ५ सय वाटमा सञ्चालित रेडियोहरुको फैलावट रोल्पा जिल्ला र आसपासका छिमेकी जिल्ला रहेका छन् । रूकुम पूर्व, पश्चिम रूकुम, सल्यान, जाजरकोट, दैलेख, जुम्ला, दाङ, प्यूठान, बाँके, बर्दिया, कपिलवस्तु, अर्घाखाँची र रूपन्देहीसम्म रेडियो सुन्न सकिन्छ । रेडियो मालश्रीले आफ्नो रेडियोको पहुँच ४८ जिल्लामा रहेको दावी गरेको छ ।

रेडियोहरुको बजार पहुँच जे जसरी छिमेकी जिल्लाहरुमा समेत रहेको छ, त्यसैगरी विज्ञापन बजार पनि छापा माध्यमको तुलनामा फराकिलो छ । रेडियो मालश्रीले आफ्नो विज्ञापन बजार रोल्पा, दाङ, प्यूठान, सल्यान, रूकुम, रूपन्देही, वाँके, कपिलवस्तुका साथै काठमाण्डौसमेत रहेको बताएको छ । रेडियो मालश्रीका विज्ञापन शाखा प्रमुख लोकेन्द्र चन्दका अनुसार रोल्पाबाहिरका विभिन्न उद्योग र व्यापारिक प्रतिष्ठानहरुले रेडियोमा विज्ञापन दिने गरेका छन् ।

**मिडियामा सरकारी सहयोग**

रेडियो जलजलालाई पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत शान्तिका लागि विकास कार्यक्रम शीर्षकमा शान्ति मन्त्रालयले जलजला रेडियो भवन निर्माणका लागि क्रमागत शीर्षकमा २५ लाख विनियोजन गरेको थियो । यसैगरी रेडियो माडी आवाजको सामग्री खरिदका लागि माडी गाउँपालिकाले पहिलो वर्ष १५ लाख रूपैयाँ सहयोग गरेको थियो । यसबाहेक अन्य रेडियोहरूले सरकारबाट सहयोग प्राप्त गरेका छैनन् ।

पछिल्ला दिनमा स्थानीय मिडिया प्रवर्द्धनका लागि भन्दै केही स्थानीय तहहरूले बजेट विनियोजन गर्ने गरेका छन् । गत वर्ष मिडिया प्रवर्द्धनका लागि रोल्पा नगरपालिकाले ५ लाख खर्च गरेको थियो । सदरमुकाम लिवाङमा रहेको रेडियो रोल्पा, रेडियो जलजला र रेडियो मालश्रीलाई ८०/८० हजारका दरले र रोल्पा समाचार साप्ताहिक, सनस्टार साप्ताहिक, जुनकिरी सञ्चार साप्ताहिक र जनआकांक्षा साप्ताहिकले ३५/३५ हजारका दरले सहयोग पाएका थिए । यसैगरी सुनिलस्मृती गाउँपालिकाले ३ लाख खर्च गरेको थियो । सो रकम रेडियो रोल्पा, रेडियो जलजला र रेडियो मालश्रीले ७०/७० हजार र रोल्पा समाचार साप्ताहिक, सनस्टार साप्ताहिक, जुनकिरी सञ्चार साप्ताहिक र जनआकांक्षा साप्ताहिकले २०/२० हजारका दरले भुक्तानी लिएका थिए । त्रिवेणी गाउँपालिकाले १ लाख ३५ हजार खर्च गरेको थियो । सो रकम रेडियो पल्लवीले भुक्तानी लिएको थियो । यसैगरी रून्टीगढी गाउँपालिकाले विनियोजन गरेको २ लाख रूपैयाँ रेडियो सुनछहरी र रेडियो होलेरीले १/१ लाखका दरले भुक्तानी लिएका थिए । यो सहयोग प्राप्त गरेका सञ्चार माध्यमहरूले स्थानीय तहको वर्षभरिको सूचना, प्रत्यक्ष प्रसारण निःशुल्क गरेका थिए भने जनतासँग नगरपालिका, जनतासँग गाउँपालिका जस्ता कार्यक्रम र सार्वजनिक सुनुवाइ पनि निःशुल्क गरेका थिए ।

**सञ्चारमा जनशक्ति अवस्था**

स्वरोजगारमूलक साना लगानीका पत्रपत्रिका तथा रेडियोहरुमा सामान्य पारिश्रमिक दिएर पत्रकार तथा प्रशासनिक कर्मचारी व्यवस्थापन गरिएको छ । जिल्लाका सञ्चार माध्यममा काम गर्ने पत्रकार र प्रशासनिक कर्मचारीको संख्या ११७ जना देखिन्छ जसमध्ये पूर्णकालीन रूपमा ३२ जना पत्रकार र १९ जना प्रशासनिक कर्मचारी कार्यरत रहेका छन् । यसैगरी आंशिक रूपमा काम गर्ने पत्रकारको संख्या २८ जना र प्रशासनिक

कर्मचारी १२ जना रहेका छन् । जिल्लामा स्वंयम्सेवी रूपमा काम गर्ने पत्रकारको संख्या २६ जना देखिएको छ (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका ३) ।

पूर्णकालीन भनिएका पत्रकार र कर्मचारीहरूको पारिश्रमिक नै अत्यन्तै न्यून रहेको पाइन्छ । मासिक ५/७ हजार तलब सुविधा पाउने गरी ती पत्रकार र कर्मचारीहरूले जिल्लाका सञ्चार माध्यमहरूमा काम गरिरहेका छन् । आंशिक रूपमा काम गर्नेहरूलाई दैनिक काम गरेको दिनको आधारमा सुविधा दिने गरेको सञ्चार माध्यमहरूले बताएका छन् । विना पारिश्रमिक कहिलेकाहीं समाचार सम्प्रेषण गर्नेहरूलाई स्वंयम्सेवकको रूपमा यहाँका सञ्चार माध्यमहरूले परिभाषित गर्ने गरेका छन् ।

**तालिका ३ : रोल्पाका सञ्चार माध्यममा जनशक्ति अवस्था**

| सञ्चार माध्यम | जनशक्ति | | | | |
|---|---|---|---|---|---|
| | पूर्णकालीन | | आंशिक | | स्वयम्सेवक |
| | पत्रकार | प्रशासनिक | पत्रकार | प्रशासनिक | |
| रेडियो रोल्पा | ३ | २ | ० | ० | ० |
| रेडियो जलजला | ३ | २ | २ | २ | १० |
| रेडियो सुनछहरी | ३ | २ | १० | २ | ० |
| रेडियो मालश्री | ६ | ३ | २ | २ | ० |
| रेडियो माडी आवाज | ३ | २ | ० | ० | ८ |
| रेडियो होलेरी | ५ | ३ | ० | ० | ० |
| रेडियो पल्लवी | १ | १ | ३ | २ | ५ |
| रोल्पा समाचार | २ | १ | ५ | २ | ३ |
| जुनकीरी सञ्चार | २ | १ | ४ | २ | ० |
| सनस्टार | २ | १ | १ | ० | ० |
| जनआकांक्षा | २ | १ | १ | ० | ० |
| जम्मा | ३२ | १९ | २८ | १२ | २६ |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

## पत्रकारितामा कोभिडको असर

कोरोना संक्रमणलाई मध्यनजर गर्दै गरिएको लकडाउनको शुरूको एक महिना पत्रपत्रिकाहरूले प्रकाशन पूर्ण रूपमा वन्द गरे । दोश्रो महिनादेखि प्रकाशन आरम्भ गरेपनि बजार बन्द रहेका कारण पत्रिकाहरूले पिडिएफ बनाएर ईमेल तथा सामाजिक सञ्जालमार्फत पाठकसम्म पुऱ्याउने काम गरे । लकडाउन खुकुलो भएर सामाजिक अवस्था सामान्य भएसँगै पत्रिकाहरु नियमित रूपमा प्रकाशन हुँदै आएका छन् । लकडाउनको अवधिमा रोल्पा समाचारले अनलाईन संस्करणमार्फत समाचार सम्प्रेषण गरेपनि अन्य पत्रपत्रिकाले भने त्यसो गरेनन् ।

लकडाउनको समयमा रेडियोहरु यथास्थितिमा सञ्चालन भइरहे । समय घटाउने काम कुनै रेडियोले गरेनन् । रेडियो मालश्रीले लकडाउनको शुरू एक महिना सञ्चारकर्मीकै घरबाट समाचार र कार्यक्रम प्रसारण

गरिरह्यो । कोभिड १९ को महामारीपछि विज्ञापन बजार झनै साँघुरिएको पत्रिका सञ्चालकहरूको भनाइ छ । पत्रिका सहज ढंगले प्रकाशन र वितरणमा समेत अप्ठेरो भएसँगै विज्ञापन बजार साँघुरिएको जनआकांक्षा साप्ताहिकका विज्ञापन शाखा प्रमुख रोकाले बताए । 'कोभिड १९ ले सञ्चार माध्यमहरू थिलथिलो भएका छन् । विज्ञापन बजार घटेको छ', रोकाले भने । जिल्लामा कोभिड १९ को महामारीले संचारमाध्यमहरु बन्द नभएपनि आर्थिक संकटमा परेको नेपाल पत्रकार महासंघ रोल्पाका उपाध्यक्ष डि एस डाँगीको भनाई छ । रोल्पामा कोभिड १९ पछिको आर्थिक संकटका कारण पत्रकारहरू जागिरवाट निकालिएका छैनन् । तर, लामो समयसम्म तलब नपाउने समस्या भने पत्रकारहरूले भोगिरहेको डाँगीले बताए । कोरोना विपद्सँगै लामो समयदेखि स्थानीय सञ्चार माध्यममा काम गर्ने पत्रकार तथा कर्मचारीले समेत तलब नपाएका कारण पत्रकारिताप्रति नयाँ पुस्ताको आकर्षण नहुने संभावना रहेको डाँगीको चिन्ता छ । एसइइ परीक्षा दिएसँगै हरेक वर्ष ठूलो संख्यामा नयाँ पिढीका युवायुवती रेडियोमा काम गर्न आउने गरेपनि यसपटक यो प्रक्रिया शुन्य रहेको डाँगीको भनाइ छ ।

**समस्या र चुनौती**

रोल्पा जिल्लामा पत्रकारिताको विकासमा देखिएको मुख्य समस्या भनेको आर्थिक अभाव नै हो । रोल्पालाई भौगोलिक विकटता र अन्य हिसाबले पनि तुलनात्मक रूपमा पछि परेको जिल्ला मानिन्छ । यसर्थ, यहाँ ठूलाठूला उद्योग, कलकारखाना तथा ठूला बजारहरू छैनन् । सञ्चार माध्यमको आर्थिक आयको मेरूदण्ड विज्ञापन नै भएकाले विज्ञापनका स्रोतहरु कम भएपछि यहाँका सञ्चार माध्यमहरु प्रायः संकटमा नै देखिन्छन् ।

सञ्चार माध्यम नै आर्थिक संकटमा भएपछि तिनै सञ्चार माध्यममा काम गर्ने पत्रकारहरूलाई उचित पारिश्रमिक दिन नसक्ने स्थिति छ । यसरी उचित पारिश्रमिक नभएपछि पत्रकारिताबाट दक्ष जनशक्ति अन्य पेशामा पलायन हुने सम्भावना छ । रोल्पा भौगोलिक विकटता भएको कारणले पनि प्रकाशनमा आएका सामग्रीहरु ग्रामीण इलाकासम्म पुग्न सकिरहेका छैनन् । समग्रमा रोल्पाको पत्रकारिता विकासमा उल्लेखनीय प्रगति नहुनुमा आर्थिक अभाव, दक्ष जनशक्तिको अभाव, विज्ञापनको अभाव, यातायातको समस्या, सञ्चार माध्यम तथा पत्रकारहरूबीच समन्वयको कमीजस्ता समस्याहरु रहेको पाइन्छ ।

सशस्त्र द्वन्द्वको उद्गमथलो रोल्पामा पत्रकारले तत्कालीन विद्रोही माओवादी र अन्य राजनीतिक दलका बीचमा समन्वयकारी भूमिका निर्वाह गरेको पत्रकार खेम वुढा मगरको भनाइ छ । 'दीर्घकालीन शान्ति स्थापना निम्ति पत्रकारले तत्कालीन राजनीतिक एवं सामाजिक पक्षकाबीच मध्यस्थकर्ताको भूमिका पनि निर्वाह गऱ्यौं', वुढाले विगत स्मरण गर्दै भने, 'प्रेस स्वतन्त्रता र राजनीतिक अधिकार बहालीका लागि राज्य र विद्रोही पक्षमाथि दबाब दिने कार्य त दैनिक तालिका जसरी गऱ्यौं ।' विगतको सशस्त्र द्वन्द्वका कारण विकास एवं परिवर्तनका क्रममा रोल्पा जिल्ला पछाडि परेको महसुस हुन थालेको छ ।

'सञ्चार माध्यममा काम गर्ने अवसर पाएपनि रोल्पाका पत्रकारहरूको अवस्था अझैसम्म सुध्रेको छैन', नेपाल पत्रकार महासंघ रोल्पाका संस्थापक सभापति काशीराम डाँगीले भने, 'दिनभर काम गरेपनि उनीहरूले पाउने पारिश्रमिकको कुनै ग्यारेन्टी छैन ।' सञ्चार माध्यमको संख्या बढेपनि त्यसअनुसार सुविधा विकास हुन नसकेको डाँगीले बताए । डाँगीको भनाइमा पत्रकारको पेशागत सुरक्षाका लागि सञ्चार माध्यमहरूको संस्थागत

विकासमा बढी आवाज उठाउनुपर्छ भने पत्रकारहरूले काम गरेवापत तलब पाउने अवस्थाको सुनिश्चितता हुनुपर्छ । 'श्रमजीवी पत्रकारहरूलाई उचित ज्याला, सुविधा र रोजगारीको ग्यारेन्टी हुनुपर्छ', डाँगीले भने ।

भौगोलिक विकटता, अस्पष्ट सामाजिक दृष्टिकोण, कमजोर शैक्षिक अवस्था, सञ्चार माध्यमका अव्यवस्थित आर्थिक नीति लगायतका कारण यहाँको पत्रकारिता क्षेत्र अझै फस्टाउन नसकेको सामुदायिक रेडियो प्रसारक संघ रोल्पाका अध्यक्ष घनश्याम आचार्यले बताए । अस्वस्थ प्रतिष्पर्धाका लागि जबरजस्त सञ्चारमाध्यम स्थापना र सञ्चालन गर्ने प्रवृति देखिएकाले पत्रकारको पेशागत सुरक्षामा गम्भीर चोट लागेको उनको भनाई छ । 'तर, पत्रकारहरूले भने थोरै पारिश्रमिकमा पेशाप्रति इमान्दार भएर काम गरिरहेका छन् जसले गर्दा पत्रकारिताको विकासमा थोरै भएपनि आशा र विश्वास देखिएको छ', आचार्यले भने ।

समग्रमा भन्ने हो भने रोल्पामा संचार क्षेत्रको विकास लोकतन्त्र स्थापना पछाडि मात्रै भएको देखिन्छ । छोटो अवधिमा धेरै सञ्चार माध्यमको स्थापना भएपनि तिनीहरूको दीगोपना मुख्य चुनौतीको रूपमा देखिएको छ । डेढ दर्जन बढी पत्रपत्रिका दर्ता भएपनि हाल ४ वटा पत्रिका मात्रै नियमित प्रकाशन हुनु यसको ज्वलन्त उदाहरण हो । बजारको सिमितताले नाम मात्रको विज्ञापनका कारण पनि यी सञ्चार माध्यमहरू दीगोरूपले सञ्चालन हुन सकेका छैनन् । लोकतन्त्रको पर्यायका रूपमा रहेका साना लगानीका सञ्चार माध्यमहरूको संरक्षणमा स्थानीय सरकारले तत्परता देखाउन सके यस्ता सञ्चार माध्यमहरू दिगो ढंगले सञ्चालन हुन सक्ने थिए ।

**सन्दर्भ सामग्री**

जिल्ला विकास योजना । जिल्ला विकास समिति, रोल्पा ।

वार्षिक वजेट नीति तथा कार्यक्रम । जिल्लाका दश वटै स्थानीय तह ।

एक दशक । नेपाल पत्रकार महासंघ, रोल्पा ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरू**

दयाराम डाँगी, पुराना पत्रकार, रोल्पा ।

घनश्याम आचार्य, स्टेशन म्यानेजर, रेडियो सामुदायिक रेडियो, रोल्पा ।

खेम वुढा, पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ, रोल्पा ।

# रूकुम पूर्वमा पत्रकारिता र कोरोनाको असर

**जयमान बुढा मगर**

**पृष्ठभूमि**

लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रूकुमपूर्वमा पत्रकारिताको इतिहास त्यति लामो छैन । देशमा संघीयता आएपछि साविकको रूकुम जिल्लालाई दुई भागमा विभाजन गरी रूकुमपूर्व र पश्चिम गर्दा हालको रूकुमपूर्व जिल्ला बनेको हो । २०७४ असोज १९ गते सिस्ने गाउँपालिका–५ स्थित रूकुमकोटमा जिल्ला अदालत उद्घाटन गरी रूकुमकोटबाट अस्थायी जिल्ला सदरमुकामको रूपमा कामकाज शुरु गरिएको हो । २०७४ माघ १२ गते नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको मन्त्री परिषद्ले पुथाउत्तरगंगा गाउँपालिका–१२ गोल्खाडालाई जिल्ला सदरमुकाम बनाउने भनी निर्णय गरेपछि रूकुमकोट पक्षधरले सर्वोच्च अदालतमा रिट दायर गरे । जुन अहिलेसम्म पनि संवैधानिक इजलासमा विचाराधिन अवस्थामा रहेको छ ।

साविकको रूकुम जिल्लालाई दुई भागमा विभाजन गरिएपछि जिल्लाका तीन स्थानीय तहको अग्रसरतामा आधारभूत पत्रकारिता तालिम सञ्चालन गरी एक एफएम रेडियो स्थापना गरियो । एक संस्थामार्फत अर्को एफएम रेडियो पनि स्थापना भयो । जिल्लामा मिडियाको रूपमा अहिले यिनै दुई एफएम रेडियो सञ्चालनमा छन् । यस बाहेक जिल्लामा अन्य मिडिया सञ्चालनमा आएका छैनन् ।

जिल्लामै मिडिया स्थापना त्यति नभएपनि पत्रकारिता गर्ने व्यक्तिहरु भने रुचि तथा चाहनाका साथ रूकुम पश्चिम, दाङका छापा मिडिया र अन्य जिल्लामा रहेको अनलाइनमा जोडिएर पत्रकारिता गर्न लागेका छन् । हाल जिल्लामा रासस संवाददाता छन् भने रूकुम पश्चिमका सञ्चारकर्मीले नै राष्ट्रिय मिडियाको रूपमा रहेको कान्तिपुर, नयाँ पत्रिका, कान्तिपुर टेलिभिजन, अन्नपूर्ण पोष्ट लगायतमा रिपोर्टिङ गरिरहेको अवस्था छ ।

२०७५ सालमा जिल्लाका पुथाउत्तरगंगा गाउँपालिकाको १४ वटा, भूमे गाउँपालिकाको ९ वटा र सिस्ने गाउँपालिकाको ८ वटा वडा गरी जिल्लाभर ३१ वटा वडाबाट आधारभूत पत्रकारिता तालिममा प्रत्येक वडाबाट दुई/दुई जनाको दरले सहभागी भएकामध्ये केही व्यक्तिले पत्रकारिता थालेका छन् । गाउँपालिकाले तालिम दिएपछि सहभागिमध्ये कतिपय व्यक्ति रूकुम पश्चिमको आहा साप्ताहिक, आहा अनलाइन, रेडियो सानीभेरी, रेखदेख साप्ताहिक, दाङको नयाँ युगबोध दैनिक, दाङकै सिस्ने अनलाइनलगायतका मिडियामा आवद्ध भएका छन् ।

नयाँ त्यसमा पनि हिमाली जिल्ला भएकाले विभिन्न समस्या भेल्दै पत्रकारिता गरिरहनुपरेको सञ्चारकर्मीहरुको भनाइ छ । सञ्चार, यातायात लगायतको अवस्था राम्रो नभएकाले पत्रकारिता गर्न निकै समस्या हुने गरेको र पत्रकारको छाता संगठन पत्रकार महासंघ जिल्ला शाखा पनि नभएकोले पत्रकारहरु अभिभावकविहिन जस्तो भएका छन् ।

**रेडियोको अवस्था**

स्थानीय सरकार र अन्य व्यक्ति तथा विभिन्न संघ संस्थाका पहलमा रूकुमपूर्वमा दुई वटा सामुदायिक रेडियो सञ्चालनमा रहेका छन् (हेर्नुहोस् तालिका १) ।

**तालिका १ : रूकुमपूर्वमा रेडियो सञ्चालन र लगानीको अवस्था**

| क्र.सं. | दर्ता भएका रेडियो | सञ्चालनमा रहेको स्थान | लगानी | क्षमता (वाट) |
|---|---|---|---|---|
| | | **सामुदायिक रेडियो** | | |
| १ | रेडियो पूर्वी रूकुम | रूकुमकोट | ८० लाख | एक हजार |
| २ | रेडियो रूक्मिणी | रूकुमकोट | ६० लाख | एक हजार |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

पूर्वी रूकुम बहुउद्देश्यीय समाज विकास केन्द्र संस्था र जिल्लाका तीन स्थानीय तहको साझेदारीमा रेडियो पूर्वी रूकुम निर्माण भएको हो भने यो अहिले पनि साझेदारीमै सञ्चालनमा रहेको छ । निर्माण गर्दा भूमे, पुथाउत्तरगंगा र सिस्ने गाउँपालिकाले २०/२० लाख रूपैयाँ र संस्थाको २० लाख गरी ८० लाख रूपैयाँमा रेडियो पूर्वी रूकुम स्थापना भएको हो । यसैगरी रेडियो रूक्मिणी एफएम जनचेतनाका लागि सामुदायिक रूक्मिणी सञ्चार केन्द्र संस्थाद्वारा स्थापना भई सञ्चालनमा रहेको छ । जिल्लाका तीन गाउँपालिकाको ५/५ लाख रूपैयाँ अनुदान गरी १५ लाख र संस्थाको ४५ लाख गरी ६० लाख रूपैयाँ लगानीमा रेडियो रूक्मिणी स्थापना भएको हो । दुवै एफएम रेडियोको एक हजार वाट क्षमता रहेका छन् । रेडियो पूर्वी रूकुमको फ्रिक्वेन्सी १०३.२ मेगाहर्ज र रेडियो रूक्मिणीको फ्रिक्वेन्सी ९२.२ मेगाहर्ज हुन् । रेडियो पूर्वी रूकुमको आफ्नो अनलाइन रेडियो पूर्वी रूकुमपनि सञ्चालनमा रहेको छ ।

रेडियो पूर्वी रूकुमको स्टुडियो सिस्ने गाउँपालिका-५ बाहुनठाना, रूकुमकोटमा रहेको छ जहाँबाट २०७६ जेठ १५ गतेदेखि प्रसारणमा आएको हो । रेडियो रूक्मिणी सिस्ने-६ छिप्रिदह, रूकुमकोटबाट २०७६ जेठ २१ गतेबाट सञ्चालनमा आएको हो । रूकुमपूर्वमा कुनै पनि मिडिया नभएपछि नागरिकबाट मिडिया स्थापना गर्नुपर्ने सुझाव आएपछि तीन गाउँपालिका र संस्थाको साझेदारीमा रेडियो पूर्वी रूकुम र गाउँपालिकाको केही अनुदान र संस्थाको आफ्नै लगानीमा रेडियो रूक्मिणी सञ्चालनमा ल्याइएको हो । दुवै रेडियोको पहुँच रूकुमपूर्वसँगै आसपासका छिमेकी जिल्ला रहेका छन् । रूकुम पश्चिम, सल्यान, जाजरकोट, डोल्पा, बाग्लुङ, प्यूठानलगायतका जिल्लामा यी रेडियो सुनिन्छ ।

**मिडियामा सरकारी सहयोग**

रेडियो पूर्वी रूकुम संस्था र तीनवटै गाउँपालिकाको साझेदारीमा स्थापना भएकाले हालसम्म पनि रेडियोको उपकरण खरिद तथा मर्मत कार्य भइरहेको छ भने रेडियो रूक्मिणीलाई स्थापनाको क्रममा तीन वटै गाउँपालिकाले ५/५ लाख गरी १५ लाख रूपैयाँ अनुदान गरेको थियो । पछिल्लो समयमा पनि स्थानीय मिडिया प्रवर्द्धनका लागि स्थानीय तहले वजेट विनियोजन गर्ने गरेका छन् । चालु आर्थिक वर्षमा पनि जिल्लाका तीन स्थानीय तह पुथाउत्तरगंगा, भूमे र सिस्ने गाउँपालिकाले २०/२० लाख रूपैयाँ विनियोजन गरेको बताएका छन् । रेडियोले स्थानीय तहको वर्षभरिको सूचना, प्रत्यक्ष प्रसारण लगायतवापतको रकम रेडियोलाई उपलब्ध गराउने गरेका छन् ।

**सञ्चारमा जनशक्ति अवस्था**

दुईवटा रेडियोमा काम गर्ने पत्रकार र प्रशासनिक कर्मचारीको संख्या १६ जना रहेको छ जसमध्ये पूर्णकालीन रूपमा ८ जना पत्रकार र ४ जना प्रशासनिक कर्मचारी रहेका छन् । यसैगरी आंशिक रूपमा काम गर्ने पत्रकारहरूको संख्या चार रहेको छ । जिल्लामा स्वयम्सेवी रूपमा काम गर्ने पत्रकारको संख्या सात/आठ जना रहेको छ ।

पूर्णकालीन भनिएका पत्रकार र कर्मचारीहरूको पारिश्रमिक मासिक आठदेखि २१ हजार रूपैयाँ रहेको छ । आंशिक रूपमा काम गर्नेहरूलाई दैनिक काम गरेको आधारमा सुविधा दिने गरेको सञ्चार माध्यमहरूले जनाएका छन् । विना पारिश्रमिक कहिलेकाही समाचार सम्प्रेषण गर्नेहरूलाई यहाँका सञ्चार माध्यमहरूले स्वंयमसेवकको रूपमा परिभाषित गर्ने गरेका छन् ।

**तालिका २ : रूकुमपूर्वका सञ्चार माध्यममा जनशक्ति अवस्था**

| सञ्चार माध्यम | जनशक्ति | | | | |
|---|---|---|---|---|---|
| | पूर्णकालीन | | आंशिक | | स्वयम्सेवक |
| | पत्रकार | प्रशासनिक | पत्रकार | प्रशासनिक | |
| रेडियो पूर्वी रूकुम | ७ | ४ | ३ | ० | ३ |
| रेडियो रूक्मिणी | २ | ३ | १ | | १ |
| जम्मा | ९ | ७ | ४ | | ४ |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

**कोभिडको असर**

कोभिड १९ को महामारीपछि विज्ञापन बजार साँघुरिएको सञ्चालकहरूको भनाइ छ । कोरोना भाइरस संक्रमण फैलिएसँगै विज्ञापनमा कमी हुँदा रेडियोको आर्थिक अवस्था कमजोर भएको रेडियो पूर्वी रूकुमका स्टेशन म्यानेजर सामील पुनले बताए । बजार सानो रहेको, नयाँ रेडियो भएको र त्यसमा कोरोना भाइरसले असर पुऱ्याएका कारण रेडियोका कर्मचारीलाई पारिश्रमिक जुटाउनै हम्मे हम्मे भइरहेको पुनले जानकारी दिए । हाल कर्मचारीलाई मासिक रूपमा पारिश्रमिक दिन नसकिएको दुवै रेडियोका सञ्चालकहरूले जनाएका छन् ।

कुनै पनि कार्यक्रम हुन नसकेपछि विज्ञापन पनि कमै आउने गरेको छ । यसले गर्दा पनि कर्मचारीका लागि पारिश्रमिक जुटाउन रेडियोहरूलाई गाह्रो परेको हो । हाल गाउँपालिकाका केही सूचनाहरूबाट प्राप्त रकम रेडियोका कर्मचारीलाई दिने गरिएको छ । उनीहरूलाई पहिला पाइराखेको पारिश्रमिकबाट घटाएर दिइएको रेडियो रूक्मिणीका स्टेशन म्यानेजर हरिबहादुर थापाले बताए ।

रेडियो पूर्वी रूकुमले जेठ महिनादेखि गाउँपालिकाका लागि रेडियो शिक्षा कार्यक्रम सञ्चालन गरिराखेकोले केही राहत मिलेको स्टेशन म्यानेजर सामील पुनले बताए । यसैगरी, साउन र भदौ महिनामा मिक नेपाल संस्थाले मगर खाम भाषा अर्थात बहुशिक्षा कार्यक्रम पढाइ पनि रेडियोबाट गरेको थियो । मिक नेपालद्वारा रेडियो शिक्षा कार्यक्रम सकिएको छ भने भूमे र सिस्ने गाउँपालिकामार्फत रेडियो शिक्षा कार्यक्रम विहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म सञ्चालन गर्ने गरिएको छ जसका लागि गाउँपालिकाले केही रकम उपलब्ध गराएको छ ।

रेडियो रूक्मिणीमा भने सिस्ने गाउँपालिका-५ स्थित रूक्मिणी माध्यमिक विद्यालयको आर्थिक सहयोगमा रेडियो शिक्षा कार्यक्रम भदौ महिनाबाट सञ्चालन गरिएको थियो । पढाइवापतको केही रकम पाउँदा पनि राहत मिलेको स्टेशन म्यानेजर थापाको भनाइ छ । 'कोभिड १९ ले सञ्चारमाध्यम थिलोथिलो भएका छन् । विज्ञापन बजार घटेको छ', थापाले भने, 'जिल्लामा कोभिड १९ को महामारीले सञ्चार माध्यममा आर्थिक संकट परेको छ ।'

रूकुमपूर्वमा कोभिड १९ पछिको आर्थिक संकटका कारण लामो समयसम्म तलब नपाउने समस्या पत्रकारहरूले भोगिरहेको रेडियो पूर्वी रूकुमका कार्यक्रम उत्पादक सञ्जय नाथले बताए । कोरोना विपदसंगै लामो समयदेखि स्थानीय सञ्चार माध्यममा काम गर्ने पत्रकार तथा कर्मचारीले समेत तलब नपाएका कारण पत्रकारिताप्रति नयाँ पुस्ताको आकर्षण कम हुने नाथको चिन्ता छ ।

रूकुम पूर्वलाई भौगोलिक विकटता र अन्य विकास निर्माणका साथै चेतनाको हिसाबले पनि तुलनात्मक रूपमा पछि परेको जिल्ला मानिन्छ । यसर्थ, यहाँ ठूलठूला उद्योग, कलकारखाना तथा ठूला बजारहरु छैनन् । सञ्चार माध्यमको आर्थिक आयको मेरूदण्ड विज्ञापन नै भएकाले विज्ञापनका स्रोतहरु कम भएकाले यहाँ सञ्चार माध्यमहरु फस्टाउन सकेका छैनन् । सञ्चार माध्यम नै आर्थिक संकटमा भएपछि तिनै सञ्चार माध्यममा काम गर्ने पत्रकारहरूलाई उचित पारिश्रमिक दिन नसक्ने स्थिति छ । यसरी उचित पारिश्रमिक नभएपछि पत्रकारितामा आएका जनशक्ति अन्य पेशामा पलायन हुने सम्भावना छ ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरु**

सामील पुन, स्टेशन म्यानेजर, रेडियो पूर्वी रूकुम ।

हरिबहादुर थापा, स्टेशन म्यानेजर, रेडियो रूक्मिणी ।

सञ्जय नाथ, कार्यक्रम उत्पादक, रेडियो पूर्वी रूकुम ।

# प्यूठानको पत्रकारितामा कोरोनाको असर

**राधिका भुसाल**

## पृष्ठभूमि

प्यूठान जिल्लाको पत्रकारिता इतिहास खोतल्दा मिसन पत्रकारिताबाट शुरु भएको पाइन्छ । मिसन पत्रकारिताको भाव बोकेर प्यूठानमा जन्मिएका कम्यूनिष्ट नेता मोहन विक्रम सिंहको सम्पादकत्वमा २०१४-१६ सालमा चलेको प्यूठानको भ्रष्टाचार विरोधि आन्दोलनको पक्षमा प्यूठान समाचार बुलेटिन प्रकाशित भएको थियो । यो नै प्यूठानको पहिलो पत्रिका हो । बनारसमा अध्ययनरत प्यूठानी विद्यार्थीहरूले सन्देश नामक पत्रिका प्रकाशनमा ल्याएको भनिए तापनि सो पत्रिकाले निरन्तरता पाएको देखिदैन । २०१९ सालतिर प्यूठानी युवाहरूले ज्ञानवर्दिनी सभाको गठन गरी सुमन प्रकाशनको थालनी गरे । २०२२ सम्म आइपुग्दा सुमन चार अंक प्रकाशन भएको थियो तर तत्कालिन निरङ्कुश पञ्चायती शासकका अगाडि सुमन प्रकाशनले निरन्तरता पाउन नसकेको नेपाल पत्रकार महासंघ प्यूठानका पूर्व अध्यक्ष सुशील पोखेलले बताए ।

२०३४ सालदेखि २०३८ सालसम्म भित्ते पत्रिका प्यूठानको पत्रकारिताको अर्को एउटा इतिहास हो । तत्कालिन समयमा दर्जन बढी पत्रकारहरु सक्रिय रूपमा पत्रकारिता क्षेत्रमा लागेपनि निरन्तरतामा भने निकै चुनौती हुने गरेको पोखेलले बताए । जिल्ला प्रशासन कार्यालय प्यूठानको रेकर्ड हेर्दा २०५५ साल श्रावण ६ गते गौमुखी मासिक दर्ता भएको पाइन्छ । यो पत्रिका दर्तामा मात्रै सिमित देखिन्छ । यससँगै २०५८ साल साउन ७ गते लिस्ने त्रैमासिक जिल्ला प्रशासन कार्यलयमा दोस्रो पत्रिकाको रूपमा दर्ता भएको थियो । खासगरी तत्कालीन माओवादी सशस्त्र जनयुद्धलाई पत्रकारिताको माध्यमबाट बल पुऱ्याउन प्रकाशनमा ल्याइएको यस पत्रिका २ अंकको प्रकाशनपछि रोकियो । २०६२/०६३ सालमा डा. शिवराज पण्डितको सम्पादकत्वमा प्रकाशन भएको यो पत्रिका हालसम्म प्रकाशनमा आउन सकेको छैन ।

२०५८ साल असोज २० गते सुर्य बहादुर विश्वकर्माको संयोजकत्वमा पेशागत हकहितका लागि संस्थागत रूप दिदैं नेपाल पत्रकार महासंघ प्यूठान शाखाको तदर्थ समिति गठन भएको थियो । २०५९ भाद्र ३१ गते तेस्रो पत्रिकाको रूपमा दर्ता भएको प्यूठान सामाचार साप्ताहिक लामो समयसम्म प्रकाशनमा आएपनि हाल भने निरन्तरता पाउन सकेको छैन । जिल्ला प्रशासन कार्यालय प्यूठानको तंथ्याङ्कअनुसार हालसम्म प्यूठानमा १७ वटा पत्रिका दर्ता भएका छन् जसमध्ये हाल नियमित सञ्चालनमा रहेका पत्रिकाको संख्या ४ वटा मात्रै रहेको छ (हेर्नुहोस् तालिका १) ।

**तालिका १ : प्यूठानमा छापा माध्यमको अवस्था**

| क्र.सं. | दर्ता भएका पत्रिका | स्थापना | हालको अवस्था | लगानी |
|---|---|---|---|---|
| १ | गौमुखी मासिक | २०५५ | - | |
| २ | लिस्ने त्रैमासिक | २०५८ | - | |
| ३ | प्यूठान समाचार साप्ताहिक | २०५९ | - | |
| ४ | हाम्रो एकता त्रैमासिक | २०६१ | साप्तहिकमा प्रकाशन | १५ लाख |
| ५ | माण्डवी साप्ताहिक | २०६२ | निरन्तरता | ५ लाख |
| ६ | स्वर्गद्वारी साप्ताहिक | २०६८ | - | |
| ७ | प्यूठान न्यूज | २०६८ | - | |
| ८ | प्यूठान भिजन मासिक | २०६९ | | |
| ९ | युग कदम त्रैमासिक | २०७० | - | |
| १० | प्यूठान टाइम्स साप्ताहिक | २०७० | | |
| ११ | लिस्ने जनसञ्चार साप्ताहिक | २०७१ | निरन्तरता | ५ लाख |
| १२ | प्यूठान जागरण मासिक | २०७१ | - | |
| १३ | प्राण रक्षा मासिक | २०७२ | प्रकाशनमा | २ लाख |
| १४ | सुभाषी मासिक | २०७२ | - | |
| १५ | स्वर्गद्वारी सन्देश मासिक | २०७२ | - | |
| १६ | माडी खबर साप्ताहिक | २०७३ | - | |
| १७ | आर्थिक प्यूठान मासिक | २०७४ | - | |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

प्रकाशित पत्रपात्रिकाहरूमा खासै ठूलो लगानी भएको देखिदैन । पत्रिका दर्ता भएपनि निरन्तरतामा भने समस्या छ । कतिपय पत्रिकाहरु मौसमी जस्तै छन् । दशै, तिहार, नयाँ वर्ष र असार मसान्तमा प्रकाशन भएपनि अन्य समयमा भने बजारमा देखिदैनन् । पत्रपत्रिकामा लगानी गर्नेहरूसँगको कुराकानीको आधारमा भन्ने हो भने छापा माध्यमतर्फ हाल निरन्तरता पाइराखेका ४ वटा पत्रिकामा २७ लाख रूपैयाँ लगानी भएको देखिन्छ (हेर्नुहोस् तालिका १) । घर भाडामा लिई निरन्तर प्रकाशनमा रहेको हाम्रो एकता साप्ताहिकको आफ्नै प्रेस छ । कम्प्युटर, प्रिन्टर र प्रेसमा लगानी गरेको यो पत्रिकाको हालसम्मको लगानी १५ लाखभन्दा बढी रहेको सम्पादक/प्रकाशक सुशील पोखेलले बताए । शुरूमा त्रैमासिकको रूपमा प्रकाशित यो पत्रिकालाई २०६४ पश्चात साप्ताहिकको रूपमा निरन्तरता दिइएको हो । यस बीचमा करिब ६ महिना दैनिक प्रकाशनको समेत अभ्यास गरेको पोखेलले बताए । २०७१ सालमा प्रेस काउन्सिलको वर्गीकरणअनुसार 'ग' वर्गमा परेको यो पत्रिका करिब ३ वर्षयता 'क' वर्गमा परेको छ । जिल्लामा नियमित प्रकाशन भएको अर्को पत्रिका हो, माण्डवी साप्ताहिक । यस पत्रिका प्रेस काउन्सिलको 'ग' वर्गमा वर्गीकृत भएको छ । त्यसैगरी, लिस्ने जनसञ्चार साप्ताहिकले पनि हालसम्म करिब ५ लाख लगानी गरेको सम्पादक/प्रकाशक दिपा घर्ती (पौडेल) ले बताइन् । कम्प्युटर, प्रिन्टर आदि खरिदमा पत्रिकाले यो रकम लगानी गरेको हो । जिल्लामा सञ्चालित ३ वटा साप्ताहिक पत्रिकामध्ये २ वटा प्रेस काउन्सिलको वर्गीकरणमा परेका छन् ।

**रेडियोको अवस्था**

२०६२/०६३ को जनआन्दोलनको सफलतापछि प्यूठानमा रेडियो स्थापना भएको देखिन्छ । हालसम्म ७ वटा एफएम रेडियोहरु दर्ता भएका छन् । शुरुवात चरणमा सबै रेडियोहरु सञ्चालनमा आएपनि अहिले कतिपय एफ एम रेडियो बन्द अवस्थामा छन् ।

**तालिका २ : प्यूठानमा एफएम रेडियो सञ्चालन र लगानीको अवस्था**

| क्र.सं. | दर्ता भएका रेडियो | स्थापना | अवस्था | लगानी | क्षमता (वाट) |
|---|---|---|---|---|---|
| १ | रेडियो माण्डवी | २०६४ | सञ्चालनमा | २५ लाख | २५० |
| २ | रेडियो प्यूठान | २०६४ | सञ्चालनमा | ३५ लाख | २५० |
| ३ | रेडियो लिस्ने आवाज | २०६६ | बन्द | ४० लाख | ५०० |
| ४ | रेडियो महिला आवाज | २०६७ | सञ्चालनमा | ३० लाख | १०० |
| ५ | रेडियो कृपालु | २०७० | सञ्चालनमा | ३० लाख | २५० |
| ६ | रेडियो गौमुखी | २०७१ | बन्द | २० लाख | १०० |
| ७ | रेडियो स्वर्गद्वारी | २०७३ | बन्द | ४० लाख | ५०० |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

ग्रामीण क्षेत्रमा पत्रपत्रिकाभन्दा एफएम रेडियोको पहुँच राम्रो छ । जनचाहनाअनुरूप जिल्लामा सञ्चारको विकास भएपनि निरन्तरतामा निकै समस्या देखिएको छ । करिब एक दशकअघि रेडियोहरु धमाधम स्थापना भएका थिए । तर, अहिले व्यवस्थापकीय पक्ष फितलो हुँदा एफएम रेडियोहरू बन्द हुने अवस्थामा पुगेका छन् भने कतिपय रेडियोहरु त बन्द नै भइसकेका छन् । अधिकांश रेडियोहरु जिल्ला सदरमुकाम खलंगालाई आधार वनाएर सञ्चालन भएका छन् । रेडियो प्यूठान, रेडियो माण्डवी, रेडियो महिला आवाज र रेडियो कृपालु सदरमुकामबाटै सञ्चालनमा छन् । सदरमुकाममा रहेको रेडियो स्वर्गद्धारी स्टेशनलाई केही समय अगाडि बिजुवार क्षेत्रमा सारिएको छ ।

त्यसैगरी जिल्लाको उत्तरी क्षेत्रलाई समेट्ने उद्देश्यले करिब २० लाख लगानीमा सञ्चालन भएको रेडियो गौमुखी केही समय सञ्चालनमा आएपनि प्राविधिक समस्याका कारण अहिले बन्द अवस्थामा छ । १० वर्षे जनयुद्धले विश्राम लिएसँगै प्यूठानको नयाँ बजार जुम्रीमा २०६६ सालमा स्थापना भएको पाँच सय वाट क्षमताको रेडियो लिस्ने आवाज विगत ३ वर्ष यता सञ्चालमा छैन । तत्कालीन समयमा रोल्पा, दाङ, अर्घाखाँची, गुल्मी, रूकुमलगायतका करिब एक दर्जन जिल्लाका जनताले सुनेर प्रतिक्रिया दिने गरेको स्टेशन म्यानेजर नोमराज पौडेल बताउँछन् । रेडियोको अन्य सबै पक्ष राम्रो भएपनि व्यवस्थापकीय पाटो कमजोर भएका कारण रेडियो बन्द हुने अवस्थामा पुगेको पौडेलको भनाइ छ । रेडियो लिस्ने आवाज र रेडियो प्यूठानबाहेक अन्य सबै रेडियो स्टेशन भाडाको घरबाट सञ्चालित छन् । प्यूठानका ७ वटा रेडियो स्टेशनहरूमा गरी करिव २ करोड २० लाख रूपैयाँ लगानी भएको देखिन्छ (कुन रेडियोमा कति लगानीका लागि हेर्नुहोस् तालिका २) ।

**विज्ञापन र बजारीकरणको अभाव**

प्यूठानमा रहेका पत्रपत्रिका फस्टाउन र दिगो रूपमा सञ्चालन हुन नसक्नुको मुख्य कारण विज्ञापनको अभाव हो । स्थानीय सरकारको विज्ञापन पनि जिल्लाका पत्रिकाहरूले खासै पाएको देखिदैन । बजारमा नआउने अर्थात् नियमित नभएका तर मौसमी पत्रपत्रिकाले पनि सरकारी सूचना तथा विज्ञापनहरुमा दावी गर्ने गरेका कारण नियमित रूपमा प्रकाशित हुने पत्रिकाले समेत समस्या खेप्नुपरेको छ ।

एउटा पत्रिकामा छापिएको विज्ञापन देख्ने वित्तिकै नसोधेरै अर्को पत्रिकाले प्रकाशित गर्ने र पछि भुक्तानी दावी गर्ने प्रवृति पनि देखिन्छ । यसले गर्दा पनि सरकरी कार्यालयहरु प्रायः स्थानीय पत्रिकामा सूचना दिन हिच्किचाउने गर्छन् । यसले गर्दा सूचनाको ठूलो रकम जिल्ला बाहिरको पत्रिकाहरुमा जाने गरेको छ । जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाको बजार नै साँघुरो अर्थात् जिल्लाभित्र मात्रै सिमित भएका कारण पनि विज्ञापनदाता यहाँका सञ्चार माध्यमलाई विज्ञापन दिन चाहदैनन् । यसले गर्दा पनि पत्रिकाहरु आर्थिक रूपमा सवल हुन सकेका छैनन् ।

**जनशक्तिको अवस्था**

छापा माध्यममा भन्दा रेडियो र टेलिभिजनतर्फ पत्रकारको संख्या बढी देखिन्छ । तर, पत्रकारितालाई दिगो पेशाको रूपमा लिने अत्यन्तै कम छन् । त्यसमाथि पनि पत्रकार महिलाको कुरा गर्ने हो पत्रकारिता पेशालाई दिगो पेशाको रूपमा लिने अत्यन्तै न्यून मात्रामा रहेका छन् । पत्रकार महिलाहरु पत्रकारिताको निर्णायक तहमा छैनन् । लिस्ने जनसञ्चार साप्ताहिक पत्रिका महिलाकै नाममा दर्ता भएपनि निरन्तरतामा समस्या भएको हुँदा जनशक्तिको अवस्था भने नाजुक नै छ । प्रायः केन्द्रीय स्तरका ठूला मिडियाहरुमा पनि जिल्ला संवाददाताको रूपमा पुरूष पत्रकार नै छन् । उनीहरूले अन्य पेशासंगै पत्रकारितालाई पनि संगसंगै लगेका छन् । तर, पत्रकार महिलाहरूको हकमा त्यस्तो अवस्था छैन ।

**तालिका ३ : जिल्लाका सञ्चार माध्यमहरुमा आवद्ध रहेका पत्रकारहरूको अवस्था**

| क्र.स. | सञ्चारमाध्यमको नाम | सञ्चारकर्मीको संख्या | अवस्था |
|---|---|---|---|
| १. | हाम्रो एकता साप्ताहिक | ६ जना | १ जना पूर्णकालीन, ५ जना आंशिक |
| २. | माण्डवी साप्ताहिक | ३ जना | १ पूर्णकालीन, २ जना आंशिक |
| ३. | लिस्ने जनसञ्चार साप्ताहिक | ४ जना | ४ जना आंशिक |
| ४. | प्राणरक्षा मासिक | ३ जना | २ पूर्णकालीन १ जना आंशिक |
| ५. | रेडियो माण्डवी | ७ जना | ४ जना पूर्णकालीन ३ जना आंशिक |
| ६. | रेडियो प्यूठान | ५ जना | ३ जना पूर्णकालीन २ जना आंशिक |
| ७. | रेडियो कृपालु | ४ जना | ३ जना पूर्णकालीन १ जना आंशिक |
| ८. | रेडियो महिला आवाज | ४ जना | ४ पूर्णकालीन |
| ९. | प्यूठान समाचार डट कम | ५ जना | २ जना पूर्णकालीन ३ जना आंशिक |
| १० | सिखबर डट कम | ३ जना | १ पूर्णकालीन २ जना आंशिक |
| ११. | कामना डेली | ५ जना | ३ जना पूर्णकालीन २ जना आंशिक |

स्रोतः सञ्चालकहरूसँग गरिएको कुराकानीमा आधारित ।

**पत्रकारितामा कोरोना कहर**

कोरोना भाइरसको संक्रमणका कारण ६ महिनाभन्दा बढी जिल्लाका बजारहरु बन्द भएको र आर्थिक गतिविधी शुन्य जस्तै भएकाले मिडियामा काम गर्ने पत्रकारहरु पनि बेरोजगार भएको नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशकी महिला उपाध्यक्ष दिपा घर्तीले बताइन् । 'बल्लतल्ल ज्यान बचाउने काम भयो', लिस्ने जनसञ्चार साप्ताहिकका सम्पादक/प्रकाशक समेत रहेकी घर्ती (पौडेल) ले भनिन्, 'बजारमा विज्ञापन पाउने स्थिति नै

छैन । त्यसैले पनि बल्लतल्ल सञ्चालन भएका स्थानीय मिडियाहरूको अवस्था कमजोर छ ।' पत्रकार घर्तीको भनाइमा स्थानीय रेडियो र पत्रपत्रिका सञ्चालन गर्नै कठिन छ । 'ठूला मिडिया सञ्चालकले त तलब नदिइरहेको अवस्थामा स्थानीय मिडियाको हालत झनै खराब छ । कोरोनाका कारण पत्रकारहरूको आर्थिक अवस्था निकै नाजुक भएको छ', घर्तीले भनिन् । मिडिया सञ्चालन गर्न नै समस्या छ भने सञ्चालनमा रहेका मिडियामा काम गर्ने पत्रकारहरूले समेत न्यूनतम तलब नपाएको घर्तीको भनाइ छ ।

कोरोनाले गर्दा पत्रकारितामा चौतर्फी समस्या थपिएको नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठानका निवर्तमान अध्यक्ष एवं कान्तिपुरकर्मी गिरूप्रसाद भण्डारीको भनाइ छ । पत्रकारितालाई दिगो बनाउन विभिन्न आयमहरू खोज्ने क्रम बढदै गइरहेको बेला जिल्लाका व्यापार, व्यवसाय, उद्योगधन्दा बन्द हुनुका साथै सरकारी कार्यालयको मोटो रकम पनि कोरोना नियन्त्रणमै खर्च हुँदा निकै चुनौती थपिएको भण्डारीले बताए । स्थानीय स्तरका सञ्चार माध्यमहरू बन्द हुँदा पत्रकारहरूले समयमा तलब नपाउने, पेशाबाटै विस्थापित हुनुपर्ने जस्ता समस्या देखिएको उनको भनाइ छ ।

करिब ६ महिना लामो बन्दाबन्दीले अन्य व्यवसायसँगै पत्रकारिता क्षेत्रलाई पनि धेरै नै प्रभाव पारेको राससका जिल्ला संवाददाता सागर रिजालले बताए । 'शुरू-शुरूमा कोरोनाको डर धेरै नै हुँदा रिपोर्टिङमा समेत जान सकिएन', रिजालले भने, 'कतिपय ठाउँमा रिपोर्टिङ गर्न जाँदा स्वास्थ्य सुरक्षा सावधानीका उपायहरू अपनाएरै समाचार संकलन गर्ने गरेका थियौ ।' बन्दाबन्दी खुलेपछि भने पत्रकारहरू स्वास्थ्य सुरक्षा सावधानी अपनाएर रिपोर्टिङमा जान थालेका छन् ।

**अध्ययनका क्रममा कुराकानी गरिएका व्यक्तिहरू**

गिरू प्रसाद भण्डारी, संम्वाददाता, कान्तिपुर दैनिक, प्यूठान ।

सञ्जय रिजाल, सम्पादक, माण्डवी साप्ताहिक ।

सुशील पोखेल, पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ, प्यूठान ।

दिपा घर्ती (पौडेल), सम्पादक/प्रकाशक, लिस्ने जनसञ्चार साप्ताहिक ।

नोमराज पौडेल, स्टेशन म्यानेजर, रेडियो गौमुखी ।

सागर रिजाल, सम्वाददाता, रासस, प्यूठान ।

पाल्पा विकास केन्द्र २०६५ सालमा स्थापना भई प्रदेशस्तरमा मिडिया विकास, नीतिगत बहस र संवाद साथै अध्ययन अनुसन्धानमा क्षेत्रमा काम गर्दै आएको छ । संस्थाले सञ्चालनमा ल्याएको नीतिपात्रो पोर्टलमा लुम्बिनी प्रदेशका स्थानीय सरकार र प्रदेश सरकारसँग सम्बन्धित सामग्रीहरू समेटिएका छन् ।

यो पोर्टलले विशेषगरी पत्रकारहरूलाई स्थानीय एवं प्रदेश सरकारले बनाउने नीतिदेखि बजेट लगायतका विषयमा खास मुद्दा र स्रोतको पहिचान गरी विस्तृत रूपमा समाचार तयार पार्न सहयोग पुऱ्याउँदछ । त्यस्तै, आम जनतालाई आफ्नो समुदायमा के-कस्ता नीतिगत काम भइरहेका छन् भन्ने विषयमा पनि यो पोर्टलले जानकारी दिन्छ ।

संस्थाले प्रदेशस्तरीय पर्यटन प्रवर्द्धन, साँस्कृतिक सम्पदा र शिक्षा सम्बन्धि अध्ययन अनुसन्धान र भिडियो डकुमेन्ट्री निर्माण, स्थानीय तहमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, परिचयात्मक फोटो फिचर निर्माण, क्षमता विकास तालिम र अन्य परार्मशमा काम समेत गर्दै आएको छ ।


प्रकाशकः

**पाल्पा विकास केन्द्र**

तानसेन नगरपालिका-२, पाल्पा

फोनः ०७५-५२२०९९

इमेल : info@nitipatro.com, palpatdc.dov@gmail.com

वेबः www.nitipatro.com